# सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी आदेश कार्यान्वयन

## प्रगति प्रतिवेदन – आ.ब.२०६९/७०

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

(कानून तथा मानव अधिकार प्रवर्द्धन महाशाखा)

सिंहदरबार, काठमाडौं

२०७० फागुन

# सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी आदेश कार्यान्वयन प्रगति प्रतिवेदन- आ.ब.२०६९/७०


**प्रकाशकः**
नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(कानून तथा मानव अधिकार महाशाखा)
सिंहदरवार, काठमाडौं ।

**प्रकाशन प्रतिः** १००० प्रति
**प्रकाशन मितिः** २०७० फागुन

**संयोजनः**
सहसचिव रमेश ढकाल

**सहसंयोजनः**
उपसचिव विनोदकुमार गौतम

**सहायक संयोजनः**
शाखा अधिकृत मधु पौडेल (ज्ञवाली)
शाखा अधिकृत रञ्जु गौतम

**व्यवस्थापनः**
लक्ष्मी शर्मा

**कम्प्यूटर सेटिङः**
कम्प्यूटर अपरेटर तिर्थराज थापा मगर

# मन्तव्य



राज्य सदैव आर्थिक, सामाजिक र साँस्कृतिक दृष्टिले पिछडिएको वर्गको न्यायमा पहुँच विस्तार गर्न सजग, क्रियाशील र नेतृत्वदायी भूमिकामा रहेको छ । संविधानले प्रदान गरेका मौलिक हकको उपयोग प्रत्येक व्यक्तिले समान रुपमा गर्ने अवस्था सिर्जना गरी न्यायपूर्ण समाजको निर्माण गर्न र गराउन नेपाल सरकार प्रतिबद्ध रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ के धारा १०७ को उपधारा (२) ले सार्वजनिक सरोकारका विषयलाई अदालत प्रवेश गर्ने ढोका खोलिदिएपछि सम्मानित अदालतले सार्वजनिक सरोकारको विवादमा जारी गरेका परमादेश वा निर्देशनात्मक आदेशलाई सरकारले जिम्मेवारीपूर्वक ग्रहण गरी त्यस्ता आदेशहरु तत्काल कार्यान्वयन गर्ने कार्य मात्र भएका छैनन् ती आदेशहरुले सरकारलाई जवाफदेही समेत वनाएको मैले महसुस गरेको छु ।

सार्वजनिक सरोकारको विवाद सार्वजनिक हितका लागि हुनुपर्दछ भन्ने सर्वमान्य सिद्दान्त नै हो । यसले आर्थिक, सामाजिक र साँस्कृतिक दृष्टिले पिछडिएको वर्गका व्यक्तिको मानव अधिकार तथा संविधानप्रदत्त मौलिक हकको रक्षा गर्न प्रतिबद्दता मात्र जनाउँदैन राज्यले सबै नागरिकलाई कानूनद्वारा समान संरक्षण गर्नुपर्दछ भन्ने समानताको सिद्दान्तलाई व्यवहारिक रुपमा नै कार्यान्वयन गर्न मद्दत गर्दछ भन्ने मान्यतामा नेपाल सरकार रहेको छ । संविधान र कानूनको अन्तिम व्याख्या गर्ने सर्वोच्च अदालतले गरेका आदेशहरुको प्रभावकारी कार्यान्वयनबाट नागरिकका हक अधिकारको संरक्षण, लोकतन्त्र र कानूनी शासनको प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुगेको छ । यस तथ्यलाई हृदयंगम गरी सर्वोच्च अदालतबाट भएका फैसला कार्यान्वयन गर्न नेपाल सरकारले सबै मन्त्रालयहरुमा फैसला कार्यान्वयन शाखाको स्थापना गरेको छ। फैसला कार्यान्वयन गर्ने क्रममा आवश्यक समन्वय र सहजीकरण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ ।

यति हुँदाहुँदै पनि सार्वजनिक सरोकारको विवादका नाममा व्यक्तिगत, व्यावसायिक वा राजनीतिक उद्देश्य प्राप्तिका लागि यसको दुरुपयोग हुन थाल्नु निश्चय नै दुखद पक्ष हो । विगतका केही वर्षदेखि सार्वजनिक सरोकारको विवादलाई गलतरुपमा प्रयोग गरिएको भनी सार्वजनिक चासो व्यक्त हुन थालेको छ । न्यायको यस पवित्र उद्देश्यलाई दुषित तुल्याउने कार्यप्रति सरकार, नागरिक समाज, कानून व्यवसायी र सम्बद्ध सबै पक्ष चनाखो बन्नुपर्ने अवस्था सृजना भएको छ । सार्वजनिक सरोकारको विवादलाई अदालत प्रवेश गर्ने बाटो सहज बनाउँदै दुरुपयोग रोक्न निर्देशिका नै तयार हुनुपर्ने भन्ने सार्वजनिक चासोलाई समेत यहाँ उल्लेख गर्न सान्दर्भिक ठानेको छु । साथै, नेपाल सरकारका सबै मन्त्रालय, विभाग, कार्यालय एवं निकायले प्रस्तुत प्रतिवेदनको उपयोग गर्दै सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्ने कार्यमा सकृयतापूर्वक लाग्ने अपेक्षा राखेको छु । धन्यवाद !

लीलामणि पौड्याल
नेपाल सरकारको मुख्य सचिव

२०७० फागुन

# मन्तव्य



सार्वजनिक सरोकारको विवाद सार्वजनिक हित समावेश भएको विवाद हो । यसमा कुनै व्यक्ति वा सानो समूहको मात्र स्वार्थ वा हित निहित नभई समाजको ठूलो हिस्सा वा सम्पूर्ण समाजको हित वा स्वार्थ निहित रहेको हुन्छ । यसमा निजी हक हितको विषय जस्तो एक पक्षको हक हित अर्को पक्षसंग विपरित हुँदैन । सार्वजनिक सरोकारको विवादमा उजुरीकर्ता, विपक्षी र न्यायकर्ता सबैको एउटै उद्देश्य विन्दुमा केन्द्रित हुने, परस्पर विरोधिताको भन्दा सहयोगिताको, पक्ष विपक्षको हितको प्रतिद्वन्दिताको सट्टा सहकारिताको भाव रहेको हुन्छ ।

सार्वजनिक सरोकारको विवादलाई अदालतमा सहज प्रवेश गराउने कार्यको थालनी सन् १९६० को दशकवाट अमेरिकी न्यायाधीशहरुको सक्रियाताबाट भएको हो । सार्वजनिक सरोकारको विवादको अवधारणालाई नेपालमा सर्वप्रथम वि.सं. २०४३ सालमा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको १० नं. मा भएको संशोधन मार्फत आत्मसात गरिएको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ ले सार्वजनिक सरोकारको विवादलाई संवैधानिक मान्यता दियो । नेपाल अधिराज्यको संविधान, २०४७ को प्रारम्भदेखि नै सार्वजनिक सरोकारको विवादका विषयहरु सर्वोच्च अदालतमा आउने क्रम शुरु भएको पाइन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले पनि सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्रदान गरेको पाइन्छ । नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०६९ को देहाय १ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत बुँदा नं. २४ ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अदालतको फैसला कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा मानव अधिकार प्रवर्द्धन महाशाखा अन्तर्गत एक कानून तथा फैसला कार्यान्वयन शाखाको स्थापना गरिएको छ । सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी आदेशहरुको कार्यान्वयन एवं अनुगमन सम्बन्धी कार्य कानून तथा फैसला कार्यान्वयन शाखाबाट सम्पादन हुन्छ । बृहत्तर सार्वजनिक हित वा कल्याणको लागि सर्वोच्च अदालतबाट भएका फैसलाहरुको प्रभावकारी कार्यान्वयनबाट लोकतन्त्र, कानूनी राज्य एवं सुशासन प्रवर्द्धनमा अत्यन्त ठूलो सघाउ पुग्दछ ।

कुनै पनि निकाय वा अधिकारीबाट हुने निर्णय जहिले पनि न्यायोचित हुनुपर्छ ।कसै प्रति जवाफदेही हुन नपर्ने खालको उन्मुक्तिले स्वेच्छाचारितालाई प्रश्रय दिन्छ । कानूनी राज्यमा स्वेच्छाचारिताको गुञ्जायस नरहने हुँदा सम्मानित सर्वोच्च अदालतबाट जारी भएका परमादेश वा निर्देशनात्मक आदेशलाई तत्काल कार्यान्वयन गर्नु गराउनु नेपाल सरकारको कर्तव्य तथा दायित्व

भएकोले सर्वसाधारणले अनुभूत गर्न सकिने तवरबाट फैसला कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सदैव क्रियाशील रहेको छ ।

प्रस्तुत प्रतिवेदनमा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ लागू भए पश्चात सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकारका नाममा जारी भएका यस कार्यालयमा प्राप्त भई अभिलेखीकरण गरिएका आदेशहरु मध्ये आदेशको कार्यान्वयनको अवस्था तथा नेपाल सरकारबाट फैसला कार्यान्वयन गर्ने सम्बन्धमा भएका नीतिगत निर्णयहरु समेटिएका छन् । प्रतिवेदन तयार गर्दा सबै मन्त्रालयहरु, सर्वोच्च अदालतमा रहेको फैसला कार्यान्वयन निर्देशनालयसँग समन्वय गरी अभिलेख अद्यावधिक गरिएको छ । तथापी यस प्रतिवेदनमा कतिपय आदेश छुटेका पनि हुन सक्छन्, सकेसम्मका सबै आदेशहरु समावेश गर्ने प्रयास गरिएको छ । यस प्रतिवेदनमा समावेश नभएकै कारणबाट सम्मानित अदालतबाट भएका आदेशहरु कार्यान्वयन गर्न बाधा पर्ने होइन । यस कार्यालयको जानकारीमा आएका आदेशहरुलाई अभिलेखीकरण गरिएको भए तापनि अन्य कुनै स्रोतहरुबाट छुट भएका आदेशहरु प्राप्त हुन आएमा आगामी दिनहरुमा ती विषयहरु समेत समावेश गरिने प्रतिवद्धता जाहेर गर्दछौं ।

अन्त्यमा, प्रस्तुत प्रतिवेदन प्रकाशन कार्यमा संलग्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा मानव अधिकार महाशाखाका सहसचिव रमेश ढकाल, उपसचिव विनोदकुमार गौतम लगायतका संलग्न  सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

राजुमान सिंह मल्ल
सचिव
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# बिषय-सूची


१. परिचय ........................................................................................ १

१.१ न्यायिक अधिकार ........................................................................ १

१.१.१ सामान्य क्षेत्राधिकार ........................................................ १

१.१.२ रिट क्षेत्राधिकार ............................................................ १

१.१.२.१ ऐन, नियम उपरको न्यायिक पुनरावलोकनको अधिकार ............ १

१.१.२.२ प्रशासकीय कार्य उपरको न्यायिक पुनरावलोकनको ................. २

१.१.२.३ सार्वजनिक सरोकारको विवाद उपरको न्यायिक ...................... २

२. आदेश कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था ............................................ ३

२.१. संवैधानिक व्यवस्था .................................................................. ३

२.२. कानूनी व्यवस्था ...................................................................... ३

२.३. नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय ................................................ ४

३. आदेश कार्यान्वयनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूमिका ............. ४

३.१ आदेशको कार्यान्वयन गर्ने ............................................................ ४

३.२ समन्वय र अनुगमन गर्ने .............................................................. ४

४. प्रतिवेदनको सीमा ............................................................................ ५

५. आदेशहरुको एकिकृत संख्यात्मक विवरण .................................................. ६

६. विभिन्न मन्त्रालयबाट कार्यान्वयन भएका र कार्यान्वयन हुन बांकी आदेशको विवरण ........ ७

७. (क) सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी परमादेशहरु मध्ये लगत कट्टा भएका आदेशहरु .............................................................. ९

(ख) सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी परमादेशको आदेश र तिनको कार्यान्वयन अवस्था .......................................................... २०

८. (क) सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी निर्देशनात्मक आदेश मध्ये लगत कट्टा भएका आदेशहरु ................................................ १०९

(ख) सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी निर्देशनात्मक आदेश र तिनको कार्यान्वयन अवस्था ....................................................... १३१

**अनुसूचीहरुः**

**अनुसूचीः १**
अदालतको आदेश, निर्णयहरु वा फैसला कार्यान्वयन संयन्त्र गठन सम्बन्धमा २५४

**अनुसूचीः २**
सार्वजनिक सरोकारको विवादमा सर्वोच्च अदालतबाट जारी भएका आदेश, निर्णयहरुको कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारको सचिव बैठकबाट गरिएका निर्णयहरू २५८

**अनुसूचीः ३**
नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।११।१७ को निर्णय बमोजिम गठित आदेश/फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०७०।५।२० मा बसेको बैठकले गरेको निर्णय २६०

**अनुसूचीः ४**
मिति २०७०।१०।१४ मा सम्मानित सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारका विवादमा जारी भएका परमादेश र निर्देशनात्मक आदेशको कार्यान्वयन सम्बन्धमा सुधार ल्याउन सबै मन्त्रालयका सचिवहरुलाई लेखिएको पत्र २६१

## लगतकट्टा भएका परमादेशका आदेश सम्बन्धी विवरण

**परमादेशहरुः**

**(क) सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी परमादेशहरु मध्ये लगत कट्टा भएका आदेशहरु**

| सि.नं. | रिट निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| १. | काशी दाहाल वि. मन्त्रिपरिषद् सचिवालय समेत | २७७९ (०५२) | २०५३।७।२१ | ९ |
| २. | राजेन्द्र पराजुली समेत वि. नेपाल सरकार मन्त्रिपरिषद् सचिवालय समेत | ३२५९ (०५३) | २०५४।७।१२ | ९ |
| ३. | बालकृष्ण न्यौपाने वि. नेपाल सरकार मन्त्रिपरिषद् सचिवालय समेत | २९८० (०५४) | २०५८।४।८ | ९ |
| ४. | भरतमणि गौतम, हुतराम वैद्य वि. नेपाल सरकार मन्त्रिपरिषद् समेत | ३१४१ (०५४) | २०५६।३।२९ | ९ |
| ५. | नरहरि घिमिरे वि. परराष्ट्र मन्त्रालय समेत | २९६९ (०५५) | २०५६।१२।२९ | ९ |
| ६. | भरतमणि गौतम वि. नेपाल सरकार मन्त्रिपरिषद् सचिवालय समेत | २७९१ (०५७) | २०५८।२।२९ | १० |
| ७. | चन्द्रकान्त ज्ञवाली समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३३४२ (०६०) | २०६३।१।२४ | १० |
| ८. | पुण्यवती पाठक समेत वि. नेपाल सरकार, परराष्ट्र मन्त्रालय  समेत | ३३५५ (०६०) | २०६२।८।१३ | १० |
| ९. | तारानाथ दाहाल समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालय समेत | ०४२१ (०६३) | २०६४।२।२५ | १० |
| १०. | भरतमणि गौतम वि. नेपाल सरकार मन्त्रिपरिषद् सचिवालय समेत | ३२८३ (०५७) | २०५८।२।१९ | ११ |
| ११. | सन्तोष कुमार महतो वि. नेपाल सरकार मन्त्रिपरिषद् सचिवालय समेत | ३०४३ (०६०) | २०६१।८।४ | ११ |
| १२. | कृष्णराज पाण्डे वि. का.म.न.पा.प्रमुख समेत | ३६२० (०६१) | २०६२।२।११ | १२ |
| १३. | टिकाराम तिवारी समेत वि. नेपाल सरकार जिल्ला वन कार्यालय, प्यूठान समेत | ३२६६ (०५७) | २०५७।११।२ | १२ |
| १४. | सोमप्रसाद लुईटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३२७५ (०६२) | ०६४।१०।२३ | १३ |
| १५. | भोजराज ऐर वि. नेपाल सरकार जनसंख्या तथा वातावरण मन्त्रालय | ४१९३ (०५६) | २०५८।१०।२६ | १३ |

| सि.नं. | रिट निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| १६. | प्रकाश मणि शर्मा वातावरण तथा विज्ञान प्रविधि मन्त्रालय समेत | ३८२२ (०६२) | २०६३।२।३० | १४ |
| १७. | विमल विश्वकर्मा समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालय समेत | ३८०२।०६२ | २०६३।९।३२ | १४ |
| १८. | स्वामी भागवतानन्द गिरी वि. गुठी संस्थान केन्द्रिय कार्यालय समेत | ३५०० (०६०) | २०६२।१२।१४ | १५ |
| १९. | होमलाल श्रेष्ठ वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०७२४ (०६३) | २०६६।७।४ | १५ |
| २०. | ज्योति लम्साल समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | १८७ (२०६४) | २०६६।४।२८ | १६ |
| २१. | ध्रुव प्रसाद चौलागाई विपक्षी भौतिक योजना तथा निर्माण मन्त्रालय | ११४४(२०६४) | २०६६।५।३ | १६ |
| २२. | डा. दिर्घसिंह बम वि. स्वास्थ्य मन्त्रालय समेत | ०००६ (२०६६) | २०६७।६।७ | १७ |
| २३. | भोजराज ऐर समेत वि. ललितपुर उपमहानगरपालिका समेत | ३००५ (०६१) | २०६१।१०।८ | १८ |
| २४. | सुकलाल नेपाली समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालय समेत | २८७३ | २०६३।९।३२ | १९ |
| २५. | राजुप्रसाद चापागाई समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २९५९ (०६२) | २०६६।७।४ | १९ |
| २६. | प्रकाशमणि शर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३२६२ (०६२) | २०६४।६।१५ | १९ |
| २७. | योगी नरहरीनाथ समेत वि. प्रधानमन्त्री गिरीजाप्रसाद कोईराला समेत | २३४६ (०५१) | २०५३।१।१७ | १९ |

**(ख) सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी भएका परमादेशहरु**

| सि.नं. | रिट निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| १. | प्रकाशमणि शर्मा समेत वि. नेपाल खानेपानी संस्थान समेत | २२३७ (०४७) | २०५८।३।२६ | २० |
| २. | बालकृष्ण न्यौपाने वि. प्र.म.श्री गिरिजाप्रसाद कोईराला समेत | १८५१ (०४८) | २०४९।८।३० | २० |
| ३. | प्रकाशमणि शर्मा समेत वि. नेपाल सरकार मन्त्रिपरिषद् सचिवालय समेत | ३०१७ (०५२) | २०५६।२।३१ | २० |
| ४. | प्रकाशमणि शर्मा वि. युवा, खेलकुद तथा संस्कृति मन्त्रालय | ३०१८ (२०५२) | २०५६।२।३१ | २३ |
| ५. | भरतमणि गौतम वि. नेपाल सरकार मन्त्रिपरिषद् सचिवालय समेत | ३०५४ (०५४) | २०५६।३।२९ | २७ |
| ६. | प्रकाशमणि शर्मा, भोजराज ऐर समेत वि. नेपाल सरकार मन्त्रिपरिषद् सचिवालय समेत | ३४४० (०५७) | २०५८।९।२ | ३१ |
| ७. | टेक ताम्राकार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | १२१ (२०६०) | २०६२।५।३० | ३५ |
| ८. | ज्योति वानिया वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३३१६ (०६०) | २०६४।१२।६ | ३६ |
| ९. | कुलानन्द उपाध्याय समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालय समेत | ३२२१ (०६१) | २०६४।१।३ | ३७ |
| १०. | भोजराज ऐर समेत वि. नेपाल सरकार, जलश्रोत मन्त्रालय समेत | ३३०५ (०५६) | २०५८।४।१२ | ३९ |
| ११. | प्रकाशमणि शर्मा समेत वि. नेपाल सरकार, स्थानीय विकास मन्त्रालय समेत | ३१७९ (०५७) | २०६३।९।३ | ४० |
| १२. | राजुप्रसाद चापागाई वि. स्वास्थ्य मन्त्रालय | २६२१ (२०५९) | २०६१।७।२० | ४० |
| १३. | उत्तर टमाटा समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालय समेत | ३२०९ (०६१) | २०६४।१।३ | ४१ |
| १४. | ज्योति वानिया वि. यातायात व्यवस्था मन्त्रालय समेत | ३४०२ (०६१) | २०६३।७।२१ | ४४ |
| १५. | प्रो पव्लिकका तर्फबाट प्रकाशमणि शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत | ०३८७ (२०६४) | २०६५।२।२२ | ४५ |

| सि.नं. | रिट निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| १६. | प्रेमबहादुर खड्का समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०७१९ (०६४) | २०६५।९।२३ | ४६ |
| १७. | अधिवक्ता मोहन साशंकर वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३४१६ (०६३) | २०६६।३।३ | ४६ |
| १८. | बाबुकृष्ण महर्जन वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३६६६ (०६१) | २०६१।१०।५ | ४७ |
| १९. | मिरा ढुंगाना समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३६६६ (०६१) | २०६६।७।१८ | ५७ |
| २०. | प्रकाशमणि शर्मा समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३४४७ (०६०) | २०६६।९।१ | ५८ |
| २१. | भोजराज ऐर समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३०९३ (०६०) | २०६६।१।३० | ६२ |
| २२. | लिलाधर भण्डारी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०८६३ (२०६४) | २०६५।९।२३ | ६४ |
| २३. | काले तमाङ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०२३८ (२०६३) | २०६६।७।९ | ६७ |
| २४. | गोपालप्रसाद लामिछाने समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०२३९ (२०६३) | २०६६।७।९ | ६८ |
| २५. | विशाल बजार कम्पनी लिमिटेड वि. गृह मन्त्रालय समेत | ३१९६ (२०६१) | २०६७।५।१४ | ७० |
| २६. | बुद्धिबहादुर प्रजा समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३४४८ (२०६३) | २०६५।१।३० | ७१ |
| २७. | महेश जाजु वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०७२४ (२०६६) | २०६८।२।५ | ७१ |
| २८. | त्रिलोचन अग्रवाल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०७३१ (२०६६) | २०६८।२।५ | ७२ |
| २९. | प्रकाशमणि शर्मा समेत वि. प्र.मं.तथा मं.प.कार्यालय समेत | ०२८३ (०६३) | २०६५।१।४ | ७३ |
| ३०. | भरतमणि गौतम वि. प्र.मं.तथा मं.प.कार्यालय समेत | २९७३ (०६२) | २०६६।१।२३ | ७३ |

| सि.नं. | रिट निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| ३१. | मेघनाथ न्यौपाने समेत वि. प्र.मं.तथा मं.प.को कार्यालय समेत | ००४७ (०६५) | २०६७।१०।१९ | ७६ |
| ३२. | अधिवक्ता ज्योति बानिया समेत वि. प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०६७७ (०६३) | २०६७।१०।१९ | ७७ |
| ३३. | अधिवक्ता राजाराम श्रेष्ठ समेत वि. प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०१०९ (०६७) | २०६७।१२।२४ | ७७ |
| ३४. | सन्तोष वस्नेत समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०३८७ (२०६५) | २०६६।५।०३ | ७७ |
| ३५. | अधिवक्ता प्रकाशमणि शर्मा समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०६०४ (२०६५) | २०६६।६।२८ | ७८ |
| ३६. | अधिवक्ता कमल नियोल विरुद्ध स्वास्थ्य मन्त्रालय समेत | ००६२ (२०६६) | २०६७।६।२१ | ७८ |
| ३७. | अधिवक्ता जगन्नाथ मिश्र विरुद्ध यस कार्यालय समेत | ०६५० (२०६६) | २०६७।७।२५ | ७९ |
| ३८. | नविन्द्रराज जोशी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ००६२ (२०६६) | २०६७।५।२४ | ७९ |
| ३९. | सुनिल गुरुङ समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | १३१४ (२०६६) | २०६७।९।१ | ८० |
| ४०. | उत्तर टमटा विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत | ३२०९ (२०६१) | | ८१ |
| ४१. | अधिवक्ता मिरा ढुङ्गाना समेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ००४३ ( २०६५) | २०६६।७।१८ | ८४ |
| ४२. | रामप्रसाद उपाध्याय समेत वि. मालपोत कार्यालय डिल्लीबजार समेत | २६३४ (२०६२) | २०६८।३।१३ | ८४ |
| ४३. | दिल्ला प्रजाको हकमा वुद्धि वहादुर प्रजा विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३४४८ (२०६३) | | ८५ |
| ४४. | लेखनाथ न्यौपाने विपक्षी शिक्षा मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ११५२ ( २०६३) | २०६७।११।९ | ८५ |

| सि.नं. | रिट निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| ४५. | अमर बहादुर राउत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतसमेत | ००४३ (२०६६) | २०६८।५।३ | ८६ |
| ४६. | बालकृष्ण श्रेष्ठ विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०८४० (२०६६) | २०६७।११।९ | ८७ |
| ४७. | राजुप्रसाद चापागारंइ वि. सूचना तथा सन्चार मन्त्रालय समेत | ०७२३ (२०६६) | २०६५।५।१६ | ८७ |
| ४८. | दीपक भट्टराई समेत विरुद्ध प्र.मं.तथा मं.प.को कार्यालय समेत | १३१० (२०६६) | २०६७।१०।१७ | ८८ |
| ४९. | अधिवक्ता सुदर्शन सुवेदी वि. प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०१८८ (०६८) | २०६९।४।३० | ८८ |
| ५०. | अधिवक्ता लीलामणी पौडेल विरुद्ध नेपाल सरकार, गृह मन्त्रालय समेत | ०२०२ (२०६८) | २०६९।०२।१७ | ८९ |
| ५१. | युवराज सुवेदी समेत विरुद्ध नेपाल सरकार, मन्त्रिपरषद् समेत | ००१० (०६९) | २०६९।८।२१ | ९० |
| ५२. | प्रकाशमणि शर्मा समेत विरुद्ध प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०२१८ (०६३) | २०६९।८।१२ | ९१ |
| ५३. | अधिवक्ता सरोजराज प्याकुरेल विरुद्ध प्र.मं.तथा मं.प.को कार्यालय समेत | ००१७ (२०६७) | २०६७।१०।२४ | ९२ |
| ५४. | अधिवक्ता राजाराम श्रेष्ठ विरुद्ध प्र.मं.तथा मं.प.को कार्यालय समेत | ११३६ (०६७) | २०६९।२।२४ | ९३ |
| ५५. | हिरामणी चापागाई वि। शिक्षा मन्त्रालय समेत | ०५६५ (०६५) | २०६६।१०।२४ | ९४ |
| ५६. | टिका बहादुर घर्ती क्षेत्री समेत वि। शिक्षा मन्त्रालय समेत | ०५६६ (०६५) | २०६६।१०।२४ | ९४ |
| ५७. | रामेश्वरप्रसाद यादव विरुद्ध शिक्षा मन्त्रालय | २७१ (०६६) | | ९५ |
| ५८. | निवेदक ध्रुवप्रसाद चौलागाई वि. शिक्षा मन्त्रालय | ००२८ (२०६७) | २०६८।४।२६ | ९८ |
| ५९. | हरिहर कार्की वि. जनसंख्या तथा वातावरण मन्त्रालय | ३१५८ (२०६०) | २०६७।८।१७ | १०४ |
| ६०. | सोम प्रसाद लुइटेल विरुद्ध गृह, कारागार व्यवस्थापन विभाग | ०६४६ (२०६३) | २०६५।१।४ | १०५ |

| सि.नं. | रिट निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| ६१. | प्रेम बहादुर खड्का समेत विरुद्ध प्र.म.तथा म.प.को.का.समेत | ०७१९ (२०६४) | २०६५।९।२३ | १०५ |
| ६२. | प्रकाशमणी शर्मा विरुद्ध महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, मन्त्रीपरिषदको कार्यालय । | ३५६४ (२०६३) | २०६४।१।२५ | १०५ |
| ६३. | सुनिल रञ्जन सिंह विरुद्ध गृह मन्त्रालय | ००२० (२०६७) | २०६८।०५।०१ | १०६ |
| ६४. | सुकदेव राय यादव विरुद्ध गृह मन्त्रालय | १३३३/२०६६ | २०६९।१।५ | १०६ |

**निर्देशनात्मक आदेशः**

**(क) सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी निर्देशनात्मक आदेश मध्ये लगत कट्टा भएका आदेशहरुः**

| सि.नं. | रिट निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| १. | गोपाल सिवाकोटी वि. अर्थ मन्त्रालय समेत | ३०४९ (२०५०) | २०५१।१।२५ | १०९ |
| २. | मीरा ढुंगाना वि. कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | ३३९२ (२०५०) | २०५२।४।१८ | १०९ |
| ३. | सपना प्रधान मल्ल वि. कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | २७३६ (२०५१) | २०५२।१०।२५ | १०९ |
| ४. | डा. चन्दा बज्राचार्य वि. संसद सचिवालय | २८१६ (२०५१) | २०५३।४।३ | १०९ |
| ५. | प्रा.चुडानाथ भट्टराई वि. लोकसेवा आयोग | ८३/१९६४ (२०५२) | २०५४।४।२९ | ११० |
| ६. | प्रकाशमणि शर्मा वि. मन्त्रिपरिषद् सचिवालय | १९२४ (२०५३) | २०५४।९।९ | ११० |
| ७. | मच्छिन्द्रलाल कायस्थ वि. स्वास्थ्य मन्त्रालय | ३११० (२०५४) | २०५७।३।९ | ११० |
| ८. | सुदिप गौतम वि. नेपाल सरकार मन्त्रिपरिषद् सचिवालय समेत | ३१९० (०५६) | २०५८।२।४ | ११० |
| ९. | भोजराज ऐर वि. प्र.म. श्री गिरिजाप्रसाद कोईराला | ३६६६ (०५५) | २०५६।३।२९ | १११ |
| १०. | भरतमणि जंगम वि. मन्त्रिपरिषद् सचिवालय | ३३०९ (२०५७) | २०५८।६।११ | १११ |
| ११. | दुर्गा सोब वि. मन्त्रिपरिषद् सचिवालय | ३६४३ (२०५७) | २०५८।६।१२ | १११ |
| १२. | दुर्गा सोब वि. नेपाल सरकार समेत | ३६४४ (०५७) | २०५८।९।५ | १११ |
| १३. | लोकविक्रम थापा वि. मन्त्रिपरिषद् सचिवालय | २११३ (२०५३) | २०५८।९।१७ | ११२ |
| १४. | मीरा ढुंगाना वि. कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | ५५ (२०५८) | २०५९।१।१९ | ११२ |
| १५. | सुदर्शन सुवेदी वि. मन्त्रिपरिषद् सचिवालय | ३५८६ (२०५७) | २०६०।७।२८ | ११२ |
| १६. | सपना मल्ल प्रधान वि. मन्त्रिपरिषद् सचिवालय | ३४ (२०६०) | २०६१।४।१४ | ११२ |
| १७. | रेष्मा थापा वि. मन्त्रिपरिषद् सचिवालय | २८९१ (२०५८) | २०६१।४।२६ | ११३ |

| सि.नं. | रिट निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| १८. | श्यामकृष्ण मास्के वि. मन्त्रिपरिषद् सचिवालय | ११४ (२०५९) | २०६१।१०।२१ | ११३ |
| १९. | सपना प्रधान मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५२ (२०६१) | २०६१।११।१३ | ११३ |
| २०. | चन्द्रकान्त ज्ञवाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३७ (२०६१) | २०६१।१२।१ | ११३ |
| २१. | रत्नबहादुर वागचन्द वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३१३८ (२०६१) | २०६२।१।२० | ११३ |
| २२. | धनेन्द्र श्रेष्ठ वि. मन्थली नगर विकास समिति | २५०४ (२०५९) | २०६२।२।२४ | ११४ |
| २३. | गणेशमाया बस्नेत वि. मन्थली नगर विकास समिति | २६७६ (२०५९) | २०६२।२।२४ | ११४ |
| २४. | गणेशबहादुर वोहोरा वि. मन्थली नगर विकास समिति | २८६२ (२०५९) | २०६२।२।२४ | ११४ |
| २५. | मिहिरकुमार ठाकुर वि. निर्वाचन आयोग | २६६८ (२०५९) | २०६२।५।१५ | ११४ |
| २६. | मिहिरकुमार ठाकुर वि. निर्वाचन आयोग | २६६९ (२०५९) | २०६२।५।१५ | ११५ |
| २७. | मीरा ढुंगाना वि. मन्त्रिपरिषद् सचिवालय समेत | ३५ (०६०) | २०६१।४।१४ | ११५ |
| २८. | प्रकाशमणि शर्मा वि. कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | ३१ (२०६१) | २०६२।८।३० | ११५ |
| २९. | मीरा ढुंगाना समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६४ (२०६१) | २०६२।१२।१७ | ११५ |
| ३०. | अधिवक्ता निर्मला उप्रेती वि. नेपाल सरकार, कानून, न्याय तथा संसदिय व्यवस्था मन्त्रालय समेत | २६७९ (०६२) | २०६३।९।२६ | ११५ |
| ३१. | सपना मल्ल प्रधान समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ९८ (०६२) | २०६३।३।२९ | ११६ |
| ३२. | प्रकाशमणि शर्मा वि. मन्त्रिपरिषद् सचिवालय | ३४४० (२०५३) | २०५९।११।२७ | ११६ |
| ३३. | डिलबहादुर विश्वकर्मा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३३०३ (२०६१) | २०६२।१।१९ | ११६ |
| ३४. | भरतमणि गौतम वि. मन्त्रिपरिषद् सचिवालय | ३४५५ (२०५५) | २०५८।२।९ | ११७ |

| सि.नं. | रिट निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| ३५. | भिमसेन थापा वि. मन्त्रिपरिषद् सचिवालय | ३०२४ (२०५६) | २०६०।१०।६ | ११८ |
| ३६. | भीमप्रसाद ओली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३३९४ (२०६१) | २०६२।१०।२८ | ११८ |
| ३७. | राजेन्द्र सुजखु वि. मन्त्रिपरिषद् सचिवालय | ४४०५ (२०५७) | २०६१।१२।३ | ११८ |
| ३८. | रेशमलाल वैद्य वि. अर्थ मन्त्रालय, निजीकरण इकाई | ३१८१ (२०५९) | २०६२।८।२६ | ११८ |
| ३९. | प्रकाशमणि शर्मा वि. मन्त्रिपरिषद् सचिवालय | २८९८ (२०६०) | २०६१।९।६ | ११९ |
| ४०. | नारायणप्रसाद अधिकारी, सन्तोषकुमार श्रेष्ठ समेत वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ३२१६ (२०६१) | २०६१।११।२६ | ११९ |
| ४१. | रत्नबहादुर बागचन्द वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४६ (२०६१) | २०६२।१।८ | १२० |
| ४२. | प्रकाशमणि शर्मा वि. प्रधानमन्त्री गिरीजाप्रसाद कोइराला समेत | २५ (२०५८) | २०५८।६।११ | १२१ |
| ४३. | प्रकाशमणि शर्मा समेत वि. नेपाल सरकार, महिला बाल बालिका तथा समाजकल्याण मन्त्रालय समेत | २८२२ (२०६२) | २०६३।८।४ | १२१ |
| ४४. | डिलबहादुर विश्वकर्मा वि. मन्त्रिपरिषद् सचिवालय | ४४ (२०६२) | २०६२।१०।६ | १२१ |
| ४५. | रत्नबहादुर वागचन्द वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३३७८ (०६१) | ०६४।७।२१ | १२२ |
| ४६. | अरुण श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २९९० (०६१) | २०६४।६।२३ | १२२ |
| ४७. | रत्नबहादुर वागचन्द वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ००३८ (०६५) | २०६६।१०।२८ | १२३ |
| ४८. | विष्णुप्रसाद वास्तोला वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ००३४ (०६५) | २०६६।१०।२८ | १२३ |

| सि.नं. | रिट निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| ४९. | लोकध्वज थापा समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०३६६ (०६५) | २०६६।९।२७ | १२४ |
| ५०. | रागिनी उपाध्याय समेत वि. सम्माननीय प्रधानमन्त्री समेत | ०५४३ (२०६५) | २०६६।११।५ | १२४ |
| ५१. | अधिवक्ता कविता पाण्डे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०३३७ (२०६५) | २०६६।११।२६ | १२५ |
| ५२. | मिरा ढुंगाना वि. प्र.मं.तथा मं.प.को कार्यालय | १०७४ (२०६४) | २०६६।८।२२ | १२५ |
| ५३. | भोजराज ऐर समेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय | ३०६६ (०६३) | २०६६।२।२७ | १२६ |
| ५४. | गणेश ठाकुर लोहार विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०६४८ (२०६८) | २०६७।११।९ | १२७ |
| ५५. | मानबहादुर कार्की समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०१९५ (०६६) | २०६६।११।५ | १२७ |
| ५६. | मिरा ढुंगाना समेत वि. रक्षा मन्त्रालय समेत | ००००१ (०६३) | २०६४।३।१४ | १२७ |
| ५७. | रमेशलाल राना थारु वि. स्वास्थ्य मन्त्रालय समेत | ००११ (०६५) | २०६६।५।११ | १२८ |
| ५८. | सोमप्रसाद लुइटेल वि. नेपाल सरकार | ३२७५ (२०६२) | २०६४।१०।२३ | १२८ |
| ५९. | डिल्लिराज खड्गी वि. शिक्षा मन्त्रालय समेत | ०९६६ (२०६३) | २०६७।१०।७ | १२९ |
| ६०. | वलराम भन्ने योगी भलभद्रनाथ विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३१३५ | २०६५।३।२ | १३० |

(ख) **सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी निर्देशनात्मक आदेश र तिनको कार्यान्वयन अवस्थाः**

| सि.नं. | निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| १. | सूर्यप्रसाद ढुंगेल वि. गोदावरी मार्वल इ. | ३५ (२०४९) | २०५२।७।१४ | १३१ |
| २. | प्रकाशमणि शर्मा वि. नेपाल खानेपानी संस्थान | २२३७ (२०४७) | २०५७।३।२६ | १३१ |
| ३. | थानेश्वर आचार्य वि. भृकुटी पल्प एण्ड पेपर मिल्स लि. | ३०९८ (२०५७) | २०५८।८।१९ | १३२ |
| ४. | रामजी विष्ट वि. मन्त्रिपरिषद् सचिवालय | २३२५ (२०५३) | २०६०।३।१२ | १३२ |
| ५. | रत्नबहादुर वागचन्द वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४६ (२०६१) | २०६२।१।८ | १३४ |
| ६. | राजु चापागाईं, प्रकाशमणि शर्मा वि. स्वास्थ्य मन्त्रालय समेत | ८८ (२०५९) | २०६०।५।२५ | १३५ |
| ७. | राजाराम ढकाल वि. मन्त्रिपरिषद् सचिवालय | २९४२ (२०५९) | २०६०।९।२५ | १३५ |
| ८. | प्रकाशमणि शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३४१३ (२०५८) | २०६१।४।१२ | १३६ |
| ९. | शत्रुघन प्रसाद गुप्ता समेत वि. एभरेष्ट पेपर मिल्स प्रा.लि. | ३४८० (२०५९) | २०६१।४।१२ | १३८ |
| १०. | सपना मल्ल प्रधान वि. मन्त्रिपरिषद् सचिवालय | ३४ (२०६०) | २०६१।४।१४ | १४० |
| ११. | प्रद्योश क्षेत्री वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३०५९ (२०६१) | २०६१।७।१३ | १४१ |
| १२. | देवेन्द्र आले वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५७ (२०६१) | २०६१।९।२२ | १४१ |
| १३. | डिलबहादुर विश्वकर्मा वि. मन्त्रिपरिषद् सचिवालय | ४२ (२०६०) | २०६२।५।३० | १४३ |
| १४. | सन्तोषकुमार महतो वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६० (२०६१) | २०६२।८।९ | १४४ |
| १५. | भोजराज ऐर समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३३७७ (०६०) | २०६१।५।१ | १४५ |

| सि.नं. | निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| १६. | मनबहादुर आले वि. नेपाल सरकार मन्त्रिपरिषद् सचिवालय समेत | २९४२ (०५२) | २०६१।३।७ | १४५ |
| १७. | रुपक ढकाल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ५५ (०६१) | २०६३।२।२५ | १४६ |
| १८. | धनन्जय खनाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३४०१ (०६०) | २०६३।५।११ | १४६ |
| १९. | धनन्जय खनाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ७३ (०६२) | २०६३।२।२५ | १४७ |
| २०. | मीरा ढुंगाना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | १३१ (०६३) | २०६३।८।२८ | १४७ |
| २१. | सिद्धेश्वरकुमार सिंह वि. महान्यायाधिवक्ताको कार्यालय | २८४१ (२०५८) | २०६१।११।१० | १४८ |
| २२. | प्रकाशमणि शर्मा वि. मन्त्रिपरिषद् सचिवालय | २९९१ (२०५२) | २०५४।२।२७ | १४८ |
| २३. | सोमप्रसाद पनेरु समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३२१५ (२०६१) | २०६३।५।२५ | १४९ |
| २४. | भरतमणि गौतम वि. मन्त्रिपरिषद् सचिवालय | ३४७४ (२०५६) | २०५९।२।७ | १४९ |
| २५. | सपना प्रधान मल्ल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालय समेत | ३५६१ (०६३) | २०६४।९।१०।३ | १५० |
| २६. | शर्मिला पराजुली वि. मन्त्रिपरिषद् सचिवालय | ३४३४ (२०६०) | २०६०।११।२९ | १५२ |
| २७. | केशवराज पाण्डे वि. मन्त्रिपरिषद् सचिवालय | २९५७ (२०५४) | २०५६।५।२९ | १५२ |
| २८. | प्रकाशमणि शर्मा समेत वि.मन्त्रिपरिषद् सचिवालय | ३०२७ (२०५९) | २०६२।८।२४ | १५३ |
| २९. | प्रकाशमणि शर्मा वि. जनसंख्या तथा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | ३४२९ (२०६१) | २०६२।९।४ | १५५ |
| ३०. | पार्वतीदेवी पन्त वि. सेती महाकाली धानचामल कम्पनी,पु.वे.अ. डोटी, कैलाली जि.अ.समेत | ३४७९ (०६०) | २०६४।९।६ | १५६ |

| सि.नं. | निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| ३१. | सुनिलवाबु पन्त, व्लु डाइमण्ड सोसाइटी समेत वि. नेपाल सरकार | ९१७ (२०६४) | २०६४।९।६ | १५६ |
| ३२. | अधिवक्ता रमा पन्त खरेल समेत वि. नेपाल सरकार | ००१९ (२०६३) | २०६५।३।२६ | १५७ |
| ३३. | सपना प्रधान मल्ल समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०६४ ००३५ (२०६४) | २०६५।३।२६ | १५८ |
| ३४. | सपना प्रधान मल्ल वि. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत | ३३९३ (०६१) | २०६५।३।२७ | १५८ |
| ३५. | अमृता थापा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०१३९ (०६४) | २०६५।१।४ | १५९ |
| ३६. | अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ००२९ (०६३) | २०६५।३।५ | १६० |
| ३७. | कृष्णप्रसाद साही वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २५७२ (०६२) | २०६४।८।३ | १६० |
| ३८. | भोजराज तिमिल्सेना समेत वि. नेपाल सरकार समेत | ०९२० (०६३) | २०६४।९।२।२ | १६१ |
| ३९. | महिला पुर्नस्थापना केन्द्रको तर्फाट अ. ज्योती लम्साल समेत वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ४२४ (०६४) | ०६६।४।२८ | १६२ |
| ४०. | भोजराज ऐर वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३१८० (२०६१) | २०६२।२।२३ | १६३ |
| ४१. | नारायणप्रसाद देवकोटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०५२१ (२०६६) | २०६७।४।२१ | १६४ |
| ४२. | अधिवक्ता ऋषिराम घिमिरे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०२८७ (२०६३) | २०६६।१।३० | १६६ |
| ४३. | अधिवक्ता राजेन्द्र घिमिरे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३२१९ (२०६२) | २०६४।९।२ | १६६ |

| सि.नं. | निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| ४४. | अधिवक्ता प्रकाशमणि शर्मा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०२३० (२०६४) | २०६५।२।२२ | १६७ |
| ४५. | अधिवक्ता मिरा ढुंगाना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | १००२ (२०६४) | २०६६।५।३ | १६७ |
| ४६. | जितकुमारी पंगेनी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ००३५ (२०६३) | २०६५।३।२६ | १६८ |
| ४७. | पुन्देवी महर्जन सुजाना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३५८१ (२०६२) | २०६५।५।२ | १६८ |
| ४८. | मिरा ढुंगाना समेत वि. कानून तथा न्याय मन्त्रालय समेत | ११४ (२०६२) | २०६३।८।७ | १७० |
| ४९. | सपना प्रधान मल्ल वि. प्र.म. तथा मं.प.को कार्यालय समेत | ००११ (२०६४) | २०६५।५।२६ | १७० |
| ५०. | मिरा ढुंगाना वि. प्र.म. तथा मं.प.को कार्यालय समेत | ००४३ (२०६५) | २०६६।७।२८ | १७० |
| ५१. | भोजराज ऐर समेत वि. मन्त्रिपरिषद्को कार्यालय समेत | ९९ (२०६१) | २०६५।१२।२२ | १७० |
| ५२. | पूर्णभक्त डंगोल वि. मन्त्रिपरिषद्को कार्यालय समेत | २८९१ (२०६०) | २०६३।३।२० | १७४ |
| ५३. | सहदेव गौतम वि. मन्त्रिपरिषद्को कार्यालय समेत | १००२ (२०६५) | २०६७।३।२४ | १७४ |
| ५४. | सपना मल्ल प्रधान वि. रक्षा मन्त्रालय समेत | ०००१ (०६४) | | १७५ |
| ५५. | माधवकुमार बस्नेत वि. रक्षा मन्त्रालय समेत | ००२८ (०६४) | | १७६ |
| ५६. | प्रकाशमणि शर्मा समेत वि. नेपाल सरकार | ००२८ (०६३) | २०६५।३।५ | १७६ |
| ५७. | लक्ष्मीदेवी धिक्त समेत वि. प्र.मंतथा मं.प.को कार्यालय समेत | ०७५७ (०६३) | २०६६।२।६ | १७७ |
| ५८. | ओमप्रकाश अर्याल वि. प्र.मंतथा मं.प.को कार्यालय समेत | ३३२९ (०६६) | २०६७।३।१६ | १७७ |

| सि.नं. | निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| ५९. | प्रेमप्रसाद सन्जेल वि. प्र.मंतथा मं.प.को कार्यालय समेत | ००४६ (२०६०) | २०६७।१०।१३ | १७७ |
| ६०. | टंकविशाल घिमिरे समेत वि. प्र.मं तथा मं.प.को कार्यालय समेत | ०६१० (०६७) | २०६७।१२।२ | १७८ |
| ६१. | मीना खड्का समेत वि. प्र.मं तथा मं.प.को कार्यालय समेत | ००२३ (०६६) | २०६७।१२।२ | १७८ |
| ६२. | सविना दमाई समेत वि. प्र.मं तथा मं.प.को कार्यालय समेत | ०७०३ (०६७) | २०६७।११।१५ | १७९ |
| ६३. | प्रकाशमणी शर्मा समेत वि. प्र.मं तथा मं.प.को कार्यालय समेत | ०१४९ (०६५) | २०६७।२।५ | १७९ |
| ६४. | लक्ष्मी खरेल, बस्नेत समेत वि. प्र.मं तथा मं.प.को कार्यालय समेत | ०७४८ (०६५) | २०६७।४।१२ | १८० |
| ६५. | राजु चापागाईं वि. प्र.मं तथा मं.प.को कार्यालय समेत | ०१२९ (०६३) | २०६५।६।३० | १८० |
| ६६. | अच्यूतप्रसाद खरेल वि. प्र.मं तथा मं.प.को कार्यालय समेत | १११ (०६२) | २०६३।५।२९ | १८१ |
| ६७. | योगेन्द्र गिरी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत | ०००२ (०६६) | २०६७।७।१७ | १८१ |
| ६८. | सुन्तली धामी वि. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय समेत | ०५८४,०७४६, ०६६३ (०६६) | २०६७।८।१५ | १८२ |
| ६९. | रिट निवेदक जंग बहादुर विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १२२२ (२०६६) | | १८२ |
| ७०. | भुवन प्रसाद निरौला विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ००१० (२०६५) | २०६८।३।१६ | १८३ |
| ७१. | खड्गबहादुर लिम्बु विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ०५९०/०५९१/०५७५ /०५८८/०५८९ (२०६४) | २०६८।११।१२ | १८४ |
| ७२. | जनक सुवेदी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३४५५ (२०६३) | २०६५।०८।११ | १८५ |
| ७३. | निवेदक चन्देश्वरी कर्माचार्य समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | १३४४ (२०६६) | २०६८।१०।२२ | १८५ |

| सि.नं. | निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| ७४. | रामचन्द्र पौडेल विरुद्ध व्यवस्थापिका संसदको सचिवालय समेत | ०८१२ (०६७) | २०६८।८।२२ | १८६ |
| ७५. | अधिवक्ता सन्तोष बस्नेत विं प्र.मं. तथा मं.पं. को कार्यालय समेत | ००३१ (२०६६) | २०६७।१०।६ | १८७ |
| ७६. | उमेश थापाका हकमा जगदिश थापा विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ३३२८ (२०६३) | २०६५।१।३० | १८७ |
| ७७. | निवेदक राजिव बाँस्तोला समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ००५१ (२०६६) | २०६७।१०।६ | १८८ |
| ७८. | निवेदक चन्देश्वरी कर्माचार्य समेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | १३१४ (२०६६) | २०६८।१०।२२ | १८८ |
| ७९. | प्रकाशमणी शर्मा वि. प्र.मं.तथा मं.प.को कार्यालय समेत | ३१५२ (२०६०) | २०६७।२।१२ | १८९ |
| ८०. | भरतमणि गौतम समेत वि. प्र.मं.तथा मं.प.को कार्यालय समेत | २९७३ (२०६२) | | १८९ |
| ८१. | सुदर्शन थपलिया विरुद्ध भौतिक योजना तथा निर्माण मन्त्रालय समेत | ०६९४ (२०६५) | २०६७।१२।१७ | १९२ |
| ८२. | गौतम डंगोल समेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् समेत | २८७५ (२०६२) | २०६७।१०।४ | १९३ |
| ८३. | युनिटि लाईफ इन्टरनेशनलको हकमा काशीराम गुरुङ वि. प्र.मं.तथा मं.प.को कार्यालय समेत | १२९३ (२०६६) | २०६८।१२।१५ | १९३ |
| ८४. | सन्तोष बस्नेत वि. प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०८४१ (२०६५) | २०६८।४।२५ | १९५ |
| ८५. | रोवियस इन्टरनेशनल प्रा.लि. समेत वि. प्र.मं.तथा मं.प.को कार्यालय समेत | ११२९ (०६६) | २०६८।१२।१५ | १९५ |
| ८६. | डाबर नेपाल -प्रा.) लि. विरुद्ध श्रम अदालत समेत | ०३७९ (०६५) | २०६९।६।३ | १९६ |

| सि.नं. | निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| ८७. | लक्ष्मण महतो समेत विरुद्ध कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय समेत | ०७४९ (२०६८) | २०६९।३।१८ | १९८ |
| ८८. | अधिवक्ता कविता पाण्डे विरुद्ध प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०५४४ (२०६६) | २०६९।२।३ | १९९ |
| ८९. | हरिप्रसाद पोखरेल विरुद्ध प्रधान सेनापती समेत | ०५३६ (०६४) | २०६८।१२।३० | २०१ |
| ९०. | माधवप्रसाद पौडेल विरुद्ध प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०७८६ (२०६८) | २०६९।७।२२ | २०१ |
| ९१. | मीरा ढुंगाना विरुद्ध प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०५४५ (२०६५) | २०६९।२।१७ | २०२ |
| ९२. | कल्पना शाक्य समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ००५९ (२०६८) | २०६९।१२।२९ | २०२ |
| ९३. | विनोदकुमार भट्टराई विरुद्ध प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०१३८ (२०६८) | २०६९।२।२४ | २०३ |
| ९४. | अधिवक्ता श्रीकृष्ण सुवेदी वि प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०९९० (०६७) | २०६८।१।१५ | २०४ |
| ९५. | ईश्वरी खड्का समेत वि. शिक्षा मन्त्रालय | ०५०१ ९०६४) | २०६७।१०।२३ | २०५ |
| ९६. | सुशीलादेवी वि प्र.मं.तथा मं.प.को कार्यालय समेत | १२८६ (०६४) | २०६७।१०।२३ | २०७ |
| ९७. | वीर बहादुर दमाई समेत वि प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०४९४ (०६४) | २०६७।१०।२३ | २०८ |
| ९८. | राजेन्द्र श्रेष्ठ वि प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०५०० (०६४० | २०६७।१०।२३ | २११ |
| ९९. | गणेश प्र. थारु समेत वि प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०५०२ (०६४) | २०६७।१०।२३ | २१३ |
| १००. | उद्धव प्र. न्यौपाने वि प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०४९६ (०६४) | २०६७।१०।२३ | २१४ |
| १०१. | इन्द्र ब प्रजा वि प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०४९५ (०६४) | २०६७।१०।२३ | २१६ |
| १०२. | रामदेव धोवी वि प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०४९९ (०६४) | २०६७।१०।२३ | २१८ |

| सि.नं. | निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| १०३. | मुखिया लक्ष्मण थारु वि प्र.मं.तथा मं.प.को कार्यालय समेत | ०४९८ (०६४) | २०६७।१०।२३ | २२० |
| १०४. | सुरेन्द्र प्र. कानू वि. शिक्षा मन्त्रालय समेत | ०६९५ (२०६५) | २०६७।१०।२३ | २२३ |
| १०५. | निवेदक अधिवक्ता सुदर्शन सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। | ०१८८ (०६८) | २०६९।४।३० | २२४ |
| १०६. | पुरुषोत्तम शर्मा समेत वन तथा भू-संरक्षण मन्त्रालय समेत | ०९६९ (२०६४) | २०६८।१२।२० | २२७ |
| १०७. | राजिव गुरुङ्गको हकमा देवी गुरुङ्ग वि. विज्ञान तथा प्रविधि मन्त्रालय समेत | ३५१० (२०६१) | २०६७।२।११ | २२७ |
| १०८. | प्रकाशमणी शर्मा समेत स्थानीय विकास मन्त्रालयसमेत | ०३७७ (२०६५) | २०६६।१०।६ | २२८ |
| १०९. | राजुप्रसाद चापागाई समेत वि कानून तथा न्याय मन्त्रालय समेत | ००३१ (२०६३) | ०६५।७।२८ | २२९ |
| ११०. | रामकुमारी मानन्धर समेत योजना तथा निर्माण मन्त्रालय समेत | ८१८ (२०६३) | २०६५।१०।०२ | २३० |
| १११. | प्रकाशमणी शर्मा समेत प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत | ००२८ (२०६३) | २०६५।०२२।३ | २३१ |
| ११२. | तुलसी सिंखडा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०४५१ (२०६७) | २०६९।० ५।<br>२० | २३२ |
| ११३. | वावुराम गिरी वि जिल्ला वन कार्यालय समेत | ३०२२ (२०६१) | २०६५।१२।१० | २३३ |
| ११४. | आरती श्रेष्ठ समेत श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०००९ (२०६५) | २०६६।०५।०५ | २३४ |
| ११५. | डा.दिनेश विक्रम शाह स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ०५१८ (२०६३) | २०६६।०७।२९ | २३५ |
| ११६. | डा. पुष्करराज पाण्डे वि कानून मंत्रालय | ००३२ (२०६५) | ०६७।११।१९ | २३९ |
| ११७. | ज्योती लम्साल पौडेल वि महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | ०६६३ (२०६६) | २०६७।८।१५ | २४० |

| सि.नं. | निवेदक | रि.नं. | आदेश मिति | पे.नं. |
|---|---|---|---|---|
| ११८. | गृह मन्त्रालयसंग सम्बन्धित | ००१६ (२०६६) | २०६८।०८।०१ | २४० |
| ११९. | अधिवक्ता सुनिल रञ्जन सिंह वि गृह मन्त्रालय समेत | ००१९ (२०६७) | २०६७।०९।०८ | २४१ |
| १२०. | दिपेन्द्र बहादुर क्षेत्री वि श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ००३३ (२०६६) | २०६६।०८।०५ | २४२ |
| १२१. | विश्वनाथ राय सिंह क्षेत्री श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ०००४ (२०६७) | २०६७।०४।२३ | २४४ |
| १२२. | चन्द्रकान्त ज्ञवाली वि मन्त्रिपरिषद् सचिवालय | ने.का.प २०६१, अंक ११, पृष्ठ १४१८ | | २४५ |
| १२३. | डिलबहादुर विश्वकर्मा समेत वि. मन्त्रिपरिषद् सचिवालय समेत | ४४ (२०६२) | २०६२।१०।६।५ | २४५ |
| १२४. | सपना प्रधान मल्ल वि. मन्त्रिपरिषद् सचिवालय समेत | ने.का.प २०६१, अंक ४, पृष्ठ ३८७ | | २४६ |
| १२५. | ज्योती लम्साल पौडेल वि. गृह मन्त्रालय | ००४२/२०६८ | २०६९।०५।०७ | २४७ |
| १२६. | राजु प्रसाद चापागाईं वि.वन तथा भू-संरक्षण मन्त्रालय समेत | ०४४८/२०६३ | २०६७।०६।२१ | २४८ |
| १२७. | भुवनमान सिंह प्रधान वि.. नेपाल राष्ट्र बैंक | ३३८९ (२०६०) | २०६२।७।२९ | २५१ |

# सार्वजनिक सरोकारको विवादमा सर्वोच्च अदालतबाट जारी आदेश कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था

## १. परिचयः

सर्वोच्च अदालत नेपालको अभिलेख अदालत हो । सर्वोच्च अदालतले मुद्दा, मामिलामा गरेको निर्णय एवं न्यायिक व्याख्या नेपाल सरकारका सबै निकायहरुले पालना गर्नुपर्ने हुन्छ । संविधान एवं प्रचलित नेपाल कानूनले सर्वोच्च अदालतलाई मूलतः न्यायिक र गैरन्यायिक गरी दुई किसिमका अधिकारहरु प्रदान गरेको पाईन्छ ।

### १.१ न्यायिक अधिकारः

सर्वोच्च अदालतबाट मुद्दा मामिलाको सुनवाई र किनारा गर्ने अधिकारको प्रयोग तोकिएबमोजिम एक जना न्यायाधीशको इजलासबाट वा एक भन्दा बढी न्यायाधीशहरूको संयुक्त, पूर्ण वा विशेष इजलासबाट हुने व्यवस्था छ । सो देखि बाहेक सर्वोच्च अदालतलाई भएको अन्य अधिकारको प्रयोग तोकिएबमोजिम सर्वोच्च अदालतका न्यायाधीशहरूको पूर्ण बैठक, समिति वा सर्वोच्च अदालतको रजिष्ट्रारबाट हुने व्यवस्था सर्वोच्च अदालत ऐन, २०४८ ले गरेको छ[1] । सर्वोच्च अदालतको न्यायिक अधिकारलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

#### १.१.१ सामान्य क्षेत्राधिकारः

सर्वोच्च अदालतको सामान्य अधिकार अन्तर्गत देहाय बमोजिमका अधिकारहरु रहेका छन् ।

- शुरु मुद्दा हेर्ने अधिकार,
- पुनरावेदन सुन्ने अधिकार,
- साधक जांच्ने अधिकार,
- पुनरावलोकन गर्ने अधिकार, र
- मुद्दा दोहोऱ्याई हेर्ने अधिकार ।

#### १.१.२ रिट क्षेत्राधिकारः

संविधान प्रदत्त मौलिक हकहरुको संरक्षण गर्ने र नागरिकका लागि संविधानले नै संरक्षण गरेका हकहरुको उपभोगको सुनिश्चितता प्रदान गर्ने अन्तिम दायित्व संविधानतः सर्वोच्च अदालतमा रहेको छ । सर्वोच्च अदालतलाई नागरिक हकको संरक्षक पनि भनिन्छ । जसले रिट क्षेत्राधिकार मार्फत संविधान प्रदत्त मौलिक हकको उल्लंघनमा न्यायिक तथा कानूनी उपचार प्रदान गर्दछ । सर्वोच्च अदालतको रिट क्षेत्राधिकारलाई सामान्यतः निम्न बमोजिम तीन भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

##### १.१.२.१ ऐन, नियम उपरको न्यायिक पुनरावलोकनको अधिकारः

नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनै नेपाल कानून संविधानसँग बाझिएको हुँदा

---

[1] हेर्नुहोस दफा ४, *सर्वोच्च अदालत ऐन, २०४८*

सो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी पाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सो अनुसार कुनै कानून संविधानसँग बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई रहेको छ[2] । यस अनुसार कुनै नेपाल कानून वा त्यसको कुनै व्यवस्था संविधान प्रदत्त मौलिक हकसंग बाझिएको वा असंगत रहेको वा कानूनको सो व्यवस्थाबाट संविधान प्रदत्त मौलिक हकलाई सिमित पारेको वा सो को उपभोगमा प्रतिबन्ध लगाएकोले सो कानून वा कानूनी व्यवस्था प्रारम्भदेखि नै वा निर्णय भएका मितिदेखि शुन्य वा बदर घोषित गरी पाउं भनी जुनसुकै नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्ने व्यवस्था छ । गैरनेपालीलाई भने यस बमोजिमको निवेदन दिने हकदैया छैन । यस अधिकारको प्रयोग गरी सर्वोच्च अदालतले कुनै कानून सम्पूर्ण रुपमा वा सो कानूनको केही वा कुनै भाग वा व्यवस्था शुन्य वा बदर घोषित गर्न सक्दछ ।

### १.१.२.२ प्रशासकीय कार्य उपरको न्यायिक पुनरावलोकनको अधिकारः

नेपाल सरकारको प्रशासकीय निकाय वा पदाधिकारीहरुको काम, कारवाही वा निर्णयबाट कुनै व्यक्तिको संविधान प्रदत्त मौलिक हकको उल्लंघन हुन गएमा वा प्रशासकीय निकाय वा पदाधिकारीहरुको काम, कारवाही वा निर्णयबाट कुनै व्यक्तिको कुनै कानूनी हकमा असर परेको र सो को उपचारका लागि अर्को व्यवस्था पनि नभएको वा अर्को उपचारको व्यवस्था भएपनि सो उपचार अपर्याप्त वा प्रभावहीन भएको अवस्थामा सो कानूनी हकको प्रचलनका लागि मर्का पर्ने व्यक्तिले उपचारका लागि सर्वोच्च अदालतमा निवेदन दिन सक्ने व्यवस्था संविधानमा रहेको छ । सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था संविधानले गरेको छ[3] ।

### १.१.२.३ सार्वजनिक सरोकारको विवाद उपरको न्यायिक उपचारः

सार्वजनिक सरोकारको विवाद सार्वजनिक हित समावेश भएको विवाद हो । यसमा कुनै व्यक्ति वा सानो समुहको मात्र स्वार्थ वा हित निहित नभई समाजको ठुलो हिस्सा वा सम्पूर्ण समाजको हित वा स्वार्थ निहित रहेको हुन्छ । सामाजिक हित राष्ट्रको पनि हित हो । तसर्थः आधुनिक संवैधानिक विधिशास्त्रले संविधानको संरक्षक सर्वोच्च अदालतलाई सार्वजनिक हित वा स्वार्थको पनि रक्षा वा संरक्षण गर्ने दायित्व प्रदान गरेको पाईन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले पनि सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्रदान

[2] धारा, १०७ को उपधारा (१), *नेपालको अन्तरिम संविधान, २०६३*
[3] धारा, १०७ को उपधारा (२), *नेपालको अन्तरिम संविधान, २०६३*

गरेको पाईन्छ । यसका लागि सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्दछ [4]।

## २. आदेश कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्थाः

आदेश कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्थालाई देहाय बमोजिम अध्ययन गर्न सकिन्छ ।

### २.१ संवैधानिक व्यवस्थाः

सर्वोच्च अदालत नेपालको सबैभन्दा माथिल्लो तहको अदालत हो । नेपालको अन्तरिम संविधान, २०६३ ले कानूनी राज्य र स्वतन्त्र न्यायपालिकाको भावनालाई आत्मसात गरेको छ । अदालतले मुद्दा, मामिलाका सन्दर्भमा गरेको आदेश वा फैसलाको कार्यान्वयन गर्ने विषय कानूनी राज्य एवं स्वतन्त्र न्यायपालिकाको अवधारणासंग जोडिएको विषय हो । जहां अदालतको आदेश वा फैसलाको सम्मान एवं कार्यान्वयन हुंदैन त्यहां कानूनी राज्य र स्वतन्त्र न्यायपालिका छ भनी मान्न सकिंदैन । यसै कुरालाई मध्यनजर राखी हाम्रो वर्तमान संविधानमा न्याय सम्पादनको कार्यमा सर्वोच्च अदालत र अन्य अदालतहरूलाई सहयोग गर्नु नेपाल सरकार र मातहतका सबै कार्यालय वा पदाधिकारीहरूको कर्तव्य तोकिएको पाईन्छ [5]। यसरी नै मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नु पर्ने र मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरूले मान्नु पर्ने व्यवस्था पनि संविधानमा रहेको छ [6]।

यसका अतिरिक्त संविधानको धारा १३५ को उपधारा (३) को खण्ड (ख) मा मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था पाईन्छ । संविधानको प्रस्तुत व्यवस्था अनुसार सार्वजनिक सरोकारको मुद्दामा सर्वोच्च अदालतबाट जारी भएको आदेशमा स्थापित नजिर वा कानूनी सिद्धान्तको पालना भए, नभएको कुराको अनुगमन गर्ने अधिकार पनि महान्यायाधिवक्तालाई रहेको देखिन्छ ।

### २.२ कानूनी व्यवस्थाः

मुद्दा, मामिलाका सन्दर्भमा अदालतले दिएको आदेश वा गरेको फैसलाको अवज्ञा गर्नु अदालतको अवहेलना मानिन्छ र अदालतको अवहेलना गरेमा सो गर्ने, गराउने उपर अदालतको अवहेलनामा मुद्दा दायर भई सजाय समेत हुन सक्दछ । यो स्वतन्त्र न्यायपालिकाको सर्वस्वीकृत मान्यता हो । यथार्थमा अदालतको आदेश, फैसलाको कार्यान्वयन नहुने हो भने अदालत स्थापना गर्नु र अदालतले आदेश, फैसला गर्नुको औचित्य रहंदैन । कानूनी राज्यमा अदालतका आदेश र फैसलाहरुको संधै सम्मान र कार्यान्वयन गरिनु पर्दछ । यसै कुरालाई आत्मसात गर्दै सर्वोच्च अदालत ऐन, २०४८ मा पनि सर्वोच्च अदालतले आफनो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारवाही

[4] ऐजन
[5] धारा ११५, *नेपालको अन्तरिम संविधान, २०६३*
[6] धारा ११६, *नेपालको अन्तरिम संविधान, २०६३*

चलाउन र कसुरदार ठहरिए सो व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्ने व्यवस्था गरिएको छ [7]।

**२.३ नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयः**

सर्वोच्च अदालतले रिट क्षेत्राधिकार अन्तर्गतका निवेदनहरुमा जारी गरेका आदेशहरुको कार्यान्वयनका सन्दर्भमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट समेत नीतिगत निर्णय भएको पाईन्छ । नेपाल सरकार, मन्त्रिपरिषद्बाट यस सम्बन्धमा भएका निर्णयहरु अनुसूचीहरुमा उल्लेख गरिएको छ । मन्त्रिपरिषद् नेपाल सरकारको सर्वोच्च नीतिगत निकाय भएकोले यसका निर्णयहरु नेपाल सरकारका सम्वद्ध मन्त्रालय एवं अन्य सबै निकायले पालना गर्नु पर्ने हुन्छ ।

## ३. आदेश कार्यान्वयनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूमिकाः

सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी आदेशहरूको कार्यान्वयन गर्दा जुन मन्त्रालय वा निकायको नाममा आदेश जारी भएको छ, सोही मन्त्रालय वा निकायबाट हुने गर्दछ। यस्ता आदेशको कार्यान्वयनको सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मुख्यतः निम्न लिखित दुई किसिमको भूमिका रहेको पाईन्छ ।

**३.१ आदेशको कार्यान्वयन गर्नेः**

नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०६९ को देहाय १ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत बुंदा नं. २४ ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अदालतको फैसला कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा मानव अधिकार महाशाखा अन्तर्गत एक कानून तथा फैसला कार्यान्वयन शाखाको स्थापना गरिएको छ । सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी आदेशहरुको कार्यान्वयन एवं अनुगमन सम्बन्धी कार्य कानून तथा फैसला कार्यान्वयन शाखाबाट सम्पादन हुन्छ। सर्वोच्च अदालत वा महान्यायाधिवक्ताको कार्यालयबाट आदेश वा फैसला प्राप्त हुनासाथ यस शाखाले नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०६९ बमोजिम अन्य मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषय रहेछ भने सम्बन्धित मन्त्रालयलाई कार्यान्वयनका लागि लेखी पठाउने र समय, समयमा तरताकेता गर्ने गर्दछ भने आफ्नै कार्यालयबाट कार्यान्वयन गर्नु पर्ने विषय भए तुरुन्तै कार्यान्वयनका लागि सम्बन्धित अधिकारीकहां पेश गरी कार्यान्वयन प्रकृया शुरु गर्दछ ।

**३.२ समन्वय र अनुगमन गर्नेः**

सर्वोच्च अदालतबाट जारी भएको कुनै आदेश दुई वा सोभन्दा बढी मन्त्रालय वा निकायहरूबाट कार्यान्वयन हुनुपर्ने प्रकृतिको रहेछ भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्वद्ध मन्त्रालय वा निकायहरूलाई आपसी समन्वय कायम गरी आदेशको कार्यान्वयन प्रकृयालाई सहज बनाउने कार्य गर्दछ। यसका साथै, सम्वद्ध मन्त्रालय वा निकायहरूबाट कार्यान्वयन गरिने आदेशहरूको कार्यान्वयन अवस्था, समस्या र समाधानका उपायहरूको पहिचान गर्ने प्रयोजनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यकतानुसार सबै मन्त्रालय एवं निकायका पदाधिकारी वा प्रतिनिधिहरूको सहभागितामा

[7] दफा ७ को उपदफा (१), *सर्वोच्च अदालत ऐन, २०४८*

नियमित छलफल, अन्तरक्रिया र गोष्ठीहरूको समेत आयोजना गर्ने गर्दछ। यस क्रममा २०६७।८।१७ मा गोकर्ण र २०६९ साल वैशाख ६ र ७ गते गोदावरीमा गरी दुईपटक नेपाल सरकारका मुख्य सचिवज्यूको समुपस्थितीमा नेपाल सरकारका सचिवहरुलाई सहभागी गराई सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी आदेश कार्यान्वयन अवस्थाका बारेमा छलफल कार्यक्रम सम्पन्न गरी फैसला कार्यान्वयनको गतिलाई प्रभावकारी बनाउन विभिन्न निर्णयहरु समेत भएका छन् । यस अतिरिक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्वद्ध मन्त्रालय एवं निकायहरूबाट कार्यान्वयन हुनुपर्ने आदेशहरूको कार्यान्वयन स्थितिका बारेमा नियमित रुपमा प्रगति विवरण, अर्धवार्षिक एवं वार्षिक प्रतिवेदन माग गर्ने गरिन्छ। यसरी नै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आ.ब.२०६७।०६८ देखि सार्वजनिक सरोकारको विवादमा सर्वोच्च अदालतबाट जारी आदेश कार्यान्वयन स्थिती सम्बन्धी वार्षिक प्रतिवेदन समेत प्रकाशन हुँदै आएको छ।

## ४. प्रतिवेदनको सीमाः

मुलुकी ऐन अदालती बन्दोबस्तको महलको १० नं. मा बि.सं. २०४३ सालमा भएको संशोधन मार्फत सार्वजनिक सरोकारको विवादको अवधारणालाई नेपालमा सर्वप्रथम आत्मसात गरिएको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ ले सर्वप्रथमतः सार्वजनिक सरोकारको विवादलाई संवैधानिक मान्यता दिएको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ को प्रारम्भदेखि नै सार्वजनिक सरोकारको विवादका विषयहरु सर्वोच्च अदालतमा आउने क्रम शुरु भएको पाईन्छ । तत्पश्चात हालसम्म सम्मानित सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा धेरै आदेशहरु जारी भईसकेका छन् । तर सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारका विवादमा जारी आदेशहरुको अभिलेख राख्ने कानूनी व्यवस्थाको अभावमा हालसम्म के, कति आदेशहरु जारी भए भन्ने कुराको आधिकारिक तथ्यांक पाईदैन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रकाशित प्रस्तुत प्रतिवेदनमा लगत कट्टा भएका परमादेशहरु जम्मा २७ र कार्यान्वयनको अवस्थामा रहेका परमादेशहरु जम्मा ६४ रहेको छ भने लगत कट्टा भएका निर्देशनात्मक आदेशहरु जम्मा ६० र कार्यान्वयनको अवस्थामा रहेका निर्देशनात्मक आदेशहरु जम्मा १२७ समेटिएका छन् । प्रस्तुत प्रतिवेदनमा बि.सं. २०४७ सालको संविधान जारी भए पश्चात आ.ब.२०६९।०७० को अन्तसम्म र २०७० को पौष मसान्तसम्म यस शाखामा प्राप्त भएका आदेशहरुलाई समेट्ने प्रयास गरिएको छ। सर्वोच्च अदालतको नेपाल कानून पत्रिकामा प्रकाशित आदेश तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सर्वोच्च अदालतबाट जानकारीका लागि प्राप्त आदेशहरुको आधारमा यो प्रतिवेदन तयार भएको हो। त्यसैले यस प्रतिवेदनमा कतिपय आदेशहरु छुटेका पनि हुन सक्दछन्, कार्यान्वयन गर्नु पर्ने प्रवृत्तिका आदेशहरु मानवीय त्रुटीका कारण छुटेको फेला परेमा त्यसलाई यसै प्रतिवेदनको अङ्ग मानी कार्यान्वयन गरिनेछ र आगामी प्रतिवेदनहरुमा छुट भएका विषयहरु समावेश गर्दै जाने कोसिश गरिनेछ।

**तालिका नं. १**

**आदेशहरुको एकिकृत संख्यात्मक विवरण**

| सि.नं. | मुद्दाको विवरण | आ.व. २०६९।७० सम्म जम्मा | आ.व. २०७०।७१ पौष सम्म | जम्मा |
|---|---|---|---|---|
| १. | लगत कट्टा भएका परमादेश आदेशहरु | १३ | १४ | २७ |
| २. | कार्यान्वियनको अवस्था रहेका परमादेश आदेशहरु | ६१ | ३ | ६४ |
| ३. | लगत कट्टा भएका निर्देशनात्मक आदेशहरुः | ४६ | १४ | ६० |
| ४. | कार्यान्वियनको अवस्थामा रहेका निर्देशनात्मक आदेशहरु | ९५ | ३२ | १२७ |
| | **जम्मा आदेशहरुको संख्या** | **२१५** | **६३** | **२७८** |

५. **विभिन्न मन्त्रालयबाट कार्यान्वयन भएका र कार्यान्वयन हुन बांकी आदेशहरुको तुलनात्मक विवरणः**

सम्मानित सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी भएका आदेशहरु मध्ये नेपाल सरकारका विभिन्न मन्त्रालयबाट कार्यान्वयन सम्पन्न भएका र कार्यान्वयन गर्न बांकी आदेशहरुको गत आ.ब.२०६७०६८ देखि २०६९।७० को तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

## तालिका नं. २

## विभिन्न मन्त्रालयबाट कार्यान्वयन भएका र कार्यान्वयन हुन बांकी आदेशहरुको तुलनात्मक विवरण

| क.सं. | मन्त्रालय/ कार्यालयको नाम | कार्यान्वयन सम्पन्न भएको | | आ.ब.२०६७।६८ को वार्षिक प्रतिवेदन बमोजिम बांकी आदेश | | आ.ब.२०६८।६९ को वार्षिक प्रतिवेदन बमोजिम बांकी आदेश | | आ.ब.२०६९।७० को वार्षिक प्रतिवेदन बमोजिम बांकी आदेश | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्देशनात्मक | परमादेश | निर्देशनात्मक | परमादेश | निर्देशनात्मक | परमादेश | निर्देशनात्मक | परमादेश |
| १. | प्र.मं. तथा म.प. को कार्यालय | २४ | २ | २ | ० | ३ | ० | ३ | ० |
| २. | गृह मन्त्रालय | २ | ५ | १३ | १० | १६ | १४ | १ | ६ |
| ३. | रक्षा मन्त्रालय | २ | ० | ३ | २ | ४ | २ | १ | ० |
| ४. | शान्ति तथा पूर्ननिर्माण | १ | ० | १ | ३ | १ | ४ | ० | ० |
| ५. | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | ३ | ४ | ९ | १० | १० | ८ | ३ | १ |
| ६. | सूचना तथा सन्चार मन्त्रालय | १ | २ | ० | १ | ० | २ | ० | ० |
| ७. | कानून, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालय | १७ | १ | २६ | ५ | २९ | ५ | ३ | ० |
| ८. | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | ३ | ५ | १० | ९ | १० | ८ | १ | ० |
| ९. | वन तथा भूसंरक्षण मन्त्रालय | ० | १ | २ | १ | ४ | १ | १ | २ |
| १०. | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | २ | १ | २ | ५ | ६ | ८ | ० | ० |
| ११. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ४ | ३ | १३ | ४ | १३ | ५ | १ | ० |
| १२. | भौतिक योजना, निर्माण तथा यातायात मन्त्रालय | ४ | ३ | ४ | ९ | ६ | १० | २ | ० |
| १३. | उद्योग मन्त्रालय | ० | १ | ६ | ० | ५ | ० | ० | ० |
| १४. | परराष्ट्र मन्त्रालय | ० | २ | १ | २ | २ | २ | १ | ० |
| १५. | शिक्षा मन्त्रालय | २ | ० | ७ | ४ | ७ | ५ | १२ | ५ |
| १६. | श्रम तथा रोजगार मन्त्रालय | १ | १ | ५ | ५ | ४ | ३ | १ | ० |

| क्र.सं. | मन्त्रालय/ कार्यालयको नाम | कार्यान्वयन सम्पन्न भएको | | आ.ब.२०६७।६८ को वार्षिक प्रतिवेदन बमोजिम बांकी आदेश | | आ.ब.२०६८।६९ को वार्षिक प्रतिवेदन बमोजिम बांकी आदेश | | आ.ब.२०६९।७० को वार्षिक प्रतिवेदन बमोजिम बांकी आदेश | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्देशनात्मक | परमादेश | निर्देशनात्मक | परमादेश | निर्देशनात्मक | परमादेश | निर्देशनात्मक | परमादेश |
| १७. | वाणिज्य तथा आपूर्ति मन्त्रालय | ० | ० | ५ | १ | ४ | २ | १ | ० |
| १८. | महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | ४ | १ | १२ | १ | १६ | ४ | ४ | ४ |
| १९. | अर्थ मन्त्रालय | २ | ० | ६ | १ | ८ | २ | १ | ० |
| २०. | सामान्य प्रशासन मन्त्रालय | ० | ० | २ | ० | २ | ० | ० | १ |
| २१. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ४ | २ | ६ | ३ | ७ | ४ | ० | ० |
| २२. | कृषि विकास मन्त्रालय | ० | ० | १ | १ | १ | १ | ० | ० |
| २३. | सिंचाई मन्त्रालय | ० | ० | ० | १ | १ | १ | ० | ० |
| २४ | शहरी विकास मन्त्रालय | १ | ० | ७ | ५ | ७ | ५ | १ | ० |
| २५. | उर्जा मन्त्रालय | ० | ० | ० | २ | १ | २ | ० | ० |

# तालिका नं. ३

## (क) सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी परमादेशहरु मध्ये लगत कट्टा भएका आदेशहरु

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | २७७९<br>(०५२)<br>काशी दाहाल<br>वि.<br>मन्त्रिपरिषद सचिवालय समेत | २०५३।७।२१ | गौतम बुद्धको जन्मस्थल लुम्बिनी स्थित मायादेवी मन्दिरमा रहेको पिपलको रुख काट्नुको कारण सार्वजनिक गर्नु भन्ने परमादेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको । |
| २. | ३२५९<br>(०५३)<br>राजेन्द्र पराजुली समेत<br>वि.<br>नेपाल सरकार<br>मन्त्रिपरिषद सचिवालय समेत | २०५४।७।१२ | अरुण नदी स्वच्छ राख्ने सम्बन्धमा श्री डिष्टीलरी र जि.प्र.का.नवलपरासीबीच भएको कागज (सम्झौता) अनुसार कार्य गर्नु भन्ने परमादेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको । |
| ३. | २९८०<br>(०५४)<br>बालकृष्ण न्यौपाने<br>वि.<br>नेपाल सरकार<br>मन्त्रिपरिषद सचिवालय समेत | २०५८।४।८<br>गृह मन्त्रालय | विद्यमान कानूनी परीधिभित्र रही नागरिकताको प्रमाणपत्र वितरण गर्नु भन्ने परमादेश जारी । | नेपालको अन्तरिम संविधान, २०६३ मा नागरिकता सम्बन्धी नयां व्यवस्था आत्मसात गरिएको र सो अनुकूल हुने गरी नागरिकता ऐन, २०६३ एवं नियमावली, २०६३ जारी भई सो बमोजिम नागरिकताको प्रमाणपत्र वितरण हुंदै आएको । सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.१२५ मिति २०६९।६।२२ को पत्रानुसार मिति २०६९।६।१७ को निर्णयानुसार लगत कट्टा भएको । |
| ४. | ३१४१<br>(०५४)<br>भरतमणि गौतम,<br>हुतराम वैद्य<br>वि.<br>नेपाल सरकार<br>मन्त्रिपरिषद समेत | २०५६।३।२९ | विष्णुमति नदीको प्रदुषण रोक्ने तर्फ आवश्यक कार्य गर्नु भन्ने परमादेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको । |
| ५. | २९६९<br>(०५५)<br>नरहरि घिमिरे<br>वि.<br>परराष्ट्र मन्त्रालय समेत | २०५६।१२।२९<br>परराष्ट्र मन्त्रालय | कानूनको अख्तियारी बिना राहदानी वितरणमा अन्य दस्तुर नउठाउनु भन्ने परमादेश जारी । | मिति २०६९।३।१७ को निर्णयले लगत कट्टा भएको भन्ने सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | च.नं.११६ मिति २०६९।६।१९ को पत्र । |
| ६. | २७९१<br>(०५७)<br>भरतमणि गौतम<br>वि.<br>नेपाल सरकार<br>मन्त्रिपरिषद सचिवालय<br>समेत | २०५८।२।२९ | मापदण्ड निर्धारण गरी सवारी अनुमति दिनु र अनुगमन समेत गर्नु भन्ने परमादेश जारी । | सवारी मापदण्ड निर्धारण गरी कार्यान्वयन भैसकेको भनी सम्बन्धित निकायहरुबाट प्राप्त भएको जवाफका आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ७. | ३३४२<br>(०६०)<br>चन्द्रकान्त ज्ञवाली समेत<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषदको कार्यालय<br>समेत | २०६३।१।२४ | जेष्ठ नागरिकहरुको हक, हित संरक्षण र सम्बर्धनका लागि संसदको यसै अधिवेशनबाट कानून बनाई लागु गर्नु भन्ने परमादेश जारी । | जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३ जारी भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ८. | ३३५५<br>(०६०)<br>पुण्यवती पाठक समेत<br>वि.<br>नेपाल सरकार , परराष्ट्र<br>मन्त्रालय समेत | २०६२।८।१३<br>परराष्ट्र मन्त्रालय | उमेर पुगेका महिलाहरुलाई पुरुष सरह अभिभावकको सहमति बेगर राहदानी प्रदान गर्नु भन्ने परमादेश जारी । | मिति २०६९।१।७ को निर्णयले लगत कट्टा भएको भन्ने सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.११६ मिति २०६९।६।१९ को पत्र । |
| ९. | ०६३–wo–०४२१<br>तारानाथ दाहाल समेत<br>वि.<br>नेपाल सरकार,<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद सचिवालय<br>समेत | २०६४।२।२५ | छापाखाना र प्रकाशन सम्बन्धी ऐन,२०४८ को दफा ९(१) बमोजिम रजिष्ट्रारको नियुक्ति, श्रमजीवि पत्रकार सम्बन्धी ऐन,२०५१ को दफा ११(१) बमोजिमको पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति र ऐनको दफा २४ को प्रयोजनको लागि श्रमजीवि पत्रकार सम्बन्धी नियमावली,२०५३ को नियम ४६ बमोजिमको उजूरी समिति यथाशक्य चांडो गठन गर्नु भन्ने परमादेश जारी । | श्रमजीवि पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा ११ को उपदफा १ बमोजिम न्युनतम् पारिश्रमिक निर्धारण समिति गठन भएको, उजुरी सुन्न तोकिए बमोजिमको समिति गठन हुने व्यवस्था भैरहेकोमा श्रमजीवि पत्रकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०६४ बाट तोकिए बमोजिमको समितिको सट्टामा उक्त उजुरी सुन्ने कार्य प्रेस रजिष्ट्रारले गर्ने गरी व्यवस्था भएको र तत्सम्बन्धमा कानून |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | बमोजिम प्रेस रजिष्ट्रारले गर्ने कार्यहरु गर्न सूचना विभागका महानिर्देशकलाई तोकिएको भन्ने सूचना तथा संचार मन्त्रालयको पत्रानुसार सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं. ०६७०६८, च.नं. ४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| १०. | ३२८३<br>(०५७)<br>भरतमणि गौतम<br>वि.<br>नेपाल सरकार<br>मन्त्रिपरिषद सचिवालय समेत | २०५८।२।१९ | डिजेल र पेट्रोलबाट चल्ने सवारी साधनमा जस्तै एल.पि. ग्यांसबाट चल्ने टुकटुक टेम्पोका सम्बन्धमा पनि यथाशीघ्र न्यूनतम् मापदण्ड तोकी संचालनको अनुमति दिने र नियमित अनुगमन गर्ने समेतको उपयुक्त व्यवस्था गर्नु भनी नेपाल सरकार मन्त्रिपरिषदको कार्यालयका नाममा परमादेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ११. | ३०४३<br>(०६०)<br>सन्तोष कुमार महतो<br>वि.<br>नेपाल सरकार<br>मन्त्रिपरिषद सचिवालय समेत | २०६१।८।४<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय । | नेपाल राजकिय प्रज्ञा प्रतिष्ठानका प्लाष्टिक प्राविधिज्ञ एवं वातावरणविद्, त्रिभुवन विश्वविद्यालयका रसायनशास्त्री, नेपाल सरकार,जनसंख्या तथा वातावरण मन्त्रालय तथा काठमाण्डौ उपत्यकाका सबै नगरपालिका एवं नेपाल प्लाष्टिक उत्पादक संघका प्रतिनिधि समेत समावेश हुने गरी एक प्राविधिक समिति गठन गरी उक्त समितिलाई अध्ययन अनुसन्धान गरी राय सहितको प्रतिवेदन यसै आ.व.भित्र पेश गर्नु भनी कार्यादेश दिई सो प्रतिवेदनको एकप्रति यस अदालतमा समेत प्रस्तुत गर्नु भनी नेपाल सरकार,प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.१५८ मिति २०६९।७।१९ को पत्रबाट कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको जानकारी प्राप्त भएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | जनसंख्या तथा वातावरण मन्त्रालयका नाममा निर्देशनात्मक आदेश एवं उक्त प्राविधिक समितिले दिएको प्रतिवेदन एवं सम्बन्धित वासिन्दाहरुको अभिमत समेतलाई आधार लिई काठमाण्डौ उपत्यकामा प्लाष्टिकका झोलाहरुको बेचबिखन एवं उपभोग सम्बन्धमा निर्णय गर्नु भनी विपक्षी नगरपालिकाहरुका नाममा परमादेश जारी । | |
| १२. | ३६२०<br>(०६१)<br>कृष्णराज पाण्डे<br>वि.<br>का.म.न.पा.प्रमुख समेत | २०६२।२।११<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय । | विपक्षीलाई सडक विस्तार गर्नुपरेमा कानूनको अख्तियारी बमोजिम निर्णय गरी प्रचलित कानून बमोजिम जग्गा अधिकरण गरी मुआव्जा दिई गरेमा आफ्नो सहमति भएको भन्ने कुरा निवेदन व्यहोरामा उल्लेख भएको अवस्था देखिंदा र विकास कार्यक्रमको अपरिहार्यता र जनस्वास्थ्य एवं वातावरण सन्तुलन समेतका कुरालाई यस्ता काम कारवाही विस्तार गर्ने क्रममा यथोचित ध्यान पुऱ्याउन नसके नेपाल अधिराज्यको संविधान,२०४७ को भाग ४ द्वारा निर्देशित नीति एवं सिद्धान्त समेत सार्थक रहन सक्दैन । सडक विस्तार गर्नुपर्ने भए उल्लेखित प्रकृया पूरा गरी प्रचलित कानून बमोजिम जग्गा प्राप्त गरी उक्त कार्य गर्नु भनी विपक्षीहरुका नाममा परमादेश जारी । | मिति २०६८।२।१३ को निर्णयले लगत कट्टा भएको भन्ने सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १११, मिति २०६९।६।१९ को पत्र । |
| १३. | ३२६६<br>(०५७)<br>टिकाराम तिवारी समेत<br>वि.<br>नेपाल सरकार जिल्ला वन कार्यालय, प्यूठान समेत | २०५७।११।२ | जैविक विविधता र वातावरणिय संरक्षणको लागि विपक्षीहरुसंग कुनै गुरुयोजना तयार भएको भए सो समेतलाई दृष्टिगत गरी आवश्यक शर्त बन्देज राखी वन नियमावली २०५१ को परिच्छेद ७ को | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | प्रकृया अपनाई वन पैदावारको उपभोग र विक्रि वितरण समेत गर्न दिनु भनी विपक्षीहरुका नाममा परमादेश जारी । | |
| १४. | ३२७५<br>(०६२)<br>सोमप्रसाद लुईंटेल<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ०६४।१०।२३<br>गृह मन्त्रालय,<br>रक्षा मन्त्रालय,<br>कानून, न्याय,<br>संविधानसभा तथा संसदीय मामिला मन्त्रालय । | फौज्दारी अपराधमा गिरफ्तार भएको व्यक्तिलाई प्रमाण ऐन, २०३१ को दफा ४६ र माथि उल्लेखित विभिन्न Covenant, Declaration र Principles अनुसार पक्ष र कानून व्यवसायीको सल्लाह Confidential रुपमा हुन दिनु भनी विपक्षीहरुका नाममा परमादेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.१५६ मिति २०६९।७।१९ को पत्रबाट कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको जानकारी प्राप्त भएको । |
| १५. | ४१९३<br>(०५६)<br>भोजराज ऐर<br>वि.<br>नेपाल सरकार जनसंख्या तथा वातावरण मन्त्रालय | २०५८।१०।२६ | आगामी आर्थिक वर्ष देखि लागु हुन सक्ने गरी सम्बन्धित औद्योगिक प्रतिष्ठान, स्थानीय निकाय, सरोकारको संस्था, सरकारी वा गैर सरकारी संस्थाहरुको आवश्यकतानुसार परामर्श र सहयोगबाट वातावरण संरक्षण ऐन,२०५३ तथा वातावरण संरक्षण नियमावली,२०५४ को नियम १५ को अभिप्रायमा सो ऐन र नियमावलीको व्यवस्था बमोजिम प्रदुषणको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक मापदण्ड निर्धारण गर्नु, गराउनु भनी विपक्षी जनसंख्या तथा वातावरण मन्त्रालयका नाममा परमादेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.३१ मिति २०६८।४।१९ को पत्रानुसार लगत कट्टा भएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १६. | ३८२२<br>(०६२)<br>प्रकाश<br>मणि शर्मा<br>वातावरण तथा विज्ञान प्रविधि मन्त्रालय समेत | २०६३।२।३० | विपक्षीहरुका नाममा देहाय बमोजिम परमादेशको आदेश जारी हुने ठहर्छ ।<br>१) घरभित्र वा बाहिरका सार्वजनिक सेवा प्रदायक कार्यालय, निकाय, अस्पताल, शैक्षिक प्रतिष्ठान, सार्वजनिक सवारी साधन, बसपार्क, टिकट काउण्टर, सार्वजनिक उपयोगका मनोरन्जन स्थल, सार्वजनिक जमघट हुने स्थान र भवन समेतका सार्वजनिक स्थलहरुमा धुम्रपान निषेध गर्नु,<br>२) धुम्रपानजन्य चिज वस्तुको विज्ञापन छापा संचार माध्यममा समेत निषेध गर्न अविलम्व निर्णय गर्नु ,<br>३) धुम्रपान तथा सुर्तिजन्य पदार्थको सेवनबाट हुने हानी नोक्सानी सम्बन्धमा एवं यस्ता वस्तुको सेवन नगर्ने तर्फ जनचेतना जगाउने खालका कार्यक्रमहरु ल्याई कार्यान्वयन गर्नु,<br>४) यो आदेश प्राप्त गरेको १ वर्षभित्रमा सार्वजनिक स्थलमा गरिने धुम्रपान निषेध गर्न आवश्यक कानून निर्माण गर्ने तर्फ पहल गर्नु । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं. ४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| १७. | ३८०२।०६२<br>विमल विश्वकर्मा समेत<br>वि.<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद सचिवालय समेत | २०६३।९।३२ | जातिपातिका आधारमा गरिने छुवाछुत विरुद्धको भेदभाव अन्त्य गर्नको लागि जनचेतनामुलक कार्यक्रम संचालन गर्नु भनी विपक्षी नेपाल सरकार,गृह मन्त्रालय र स्थानीय विकास मन्त्रालय | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | समेतका नाममा परमादेश जारी । | |
| १८. | ३५०० (०६०)<br>स्वामी भागवतानन्द गिरी<br>वि.<br>गुठी संस्थान केन्द्रिय कार्यालय समेत | २०६२।१२।१४ | स्वर्गद्वारी आश्रम महाप्रभु हंशानन्द गिरीको झोलीको पैसाबाट खरीद गरिएका जग्गाको आयस्ताबाट १९९६ को ताम्रपत्रमा व्यक्त गरिएको महाप्रभुको इच्छा अनुसार आश्रमकै शिष्य, प्रशिष्यहरुबाट संचालन हुनुपर्ने र नेपाल सरकार र गुठी संस्थानबाट संरक्षीत विशेष प्रकृतीको निजी गुठी भएको देखिंदा सो आश्रमको स्वायत्ततामा आंच पुग्ने गरी कुनै हस्तक्षेप नगर्नु, नगराउनु र यज्ञको होमादी कार्य खण्डित हुन नदिन स्वर्गद्वारी आश्रमको नाममा दर्ता रहेको जग्गा कुनै पनि किसिमले खण्डित र हिनामिना हुन नदिन आवश्यक संरक्षण प्रदान गर्नु गराउनु भनी विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालय र गुठी संस्थान केन्द्रिय कार्यालयका नाममा परमादेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| १९. | ०७२४ (०६३)<br>होमलाल श्रेष्ठ<br>वि.<br>नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।७।४ | धुम्रपानजन्य पदार्थको व्यापारिक प्रवर्द्धन वा विज्ञापन हुन जाने गरी जुनसुकै स्वरुपका सांस्कृतिक, टेलिभिजन वा अन्य कुनै पनि व्यक्तिगत, सामुहिक वा संगठित गतिविधिहरु गर्न, गराउन नमिल्ने भएकोले त्यस्तो कार्य अविलम्ब रोक्नु, रोक्न लगाउनु भनी प्रत्यर्थिहरुका नाममा परमादेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| २०. | १८७<br>(२०६४)<br>ज्योति लम्साल समेत<br>वि.<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत<br>. | २०६६।४।२८<br>गृह मन्त्रालय | मानव अधिकारको उल्लंघनको छानवीन वा संरक्षणमा जाँदाको अवस्थामा उनीहरुले कुनै प्रकारको सुरक्षाको खतरा महसूस गरी प्रहरी समक्ष सुरक्षाका लागि सूचना गरेमा आवश्यक सुरक्षा व्यवस्था गरिदिनू भनी नेपाल सरकारका नाममा परमादेशको आदेश जारी | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.१५७ मिति २०६९।७।१९ को पत्रबाट कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको जानकारी प्राप्त भएको । |
| २१. | ११४४<br>(२०६४)<br>ध्रुव प्रसाद चौलागाई<br>विपक्षी<br>भौतिक योजना तथा निर्माण मन्त्रालय | २०६६।५।३<br>भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय | काठमाण्डौ-हेटौडा सुरुङमार्ग कम लागतमा निर्माण हुने र छोटो पनि हुने भन्ने जिकीर गरेको देखिन्छ । सडक निर्माण गर्न कतिपय ठाउँमा जग्गा प्राप्त गर्नु पर्ने हुनसक्छ । वन क्षेत्रको रुख काट्न पर्ने हुन सक्छ । पुल निर्माण पनि गर्न पर्ने हुन सक्छ । कुनै locality मा स्थापित समुदायलाई अन्यत्र सार्नुपर्ने हुन्छ तर सुरुङमार्गमा त्यस्तो हुदैन । साधन बजेट एवं प्रविधीको पनि आवश्यक पर्दछ । तसर्थ यस्तो विषयमा अदालत प्रवेश नगर्ने भएपनि निवेदकले माग गरेको काठमाण्डौ- हेटौडा सुरुङमार्ग नेपाल सरकारको पनि योजनामा परि सम्भाब्यता अध्ययन एवं रेखाङकन समेत थालनी भएको भनेको हँदा निवेदकको मागलाई औचित्यहीन भन्न मिलेन । संविधानले नेपाली नागरिकलाई नेपाल राज्यभर आवत जावत हिड्डुल र | सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १३९ मिति २०६९।७।१५ को पत्रानुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | बसोबास गर्ने हक मौलिक हक प्रदान गरेको र सो हकलाई साकार पार्न मार्ग आवश्यक पर्ने हुँदा प्रश्तावित सुरुङमार्ग निर्माण गर्न प्राथमिकता दिनु । | |
| २२. | ०००६<br>(२०६६)<br>डा.दीर्घसिंह बम<br>वि.<br>स्वास्थ्य मन्त्रालय समेत | २०६७।६।७<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सचिव नियुक्ति गर्ने प्रकृयामा रहेको स्वास्थ्य सेवा ऐनको दफा १९ को व्यवस्था आधारभूत प्रकृयाको सम्बन्धमा अपूरो रहेको र त्यस्तो कानूनी व्यवस्थाको आधारमा भएको काम, कारवाही जस्तोसुकै हिसावले निष्पक्ष रहेको पुष्टि गर्न खोजेपनि अपारदर्शी हुने देखिन्छ । छनौटको आधारको रुपमा यथेष्ट व्यवस्थाहरु नरहेको, प्रस्तुत स्वास्थ्य सेवा ऐनको दफा १९ को कानूनी आधारमा टेकी भएको काम, कारवाहीमा पारदर्शिताको अभाव हुने देखिएको विद्यमान अवस्थामा आधार र कारण नदेखाई आंफूखुसी नियुक्ति गर्न सकिने प्रकृतिको हालको व्यवस्थामा परिवर्तन गर्नु आवश्यक देखिंदा सचिव जस्तो उच्चतम् सेवाको पदमा रहने व्यक्तिको हकमा नेतृत्वदायी क्षमता, योग्यता, वरिष्ठता र कार्यकुशलता जस्ता आधारभूत कुराहरुलाई समेट्ने गरी कानूनी व्यवस्था गरेर मात्र सो को आधारमा पछि गरिने स्वास्थ्य सेवाको सचिव पदमा नियुक्ति गर्ने गर्नु भनी प्र.मं.तथा मं.प.को | सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १४४२ मिति २०७०।८।१७ को पत्रानुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | कार्यालय समेतका नाममा परमादेश जारी । | |
| २३. | ३००५<br>(०६१)<br>भोजराज ऐर समेत<br>वि.<br>ललितपुर उपमहानगरपालिका समेत | २०६११।०।८<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय । | ललितपुर उपमहानगरपालिकाको मिति २०६०।२।१२ को सूचना टांस, मिति २०६०।२।३० को सरजमीन मुचुल्का र नक्सापास मुचुल्का समेत त्रुटिपूर्ण देखिंदा उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । मिति २०५०।१०।२९ मा नेपाल सरकारका नाममा दर्ता रहेको जग्गा ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक महत्वको स्थल देखिएको हुंदा त्यस्तो क्षेत्र मासिने र स्तुप समेतको वरिपरिबाट देखिने दृष्य समेतलाई असर पर्ने गरी बनाउन लागेको निर्माणाधिन भवन नबनाउनु भनी विपक्षी विद्यालयका नाममा प्रतिषेध र सो क्षेत्रमा भवन लगायत कुनैपनि प्रस्ताव कार्यान्वयन गर्नु पूर्व वातावरणिय प्रभाव मूल्यांकन स्वीकृत गराएर मात्र गर्नुपर्ने हो होईन समय समयमा निरीक्षण गरी उचित प्रबन्ध गर्नु,गराउनु भनी विपक्षी जनसंख्या तथा वातावरण मन्त्रालय,पुरातत्व विभाग र जिल्ला प्रशासन कार्यालय,ललितपुरका नाममा परमादेश जारी । | सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १४८७ मिति २०७०।८।२६ को पत्रानुसार मिति २०७०।३।२४ को निर्णय अनुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको भन्ने जानकारी प्राप्त । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| २४. | २८७३<br>सुकलाल नेपाली समेत<br>वि.<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद सचिवालय समेत | २०६३।९।३२<br>गृह मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय । | जातिपातिका आधारमा गरिने छुवाछुत विरुद्धको भेदभाव अन्त्य गर्नको लागि जनचेतनामुलक कार्यक्रम संचालन गर्नु भनी विपक्षी नेपाल सरकार,गृह मन्त्रालय र स्थानीय विकास मन्त्रालय समेतका नाममा परमादेश जारी । | सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १४८७ मिति २०७०।८।२६ को पत्रानुसार मिति २०७०।३।३० को निर्णय अनुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको भन्ने जानकारी प्राप्त । |
| २५. | २९५९<br>(०६२)<br>राजुप्रसाद चापागाई समेत<br>वि.<br>नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।७।४<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, कृषि विकास मन्त्रालय । | अमलेखगन्ज लगायत देशका विभिन्न भागमा रहेका विषादीहरुको सुरक्षित भण्डारण वा विसर्जन सम्वन्धी कार्य आदेश जारी भएको मितिले १ वर्षभित्र सम्पन्न गरी आदेश कार्यान्वयन गरिएको लिखित जानकारी यस अदालतलाई गराउनु भन्ने परमादेश जारी । | सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १४८७ मिति २०७०।८।२६ को पत्रानुसार मिति २०६९।६।१७ को निर्णय अनुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको भन्ने जानकारी प्राप्त । |
| २६. | ३२६२<br>(०६२)<br>प्रकाशमणि शर्मा समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | २०६४।६।१५<br>शहरी विकास मन्त्रालय, सूचना तथा संचार मन्त्रालय । | नागरिकको बांच्न पाउने अधिकार र जन–स्वास्थ्यका विषयमा गम्भिर भै आर्सेनिक प्रदुषण रहित खानेपानी व्यवस्था गर्ने कार्यमा प्रभावकारीता ल्याउनुको साथै राष्ट्रिय एवं स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सन्चालन गर्नु भनी विपक्षी नेपाल सरकार आवास तथा भौतिक योजना मन्त्रालय र सूचना तथा संचार मन्त्रालयका नाममा परमादेश जारी । | सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १४८७ मिति २०७०।८।२६ को पत्रानुसार मिति २०६८।२।११ को निर्णय अनुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको भन्ने जानकारी प्राप्त । |
| २७. | २३४६<br>(०५१)<br>योगी नरहरीनाथ समेत<br>वि.<br>प्रधानमन्त्री गिरीजाप्रसाद कोईराला समेत | २०५३।१।१७<br>शिक्षा मन्त्रालय, वन तथा भूसंरक्षण मन्त्रालय | नेपाल सरकारको मितिः ०५०।११।१६ को निर्णय स्वेच्छाचारीतापूर्ण मान्नुपर्ने हुंदा नेपाल सरकारले अन्तर्राष्ट्रिय चिकित्साशास्त्र अध्ययन केन्द्र चितवन भरतपुर नारायणघाट उत्तरतर्फका ४२ विगाहा जग्गा दिने गरेको उक्त निर्णय उत्प्रेषणको आदेशद्धारा बदर हुने ठहर्छ भन्ने उत्प्रेषणको आदेश जारी । | सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १५९६ मिति २०७०।१०।९ को पत्रानुसार मिति २०७०।१०।९ को निर्णय अनुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको भन्ने जानकारी प्राप्त |

## तालिका नं. ४

### (ख) सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी परमादेशको आदेश र तिनको कार्यान्वयन अवस्था

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | २२३७<br>(०४७)<br>प्रकाशमणि शर्मा समेत<br>वि.<br>नेपाल खानेपानी संस्थान समेत | २०५८।३।२६<br>भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय | स्वच्छ खानेपानी वितरणका लागि आवश्यक व्यवस्था गर्नु भन्ने परमादेश जारी । | पछिल्लो प्रगति विवरण प्राप्त नभएको । |
| २. | १८५१<br>(०४८)<br>बालकृष्ण न्यौपाने<br>वि.<br>प्र.म.श्री गिरिजाप्रसाद कोईराला समेत | २०४९।८।३०<br>उर्जा मन्त्रालय<br>सिंचाई मन्त्रालय | टनकपुर सम्झौता नेपाल अधिराज्यको सविधान, २०४७ को धारा १२६ बमोजिम संसदबाट अनुमोदन गराउनु भन्ने परमादेश जारी । | तत्कालिन संसदबाट अनुमोदन गरी आदेश कार्यान्वयन सम्पन्न भएको हुंदा आदेशको लगत कट्टा हुनुपर्ने देखिन्छ । |
| ३. | ३०१७<br>(०५२)<br>प्रकाशमणि शर्मा समेत<br>वि.<br>नेपाल सरकार<br>मन्त्रिपरिषद सचिवालय समेत | २०५६।२।३१<br>भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, र<br>अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समिति । | वाग्मती नदीको स्वच्छता कायम राख्न नदीमा मिसाईने गरेको मलमुत्र, विषादी पदार्थलाई वैज्ञानिक रुपमा प्रशोधन गर्ने Treatment Plant को व्यवस्था गर्नु भन्ने परमादेश जारी । | (क) वाग्मती र यसका सहायक नदीनालाहरुको संरक्षण कार्य योजनावद्ध र प्रभावकारी रुपमा संचालन गर्न अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समिति स्थापना भई निरन्तर रुपमा समितिले आफ्नो कार्य गर्दै आएको छ । समितिले आफ्नो कार्यक्षेत्र बिस्तार गरी उपत्यका भित्रका सम्पूर्ण खोलानालाहरुलाई आफ्नो दायरामा ल्याएको छ ।<br>(ख) वाग्मती नदी र यस्का सहायक नदीनालाहरुको संरक्षणका लागि वाग्मती कार्य योजना निर्माण भई नेपाल सरकार मन्त्रिपरिषदको २०६६।४।२७ को निर्णयानुसार |

| सि.नं. | रि.नं. निवेदक विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | कार्ययोजना स्वीकृत भई लागू गरिएको छ।<br>(ग) कार्य योजनाको स्विकृती पश्चात गोकर्ण गुहेश्वरी खण्डको भौतिक पुर्बाधार (नदी किनारामा सडक, ढल हरियाली पार्क) निर्माण कार्यको शिलान्यास भई वाग्मती नदी संरक्षण अभियानको प्रारम्भ गरिएको छ । हाल उक्त ठाउमा ४.० किमि ढल बिछ्याउने तथा उक्त खण्डमा तटबन्ध निर्माणको कार्य तदारुकताका साथ भैरहेको छ । नदी किनारामा निर्मित ७० प्रतिशत ढल सोझै नदीमा जानबाट रोकिएको छ।<br>(घ) वाग्मती नदीको तिलगंगा मिनभवन खण्डमा नदीको दुबै किनारामा ढल, सडक तथा ग्रीनबेल्ट निर्माण सम्बन्धी सम्झौता भई निर्माण कार्य शुरु भएको छ।<br>(ङ) अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समितिलाई कानूनी रुपमा नै सशक्त र अधिकार सम्पन्न बनाउने उद्देश्यले वाग्मती सभ्यता विकास परिषद् बिधेयक, २०६६ व्यबस्थापिका- |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | संसदमा पेश गरिएको र सो विधेयक पारित भए पश्चात वाग्मती नदी र यस्का साहायक नदीनालाहरुको संरक्षण र सम्वर्धनमा अझ प्रभावकारीता आउने अपेक्षा लिईएको छ ।<br>(च) वाग्मती नदीमा पानीको बहाव अत्यन्त न्यून भई सुख्खा याममा पानी नै नहुने स्थिती बिद्यमान भएकोले २५ लिटर प्रति सेकेण्ड क्षमताको पानी दिने डिप बोरिङको निर्माण कार्य सम्पन्न भएको छ ।<br>(छ)गुहेश्वरी ढल प्रशोधन केन्द्र परिसरमा Fecal Sludge Unit निर्माणको लागी UN Habitat को सहयोगमा डिजाईन कार्य सम्पन्न भएको छ । यसको निर्माण पश्चात काठमाण्डौ महानगरपालिकाको ढल प्रणाली नभएका ३० प्रतिशत घरहरुबाट सोझै नदीमा मिसावट गरिने सेप्टिक ट्यांकहरुको फोहर पानी टयांकरबाट ढुवानी गरी Fecal Sludge Unit मा ल्याई प्रशोधन गरिने छ । गुहेश्वरी ढल |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | प्रशोधन केन्द्रको नियमित मर्मत, संभार, संचालन तथा स्तरोन्नतिले गर्दा पशुपती क्षेत्रमा नदी प्रदुषणमा कमी आएको छ । गत बर्षको यस अबधिको तुलनामा यस बर्ष खासगरी Biological Oxygen Demand तथा Chemical Oxygen Demand मा अन्दाजी ७० प्रतिशतले कमी आएको पानी परीक्षणले देखाएको छ ।<br>(ज) सम्मानित अदालतको आदेश बमोजिम वाग्मती नदी र यसका सहायक नदीनालाहरुको संरक्षणका सम्बन्धमा यस कार्यालयको संयोजकत्वमा एक छाता समिति गठन भई समितिले नियमित रुपमा आफ्नो कार्य सम्पादन गर्दै आएको छ । |
| ४. | ३०१८<br>(२०५२)<br>प्रकाशमणि शर्मा<br>वि.<br>युवा खेलकुद तथा संस्कृती मन्त्रालय | २०५६।२।३१ भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, र<br>अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास | वाग्मती किनारामा अनाधिकृत रुपमा बाटोको निर्माण गर्ने कार्य गर्न गराउन नदिनु भन्ने परमादेश जारी । | सम्वद्ध निकायहरुको समन्वयमा गर्नुपर्ने भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन ।<br>(क) वाग्मती र यसका सहायक नदीनालाहरुको संरक्षण कार्य |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | समिति । | | योजनावद्ध र प्रभावकारी रुपमा संचालन गर्न अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समिति स्थापना भई निरन्तर रुपमा समितिले आफ्नो कार्य गर्दै आएको छ । समितिले आफ्नो कार्यक्षेत्र बिस्तार गरी उपत्यका भित्रका सम्पूर्ण खोलानालाहरुलाई आफ्नो दायरामा ल्याएको छ ।<br>(ख) वाग्मती नदी र यस्का सहायक नदीनालाहरुको संरक्षणका लागि वाग्मती कार्य योजना निर्माण भई नेपाल सरकार मन्त्रिपरिषदको २०६६।४।२७ को निर्णयानुसार कार्ययोजना स्वीकृत भई लागू गरिएको छ ।<br>(ग) कार्य योजनाको स्वीकृती पश्चात गोकर्ण गुहेश्वरी खण्डको भौतिक पूर्वाधार (नदी किनारामा सडक, ढल हरियाली पार्क) निर्माण कार्यको शिलान्यास भई वाग्मती नदी संरक्षण अभियानको प्रारम्भ गरिएको छ । हाल उक्त ठाउँमा ४.० कि.मि. ढल बिछ्याउने तथा |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | उक्त खण्डमा तटबन्ध निर्माणको कार्य तदारुकताका साथ भैरहेको छ । नदी किनारामा निर्मित ७० प्रतिशत ढल सोझै नदीमा जानबाट रोकिएको छ ।<br>(घ) वाग्मती नदीको तिलगंगा मिनभवन खण्डमा नदीको दुबै किनारामा ढल, सडक तथा ग्रीनबेल्ट निर्माण सम्बन्धी सम्झौता भई निर्माण कार्य शुरु भएको छ ।<br>(ङ) अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समितिलाई कानूनी रुपमा नै सशक्त र अधिकार सम्पन्न बनाउने उद्देश्यले वाग्मती सभ्यता विकास परिषद् विधेयक, २०६६ व्यवस्थापिका-संसदमा पेश गरिएको र सो विधेयक पारित भए पश्चात वाग्मती नदी र यस्का साहायक नदीनालाहरुको संरक्षण र सम्बर्धनमा अझ प्रभावकारीता आउने अपेक्षा लिईएको छ ।<br>(च) वाग्मती नदीमा पानीको बहाव अत्यन्त न्यून भई सुख्खा याममा पानी नै नहुने स्थिति बिद्यमान भएकोले |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | २५ लिटर प्रति सेकेण्ड क्षमताको पानी दिने डिप बोरिङको निर्माण कार्य सम्पन्न भएको छ ।<br>(छ) गुहेश्वरी ढल प्रशोधन केन्द्र परिसरमा Fecal Sludge Unit निर्माणको लागी UN Habitat को सहयोगमा डिजाईन कार्य सम्पन्न भएको छ । यसको निर्माण पश्चात काठमाण्डौ महानगरपालिकाको ढल प्रणाली नभएका ३० प्रतिशत घरहरुबाट सोझै नदीमा मिसावट गरिने सेप्टिक ट्यांकहरुको फोहर पानी टयांकरबाट ढुवानी गरी Fecal Sludge Unit मा ल्याई प्रशोधन गरिने छ । गुहेश्वरी ढल प्रशोधन केन्द्रको नियमित मर्मत, संभार, संचालन तथा स्तरोन्नतिले गर्दा पशुपती क्षेत्रमा नदी प्रदुषणमा कमी आएको छ । गत बर्षको यस अबधिको तुलनामा यस बर्ष खासगरी Biological Oxygen Demand तथा Chemical Oxygen Demand मा अन्दाजी ७० प्रतिशतले कमी आएको पानी |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | परीक्षणले देखाएको छ ।<br>(ज) सम्मानित अदालतको आदेश बमोजिम वाग्मती नदी र यसका सहायक नदीनालाहरुको संरक्षणका सम्बन्धमा यस कार्यालयको संयोजकत्वमा एक छाता समिति गठन भई समितिले नियमित रुपमा आफ्नो कार्य सम्पादन गर्दै आएको छ । |
| ५. | ३०५४<br>(०५४)<br>भरतमणि गौतम<br>वि.<br>नेपाल सरकार<br>मन्त्रिपरिषद सचिवालय समेत | २०५६।३।२९<br>भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, र अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समिति । | वाग्मती नदीको प्रदुषण रोक्ने तर्फ आवश्यक कार्य गर्नु भन्ने परमादेश जारी । | सम्बद्ध निकायहरुको समन्वयमा गर्नुपर्ने भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन ।<br>यस सम्बन्धमा उच्चस्तरीय अधिकार सम्पन्न एकीकृत वाग्मती सभ्याता विकास आयोजनाको संस्थागत व्यवस्था भई सो मार्फत काम भईरहेको भनि **विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>(क) वाग्मती र यसका सहायक नदीनालाहरुको संरक्षण कार्य योजनावद्ध र |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | प्रभावकारी रुपमा संचालन गर्न अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समिति स्थापना भई निरन्तर रुपमा समितिले आफ्नो कार्य गर्दै आएको छ । समितिले आफ्नो कार्यक्षेत्र बिस्तार गरी उपत्यका भित्रका सम्पूर्ण खोलानालाहरुलाई आफ्नो दायरामा ल्याएको छ ।<br>(ख)वाग्मती नदी र यस्का सहायक नदीनालाहरुको संरक्षणका लागि वाग्मती कार्य योजना निर्माण भई नेपाल सरकार मन्त्रिपरिषदको २०६६।४।२७ को निर्णयानुसार कार्ययोजना स्वीकृत भई लागू गरिएको छ ।<br>(ग)कार्य योजनाको स्विकृती पश्चात गोकर्ण गुहेश्वरी खण्डको भौतिक पुर्वाधार (नदी किनारामा सडक, ढल हरियाली पार्क) निर्माण कार्यको शिलान्यास भई वाग्मती नदी संरक्षण अभियानको प्रारम्भ गरिएको छ । हाल उक्त ठाउमा ४.० किमि ढल बिछ्याउने तथा उक्त खण्डमा तटबन्ध निर्माणको |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | कार्य तदारुकताका साथ भैरहेको छ । नदी किनारामा निर्मित ७० प्रतिशत ढल सोझै नदीमा जानबाट रोकिएको छ ।<br>(घ)वाग्मती नदीको तिलगंगा मिनभवन खण्डमा नदीको दुबै किनारामा ढल, सडक तथा ग्रीनबेल्ट निर्माण सम्बन्धी सम्झौता भई निर्माण कार्य शुरु भएको छ ।<br>(ङ)अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समितिलाई कानूनी रुपमा नै सशक्त र अधिकार सम्पन्न बनाउने उद्देश्यले वाग्मती सभ्यता विकास परिषद् बिधेयक, २०६६ व्यबस्थापिका-संसदमा पेश गरिएको र सो विधेयक पारित भए पश्चात वाग्मती नदी र यस्का साहायक नदीनालाहरुको संरक्षण र सम्बर्धनमा अझ प्रभावकारीता आउने अपेक्षा लिईएको छ ।<br>(च)वाग्मती नदीमा पानीको बहाव अत्यन्त न्यून भई सुख्खा याममा पानी नै नहुने स्थिति बिद्यमान भएकोले २५ लिटर प्रति सेकेण्ड क्षमताको |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | पानी दिने डिप बोरिङको निर्माण कार्य सम्पन्न भएको छ ।<br>(छ)गुहेश्वरी ढल प्रशोधन केन्द्र परिसरमा Fecal Sludge Unit निर्माणको लागी UN Habitat को सहयोगमा डिजाईन कार्य सम्पन्न भएको छ । यसको निर्माण पश्चात काठमाण्डौ महानगरपालिकाको ढल प्रणाली नभएका ३० प्रतिशत घरहरुबाट सोझै नदीमा मिसावट गरिने सेप्टिक ट्यांकहरुको फोहर पानी टयांकरबाट ढुवानी गरी Fecal Sludge Unit मा ल्याई प्रशोधन गरिने छ । गुहेश्वरी ढल प्रशोधन केन्द्रको नियमित मर्मत, संभार, संचालन तथा स्तरोन्नतिले गर्दा पशुपति क्षेत्रमा नदी प्रदुषणमा कमी आएको छ । गत बर्षको यस अवधिको तुलनामा यस बर्ष खासगरी Biological Oxygen Demand तथा Chemical Oxygen Demand मा अन्दाजी ७० प्रतिशतले कमी आएको पानी |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | परीक्षणले देखाएको छ ।<br>(ज)सम्मानित अदालतको आदेश बमोजिम वाग्मती नदी र यसका सहायक नदीनालाहरुको संरक्षणका सम्बन्धमा यस कार्यालयको संयोजकत्वमा एक छाता समिति गठन भई समितिले नियमित रुपमा आफ्नो कार्य सम्पादन गर्दै आएको छ । |
| ६. | ३४४०<br>(०५७)<br>प्रकाशमणि शर्मा, भोजराज ऐर समेत<br>वि.<br>नेपाल सरकार मन्त्रिपरिषद सचिवालय समेत | २०५८।९।२<br>शहरी विकास मन्त्रालय, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय । | वाग्मती नदी क्षेत्र समेतमा फोहोरमैलाको व्यवस्थापन गर्दा जीवनका लागि हानीकारक नहुने ढंगबाट वैज्ञानिक रुपमा मापदण्ड निर्धारण गरेर वातावरणीय दुश्प्रभाव कम हुने नहुने मूल्यांकन अनिवार्य रुपमा गरी फोहोरमैला व्यवस्थापन गर्नु, गराउनु भनी विपक्षीहरुका नाममा परमादेश जारी । | विज्ञान, प्रविधि तथा वातावरण मन्त्राल यबाट Draft operating criteria for sanitary landfill sites, technical guidelines for municipality sanitary landfill site selection and designing तयार भएको र जल तथा मौसम विज्ञान विभागबाट वाग्मती नदीको Flood Hazard Mapping को काम पुरा भएको भनि **विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>**नीतिगत व्यवस्थाः**<br>(१)फोहरमैला व्यवस्थापन ऐन, २०६८ तर्जुमा गरी व्यवस्थापिका संसदबाट पारित भई २०६८ आषाढ १ गतेदेखि लागू भएको, |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | (२)फोहरमैला व्यवस्थापन कार्य सरकार तथा नगरपालिका एक्लैको प्रयासबाट मात्र सम्भव नभएकोले फोहरमैलाको संकलन, ढुवानी र अन्तिम विसर्जनमात्र नभई फोहरको पुन्ः प्रयोग र पुन्ः चक्रिय प्रयोगको प्रशोधन गरी फोहरलाई स्रोतका रुपमा उपयोग गर्न काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापनलाई सार्वजनिक निजी साझेदारी मोडेलमा लैजान गरेको प्रस्तावबाट निजी क्षेत्रको छनौट भई समझदारीपत्रमा हस्ताक्षर भएको र उक्त कार्य अघि बढाउन लगानी बोर्डमा आवश्यक कागजात पडठाइएको, (३) फोहरमैला व्यवस्थापन नियमावली, २०७० मन्त्रिपरिषद्बाट स्वीकृत भई २०७० आषाढ १० गतेबाट लागू भएको, (४) फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०५३ मा समसामयिक परिमार्जनका लागि तयार पारिएको राष्ट्रिय फोहरमैला व्यवस्थापन नीति, २०७० को मस्यौदा |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | स्वीकृतिका लागि आवश्यक कारबाही अघि बढाउन फोहरमैला व्यवस्थापन परिषद्को मिति २०७०।३।१६ को बैठकबाट निर्णय भएको ।<br>**अल्पकालीन व्यवस्थाः**<br>(१)ओखरपौवाको सिसडोलमा अल्पकालीन ल्याण्डफिल साइटको निर्माण गरी काठमाडौंको फोहरमैला व्यवस्थापन भइरहेको<br>**दीर्घकालीन व्यवस्थाः**<br>(१)काठमाडौं उपत्यकाको फोहरमैलाको दीर्घकालीन व्यवस्थाका लागि नुवाकोटको ओखरपौवा तथा धादिङको छत्रेदेउरालीको बीचमा अवस्थित बञ्चरेडाँडा (कुडुले) क्षेत्रलाई दीर्घकालीन ल्याण्डफिल साइटका रुपमा विकास गर्न निम्न बमोजिम कार्यहरु भएको:- (अ) उक्त साइटका लागि आवशयक जग्गा प्राप्त गर्ने कार्य सम्पन्न भएको (आ) उक्त साइटको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सम्पन्न भई वातावरण मन्त्रालयबाट स्वीकृत भएको, (इ) उक्त साइटसम्मका लागि पहुँच मार्गको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको (ई) उक्त साइटको पूर्वाधार विकास अन्तर्गत River Diversion सडकको स्तरोन्नती, पुल निर्माण तथा साइटको विस्तृत |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | इन्जिनियरिङ डिजाइनका लागि चालु आ.व. २०७०।७१ मा बजेट व्यवस्था भएको र चालु आ.व. मा उल्लिखित कार्य सम्पन्नगर्ने लक्ष्य रहेको भनि **सहरी विकास मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>फोहरमैला व्यवस्थापन ऐन, २०६८ मिति २०६८।३।१ गते देखि कार्यान्वयनमा आएको ।<br>फोहरमैला व्यवस्थापन नियमावली, २०७० जारी भएको ।<br>काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापन गर्न नुवाकोटको ओखरपौवा सिसडोलमा अल्पकालिन ल्याण्डफिल्ड साईट निर्माण भई फोहर व्यवस्थापन भई रहेको र बञ्चरेडाँडामा दीर्घकालिन ल्याण्डफिल्ड साईटको व्यवस्थाका लागि उक्त स्थानको जग्गा प्राप्त गरी सकिएको एवम् विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट EIA Report स्वीकृत भइसकेको ।<br>स्थायी समाधानका लागि PPP Concept मा RFP मुल्याङ्कन भई कम्पनी छनौट भएकोमा छनौट भएको कम्पनी Field Verification बाट अयोग्य प्रमाणित हुन आएकोले वैकल्पिक सूचीमा रहेको दोस्रो प्रस्तावकसँग सम्झौता भएको र सो उपर सम्मानित सर्वोच्च |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | अदालतमा मुद्दा परी हाल विचाराधिन अवस्थामा रहेको । थप कार्य अघि बढाउन लगानी बोर्डमा पत्राचार गरिएको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन । |
| ७. | १२१<br>(२०६०)<br>टेक ताम्राकार<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | २०६२।५।३०<br>गृह मन्त्रालय,<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय,<br>शिक्षा मन्त्रालय,<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय,<br>भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय र<br>श्रम तथा रोजगार मन्त्रालय । | वादी समुदायका बालबालिकाहरु लगायत बाबुको ठेगान नलागेका सबै बालबालिकाहरुलाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरुको जन्म दर्ता गर्न इन्कार नगर्नु तथा त्यस्तो बालबालिकालाई नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ९ को उपधारा (२) तथा नेपाल नागरिकता ऐन,२०२० को दफा ३ को उपदफा (४) बमोजिम नागरिकता प्रदान गर्न अविलम्ब आवश्यक व्यवस्था गरी त्यस्ता व्यक्तिहरुलाई नेपालको नागरिकता प्रदान गर्न विपक्षीहरुको नाममा परमादेश जारी ।<br>वादी समुदायका समस्याको बारेमा अध्ययन गर्न यस अदालतको आदेश बमोजिम नेपाल सरकारका सम्बन्धित निकाय तथा वादी समुदायका व्यक्ति तथा निजहरुको समस्याको बारेमा अध्ययन अनुसन्धान गरिरहेका निवेदक जनहित संरक्षण मन्च जस्ता संस्था समेतको प्रतिनिधिहरु सहभागी भै वादी समुदायका व्यक्तिहरुका विद्यमान समस्या र त्यसको समाधानका लागि अपनाउनुपर्ने भनी सर्वसम्मत रुपमा पेश गरिएको प्रतिवेदनमा उल्लेख गरिए अनुरुपका उपायहरुलाई प्राथमिकताको आधारमा क्रमशः लागु गर्दै | व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को खण्ड (क) मा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधित गर्ने ऐन, २०६३ ले संशोधन गरे पश्चात् परिवारको मुख्य व्यक्तिले सूचना दिनुपर्ने र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचक भई जन्म तथा मृत्युको घटना दर्ता गराउन सक्ने र बाबुको ठेगान नलागेका बालबालिकाको जन्म दर्ता सूचना फारामको बाबुको विवरणको महलमा ठेगान नभएको व्यहोरा लेखी आमाले सूचक भई जन्मको घटना दर्ता गर्न सक्ने भनी मन्त्रालयबाट परिपत्र भएको र सोही बमोजिम व्यक्तिगत घटना दर्ता भईरहेको ।<br>वादी समुदाय उत्थान विकास समिति गठन गरी सो समिति मार्फत बादीका समस्या समाधान गर्ने विशेष व्यवस्था मिलाइएको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | जानु र त्यसको जानकारी यस अदालतलाई समेत दिनु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश समेत जारी । | सबैका लागि शिक्षा कार्यक्रम लगायत विद्यालय क्षेत्र सुधार कार्यक्रम लागु गरिएको र आधारभूत शिक्षालाई निशुल्क रुपमा उपलब्ध गराउने गरी शिक्षा ऐनमा नै व्यवस्था गर्न शिक्षा ऐन, २०२८ को आठौं संशोधनको विधेयक संविधानसभा व्यवस्थापिका संसद समक्ष प्रस्तुत भएकोमा संविधानसभाको विघटन पस्चात शिक्षा (आठौ संशोधन) अध्यादेश २०६९ जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषद् मार्फत सम्माननिय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गरिएको भनि **शिक्षा मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रगतिमा उल्लेख । |
| ८. | ३३१६<br>(०६०)<br>ज्योति वानिया<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६४।१।२६<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | मितिः २०६०।४।२८ मा तत्कालिन सरकार र नेपाल औषधि व्यवसायी संघ वीच भएको भनिएको सम्फौता समेत विस्तृत अध्ययन गरी उक्त सम्फौताले औषधि व्यवसायी संघको एकाधिकार सिर्जना गर्छ गर्दैन, उक्त सम्फौता आवश्यक छ छैन र यदि सम्फौताले एकाधिकार प्रदान गर्छ भने त्यसको विकल्प के हुन सक्छ, अन्तरिम संविधानको धारा १६ ले नागरिकलाई प्रदान गरेको स्वास्थ्य सम्बन्धी मौलिक हकलाई ध्यानमा राखि राय सुफाव सहितको प्रतिवेदन पेश गर्न नेपाल मेडिकल काउन्सिलबाट मनोनित वरिष्ठ चिकित्सकको संयोजकत्वमा आदेशमा उल्लेख भए बमोजिमको एक विशेषज्ञ | स्वास्थ्य मन्त्रालय चिकित्सा सेवा महाशाखाबाट मिति २०६५।५।११ मा समिति गठन भएको ।<br>नेपाल मेडिकल काउन्सिलका डा. को संयोजकत्वमा बनेको समितिबाट अध्ययन भई रहेको भन्ने **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदन । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | समिति गठन गर्नु, विशेषज्ञ समितिले आफ्नो राय सहितको प्रतिवेदन विपक्षी स्वास्थ्य मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गर्नु र स्वास्थ्य मन्त्रालयले त्यसको एक प्रति यस अदालतको अनुगमन महाशाखामा उपलब्ध गराउनु, आदेश प्राप्त भएको एक महिनाभित्र विशेषज्ञ समितिको गठन गर्नु र समितिले छ महिनाभित्र अध्ययन सम्पन्न गरी प्रतिवेदन बुझाउनु भनी निर्देशनात्मक आदेश र समितिले प्रतिवेदन बुझाएपछि नेपाल सरकारले सो समितिको प्रतिवेदन कार्यान्वयन गर्नु गराउनु भनि परमादेश समेत जारी । | |
| ९. | ३२२१<br>(०६१)<br>कुलानन्द उपाध्याय समेत<br>वि.<br>नेपाल सरकार,<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद सचिवालय समेत | २०६४।१।३<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय | रिट नं. ३२०९ मा जारी भएको आदेशको आधारमा प्रस्तुत निवेदनको सन्दर्भमा पनि हलिया,कमैयाहरुको उत्थानको लागि आवश्यक समिति गठन गर्नु भन्ने परमादेशको आदेश जारी । | वि.सं. २०५२ साल देखि नै नेपाल सरकारले कमैयाका हितमा विभिन्न कामहरु गरी आए तापनि वि.सं. २०५७ साल श्रावण २ गते कमैया मुक्तीको घोषणा गरे पश्चात २०५७ सालमा नेपालको मध्य तथा सुदूरपश्चिमका दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा रहेका मुक्त कमैयाहरुको लगत लिने कार्य भयो । जस अनुसार पुनःस्थापन गर्नुपर्ने १३४६१ परिवारको लगत प्राप्त भयो भने लगतमा नाम छुटेको भन्ने आवाज उठे पछि २०५९ सालमा पुनः लगत संकलन गर्दा पुनःस्थापन गर्नु पर्ने १४१०९ परिवारको लगत कायम भई पुनःस्थापन गर्नुपर्ने मुक्त कमैया परिवारको संख्या २७५७० कायम भएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | सो मध्ये हालसम्म २३४६५ परिवारको पुनःस्थापन, १३७४१ जनालाई विभिन्न २४ प्रकारका शीपमूलक तथा आयमूलक तालीम प्रदान गरि सकिएको छ ।<br>पुनःस्थापन गरिसकिएका मुक्त कमैयाहरु मध्ये केही संख्याको जग्गा जोखिममा परी सट्टाभर्ना दिनुपर्ने स्थिति रहेको, केही मुक्त कमैयाले जग्गाधनी प्रमाण पूर्जा पाए पनि जग्गा चिन्न/चिनाउन नसकिएको, कतिपयको जग्गा चिनेपनि अन्य व्यक्तिबाट अतिक्रमणमा परेको, वन क्षेत्रका वितरित जग्गामा सामुदायिक वन उपभोक्ता समितिका व्यक्तिहरुले दुःख दिने गरेको जस्ता समस्याहरु विद्यमान रहेकोले मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग, सो अन्तर्गत रहेको मुक्त कमैया कार्यान्वयन समितिले विभिन्न मन्त्रालय र निकायसंग समन्वय गरी समस्या समाधान गर्ने प्रयास गरेको साथै अति जोखिममा परेका मुक्त कमैयालाई जग्गा सट्टाभर्ना दिई समस्या समाधान गर्दै रहेको ।<br>हैसियत बिग्रेका आवादी योग्य जग्गा उपलब्ध हुन नसकेको कारण मुक्त कमैया पुनःस्थापन कार्य सम्पन्न भै नसकेको, मुक्त कमैयालाई नेपाल सरकारले उपलब्ध गराउने घर निर्माण खर्च |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | रु. १०,०००।- प्रदान गर्ने कार्य सुचारु रहेको ।<br>घर निर्माणका लागि प्रति परिवार ३५ क्यू फिट काठको सिफारिस दिदै आएको ।<br>पुनःस्थापन गर्न बाँकी ४१०५ र सट्टाभर्ना गर्नु पर्ने समेत गरी करीव ५००० मुक्त कमैयाको पुनःस्थापनका लागि सरकारी, ऐलानी, पर्ति र हैसियत बिग्रेका आवाद योग्य जमीन उपलब्ध हुन नसकेको कारण गत आ.व. ०६८।०६९ देखि मुक्त कमैयालाई जग्गा खरिद गरेर पुनःस्थापन गर्न प्रति परिवार रु. १ लाख ५० हजारसम्मको रकम अनुदान दिने सम्बन्धी कार्यविधि बनाई नेपाल सरकार (मं.प.) बाट स्वीकृत भई चालु आ.व.मा. ६१३ जनालाई जग्गा खरिद गरी पुनःस्थापन<br>गरिएको ।<br>कमैया (श्रम निषेध) ऐन २०५८ र कमैया (श्रम निषेध) नियमावली, २०६८ कार्यान्वयनमा ल्याइएको भन्ने **भूमिसुधार तथा व्यवस्था मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन** । |
| १०. | ३३०५<br>(०५६)<br>भोजराज ऐर समेत<br>वि.<br>नेपाल सरकार,जलश्रोत मन्त्रालय समेत | २०५८।४।१२<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, | जलस्रोत ऐन,२०४९ को दफा १८(१) र दफा १९(१) को व्यवस्था अनुरुप जलस्रोतको विभिन्न उपयोगको सम्बन्धमा आवश्यक गुणस्तर र जलस्रोतको प्रदुषण सहन सीमा तोक्नु भनी जनसंख्या तथा वातावरण मन्त्रालयका नाममा परमादेश जारी । | **जलस्रोत मन्त्रालय** मार्फत तत्सम्बन्धमा ११ सदस्यीय समिति गठन भै अध्ययन भैरहेको र उक्त समितिले प्रतिवेदन पेश गरेपछि नेपाल सरकारले सूचना प्रकाशित गरी प्रदुषण मापदण्ड तोक्ने जानकारी प्राप्त |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | भएको ।<br>वातावरण मन्त्रालय मार्फत जलस्रोत ऐन, २०४९ बमोजिम जलस्रोतको विभिन्न उपयोगको सम्बन्धमा आवश्यक गुणस्तर र जलस्रोतको प्रदुषणको सहनसीमा आगामी त्रिवर्षिय योजना अवधीमा तोक्ने कार्यक्रम समावेश भएको । |
| ११. | ३१७९<br>(०५७)<br>प्रकाशमणि शर्मा समेत<br>वि.<br>नेपाल सरकार, स्थानीय विकास मन्त्रालय समेत | २०६३।९।३<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय । | रानीपोखरी क्षेत्रमा रहेको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका वस्तुमा भएको अतिक्रमण तथा वातावरणिय प्रदुषण यो आदेश भएको मितिले ३ महिनाभित्र हटाउनु, रानीपोखरीको स्वच्छता कायम राख्न यसको संरक्षण गर्नु भनी नेपाल सरकार स्थानीय विकास मन्त्रालय, संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग र का.म.पा.को नाममा परमादेश जारी । | **स्थानीय विकास मन्त्रालय** मार्फत का.म.न.पा.ले ऐतिहासिक सम्पदा नष्ट नहुने गरी वातावरण संरक्षण समेत गर्दै उचित व्यवस्थापन गरिरहेको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब.२०६९।०७० को** वार्षिक प्रतिवेदन ।<br>ऐतिहासिक महत्वको सप्तपाताल पोखरीको आकार पुरानै स्वरुपमा कायम राख्न पुरातत्व विभाग सहमत रहेको भन्ने **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख । |
| १२. | २६२१<br>(२०५९)<br>राजुप्रसाद चापागाई<br>वि.<br>स्वास्थ्य मन्त्रालय | २०६१।७।२०<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण) नियन्त्रण ऐन, २०४९ लागु भएको दशौं वर्ष व्यतित भईसक्दा सम्म पनि उक्त ऐनको दफा १३ बमोजिम निरीक्षक तोकेको नपाईदा यथाशीघ्र ऐन बमोजिम निरीक्षक तोक्नु भनी विपक्षी स्वास्थ्य मन्त्रालय र स्तनपान संरक्षण सम्वर्द्धन समितिको नाममा परमादेश जारी । | आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तु ( बिक्री, वितरण) नियन्त्रण ऐन, २०४९ बमोजिमका काम, कारवाही नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा सोही ऐनको दफा ४ बमोजिमको समितिलाई क्रियाशील बनाउने काम भईरहेको, मिति २०६१।७।२० मा |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय** र स्तनपान संरक्षण तथा सम्वर्द्धन समितिका नाममा भएको परमादेशको सम्बन्धमा बालस्वास्थ्य महाशाखाबाट केही निर्णयहरु भएको । |
| १३. | ३२०९<br>(०६१)<br>उत्तर टमाटा समेत<br>वि.<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद सचिवालय समेत | २०६४।१।३<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय | कमैया जाती लगायत कुनैपनि जातीलाई भेदभाव नहुने गरी सबै वर्ग र जातीको उत्थानका लागि संविधानले संरक्षण दिए बमोजिम आवश्यक कारवाही गर्नु भन्ने मन्त्रिपरिषदको कार्यालयका नाममा परमादेश जारी । | आदिवासी जनजाति, पिछडिएको समुदाय, वादी समुदाय, मुश्लिम समुदाय, उपेक्षित, उत्पीडित र दलितवर्ग आदिलाई सम्बोधन गर्ने गरी बेग्लाबेग्लै प्रतिष्ठान र समिति गठन भई कार्यरत रहँदै आएको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन ।<br>आदेश कार्यान्वयन यस मन्त्रालयसँग सम्बन्धित नभएको हुँदा यस मन्त्रालयको हकमा लगत कट्टाको लागि फैसला कार्यान्वयन निर्देशनालयमा पठाएको भनि **वन तथा भूसंरक्षण मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदन ।**<br>वि.स. २०६५ साल भाद्र २० गते नेपाल सरकार र राष्ट्रिय हलिया मुक्ति समाज महासंघ बीच ५ बुँदे सम्झौता भई २०६५ भाद्र २१ गते बसेको मन्त्रीपरिषद्को बैठकबाट अनुमोदन भई हलिया मुक्तिको घोषणा भएको ।<br>मुक्त हलियाहरुको तथ्याङ्क लिने कार्य **शान्ति तथा पुनःनिर्माण मन्त्रालयबाट** सम्पन्न |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | भई मिति २०६७।१०।१२ गते यस मन्त्रालयमा तथ्याङ्क प्राप्त हुन आएको ।<br>मुक्त हलियाका क्षेत्रमा तत्कालै काम शुरु गर्न आवश्यक ठानी मिति २०६८।१।१९ गते नेपाल सरकार (माननीय उप प्रधानमन्त्री तथा भूमिसुधार तथा व्यवस्था मन्त्रीस्तर) को निर्णयानुसार केन्द्रमा पूर्व सभासद हरिराम श्रीपाईलीको संयोजकत्वमा केन्द्रमा ९ सदस्यीय र मुक्त हलिया रहेका १२ जिल्लाहरु दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, बझाङ्ग, बाजुरा, डोटी, अछाम, कैलाली, हुम्ला, जाजरकोट र सुर्खेतमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ७ सदस्यीय मुक्त हलिया पुनःस्थापन तथा अनुगमन कार्यदल गठन भई स्वीकृत कार्यविधि बमोजिम मुक्त हलियाको तथ्याङ्क प्रमाणिकरण, वर्गिकरण र सो अनुसार परिचयपत्र दिने काम भैरहेको ।<br>मुक्त हलियाको सम्मानजनक पुनःस्थापनका लागि उपयुक्त ढाँचा तय गर्न सो कार्यदल कार्यरत रहेको ।<br>चालु आ.व. मा परिचयपत्रको व्यवस्थापन र उपयुक्त ढाँचाको चयन गरी कार्ययोजना सहित कार्यक्रमलाई प्रभावकारी |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | ढंगले अगाडि बढाउने कार्यक्रम रहेको छ । यसै सन्दर्भमा मुक्त हलिया पुनःस्थापनका लागि मोडालिटी तथा कार्ययोजना निर्माण गर्ने उद्देश्यले विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाको सहयोगमा मिति २०६८।५।२७ र २८ गते कैलाली जिल्लाको धनगढीमा, मिति २०६८।१२।१ मा होटल अन्नपूर्णमा र मिति २०६८।१२।२३ र २४ गते धुलिखेलमा मुक्त हलिया लगायतका सरोकारवाला सहितको गोष्ठी र विज्ञबाट समेत सुझाव प्राप्त गरी तयार पारिएको मुक्त हलिया पुनःस्थापनको ढाँचा र ३ वर्षिय कार्ययोजना नेपाल सरकार (मं.प.) बाट स्वीकृतिका लागि पेश गर्न **अर्थ मन्त्रालय**को सहमतिको लागि पठाई सकिएको ।<br>मुक्त हलिया पुनःस्थापन तथा वृत्ति विकासका लागि चालु आ.व. मा नेपाल सरकारबाट २ करोड ६५ लाख विनियोजन भएको छ । विनियोजित रकममध्येबाट यस आ.व.मा १४७ वटा विभिन्न सिपमुलक तथा आयमुलक तालिम संचालन भई १८३२ मुक्त हलियाहरुलाई तालीम दिई स्वरोजगार तुलाउने लक्ष्यका साथ कार्यक्रम संचालनमा रहेको ।<br>हलिया तथा बधुँवा मदजुर सम्वन्धी ऐनको |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | मस्यौदा तर्जुमा गरिएको ।<br>मुक्त कमैया तथा हलियाको हकमा यस मन्त्रालयबाट कार्य सम्पादन गरिएको र सो वाहेक अन्य जाति तथा वर्गको उत्थानको लागि कानून तर्जुमा गर्न संघीय मामिला तथा **स्थानीय विकास मन्त्रालयलाई** अनुरोध गर्न च.नं. मिति २०६९।३।३१ को पत्रद्वारा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई आवश्यक सहयोगको लागि लेखी पठाइएको भन्ने **भूमिसुधार तथा व्यवस्था मन्त्रालयको आ.ब.२०६९।७०** को वार्षिक प्रतिवेदन । |
| १४. | ३४०२<br>(०६१)<br>ज्योति वानिया<br>वि.<br>यातायात व्यवस्था मन्त्रालय समेत | २०६३।७।२१<br>भौतिक योजना, निर्माण तथा यातायात मन्त्रालय | नेपाल सरकार, यातायात व्यवस्था मन्त्रालयका नाममा निम्नानुसार परमादेश जारी ।<br>(क) सार्वजनिक सवारी साधनहरुको भाडादर निर्धारण गर्ने प्रकृया अविलम्व तोक्नु, कानूनद्धारा गरिएका प्रावधानहरु समेतको अनुशरण गरी भाडादर निर्धारण गर्नु, गराउनु, सर्वसाधारणले जानकारी प्राप्त गर्न सक्ने गरी प्रचार प्रसार गर्नु, गराउनु,<br>(ख) सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ द्वारा व्यवस्थित यात्री, तेश्रो व्यक्ति र गुण्टाको विमा दर निर्धारण गरी सबै सवारी साधनहरुमा अनिवार्य रुपमा लागु गर्नु र सम्बन्धित नियममा समेत आवश्यक एवं उपयुक्त व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्नु गराउनु । | नेपाल सरकार मं.प. को निर्णयानुसार यस मन्त्रालयबाट यातायात सम्बन्धी कार्य क्षेत्र **भौतिक योजना तथा निर्माण मन्त्रालय**मा गाभिएकोले लगत कट्टा गर्नुपर्ने भन्ने **श्रम तथा रोजगार मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख ।<br>**यातायात व्यवस्था विभागको** मिति २०७०।३।६ को पत्रबाट देहाय बमोजिम भएको छ ।<br>क) सार्वजनिक सवारी साधनको भाडा दर निर्धारण गर्दा वैज्ञानिक पद्धति अवलम्वन गरी लागू गरी सकिएको र त्यस्तो भाडादर निर्धारण भई सके |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | पछिसर्वसाधारणको जानकारी तत्पश्चात गोरखापत्रमा सूचना प्रकाशन गरी विभागको वेभसाइटमा राख्ने व्यवस्था मिलाइएको ।<br>ख) यात्रीको बिमा, तेस्रो व्यक्तिको बिमा तथा यात्री गुण्टाको बिमालाई सार्वजनिक यातायातका साधनहरुमा अनिवार्य रुपमा लागू गरी यात्रुहरुको गण्टाको बिमादर निर्धारण गर्ने गराउने व्यवस्थाको लागि सबै कार्यालयहरुमा लेखि पठाई सकिएको छ भनि **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आ.वं. २०६९।७० को प्रगति** । |
| १५. | ०३८७<br>(२०६४)<br>प्रो पब्लिकका तर्फबाट प्रकाशमणि शर्मा<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत | २०६५।२।२२<br>रक्षा मन्त्रालय | निर्णय भएको मितिले १ वर्ष भित्र निवेदनमा उल्लेख भए बमोजिम सिंहदरवार स्थित घोडा तवेला र त्यसमा पालिएका घोडाहरु हालको स्थानवाट स्थानान्तरण गर्नु, त्यहा भएका फोहोरहरुलाई बैज्ञानिक र सुरक्षित ढंगले स्थानान्तरण गर्ने वा विसर्जन गर्ने व्यवस्था गर्नु, उक्त क्षेत्र वरिपरि दुर्गन्ध आउने वा अन्य कुनै ढंगले वातावरणीय ह्रास आउने कुनै काम नगर्नु नगराउनु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र रक्षा मन्त्रालय का नाममा परमादेश जारी । | सर्वोच्च अदालतलाई सिंहदरवार परिसर भित्र गृह मन्त्रालय भवनको पश्चिमपट्टी खाली रहेको जग्गा उपलब्ध गराउने गरी नेपाल सरकार, (मन्त्रिपरिषद्) को मिति २०६७।६।१२ को बैठकबाट निर्णय भईसकेको छ । उक्त निर्णय र रक्षा मन्त्रालयबाट सिंहदरवार स्थित घोडा तवेला र त्यसमा पालिएका घोडाहरु हालको स्थानबाट स्थानान्तरण गर्ने प्रकृया साथसाथै हुने भौतिक योजना तथा निर्माण मन्त्रालयको जानकारी ।<br>सिंहदरबार परिसर भित्र नेपाली सेना अन्तर्गत क्याभलरीले (घोडा राख्ने स्थान) चर्चेको क्षेत्रमा केही मन्त्रालयको भवन |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | निर्माण गरी ती मन्त्रालय सार्ने तथा क्याभलरीलाई नारायणहिटी संग्रहालय परिसर भित्र रहेको जग्गामा सार्ने । नेपाल सरकारको निर्णय भएकोमा नारायणहिटी दरबार संग्रहालय परिसर भित्र रहेको जग्गामा सार्ने नेपाल सरकारको निर्णय भएकोमा नारायणहिटी दरबार संग्रहालयको गुरु योजना हाल सम्म तयार भई नसकेको र सो गुरुयोजना तयार नभए सम्म सार्न नसकिने अवस्था भएको भन्ने **रक्षा मन्त्रालयको आ.ब.२०६९।७० को वार्षिक प्रतिवेदन** । |
| १६. | ०७१९<br>(०६४)<br>प्रेमबहादुर खड्का समेत<br>वि.<br>नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६५।९।२३<br>श्रम तथा रोजगार मन्त्रालय,<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय । | नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८(१) र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ६ बमोजिम रोजगारीको अधिकारको पूर्ण सुनिश्चितता हुने गरी अन्य कुराका अतिरिक्त देहायका कुराहरु समेत समेट्ने गरी रोजगारीको हक कार्यान्वयन गर्न आवश्यक पर्ने विधेयक यो आदेश प्राप्त भएका मितिले एक वर्षभित्र व्यवस्थापिका संसद समक्ष पेश गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाममा परमादेश जारी । | रोजगारी सम्बन्धी राष्ट्रिय नीति राष्ट्रिय योजना आयोगबाट भईरहेको यस मन्त्रालयबाट सो नीति तयार गर्ने क्रममा छलफलमा सहभागि भएको भन्ने **श्रम तथा रोजगार मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख । |
| १७. | ३४१६<br>(०६३)<br>अधिवक्ता मोहन साशंकर<br>वि.<br>नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।३।३<br>शिक्षा मन्त्रालय | नेपाल वेद विद्याश्रामबाट संचालन हुने शैक्षिक कार्यक्रमहरुमा जातजातिको आधारमा भेदभाव नगरी समानताको सिद्धान्त र आवश्यक योग्यताको आधारमा स्वच्छ तरिकाले छनौट गरी प्रवेश दिनु भनी पशुपति क्षेत्र | नेपाल वेद विद्याश्रम विद्यार्थिको हितलाई सम्बोधन गर्ने गरी आवश्यक नीति तर्जुमा गर्न शिक्षा विभागमा लेखि पठाइएकोमा सो सम्बन्धी कार्य भईरहेको तथा विद्यार्थिको हित |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | विकास कोष, नेपाल वेद विद्याश्रमका नाममा परमादेश जारी । एवं नेपाल वेद विद्याश्रममा विद्यार्थिको हितलाई सम्बोधन गर्ने गरी निश्चित नीति, नियम तर्जुमा गरी सेवालाई व्यापक र संस्थागत गर्न जो चाहिने आवश्यक व्यवस्था गर्नु भनी पशुपति क्षेत्र विकास कोष र शिक्षा मन्त्रालयका नाममा निर्देशात्मक आदेश जारी । | एवं गुणस्तरिय शिक्षालाई सम्बोधन गर्ने समेतका विषयमा नेपाल वेद विद्याश्रम संस्कृत मा.वि. वनकालीलाई पत्राचार गरिएकोमा सो विद्यालयबाट विद्यालय व्यवस्थापन समिति गठन हुने वित्तिकै यस सम्बन्धी आवश्यक कार्य अघि बढाउने भनि शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| १८. | ३६६६<br>(०६१)<br>बाबुकृष्ण महर्जन<br>वि.<br>नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६१।१०।५<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय<br>श्रम तथा रोजगार मन्त्रालय र<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । | अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ ले व्यवस्था गरे बमोजिम अपाङ्गहरुलाई दिनु पर्ने सेवा, सुविधा क्रमिक रुपले प्रदान गर्न यसै आ.ब. भित्र प्राथमिकताको आधारमा कार्यक्रम बनाई आगामी आ.ब. देखि ऐनको उद्देश्य अनुसारको सेवा, सुविधा प्रदान गर्न शुरु गर्नु भनी विपक्षीहरुका नाममा परमादेश जारी । | १. सम्मानित सर्वोच्च अदालतको आदेशलाई मध्यनजर राखी आ.व. २०६८।६९ मा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरिएको छः-<br>क) ७५ जिललामा अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम ।<br>ख) अपाङ्गता भएका व्यक्तिहरुका लागि चेतनामूलक कार्यक्रम ।<br>ग) ३ विकास क्षेत्रमा आवासीय संरक्षण तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन ।<br>घ) अपाङ्गता भएका व्यक्तिहरुको सहायक सामाग्री उत्पादनको लागि साझेदारी कार्यक्रम । अपाङ्गता परिचय पत्र वितरण अभिलेख व्यवस्थापन ।<br>२. साथै, अपाङ्गताको विषय मानव अधिकार र विकासको सवाल एवं नविनतम अवधारणा भएको सन्दर्भमा अपाङ्गता भएका |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | व्यक्तिको सशक्तिकरण गरी निजहरुलाई विकास प्रक्रियामा पूर्ण र प्रभावकारी रुपमा सहभागी गराउन, समाजमा स्वावलम्वी र सम्मानजनक जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्न र अपाङ्गता भएका व्यक्तिको मानव अधिकार सम्वन्धमा नेपालले गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता पूरा गर्न र अपाङ्गता भएका व्यक्ति सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय देखिएकोले मन्त्रालयले **अपाङ्गता भएका व्यक्ति सम्वन्धी ऐन, २०६८** को मस्यौदा तयार गरी विभिन्न मन्त्रालयहरुवाट समेत राय/प्रतिक्रिया प्राप्त भएको र हाल अन्तिम मस्यौदाको लागि कानून तथा न्याय मन्त्रालयमा पठाइएको भए तापनि यस सम्बन्धमा हाल संसद नरहेकोले अध्यादेश मार्फत ऐन जारी गर्ने वा नगर्ने भन्ने विषयमा छलफलकै क्रममा छ भनि **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको** आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>**संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले** सम्बद्ध निकायहरु **कानून तथा न्याय मन्त्रालय, गृह मन्त्रालय, महिला,** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | **बालबालिका तथा समाजकल्याण मन्त्रालय,** नेपाल वायुसेवा निगम, नेपाल नागरिक उड्डयन प्राधिकरण, राष्ट्रिय अपाङ्ग महासंघसंग समन्वय र सहकार्य गरी अपाङ्गता भएका व्यक्तिलाई आन्तरिक हवाई यात्रामा दिईने छुट वा सहुलियत सम्बन्धी कार्यविधि, २०६३ को मस्यौदा मिति २०६३।२।२६ मा स्वीकृत गरी सम्बन्धित निकायहरुमा कार्यान्वयनका लागि पठाईसकिएको । आन्तरिक हवाई यात्रामा दिईने छुट वा सहुलियत सम्बन्धी कार्यविधि, २०६३ को प्रावधान अनुसार आन्तरिक उडानको प्रत्येक उडानमा कम्तीमा एक सिट अपाङ्गलाई सुरक्षित राख्ने र त्यसमा ५० प्रतिशत भाडा छुट दिने भन्ने भएको व्यवस्थाका सम्बन्धमा नेपाल वायुसेवा संचालन संघले चन्दा, दान, उपहार जस्ता विषय व्यक्तिको इच्छा र चाहनामा भर पर्ने भएकोले सरकारले बाध्य गर्न नहुने भनी अनुरोध गरी पठाएकोले सो कार्यविधिलाई प्रभावकारी रुपमा लागु गर्न मिति २०६७।६।५ को निर्णयानुसार अर्थ मन्त्रालयमा अनुदान व्यवस्थाका लागि लेखि पठाईएको ।<br>अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ निर्माण गरी लागु |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | भएको,<br>अपाङ्गताको परिभाषा र अपाङ्गपनको निर्धारण गरी २०६३ देखि लागु गरेको (नेपाल राजपत्र खण्ड ५६, भदौ २, २०६३ अतिरिक्तांक ३३ ख २, भाग ३)<br>अपाङ्गताको परिभाषा र अपाङ्गपनको निर्धारण, २०६३ अनुसार ७५ जिल्लामा अपाङ्गता परिचयपत्र (चार भिन्न भिन्न रंगमा) वितरण गर्ने गरिएको,<br>अपाङ्गता भएका व्यक्तिहरुका लागि रोजगारीमूलक आवासिय तालिम संचालन CTEVT र राष्ट्रिय अपाङ्ग कोष, नेपाल होचा, पुड्का संघ मार्फत आ.ब. ०६६।०६७ देखि निरन्तर संचालन गरिएको,<br>डेजको माध्यमबाट (बोल्ने सफ्टवेयर) दृष्टिविहिनहरुलाई आ.ब. ०६५।०६६ देखि तालिम प्रदान गरिएको,<br>महिला विकास अधिकृतहरुको लागि ५ वटै विकास क्षेत्रमा हुने अनुशिक्षण तथा समिक्षा गोष्ठिमा अपाङ्गता सम्बन्धी अनुशिक्षण र महिला विकास कार्यालय मार्फत महिला विकास कार्यालयका कर्मचारी समेत गा.वि.स.सचिवहरुलाई अपाङ्गताप्रति संवेदनशील हुन अधिवाचन सीप र क्षमताको विकास गर्ने तालिम आ.ब. ०६५।०६६ देखि निरन्तर संचालन गरिएको, |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई पुर्नस्थापन कार्यक्रम नेपाल अपाङ्ग संघ, जोरपाटी मार्फत विगत आ.ब. देखि निरन्तर संचालन भएको,<br>बौद्धिक अपाङ्गता भएका बालबालिकाका अभिभावकका लागि परामर्श कार्यक्रम बौद्धिक अपाङ्ग अभिभावक संघ मार्फत विगत आ.ब. देखि संचालन गरिएको,<br>बेवारिसे अपाङ्गता भएका महिलाहरुलाई आवासिय संरक्षण तथा अपाङ्गता भएका महिला छात्रावास सुदृढिकरण कार्यक्रम नेपाल अपाङ्ग महिला संघ मार्फत विगत आ.ब. देखि निरन्तर संचालन गरिएको,<br>दृष्टिविहिनलाई शिक्षामा पहुंच पुऱ्याउन सुन्ने सि.डि. र क्यासेट वितरण नेपाल राष्ट्रिय मानव अधिकार संरक्षण मन्च मार्फत विगत आ.ब. देखि निरन्तर संचालन गरिएको,<br>नेपाल टेलिभिजनबाट अपाङ्गता सम्बन्धी कार्यक्रम नेपाल दृष्टिविहिन उत्थान संघ, बुटवल मार्फत अपाङ्गता सरोकार कार्यक्रम विगत आ.ब. देखि निरन्तर संचालन गरिएको,<br>अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, बत्तिसपुतली मार्फत रेडियो कार्यक्रम अपाङ्गता आवाज विगत |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | आ.ब. देखि निरन्तर संचालन गरिएको,<br>सुस्त मनस्थिति भएका व्यक्तिहरुका लागि सुस्त मनस्थिति कल्याण संस्था मार्फत विगत आ.ब. देखि निरन्तर तालिम संचालन गरिएको,<br>अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम ७५ जिल्लामा PPP Model मा विगत आ.ब. देखि निरन्तर संचालन गरिएको,<br>राष्ट्रिय स्तरमा अन्तर्राष्ट्रिय अपाङ्गता दिवस केन्द्रिय स्तरमा र ७५ जिल्लामा मनाईने गरेको,<br>मष्तिस्क पक्षघात भएकालाई उपचार Take care गर्ने कार्यक्रम मष्तिष्क पक्षघात स्वावलम्वन समूह मार्फत विगत आ.ब. देखि निरन्तर संचालन गरिएको,<br>अपाङ्गता भएका व्यक्तिको आवश्यकता र अवस्था विश्लेषण गरी राज्यको तर्फबाट प्रदान गर्नुपर्ने सेवा तथा सुविधाहरुको पहिचान गर्न र लागत अनुमान गर्न सजिलो होस् भन्ने हेतुले अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको<br>जिल्लागत रुपमा घरधुरी नक्सांकन कार्यक्रम विगत आ.ब. देखि ७५ वटै जिल्लामा संचालन गरिएको,<br>५ विकास क्षेत्रमा |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | अपाङ्गता सम्बन्धी सूचना तथा सशक्तिकरण केन्द्र Help Desk स्थापना र संचालन गरिएको,<br>दृष्टिविहिनहरुका लागि सुन्ने पुस्तकालय स्थापना र संचालन गरिएको,<br>अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्रीहरु पूर्ण तथा आंशिक छुटमा उपलब्ध गराउने गरिएको,<br>अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने चार पांग्रे स्कुटरमा भन्सार लगायतका कर छुटको व्यवस्था गरिएको,<br>अपाङ्गता लेखमाला प्रकाशन गर्ने गरिएको,<br>अपाङ्गता सम्बन्धी राष्ट्रिय तथा अन्तरीाष्ट्रय कानून, नीति तथा राज्यबाट उपलब्ध हुने सेवा, सुविधा तथा तिनको उपभोग गर्ने प्रकृया सहितको सरल पुस्तिका अपाङ्गता श्रोत पुस्तिका २०६६ प्रकाशन गरी ७५ जिल्लाका महिला विकास कार्यालय तथा जिल्ला विकास समितिको कार्यालय मार्फत सबै गा.वि.स., न.पा. र सरोकारवाला संघ, संस्थाहरुलाई उपलब्ध गराईएको ।<br>अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी सं.रा.संघीय महासन्धि, २००६ तथा यसको इच्छाधिन आलेख अनुमोदन गरिएको र सो को कार्यान्वयनका लागि कार्ययोजना निर्माण |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | कार्यक्रम संचालन भएको,<br>राष्ट्रिय सामाजिक सुरक्षा नीति निर्माणको पहल भइरहेको,<br>अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक एवं सशक्तिकरणका लागि केन्द्रिय अपाङ्गता सुरक्षा कोषको स्थापना गरिएको,<br>ज्येष्ठ नागरिकहरुलाई समाजमा सम्मानित एवं सुरक्षित जीवन बांच्नका लागि कोषको स्थापना गरिएको र आ.ब. २०६८।६९ मा समेत ७५ जिल्लामा अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरुका लागि सचेतनामूलक कार्यक्रम, ३ विकास क्षेत्रमा आवासिय संरक्षण तथा पुर्नस्थापना केन्द्रको स्थापना तथा सन्चालन, अपाङ्गता भएका व्यक्तिहरुका सहायक सामाग्री उत्पादनको लागि साझेदारी कार्यक्रम र अपाङ्गता परिचयपत्र वितरण अभिलेख व्यवस्थापन कार्यक्रम संचालन गरिएको भन्ने समेत व्यहोराको **महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको मिति २०६७।८।२१ च.नं. १०७ को पत्र एवं आ.ब. २०६७।६८ को वार्षिक प्रतिवेदनबाट** लेखि आएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | एक्लै उभिई यात्रा गर्न नसक्ने अपाङ्ग एवं अशक्त व्यक्तिहरुका लागि प्रत्येक सार्वजनिक सवारीमा एक सिटमा नघट्ने गरी ५ प्रतिशत सीट आरक्षण गर्ने, जनआन्दोलनका घाईतेहरुलाई सार्वजनिक यातायात सेवामा लाग्ने भाडादरमा ३३ प्रतिशत छुट दिने, महिलाका लागि कम्तीमा २५ प्रतिशत सिट आरक्षण गर्ने र सबैले देख्ने गरी लेख्ने व्यवस्था गर्ने भनी नेपाल सरकार (राज्यमन्त्रिस्तर) को निर्णय भएको, बैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ मा बैदेशिक रोजगारीमा गएको अवस्थामा अंगभंग भएमा क्षतिपूर्ति दिने कानूनी व्यवस्था रहेको र सो व्यवस्था कार्यान्वयन भईरहेको, श्रम नियमावली, २०५० को नियम १६ मा कार्यस्थलमा अंगभंग भई १०० प्रतिशत असक्षमता भएमा खाईपाई आएको पारिश्रमिकका दरले हुने पांच वर्षको पारिश्रमिक बराबरको एकमुष्ट रकम दिनु पर्ने व्यवस्था भएको ।<br>ऐन, नियम परामर्श शाखाको च.नं.११२ मिति २०६६।३।२६ को पत्रबाट स्थानीय निकाय सहयोग शाखालाई सर्वोच्च अदालतको आदेशानुसार गर्न लेखि पठाईएको भन्ने **स्था.वि.मं.को मिति** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | **२०६७७२८,च.नं. ११२** को पत्रबाट लेखि आएको ।<br>आदेश कार्यान्वयन सम्पन्न भईसकेकोले लगत कट्टाका लागि अनुरोध गरिएको भन्ने **शिक्षा मन्त्रालयको आ.ब.०६७६८** को वार्षिक प्रतिवेदनमा उल्लेख भएको ।<br>अस्पतालमा अपाङ्ग मैत्री बनाउन विगत तीन बर्षदेखि ऱ्याम्प निर्माण गर्ने, अपाङ्गहरुलाई अत्यावश्यक औषधि निशुल्क वितरण गर्ने, अस्पतालहरुबाट अपाङ्ग/असहायको लागि विशेष छुट एवं निशुल्क उपचारको व्यवस्था र अपाङ्ग असहायहरुको सेवाको लागि गैर सरकारी संस्थाहरुलाई निरन्तर अनुदान दिने कार्य भईरहेको छ भन्ने **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.ब. २०६९।७०** को वार्षिक प्रतिवेदनमा उल्लेख भएको ।<br>साथै अपाङ्गताको विषय मानव अधिकार र विकासको सवाल एवं नविनतम अवधारणा भएको सन्दर्भमा अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण गरी निजहरुलाई विकास प्रक्रियामा पूर्ण र प्रभावकारी रुपमा सहभागी गराउन, समाजमा स्वावलम्वी र सम्मानजनक जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्न र अपाङ्गता भएका |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | व्यक्तिको मानव अधिकार सम्वन्धमा नेपालले गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता पूरा गर्न र अपाङ्गता भएका व्यक्ति सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय देखिएकोले मन्त्रालयले **अपाङ्गता भएका व्यक्ति सम्वन्धी ऐन, २०६८** को मस्यौदा तयार गरी विभिन्न मन्त्रालयहरुवाट समेत राय/प्रतिक्रिया प्राप्त भएको र हाल अन्तिम मस्यौदाको लागि कानून तथा न्याय मन्त्रालयमा पठाइएको ।<br>प्रस्तुत आदेशको कार्यान्वयन सम्पन्न भएको देखिंदा लगत कट्टा हुनुपर्ने देखिन्छ । |
| १९. | ३६६६<br>(०६१)<br>मिरा ढुंगाना समेत<br>वि.<br>नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।७।१८<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | साक्षी संरक्षण तथा सहायता सम्बन्धी छुट्टै कानूनको व्यवस्था एवं सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को ३०(२) र ऐ. नियमावली, २०५५ को नियम १५(३) को कानूनी व्यवस्था हालसम्म कार्यान्वयन भएको अवस्था नदेखिंदा सो सम्बन्धमा आवश्यक व्यवस्था हुन गर्नका लागि तत् तत् निकायका नाममा निर्देशनात्मक एवं परमादेश जारी । | यो विषय कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित देखिएकोले सोही मन्त्रालयबाट रिपोटिङ्ग हुनु पर्ने भनि **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>प्रस्तावित फौज्दारी कार्यविधि संहितामा पीडित वा सांक्षीको परिचय गोप्य राख्न सकिने व्यवस्था भएको र हाल सो विधेयक व्यवस्थापिका संसदमा पेश भएको **भन्ने कानून, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालयको आ.ब.२०६८।६९ को** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | **वार्षिक प्रतिवेदनबाट लेखि आएको** । साथै, नेपाल कानून आयोगबाट कसुर पीडित संरक्षण ऐन र सांक्षी सुरक्षा ऐनको मस्यौदा तयार भईरहेको । |
| २०. | ३४४७<br>(०६०)<br>प्रकाशमणि शर्मा समेत<br>वि.<br>नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।९।१<br>सिंचाई मन्त्रालय, शहरी विकास मन्त्रालय । | काठमाण्डौ उपत्यकाभित्र रहेका Deep Tubewell को अध्ययन, उपभोग इजाजतपत्र सम्बन्धी प्रकृया निर्धारण, इजाजतपत्र लिएर मात्र उपभोग गर्ने व्यवस्था, पानी संकलन र पूनः प्रशोधन सम्बन्धी व्यवस्था, भूमिगत पानी सम्बन्धी कार्य गर्ने अधिकार सम्पन्न निकाय गठन गरी कार्य गर्ने लगायत विषयमा परमादेश जारी । | उर्जा मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंचाइ मन्त्रालय र भूमिगत जलस्रोत परियोजना समेतलाई आदेशमा उल्लेख भए बमोजिम काम गर्न गराउन मिति २०७०।४।२३ मा पत्राचार गरिएको भनि **विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>१ करोड लिटर ५. /क्यापासिटीसेफ्टी रिचार्ज हुने अनुमान छ (जाइकाको प्रतिवेदन)<br>यसमध्ये हाल झण्डै ७ करोड लिटर Extract भइरहेको अवस्था छ । अल्पकालीन अवस्थामा वढी दोहन पनि मेलम्चीको पानी प्राप्त भएपछि दोहन नियन्त्रण भएमा प्रतिकूल प्रभाव नपर्ने देखिन्छ ।<br>हाल काठमाण्डौं उपत्यकामा ४९२ वटा ट्यूवेल निर्माण भएको , देखि २०सामान्यतया प्रतिशत ट्यूवेलहरु ४० बिभिन्न कारणले लनमा नरहने संचा |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | गरेको छ ।<br>KUKL वाट ८२ लाख ८१६ लिटर दोहन भएको छ ।<br>५० वटा ट्यूवेल संचालनमा रहेको छ जसवाट ३ करोड ८३ लाख लिटर पानी दैनिक निकाल्ने गरिएको छ ।<br>भूमिगत जलश्रोतको प्राकृतिक रुपमा पानी परिपूर्ति हुने अवस्थाको अध्ययन गर्न सिंचाई मन्त्रालयका सहसचिव महेन्द्र बहादुर गुरुङको संयोजकत्वमा व्यवस्थापन बोर्डको समेत प्रतिनिधित्व रहेको अध्ययन समिति गठन भईसकेको र सो समितिबाट पेश हुने विस्तृत विवरण सम्मानित अदालतमा पठाइने नै छ ।<br>काठमाण्डौं उपत्यका भित्र इजाजतपत्र नलिई भूमिगत जलश्रोत उपभोग गर्ने संघ संस्था, उद्योग, कम्पनी, अस्पताल, कलकारखाना आवास गृह तथा व्यवसायिक फर्म वा कम्पनी, अस्पताल, कलकारखाना आवास गृह तथा व्यवसायिक फर्म वा कम्पनी वा खानेपानी व्यवसाय गरी आपूर्तिको गर्दै आएका व्यक्ति वा संस्थाहरुको लगत |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | इजाजतपत्र लिएर मात्र उचित खालको परिमाणात्मक वन्देज अनुसार भूमिगत जलश्रोतको उपभोग वा दोहन गर्ने गराउने व्यवस्था मिलाइएको छ । जलश्रोतको रेखदेख, अध्ययन ,व्यवस्थापन , नियन्त्रण र नियमनसमेत गर्ने अधिकारसम्पन्न निकाय स्थापना गरी भूमिगत जलश्रोतको दिगो उपभोग गर्ने कार्य गराउने व्यवस्था मिलाइएको । सम्मानित अदालतको मिति २०६६ को २५/०३/ आदेशानुसार काठमाण्डौं उपत्यकाको भूमिगत जलश्रोत सम्वन्धमा अध्ययन गर्न गठित अध्ययन समिति द्वारा मिति २२/०६/२०६६ मा पेश गरेको प्रतिवेदनका सम्वन्धमा आदेश प्राप्त भएका मितिले कार्य योजना वनाई लागु गराउदै आएको छ । सम्मानित अदालत समक्ष पेश भएका प्रतिवेदनमा उल्लिखित वुँदाहरु नेपाल खानेपानी व्यवस्थापन वोर्डद्वारा कार्यान्वयन गर्न सुरु गरिसकेको छ र सो प्रतिवेदनमा भूमिगत जलश्रोतको अध्ययन अनुसन्धानको लागि अधिकार सम्पन्न निकाय अर्थात |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | खानेपानी व्यवस्थापन वोर्ड ऐन २०६३ , वमोजिम सवै कार्य विस्तार गर्दै आएको छ भन्ने **भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयको आ.ब. २०६९।०७० को** वार्षिक प्रतिवेदन ।<br>यस सम्बन्धमा नेपाल सरकार (मं.प.) बाट काठमाडौं उपत्यका भूमिगत जलस्रोत व्यवस्थापन कार्यान्वियन नीति, २०६९ मिति २०६९।३।३ मा जारी भई कार्यान्वयनमा आइसकेको र सो नीति बमोजिम काठमाडौं उपत्यकाभित्रका नगरपालिका क्षेत्र तथा नगरपालिकाको सेवा प्रणाली विस्तार भएका गाउँ विकास समितिको क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्ने गराउने गरी स्थापना भएको काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका विद्यमान कार्यक्षेत्रलाई विस्तार गरी काठमाडौं उपत्यकाको सम्पूर्ण क्षेत्रको भूमिगत जलस्रोत व्यवस्थापनको जिम्मा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डले गर्ने गरी बोर्डको कार्यक्षेत्र विस्तार गरिने लक्ष्य लिइएको र सो समेतका लागि अधिकार सम्पन्न निकायका रुपमा |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | खानेपानी व्यवस्थपन बोर्ड ऐन, २०६३ बमोजिम काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड रही सोही बोर्डबाट हुँदै आएको भनि **सहरी विकास मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>**अधिकार सम्पन्न निकाय गठन गर्ने सम्बन्धमा यो मन्त्रालयको अनुरोधमा विशेषज्ञ समेत समावेश भएको टोली गठन भइ नेपाल कानून आयोगमा विधेयक मसौदा तयार भइरहेको भनि सिंचाइ मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |
| २१. | ३०९३<br>(०६०)<br>भोजराज ऐर समेत<br>वि.<br>नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।१।३०<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय, गृह मन्त्रालय<br>र<br>सहरी विकास मन्त्रालय । | सार्वजनिक सम्पत्तिको लगत अद्यावधिक र दुरुस्त राखी तिनको संरक्षण गर्ने व्यवस्था मिलाउनु र त्यस्तो लगतहरु सार्वजनिक गर्नु भनी भूमिसुधार तथा व्यवस्था मन्त्रालय, मा.पो.का., कास्की, जिल्ला प्रशासन कार्यालय, कास्की र पोखरा उपमहानगरपालिकाको कार्यालयका नाममा परमादेश जारी । | पोखरा उपमहानगरपालिका भित्रका सार्वजनिक पर्ती जग्गा, पोखरी र चौतारी जस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षण एवं सम्वर्धनका लागि लगत अध्यावधिक गर्ने कार्य मालपोत कार्यालय कास्कीका शाखा अधिकृतको संयोजकत्वमा एक कार्यदल गठन भई काम अन्तिम चरणमा पुगेको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन ।<br>आदेश कार्यान्वयनको सिलसिलामा मालपोत |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | कार्यालय, कास्कीका प्र.मा.अ. को संयोजकत्वमा कार्यदल गठन भै पोखरा उपत्यकाको सरकारी/सार्वजनिक सम्पत्तिको लगत लिने कार्य भैरहेको तथा च.नं. ३१३२ मिति २०६९।३।११ को मालपोत कार्यालय कास्कीको पत्रबाट देहायका थप कार्यहरु भएको विवरण प्राप्त भएको:-<br>कास्की जिल्ला अन्तर्गतका सरकारी एवं सार्वजनिक प्रकृतिका जग्गाको विवरण पुस्तिका प्रकाशित गरी सकिएको ।<br>जिल्ला प्रशासन कार्यालय, कास्कीमा मिति २०६७।७।१० गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा वैठक वसी पोखरा उममहानगरपालिका क्षेत्रभित्रको सरकारी/सार्वजनिक सम्पत्तिको लगत अध्यावधिक राख्ने प्रयोजनको लागि प्रमुख मालपोत अधिकृत वा निजले तोकेको अधिकृतको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, कास्की, जिल्ला विकास समिति, कास्की, नापी कार्यालय, कास्की र पोखरा उपमहानगरपालिका कार्यालयका अधिकृत प्रतिनिधिहरु सदस्य रहने गरी एक कार्यदल गठन गर्ने निर्णय भएको ।<br>सो कार्यदलको |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | निर्णयानुसार पोखरा उपमहानगरपालिका क्षेत्रभित्र रहेका सरकारी सार्वजनिक सम्पत्तिको यथार्थ विवरण उपलब्ध गराउन निर्दिष्ट फाराम सहित अनुरोध भएकोमा हालसम्म वडा नं. ४ र १४ बाट विवरण प्राप्त भएको ।<br>क्षेत्रिय प्रशासन कार्यालय, प.वि.क्षेत्र पोखराको सक्रियतामा गठित छानविन समितिले सरकारी सार्वजनिक सम्पत्तिको प्रारम्भिक प्रतिवेदन बुझाई संरक्षण तर्फ अग्रसर रहेको भन्ने **भूमिसुधार तथा व्यवस्था मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन ।** |
| २२. | ०८६३<br>(२०६४)<br>लिलाधर भण्डारी समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६५।९।२३<br>गृह मन्त्रालय,<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय,<br>शान्ति तथा पुर्ननिर्माण मन्त्रालय । | हानी, नोक्सानी वा ह्रास तथा कब्जा भएको सम्पत्तिबाट आय हुनेमा सो आयमा भएको हालसम्मको नोक्सानीको मूल्यांकन गरी सो नोक्सानीको क्षतिपूर्ति समेत आदेश प्राप्त भएको मितिले ३ महिनाभित्र निवेदकको माग बमोजिम सम्पत्तिको वास्तविक धनी व्यक्तिहरुलाई फिर्ता दिनु, दिलाउनु र सम्पत्ति कब्जाको कारण भएको क्षतिबाट पीडित हुन पुगेकालाई राहत पुऱ्याउन क्षतिपूर्तिको लागि एउटा कोष खडा गर्नु भनी परमादेश जारी । | सशस्त्र द्वन्द्वका क्रममा तत्कालिन नेकपा (माओवादी) ले कब्जामा लिएको जग्गा जमिन लगायतका सम्पत्ति फिर्ता गर्ने विषय नेपाल सरकारबाट एक्लै सम्पन्न गर्न सक्ने विषय नभई द्वन्द्वका अन्य सबै पक्ष अर्थात नेपाल सरकार र राजनीतिक दलहरुको सहमतिमा मात्र सम्पन्न हुन सक्ने विषय भएकोले द्वन्द्वका सबै पक्षको सहमतिमा त्यस्ता समितिहरु गठन गर्न नेपाल सरकार प्रयत्नशिल रहेको छ । हालसम्म सम्मानित अदालतको आदेश अनुसारको समिति गठन हुन नसकेको तथापी नेपाल सरकारले **'द्वन्द्व प्रभावित व्यक्ति परिवार तथा संरचनाको लगत** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
| --- | --- | --- | --- | --- |
| | | | | **संकलन कार्यदल'** गठन गरी कार्य गर्दै आएको छ र सो कार्यदलले सम्पत्ति क्षतिको विवरण सहितको लगत संकलन गर्दै आएको छ । र सोही लगतको आधारमा नेपाल सरकारबाट निवेदकहरु मध्ये क्षेत्रवहादुर बस्नेत दाङ, तुलसीपुर-५, बामदेव उपाध्याय, तुलसीपुर-५, पोषणराज रजौरे, दाङ हाल का.म.न.पा.-१४, बुद्धिराम भण्डारी दाङ, तुलसीपुर-५, रेशमबहादुर भण्डारी, दाङ, तुलसीपुर-५, कोलाराम न्यौपाने, दाङ, तुलसीपुर-५, टंकेश्वर भन्ने जनार्दन शर्मा दाङ, तुलसीपुर-५, र यमिन्द्रबहादुर वली, दाङ, तुलसीपुर-५, हाल ल.पु.उ.न.पा.-२ समेतलाई नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ बमोजिम क्रमशः रु १,२२,१६५।-, रु १,२७,२५०।-, रु ७,३७,५८९।-, रु १,०६,३३५।-, रु ६६,७९५।-, रु १,१३,७५०।-, रु ४,३३,५६६।- र रु ५,७४,३२०।- अन्तरिम रुपमा राहत तथा आर्थिक सहायता प्रदान गरिएको । मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटनाको छानबिन गर्न सत्य निरुपण तथा |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | मेलमिलाप आयोग गठन गर्ने कुरामा द्वन्द्वरत पक्षहरुले विस्तृत शान्ति सम्झौताको धारा ५.२.५ मार्फत प्रतिवद्धता व्यक्त गरेका र सो कुरालाई अन्तरिम संबिधानको धारा ३३ (ध) मा उल्लेख गरी राज्यको दायित्वका रुपमा स्वीकार गरिएको छ । सोही अनुरुप सशस्त्र द्वन्द्वका क्रममा भएका व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, घरजग्गाबाट जवर्जस्ती निकाला वा विस्थापन लगायतका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गरी वास्तविकता जनता समक्ष ल्याउने, दण्डहीनताको अन्त्य गर्ने, भविष्यमा त्यस्तो काम नदोहोरिने सुनिश्चितता प्रदान गर्ने, पीडित व्यक्तिहरुलाई परिपूरण प्रदान गर्ने, समाजमा शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न आयोग गठन गर्ने उद्देश्यले नेपाल सरकारद्वारा सत्य निरुपण तथा मेलमिलाप आयोग अध्यादेश, २०६९ जारी भएको ।<br>नेपाल सरकारले **'द्वन्द्व प्रभावित व्यक्ति परिवार तथा संरचनाको लगत संकलन कार्यदल'** गठन गरी सम्पत्ति क्षति भएका व्यक्तिलाई राहत प्रदान |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | गर्दै आएको छ भन्ने **शान्ति तथा पूर्ननिर्माण मन्त्रालयको आ.ब. २०६९।७०** को वार्षिक प्रतिवेदन । |
| २३. | ०२३८<br>(२०६३)<br>काले तमाङ समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।७९<br>शान्ति तथा पुर्ननिर्माण मन्त्रालय | रिट निवेदनमा उल्लेख भए बमोजिम यी निवेदकका आफन्त मृतकहरुलाई राज्यपक्षले नै गैरकानूनी तथा स्वेच्छाचारी ढंगले गोली हानी हत्या गरेको भन्ने कुरा माथि उल्लिखित आधार कारण समेतबाट पुष्टि हुन आएको देखिंदा सो घटनाबाट मृतकहरुको आश्रित परिवारमा पुग्न गएको क्षति र असर बापत निज मृतकहरुको आश्रित परिवारलाई विपक्षी राज्यपक्षबाट उचित र सम्मानजनक रुपमा क्षतिपूर्ति भराउने सम्बन्धमा सो घटनाको स्वतन्त्र छानविन र क्षतिपूर्ति निर्धारण गर्ने प्रयोजनको लागि अध्ययन अनुसन्धान गरी आवश्यक कार्य गर्न राज्यपक्षबाट नै यो आदेशको जानकारी प्राप्त भएको मितिले २ महिनाभित्र स्वतन्त्र र निष्पक्ष व्यक्तिको संयोजकत्वमा त्यस्ता स्वतन्त्र र निष्पक्ष व्यक्तिहरु कायम रहने गरी एउटा उच्चस्तरिय कार्यदल गठन गर्नु, गराउनु र सो कार्यदलले आफ्नो कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरेको मितिले ३ महिनाभित्र उक्त प्रतिवेदनमा उल्लेख भए बमोजिमको क्षतिपूर्ति तथा राहत मृतकका आश्रित परिवारलाई राज्यपक्षबाट उपलब्ध गर्नु, गराउनु र राज्यपक्षबाट हुने यस्ता गैरकानूनी तथा लापरवाहीपूर्वक काम, कारवाहीबाट भविष्यमा आफ्ना नागरिकलाई हुनसक्ने क्षति तथा असर बापत नागरिक तथा निजको आश्रित परिवारले | सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भिर उल्लघंन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गरी वास्तविक तथ्य जनता समक्ष ल्याउन र सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरुको परिपूरण प्राप्त गर्ने अधिकारको संरक्षण र सम्मान गर्दै निजहरुलाई परिपूरणको व्यवस्था गरी राज्यको तर्फबाट न्यायोचित व्यवहार गर्न नेपाल सरकारले एक स्वतन्त्र र निष्पक्ष सत्य निरुपण तथा मेलमिलाप आयोगको स्थापना गर्ने उद्देश्यले सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक तयार गरी मिति २०६६।११।५ मा व्यवस्थापिका संसदमा पेश गरेको छ । सो आयोग गठन पश्चात आयोगले सत्य तथ्य पत्ता लगाई परिपूरणको लागि गरेको सिफारिस बमोजिम नेपाल सरकारबाट कार्यान्वयन हुने व्यवस्था छ ।<br>हाल सो विधेयक पारित नहुंदासम्म नेपाल सरकारले सशस्त्र द्वन्द्वको क्रममा प्रभावित हुन पुगेका व्यक्ति, परिवार |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | त्यस्तो क्षतिपूर्ति राज्य तथा पीडक पक्ष समेतबाट दावी गरी भराई लिनसक्ने गरी क्षतिपूर्ति सम्बन्धी कानून निर्माण गर्नु, गराउनु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको नाममा परमादेश जारी। | तथा संरचनाहरुको लगत संकलन गर्न द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदल गठन गरी कार्य गर्दै आएको छ र सो कार्यदलले हालसम्म विस्थापित, बेपत्ता पारिएका व्यक्ति, मृतक, घाईते, अपाङ्ग, टुहुरा व्यक्ति तथा सम्पत्ति क्षतिको विवरण सहितको लगत संकलन गर्दै आएको छ र सोहि लगतको आधारमा नेपाल सरकारबाट अन्तरिम रुपमा राहत तथा आर्थिक सहायता प्रदान गर्ने कार्य भईरहेको छ भन्ने **शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको आ.ब. २०६९।०७० को वार्षिक प्रतिवेदनबाट लेखि आएको।** |
| २४. | ०२३९<br>(२०६३)<br>गोपालप्रसाद लामिछाने समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।७।९<br>शान्ति तथा पुर्ननिर्माण मन्त्रालय | रिट निवेदनमा उल्लेख भए बमोजिम यी निवेदकका आफन्त मृतकहरुलाई राज्यपक्षले नै गैरकानूनी तथा स्वेच्छाचारी ढंगले गोली हानी हत्या गरेको भन्ने कुरा माथि उल्लिखित आधार कारण समेतबाट पुष्टि हुन आएको देखिंदा सो घटनाबाट मृतकहरुको आश्रित परिवारमा पुग्न गएको क्षति र असर बापत निज मृतकहरुको आश्रित परिवारलाई विपक्षी राज्यपक्षबाट उचित र सम्मानजनक रुपमा क्षतिपूर्ति भराउने सम्बन्धमा सो घटनाको स्वतन्त्र छानविन र क्षतिपूर्ति निर्धारण गर्ने प्रयोजनको लागि अध्ययन अनुसन्धान गरी आवश्यक कार्य गर्न राज्यपक्षबाट नै यो आदेशको जानकारी प्राप्त भएको मितिले | सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भिर उल्लघंन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गरी वास्तविक तथ्य जनता समक्ष ल्याउन र सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरुको परिपूरण प्राप्त गर्ने अधिकारको संरक्षण र सम्मान गर्दै निजहरुलाई परिपूरणको व्यवस्था गरी राज्यको तर्फबाट न्यायोचित व्यवहार गर्न नेपाल सरकारले एक स्वतन्त्र र निष्पक्ष सत्य निरुपण तथा मेलमिलाप |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | २ महिनाभित्र स्वतन्त्र र निष्पक्ष व्यक्तिको संयोजकत्वमा त्यस्ता स्वतन्त्र र निष्पक्ष व्यक्तिहरु कायम रहने गरी एउटा उच्चस्तरिय कार्यदल गठन गर्नु, गराउनु र सो कार्यदलले आफ्नो कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरेको मितिले ३ महिनाभित्र उक्त प्रतिवेदनमा उल्लेख भए बमोजिमको क्षतिपूर्ति तथा राहत मृतकका आश्रित परिवारलाई राज्यपक्षबाट उपलब्ध गर्नु, गराउनु र राज्यपक्षबाट हुने यस्ता गैरकानूनी तथा लापरवाहीपूर्वक काम, कारवाहीबाट भविष्यमा आफ्ना नागरिकलाई हुनसक्ने क्षति तथा असर बापत नागरिक तथा निजको आश्रित परिवारले त्यस्तो क्षतिपूर्ति राज्य तथा पीडक पक्ष समेतबाट दावी गरी भराई लिनसक्ने गरी क्षतिपूर्ति सम्बन्धी कानून निर्माण गर्नु, गराउनु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको नाममा परमादेश जारी । | आयोगको स्थापना गर्ने उद्देश्यले सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक तयार गरी मिति २०६६।११।५ मा व्यवस्थापिका संसदमा पेश गरेको छ । सो आयोग गठन पश्चात आयोगले सत्य तथ्य पत्ता लगाई परिपूरणको लागि गरेको सिफारिस बमोजिम नेपाल सरकारबाट कार्यान्वयन हुने व्यवस्था छ । हाल सो विधेयक पारित नहुंदासम्म नेपाल सरकारले सशस्त्र द्वन्द्वको क्रममा प्रभावित हुन पुगेका व्यक्ति, परिवार तथा संरचनाहरुको लगत संकलन गर्न द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदल गठन गरी कार्य गर्दै आएको छ र सो कार्यदलले हालसम्म विस्थापित, बेपत्ता पारिएका व्यक्ति, मृतक, घाईते, अपाङ्ग, टुहुरा व्यक्ति तथा सम्पत्ति क्षतिको विवरण सहितको लगत संकलन गर्दै आएको छ र सोहि लगतको आधारमा नेपाल सरकारबाट अन्तरिम रुपमा राहत तथा आर्थिक सहायता प्रदान गर्ने कार्य भईरहेको छ भन्ने **शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको आ.ब. २०६९।०७०** को वार्षिक प्रतिवेदनबाट लेखि आएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| २५. | ३१९६<br>(२०६१)<br>बिशाल बजार कम्पनी लिमिटेड<br>वि.<br>गृह मन्त्रालय समेत | २०६७।५।१४<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>अर्थ मन्त्रालय | विशाल बजारले ओगटेको ८-४-० जग्गाको स्वामित्व नेपाल सरकारको देखिएकोले सो जग्गाको मूल्य बराबरको शेयर नेपाल सरकारले पाउनु पर्ने गरी ६ महिनाभित्र आवश्यक कार्य गर्न परमादेश जारी । | नेपाल सरकार (मं.प.) को मिति २०६७।१२।२३ को निर्णय अनुसार वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको अध्यक्षतामा रेखदेख, सुपरिवेक्षण तथा निर्देशन समिति र वाणिज्य तथा आपूर्ति मन्त्रालयको सह-सचिवको अध्यक्षतामा मूल्याङ्कन समिति गठन भएको । सो समितिले दिएको सिफारिशको आधारमा मिति २०६८।३।२९ को निर्णय (मा. मन्त्रीस्तरीय) बमोजिम मन्त्रिपरिषद्मा प्रस्ताव पेश भएको । मन्त्रिपरिषद्बाट अर्थ मन्त्रालयको सहमति लिई प्रकृया अगाडि बढाउने भनि लेखि आएकोले अर्थ मन्त्रालयको सहमति माग गरि पुनः मूल्यांकन गरी पुँजीको फेरवदल गरी मिति ०६८।७।२३ को नेपाल सरकार (म.प.) आर्थिक तथा पुर्वाधार समितिको निर्णयले विशालवजार कम्पनी, वाणिज्य विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयमा कार्यान्वयनको लागी लेखी पठाएकोमा विशाल वजार कम्पनी |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | लिमिटेडले पुनः २०६८ wo-०४६६ को रिट दायर गरी अदालतको आदेशानुसार उक्त निर्णय कार्यान्वयन तत्काल हुन नसकेको भन्ने **वाणिज्य तथा आपूर्ति मन्त्रालयको आ.ब. २०६९।७०** को वार्षिक प्रतिवेदनमा उल्लेख । |
| २६. | ३४४८<br>(२०६३)<br>बुद्धिबहादुर प्रजा समेत<br>वि.<br>नेपाल सरकार,<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को कार्यालय<br>समेत | २०६५।१।३०<br>शान्ति तथा पूर्ननिर्माण मन्त्रालय<br>गृह मन्त्रालय | सरकारको जिम्मेवार निकायहरुबाट मानवीय कानूनको उल्लंघन गरी निर्दोष नागरिकहरुको हत्याको सम्बन्धमा पिडित शास्त्रिय (Victimology) दृष्टिकोणबाट पिडितको लागि उचित क्षतिपूर्तिको व्यवस्था गरी दण्डहिनताको अन्त्य गर्नुको साथै यस प्रकृतिका विवादहरुमा निष्पक्ष अनुसन्धान, तहकिकात र प्रभावकारी उपचारको लागि आवश्यक सल्लाह सुझाव प्रदान गर्ने निकायको व्यवस्था समेत गर्नको लागि छुट्टै विस्तृत कानून (Comprehensive Law) बनाउनेतर्फ यथाशीघ्र पहल गर्नु भनी विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाममा परमादेश जारी । | प्रस्तुत व्यवस्थालाई संबोधन हुने गरी वेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग अध्यादेश, २०६९ राष्ट्रपतिबाट जारी भैसकेको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।** |
| २७. | ०७२४<br>(२०६६)<br>महेश जाजु<br>वि.<br>नेपाल सरकार,<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को कार्यालय<br>समेत | २०६८।२।५<br>उर्जा मन्त्रालय | विद्युत आपूर्ति नभई लोडसेडिङ भएको बेलामा पनि लोडसेडिङ नभएको विद्युत आपूर्ति भएको बेलाको युनिटको हिसाब गरी डिमाण्ड शुल्क लगाउने निर्णय सो हदसम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । विद्युत आपूर्ति नभई लोडसेडिङ भएको बेलाको डिमाण्ड शुल्क आजका मितिबाट लगाउन पाइने छैन । आजको मितिभन्दा अगाडी बुझाई सकेको डिमाण्ड शुल्क फिर्ता हुने छैन । अतएव | मन्त्रालयबाट पटक पटक आदेश कार्यान्वयन गर्न ने.वि.प्रा.लाई अनुरोध गरिएको ।<br>ने.वि.प्रा. को तर्फबाट सर्वोच्च अदालतमा पुनरावलोकन निवेदन दर्ता भएको र सो विचाराधिन रहेको भनी जानकारी प्राप्त हुन आएको ।<br>विद्युत महशूल निर्धारण आयोगको ७० औं |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | लोडसेडिङ भएको अवधीको डिमाण्ड शुल्क नलिनु भनी विपक्षीहरुका नाममा परमादेश जारी। | बैठकको निर्णय नं. ५ मा लोडसेडिङ्गको समयमा डिमाण्ड शुल्क लिन नहुने सम्बन्धमा छलफल हुँदा सम्मानित अदालतबाट रिट नं. ०७२४ समेतमा परमादेशको आदेश जारी भएको हुँदा सो विषयमा छुट्टै निर्णय गर्नु परेन भन्ने उल्लेख गरी **ऊर्जा मन्त्रालयको आ.व. २०६९।०७० को प्रगति**। |
| २८. | ०७३१<br>(२०६६)<br>त्रिलोचन अग्रवाल<br>वि.<br>नेपाल सरकार,<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६८।२।५<br>उर्जा मन्त्रालय | विद्युत आपूर्ति नभई लोडसेडिङ भएको बेलामा पनि लोडसेडिङ नभएको विद्युत आपूर्ति भएको बेलाको युनिटको हिसाब गरी डिमाण्ड शुल्क लगाउने निर्णय सो हदसम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। विद्युत आपूर्ति नभई लोडसेडिङ भएको बेलाको डिमाण्ड शुल्क आजका मितिबाट लगाउन पाइने छैन। आजको मितिभन्दा अगाडी बुझाई सकेको डिमाण्ड शुल्क फिर्ता हुने छैन। अतएव लोडसेडिङ भएको अवधीको डिमाण्ड शुल्क नलिनु भनी विपक्षीहरुका नाममा परमादेश जारी। | मन्त्रालयबाट पटक पटक आदेश कार्यान्वयन गर्न ने.वि.प्रा.लाई अनुरोध गरिएको।<br>ने.वि.प्रा. को तर्फबाट सर्वोच्च अदालतमा पुनरावलोकन निवेदन दर्ता भएको र सो विचाराधिन रहेको भनी जानकारी प्राप्त हुन आएको।<br>ने.बि.प्रा. को तर्फबाट सर्वोच्च अदालतमा पुनरावलोकन निवेदन दर्ता भएको र सो विचाराधिन रहेको भनी जानकारी प्राप्त हुन आएको।<br>विद्युत महशूल निर्धारण आयोगको ७० औं बैठकको निर्णय नं. ५ मा लोडसेडिङ्गको समयमा डिमाण्ड शुल्क लिन नहुने सम्बन्धमा छलफल हुँदा सम्मानित अदालतबाट रिट नं. ०७२४ समेतमा परमादेशको आदेश जारी भएको हुँदा सो विषयमा छुट्टै निर्णय गर्नु परेन भन्ने उल्लेख गरी **ऊर्जा मन्त्रालयको आ.व. २०६९।०७० को प्रगति**। |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| २९. | ०२८३<br>(०६३)<br>प्रकाशमणि शर्मा समेत<br>वि.<br>प्र.मं.तथा मं.प.कार्यालय समेत | २०६५।१।४<br>शिक्षा मन्त्रालय | चालु शैक्षिक शत्रभित्र सांकेतिक भाषाको माध्यमद्वारा शिक्षामा अवसर पाउने विद्यालय वा महाविद्यालय किटान गरी उक्त भाषामा प्रशिक्षित दोभाषे वा शिक्षकहरुको व्यवस्था गर्नु, त्यहां प्रयोग हुने पाठ्यसामाग्रीहरु सांकेतिक भाषामा अनुवाद गर्ने प्रकृया शुरु गरी त्यहांका विद्यार्थिहरुलाई आवश्यक पाठ्यसामाग्री यथाशीघ्र उपलब्ध गराउनु, सांकेतिक भाषामा शिक्षण गर्न सक्ने जनशक्तिको तालिमको व्यवस्था अविलम्ब शुरु गर्नु भनी प्र.मं.तथा मं.प.कार्यालय र शिक्षा मन्त्रालयका नाममा परमादेश जारी । | उक्त फैसला कार्यान्वयन भै लगत कट्टाका लागि लेखि पठाईएको भनि **शिक्षा मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| ३०. | २९७३<br>(०६२)<br>भरतमणि गौतम<br>वि.<br>प्र.मं.तथा मं.प.कार्यालय समेत | २०६६।१।२३<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय | निवेदन माग बमोजिम कानूनको कार्यान्वयन भएको नदेखिएकोले जो जे गर्नु पर्छ गरी आवश्यक व्यवस्था मिलाई भूमि सम्बन्धी ऐनको दफा ७(१), (२), (६) एवं दफा ८, १३, १४, १५ र २१ कार्यान्वयन गर्नु र भए गरेको प्रगति ६ महिनाभित्र अनिवार्यरुपले यस अदालतको अनुगमन शाखामा प्रतिवेदन गर्नु भन्ने आदेश जारी । | यस सम्बन्धमा देहाय बमोजिम कार्य भएको,<br>१. भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७(१), (२), (६) एवं दफा ८ मा भएको जग्गावाला मोहीको हैसियतले राख्न पाउने जग्गाको अधिकतम हद सम्बन्धी व्यवस्था अनुसार दफा १३ बमोजिम जग्गाको फांटवारी दाखिल गराउने कार्यका लागि व्यवस्था भएको उल्लेखित दफामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६६।१।२६ मा यस मन्त्रालयका नाममा जारी भएको परमादेशको क्रममा मन्त्रालयबाट मिति २०६७।६।५ को गोरखापत्रमा जग्गाको फांटवारी पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना प्रकाशित गरी |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | भूमि सम्बन्धी ऐन, २०२१ को दफा १३ कार्यान्वयनका लागि भूमिसुधार तथा व्यवस्थापन विभागलाई मिति २०६७।६।४ मा निर्देशन दिईएको,<br>२. भूमिसुधार तथा व्यवस्थापन विभागबाट तत्सम्बन्धी कार्यविधि समेत बनाई आदेश कार्यान्वयन गर्न परिपत्र गरिएकोमा जिल्लास्थित मालपोत, भूमिसुधार कार्यालयबाट उक्त दफा १३ कार्यान्वयन गर्ने क्रममा संचालन भएको अन्तरक्रिया कार्यक्रममा यो कार्यक्रम मधेशमा कार्यान्वयन गरिनु हुँदैन भन्ने र सुनसरी, धनुषा लगायत तराईका केही जिल्लामा राजनैतिक असहयोगको स्थिती देखिएको र गा.वि.स.सचिवहरु नबस्ने गरेको तथा एकै गा.वि.स. सचिवले ४,५ गा.वि.स. को कार्य संचालन गर्ने गरेको र त्यो पनि सदरमुकामबाटै गर्ने गरेबाट गा.वि.स. सचिवहरुले जग्गाको ७ नं.फांटवारी संकलन गर्ने कार्यमा सहयोग पुऱ्याउन नसक्ने अवस्था रहेको । बांके, धादिङ, मकवानपुर, चितवन, इलाम, पांचथर, लमजुङ र रोल्पा जिल्लामा फांटवारी सम्बन्धी सूचना प्रकाशित भएकोमा कूल जग्गाधनीको ५ प्रतिशतबाट पनि फाराम दाखेल नभएको, संविधान बन्ने क्रममा |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | रहेको र राज्यको पुर्नसंरचना गर्ने कार्य बांकी रहेको परिप्रेक्ष्यमा सबै जग्गावालाहरुबाट फांटवारी लिने कार्य औचित्यहीन र उपलब्धीहिन हुने भन्ने विभिन्न स्थानहरुबाट आवाज उठेकोले सो सम्बन्धमा दफा १३ को उपयुक्त तवरबाट कार्यान्वयन गर्नका लागि सुझाव दिन विज्ञ कर्मचारीहरुको कार्यदल गठन गरिएको,<br>३. गठित कार्यदलबाट उल्लेखित कार्यका लागि फाराम छपाई कर्मचारीको तलब, भत्ता तथा ढुवानी खर्च समेतका लागि करीव रु. ६,६६,०२६,०००।– को रकम व्यवस्था गर्नु पर्ने, भूमि सम्बन्धी ऐन, २०२१ लागु हुंदा राज्यसंग व्यक्तिको जग्गाको तथ्यांक नभएकोले सो प्रयोजनका लागि तत्कालीन अवस्थामा सबै जग्गावालाहरुबाट तथ्यांक उपलब्ध गराउने व्यवस्था भएको तर हालको अवस्थामा सबै जग्गावालाबाट फांटवारी पेश गराउने कार्य औचित्यपूर्ण नहुने र कम जग्गा भएका जग्गाधनीको अभिलेख मालपोत कार्यालयमा रहेकै हुंदा जसको नेपाल भरीमा पांचौं संशोधनले निर्धारण गरेको हदभन्दा बढी जग्गा छ, त्यसको मात्र विवरण भूमिसुधार कार्यालयमा दाखेल गराउने व्यवस्था कायम |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | गर्दा उपयुक्त हुने भन्ने प्रतिवेदन पेश भएको,<br>४. भूमि सम्बन्धी ऐन, २०२१ को दफा १३ को उपदफा (१) मा रहेको सबै जग्गावालाहरुलाई सूचना जारी भएको मितिले पैंतिस दिनभित्र तोकिए बमोजिमको फांटवारी दाखिल गर्न गराउन आदेश दिन सक्नेछ भन्ने व्यवस्थाको सट्टा दफा ७ बमोजिम राख्न पाउने अधिकतम हदबन्दी भन्दा बढी जग्गा हुने जग्गावालालाई सूचना जारी भएको मितिले ३५ दिनभित्र तोकिए बमोजिमको फांटवारी दाखिल गराउने व्यवस्था गर्न उपयुक्त हुने देखिएकोले यसका लागि भूमि सम्बन्धी ऐन, २०२१ मा छैठौं संशोधनका लागि संशोधन विधेयक स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश भएकोमा मन्त्रिपरिषद्को मिति २०६८।४।११ को निर्णयानुसार विधेयक समितिमा छलफलको लागि पठाउने निर्णय भएको ।<br>भन्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयको आ.ब.२०६७।६८ को वार्षिक प्रतिवेदन । |
| ३१. | ००४७<br>(०६५)<br>मेघनाथ न्यौपाने समेत<br>वि.<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६७।१०।१९<br>भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय<br>गृह मन्त्रालय | सिण्डीकेट,कार्टेलिङ जस्ता गैरकानूनी एवं एकाधिकार रुपमा वस्तु वा सेवा व्यापार गर्ने अधिकार वैध नहुने हुनाले सो सम्बन्धी सबै किसिमका क्रियाकलाप रोकी कानूनको सही रुपमा कार्यान्वयन गर्ने | मिति २०६८।५।२६ को पत्रबाट निर्देशन दिइएको छ भन्ने गृह मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | सम्बन्धमा सबै उपाय अवलम्बन गर्नु भनी गृह मन्त्रालय समेतका नाममा परमादेश जारी । | |
| ३२. | ०६७७<br>(०६३)<br>अधिवक्ता ज्योति बानिया समेत<br>वि.<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६७।१०।१९<br>भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय<br>गृह मन्त्रालय | कानून बमोजिम सेवाहरु सुचारु गर्नु, एकाधिकार कायम हुने सिन्डीकेट, कार्टेलिङ र त्यस्ता अन्य कुनै रुप वा क्रियाकलाप संचालन नगर्नु, नगराउनु, संचालन गर्न नदिनु भनी विपक्षीहरुका नाममा परमादेश जारी । | मिति २०६८।५।२६ को पत्रबाट निर्देशन दिइएको छ भन्ने गृह मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन । |
| ३३. | ०१०९<br>(०६७)<br>अधिवक्ता राजाराम श्रेष्ठ समेत<br>वि.<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६७।१२।२४<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ९ (२) को कानूनी व्यवस्था कार्यान्वयन हुन नसकी जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ९(२) निष्प्रयोजित भई जेष्ठ नागरिकहरुले सम्मानपूर्वक बांच्न पाउने संवैधानिक हक तथा कानूनद्वारा तोकिएको छुट र सुविधा उपभोग गर्नबाट बन्चित हुनु परेको अवस्था विद्यमान देखिएको हुंदा जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ९(२) को व्यवस्थालाई सार्वजनिक सूचना प्रकाशित गरी यथाशीघ्र चांडो कार्यान्वयन गर्न आवश्यक नीति, नियम र अनुगमन संयन्त्र बनाई लागु गर्नु भनी परमादेश जारी । | मिति २०६८।५।१५ मा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा लेखि पठाईएकोमा हालसम्म तत्सम्बन्धमा कुनै जानकारी प्राप्त न भएको ।<br>यस मन्त्रालयको कार्यक्षेत्रमा परेको विषयको हकमा नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।३।११ को निर्णयले एक कार्य दल गठन भई तत्सम्बन्धी कार्यविधिको मस्यौदा गर्ने काम भईरहेको छ भनि **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आ.वं. २०६९।७०** को प्रगति ।<br>कार्यान्वयनको लागी सम्बन्धित विभागमा लेखि पठाईएको भन्ने **श्रम तथा रोजगार मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख । |
| ३४. | ०३८७<br>(२०६५)<br>सन्तोष वस्नेत समेत<br>वि.<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।५।०३<br>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सय वर्ष नाघेका शालिक एवं मूर्तिहरु प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को व्यवस्थाले गर्दा नष्ट गर्न र हटाउन नहुने र त्यस्ता वस्तुको मर्मत एवं सम्भार गर्नुपर्ने सरकारको कानूनी कर्तव्य हुँदा निवेदकले माग गरेको मध्ये सय वर्ष | यस सम्बन्धमा हालसम्म कुनै जानकारी प्राप्त नभएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | नाघेका प्राचीन स्मारकहरु नष्ट नगर्नू र कानून वमोजिम बाहेक स्थानान्तरण नगर्नू भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी | |
| ३५. | ०६०४<br>(२०६५)<br>अधिवक्ता प्रकाशमणि शर्मा समेत<br>वि.<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।६।२८<br>महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | संविधानद्धारा विशेष संरक्षण पाउने हक राख्ने सडक बालबालिकाको संरक्षण तथा विशेष व्यवस्थाको लागि कानूनले तोकेको काम, कर्तव्य र अधिकार पूरा गराउने तर्फ आवश्यक पहल गर्नू भनी विपक्षी महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका नाममा परमादेशको आदेश जारी | मिति २०६८।७।१४ मा कार्यान्वयनका लागि महिला तथा बालबालिका मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म तत्सम्बन्धमा कुनै जानकारी प्राप्त न भएको । |
| ३६. | ००६२<br>(२०६६)<br>अधिवक्ता कमल नियोल विरुद्ध स्वास्थ्य मन्त्रालय समेत | २०६७।६।२१<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>र<br>गृह मन्त्रालय | नेपाल सरकारले अव भविष्यमा प्रत्येक स्वास्थ्य चौकी लगायत सरकारी अस्पतालहरुमा मौसम अनुसार र बेलाबेलामा उत्पन्न हुने यस प्रकारको epidemic लाई cope गरी विरामीलाई औषधी उपचार गरी ज्यान बँचाउन बेलैमा अस्पतालमा पर्याप्त औषधी भण्डारण गर्ने र दरवन्दी अनुसारको डाक्टर नर्स र अन्य स्वास्थकर्मीहरुको पदपूर्ति गरिराख्ने व्यवस्था गर्नुका साथै अवस्था अनुसार आवश्यक परे काठमाण्डौबाट विशेषज्ञहरुको टोली पठाउने लगायतका जे जस्तो व्यवस्था गर्नु पर्छ गर्नु भन्ने निर्देशनात्मक आदेश र प्रमुख जिल्ला अधिकारीको लिखितजवाफबाट प्रति मृतकको परिवारलाई रु.१०,०००।- र घरको मुख्य मानिस मरेकोमा थप ५,०००।- राहत रकम उपलब्ध गराएको भन्ने देखिएकोले उक्त जिल्लाहरुमा epidemic को रुपमा फैलिएको झाडापखालाको कारण मरेको कोहि कसैले राहत रकम नपाएको भए बुझि यकिन गरी त्यस्तो राहत रकम पाउन बाँकी मृतकका परिवारलाई पनि राहत रकम दिनु भन्ने समेतको परमादेश । | मिति २०६८।५।२९ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा कार्यान्वयनका लागि लेखी पठाएकोमा हालसम्म तत्सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ३७. | ०६५०<br>(२०६६)<br><br>अधिवक्ता जगन्नाथ मिश्र<br>विरुद्ध<br><br>यस कार्यालय समेत | २०६७।७।२५<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय | कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा २३ अन्तर्गतको नियमावली ६ महिना भित्रमा बनाई लागु गर्ने, दफा १५ अन्तर्गत मुद्दा हेर्ने अधिकारी तोक्ने प्रावधान तथा सोहि ऐनको दफा २ को खण्ड (घ) अन्तर्गत मूल्य निर्धारण सल्लाहकार समितिहरु गठन गर्ने तथा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ८ तथा दफा १० मा भएको कानुनी व्यवस्था अनुसारको कार्य जन साधारणमा अनुभूत हुन सक्ने गरी ऐनको अक्षरस पालना एवं प्रभावकारी कार्यान्वयन गर्नु गराउनु | उक्त दफाहरुको कार्यान्वयन गर्ने आपूर्ति नीति, २०६९, संयुक्त बजार अनुगमन निर्देशिका, २०६९ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट जारी भई कार्यान्वयनमा आएको र बजार अनुगमन संयन्त्रलाई प्रभावकारी बनाई दोषी उपर कारवाही अगाडी बढाइएको, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको संगठन संरचनामा परिवर्तन गरी बजार अनुगमन प्रभावकारी बनाई उपभोक्ता हक संरक्षण नियमित हुने संयन्त्र तयार पारिएको भन्ने **वाणिज्य तथा आपूर्ति मन्त्रालयको आ.ब.२०६९।७०** को वार्षिक प्रतिवेदन ।<br>नियमावली बन्ने क्रममा रहेको, हाललाई मुद्दा हेर्ने अधिकारी प्र.जि.अ लाई तोकिएको छ । नियमावलीको मस्यौदा गर्ने कार्य प्रारम्भ भइसकेको छ भन्ने **गृह मन्त्रालयको आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन । |
| ३८. | ००६२<br>(२०६६)<br>नविन्द्रराज जोशी<br>विरुद्ध<br>प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | २०६७।५।२४<br>सहरी विकास मन्त्रालय | (१) दीर्घकालिनरुपमा फहोरमैला व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्ले फोहोर मैला व्यवस्थापन गर्ने विधेयक तर्जुमा गर्ने सैद्धान्तिक सहमति दिई कारवाही प्रक्रिया अगाडी बढी रहेको भन्ने स्थानीय विकास मन्त्रालयको लिखित जवाफबाट देखिँदा उक्त फोहोर मैला व्यवस्थापन | फोहरमैला व्यवस्थापन ऐन, २०६८ मिति २०६८।३।१ गते देखि कार्यान्वयनमा आएको ।<br>फोहरमैला व्यवस्थापन नियमावली, २०७० नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई लागु भएको ।<br>काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापन गर्न नुवाकोटको ओखरपौवा सिसडोलमा |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | ऐन चाँडो हुनु पदर्छ ।<br>(२) फोहोर मैलाको समुचित व्यवस्थापन गर्नको लागि स्थानीय विकास मन्त्रालय वा अन्तर्गतका निकाय वा कार्यालयले स्थानीय कार्यालयहरु विच समन्वयकारी भूमिका निर्वाह गर्ने संयन्त्रको व्यवस्था गर्नु ।<br>(३) काठमाण्डौ महानगरपालिका तथा ललितपुर उपनगरपालिकाले फोहोरमैलाको व्यवस्थापन सम्बन्धमा भोगेको आजको समस्या भोलिका देशका अन्य क्षेत्र तथा शहरले भोग्नु पर्ने हुँदा त्यसतर्फ गम्भीर भएर सोचि नीति निर्माण र कार्यक्रम बनाउन आवश्यक देखिन्छ । | अल्पकालिन ल्याण्डफिल्ड साईट निर्माण भई फोहर व्यवस्थापन भई रहेको र बञ्चरेडाँडामा दीर्घकालिन ल्याण्डफिल्ड साईटको व्यवस्थाका लागि उक्त स्थानको जग्गा प्राप्त गरी सकिएको एवम् विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट EIA Report स्वीकृत भई सकेको ।<br>स्थायी समाधानका लागि PPP Concept df RFP मुल्याङ्कन भई कम्पनी छनौट भएकोमा छनौट भएको कम्पनी Field Verification बाट अयोग्य प्रमाणित हुन आएकोले बैकल्पिक सूचीमा रहेको दोस्रो प्रस्तावकसँग सम्झौता भएको र सो उपर सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी हाल विचाराधिन अवस्थामा रहेको ।<br>थप प्रक्रिया अघि बढाउन लगानी बोर्डसँग पत्राचार गरिएको भन्ने **सं.मा.तथा स्था.वि.मं.को आ.ब. २०६९।०७०** को वार्षिक प्रतिवेदन । |
| ३९. | १३१४<br>(२०६६)<br>सुनिल गुरुङ समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | २०६७।९।१<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | रात्रिकालिन मनोरञ्जन व्यवसायको संचालनलाई व्यवस्थित, नियमित र नियन्त्रित गर्न समय सुहाउँदो कानुन निर्माण गर्न आवश्यक देखिंदा यस्तो व्यवसायको सञ्चालन विधि, व्यवसायको प्रकृति अनुसार समय व्यवस्थापन, निजहरुको पेशा रोजगारको सुरक्षा, उपभोक्ताको स्वास्थ्य र जीवनको सुरक्षाको बन्दोबस्त, सदाचार र नैतिकतायुक्त मनोरञ्जन प्रदान गर्ने माध्यम र | सो आदेश गृह मन्त्रालय र महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालयसंग सम्बन्धित देखिएकोले सो सम्बन्धमा के कस्तो कानूनी व्यवस्था गर्नु पर्ने हो सोको मस्यौदा बनाई तर्जुमाको लागि यस मन्त्रालयमा पठाउन मिति २०६८।९।२१ मा ती मन्त्रालयहरुलाई पत्र पठाएको भनि **कानून,** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | तरिका, ध्वनि उत्पादनको मात्रा, ध्वनि प्रदुषण नियन्त्रणका उपाय, यस्मा काम गर्ने कर्मचारीहरुको हक हित संरक्षण, सर्वसाधारण जनतालाई पर्ने असर तथा व्यवसायी र सर्वसाधारण जनताको नैतिकता, सदाचार अनुशासन समेतका सम्वन्धमा कानुनी व्यवस्था गरी नियमन र नियन्त्रण गर्ने गरी उक्त कुरा तथा अन्य आवश्यक कुरालाई समेत ध्यानमा राखी सरोकारवाला समेतसंग राय सल्लाह गरी यस्तो व्यवसायको संचालन, नियमन र व्यवस्थापन गर्ने सम्वन्धमा यथाशीघ्र कानुन निर्माण गर्नु । | **न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब. २०६९।०७०** को वार्षिक प्रतिवेदन ।<br>यस सम्बन्धमा आवश्यक ऐनहरु तर्जुमा गर्ने कार्य जारी रहेको भन्ने **गृह मन्त्रालयको आ.ब. २०६९।७०** को वार्षिक प्रतिवेदनमा उल्लेख ।<br>०६८।८।२३ मा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय समेतलाई कार्यान्वयनका लागि पठाएकोमा हालसम्म तत्सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको । |
| ४०. | ३२०९<br>(२०६१)<br>उत्तर टमटा<br>विरुद्ध<br>प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | संविधान र कानुनले कमैया प्रथा मुक्त कमैयाहरु संविधान र कानुनले दिईएको सवै हक अधिकार एवं स्वतन्त्रता उपयोग गर्न सक्षम हुँदैनन् र शताब्दीयौं अगाडी देखि शोषित र हक अधिकार उपयोग गर्नबाट बञ्चित वर्गलाई केही अवधिसम्म राज्यका संरक्षण आवश्यकता पर्छ । यही कुरालाई ध्यानमा राखी तत्कालिन संविधानको धारा ११ को प्रतिवन्धात्मक वाक्यांश र वर्तमान संविधानको धारा १३ लगायतका धाराहरुमा राज्यले मुक्त कमैयाहरुलाई विशेष संरक्षीत वर्ग मानी निज वर्गको हितको लागि विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरेको हो तर देशभरका सवै कमैयाहरुको लागि समिति समेत गठन नभएको देखियो । अतः निवेदकले माग गरे अनुसार पहाडी जिल्लाहरुमा समेत संविधान र ऐनको उद्देश्य प्राप्तीको लागि कमैया जाती लगायत कुनै पनि जातीलाई | वि.सं. २०५२ साल देखि नै नेपाल सरकारले कमैयाका हितमा विभिन्न कामहरु गरी आए तापनि वि.सं. २०५७ साल श्रावण २ गते कमैया मुक्तीको घोषणा गरे पश्चात २०५७ सालमा नेपालको मध्य तथा सुदूरपश्चिमका दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा रहेका मुक्त कमैयाहरुको लगत लिने कार्य भयो । जस अनुसार पुनःस्थापन गर्नुपर्ने १३४६१ परिवारको लगत प्राप्त भयो भने लगतमा नाम छुटेको भन्ने आवाज उठे पछि २०५९ सालमा पुनः लगत संकलन गर्दा पुनःस्थापन गर्नु पर्ने १४१०९ परिवारको लगत कायम भई पुनःस्थापन गर्नुपर्ने मुक्त |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | भेदभाव नहुने गरी सवै जिल्लाका सवै वर्गलाई समावेश गर्ने गरी देशको बाँकी अन्य भागमा समेत समितिहरु बनाई उल्लेखित वर्ग र जातको उत्थानको लागि संविधानले संरक्षण दिए बमोजिम आवश्यक कारवाही गर्नु भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । | कमैया परिवारको संख्या २७५७० कायम भएको । सो मध्ये हालसम्म २३४६५ परिवारको पुनःस्थापन, १३७४१ जनालाई विभिन्न २४ प्रकारका शीपमूलक तथा आयमूलक तालीम प्रदान गरि सकिएको छ ।<br>पुनःस्थापन गरिसकिएका मुक्त कमैयाहरु मध्ये केही संख्याको जग्गा जोखिममा परी सट्टाभर्ना दिनुपर्ने स्थिति रहेको, केही मुक्त कमैयाले जग्गाधनी प्रमाण पूर्जा पाए पनि जग्गा चिन्न/चिनाउन नसकिएको, कतिपयको जग्गा चिनेपनि अन्य व्यक्तिबाट अतिक्रमणमा परेको, वन क्षेत्रका वितरित जग्गामा सामुदायिक वन उपभोक्ता समितिका व्यक्तिहरुले दुःख दिने गरेको जस्ता समस्याहरु विद्यमान रहेकोले मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग, सो अन्तर्गत रहेको मुक्त कमैया कार्यान्वयन समितिले विभिन्न मन्त्रालय र निकायसंग समन्वय गरी समस्या समाधान गर्ने प्रयास गरेको साथै अति जोखिममा परेका मुक्त कमैयालाई जग्गा सट्टाभर्ना दिई समस्या समाधान गर्दै रहेको ।<br>हैसियत विग्रेका आवादी योग्य जग्गा उपलब्ध हुन नसकेको कारण मुक्त कमैया पुनःस्थापन |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | कार्य सम्पन्न भै नसकेको, मुक्त कमैयालाई नेपाल सरकारले उपलब्ध गराउने घर निर्माण खर्च रु. १०,०००।- प्रदान गर्ने कार्य सुचारु रहेको ।<br>घर निर्माणका लागि प्रति परिवार ३५क्यू फिट काठको सिफारिस दिदै आएको ।<br>पुनःस्थापन गर्न बाँकी ४१०५ र सट्टाभर्ना गर्नु पर्ने समेत गरी करीव ५००० मुक्त कमैयाको पुनःस्थापनका लागि सरकारी, ऐलानी, पर्ति र हैसियत बिग्रेका आवाद योग्य जमीन उपलब्ध हुन नसकेको कारण गत आ.व. ०६८।०६९ देखि मुक्त कमैयालाई जग्गा खरिद गरेर पुनःस्थापन गर्न प्रति परिवार रु. १ लाख ५० हजारसम्मको रकम अनुदान दिने सम्बन्धी कार्यविधि बनाई नेपाल सरकार (मं.प.) बाट स्वीकृत भई चालु आ.व.मा. ६१३ जनालाई जग्गा खरिद गरी पुनःस्थापन गरिएको ।<br>कमैया (श्रम निषेध) ऐन २०५८ र कमैया (श्रम निषेध) नियमावली, २०६८ कार्यान्वयनमा ल्याइएको भन्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयको वार्षिक प्रतिवेदन । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ४१. | ००४३<br>(२०६५)<br>अधिवक्ता मिरा ढुङ्गाना समेत<br>विपक्षी<br>प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | २०६६।७।१८<br>अर्थ मन्त्रालय<br>र<br>गृह मन्त्रालय | सरकारी साक्षी गवाहलाई बुझ्दा लाग्ने कानून बमोजिमको खर्च माग भएमा आफू दिन तयार रहेको भनी अर्थ मन्त्रालयले लिखित जवाफमा उल्लेख गरेको देखिँदा आवश्यक बजेट माग गर्ने र निकास दिने तथा सो साक्षी गवाहले प्राप्त गर्ने व्यवस्था मिलाउनु भनी विपक्षी अर्थ मन्त्रालय र प्रहरी प्रधान कार्यालयको नाममा परमादेशको आदेश | सम्वन्धित निकायबाट साक्षी गवाहलाई वुझ्दा लाग्ने कानून वमोजिमको खर्च माग भई आएमा दिन सकिनेछ भनि अर्थ मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| ४२. | २६३४<br>(२०६२)<br>रामप्रसाद उपाध्याय समेत<br>वि.<br>मालपोत कार्यालय डिल्लीबजार समेत | २०६८।३।१३<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय | "उल्लेखित आधार कारणबाट भूमी तथा व्यवस्था मन्त्रालय तथा भूमी तथा व्यवस्था विभागको क्रमश मिति २०६९।१।१० र २०५९।१।१२ को परिपत्रको आधारमा २०४३ सालदेखि विर्ता उन्मुलन ऐन, २०१६ तथा ऐ, नियमावली २०१७ बमोजिम कारवाही चलाई रहेको रै.प. परिणत गरी जग्गा दर्ता गरी पाउँ भन्ने विषयमा निवेदकहरुको निवेदन उपर निर्णय गरी श्री ५ को सरकारको नाउँमा दर्ता रहेको सम्पूर्ण कार्यहरु उत्प्रेषणको आदेशद्वारा बदर गर्ने ठहर्छ । अव निवेदक जिकीर बमोजिम निवेदकहरुबाट विपक्षी मालपोत कार्यालयहरुमा दर्ता भएका निवेदनहरु र सो संग सम्वन्धित प्रमाणहरुको आधारमा विर्ता उन्मुलन ऐन, २०१६ को दफा ७, ७(क) र ऐ नियमावली २०१७ को नियम ३(ग) तथा मिती २०६१।९।१२, खण्ड ५४, संख्या ३६ को राजपत्रमा प्रकासित सुचना अनुसार म्याद भित्र परेका निवेदनमा आवश्यक प्रकृया पुरा गरी निवेदन दावीका जग्गा दर्ता गर्ने सम्वन्धमा अविलम्व कानुन बमोजिम निर्णय गर्नु भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ" | मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०६७।१२।२४ मा र मालपोत कार्यालय चावहिलबाट मिति २०६७।१२।१ मा निज रामप्रसाद भट्टराई समेतबाट पेश भएका प्रमाणहरुको मूल्याँकन गर्दा निजहरुको माग दावी भित्रको जग्गा नपर्ने ठहर गरी माग दावीको जग्गाहरु नेपाल सरकारका नाममा दर्ता हाल साविक गर्ने निर्णय भै कार्य सम्पन्न भएको भन्ने **भूमिसुधार तथा व्यवस्था मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ४३. | ३४४८<br>(२०६३)<br>दिल्ला प्रजाको हकमा वृद्धि वहादुर प्रजा<br>विरुद्ध<br>प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | निवेदक यस कार्यालय समेत भएको सालको रिट नं. को परमादेश समेतको रिटमा श्री सर्वोच्च अदालतबाट "सरकारको जिम्मेवार निकायहरुबाट मानवीय कानुनका उल्लंघन गरी निर्दोष नागरिकहरुको हत्याको सम्वन्धमा पिडित शास्त्रीय (Victimology) दृष्टिकोणबाट पिडितको लागि उचित क्षतिपूर्तिको व्यवस्था गरी दण्डहिनताको अन्त्य गर्नुको साथै यस प्रकृतिका विवादहरुमा निष्पक्ष अनुसन्धान, तहकिकात र प्रभावकारी उपचारको लागि आवश्यक सल्लाह सुझाव प्रदान गर्ने निकायको व्यवस्था समेत गर्नको लागि आवश्यक सल्लाह सुझाव प्रदान गर्ने निकायको व्यवस्था समेत गर्नको लागि छुट्टै विस्तृत कानून (Comprehensive law) बनाउने तर्फ यथाशीघ्र पहल गर्नु । | २०६८।१०।१७ मा कानुन तथा न्याय मन्त्रालय र गृह मन्त्रालयमा कार्यान्वयनका लागि लेखी पठाइएकोमा हालसम्म तत्सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको । |
| ४४. | ११५२<br>( २०६३)<br>लेखनाथ न्यौपाने<br>विपक्षी<br>शिक्षा मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतसमेत | २०६७।११।९ शिक्षा मन्त्रालय | नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७(२) को निःशुल्क शिक्षा सम्बन्धी मौलिक हक र International Covenant On Economic Social and Cultural Right (ICESCR) १९६६ को धारा १३(२)(ख) को व्यवस्था अनुसार निजी लगानी र व्यवस्थापनबाट संचालित विद्यालय बाहेक सरकारी तथा सामुदायिक विद्यालयहरुमा माध्यमिक विद्यालय तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गर्नु र सोको लागि आवश्यक पर्ने तत्सम्बन्धी कानून समेत बनाउनु । | माध्यमिक विद्यालय तहसम्मको शिक्षा निःशुल्क रुपमा पाउने संविधान प्रदत्त मौलिक हकलाई कार्यान्वयन गर्न प्रत्येक बालबालिकालाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको अधिकार हुनेछ र नेपाल सरकारले सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई चरणबद्ध रुपमा निःशुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ । तर अपाङ्गता भएका व्यक्तिलाई माध्यमिक शिक्षा समेत निःशुल्क हुनेछ भन्ने सारवान व्यवस्थाहरु प्रस्ताव गरी शिक्षा ऐन, २०२८ लाई |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | संशोधन गर्न शिक्षा (आठौ संशोधन) विधेयक, २०६९, व्यवस्थापिका-संसद समक्ष प्रस्तुत भै संविधानसभाको विघटन पश्चात् शिक्षा (आठौ संशोधन) अध्यादेश जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट सम्मानानिय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत भएको र कक्षा १० सम्मको पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने गरिएको भनि **शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख** । |
| ४५. | ००४३<br>(२०६६)<br>अमर बहादुर राउत<br>विरुद्ध<br>प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतसमेत | मिति २०६८।५।३<br>गृह मन्त्रालय | कानूनमा स्नातक नभएकाहरुको हकमा सम्वद्ध विषयसंग सम्वन्धित कानून एवं न्यायिक प्रक्रियासम्बन्धी राष्ट्रिय न्यायिक प्रतिष्ठान वा मान्यता प्राप्त प्रशिक्षण संस्थाबाट कम्तिमा ३ महिनाको प्रशिक्षण प्राप्त गरेको व्यक्ति मध्येबाट छनौट गरी योग्य व्यक्तिलाई जिम्मेवारी दिन एक वर्षभित्र जो चाहिने आवश्यक व्यवस्था गरी अनिवार्य रुपमा कार्यान्वयन गर्नू गराउनू ।<br>प्रमुख जिल्ला अधिकारी लगायतका प्रशासकिय अधिकारीले एकल रुपमा प्रयोग गर्न सक्ने गरी विभिन्न नेपाल कानूनले हाल तोकेको फौजदारी मुद्दा हेर्ने क्षेत्राधिकारमा पुर्नविचार गरी उचित कानूनी र व्यवस्थापकिय प्रवन्ध गर्न भईरहेका कानूनी व्यवस्थामा अन्य के कस्तो सुधार र परिमार्जन गर्न आवश्यक हुन्छ भन्ने सम्बन्धमा नेपालको कानून प्रणाली, सामाजिक संरचना तथा यस सम्बन्धमा अन्य मुलुकको अभ्यास समेतको तुलनात्मक अध्ययन गरी छ | यस मन्त्रालयको तर्फबाट हाल ३० जना रा.प. प्रथम/द्धितिय श्रेणीका अधिकृतहरुको ३ महिने न्याय प्रशासन सम्बन्धी तालिम मिति २०६९।३।१ देखि शुरु भएको छ भन्ने **गृह मन्त्रालयको आ.ब.२०६९।०७० को** वार्षिक प्रतिवेदन ।<br>प्रमुख जिल्ला अधिकारी लगायतका प्रशासकिय अधिकारीले एकल रुपमा प्रयोग गर्न सक्ने गरी विभिन्न नेपाल कानूनले हाल तोकेको फौजदारी मुद्दा हेर्ने क्षेत्राधिकार सम्बन्धमा अध्ययन गरी नेपाल सरकार समक्ष राय, ठहर सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६८।११।२२ को निर्णयबाट प्रशासकिय अधिकारीको न्यायिक अधिकार अध्ययन समिति गठन भई उक्त |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | महिनाभित्र सुझाव दिन कानून, न्याय र प्रशासकिय क्षेत्रका विज्ञ सम्मिलित एक अध्ययन समिति गठन गरी सो समितिले दिएको सिफारिश समेतका आधारमा यथाशीघ्र तत्सम्बन्धी कानूनहरुमा सुधार गरी लागू गर्नु । | समितिले कार्य सम्पन्न गरी मिति २०६९ पौष महिनामा नेपाल सरकार समक्ष प्रतिवेदन पेश गरिसकिएको । |
| ४६. | ०८४०<br>(२०६६)<br>बलकृष्ण श्रेष्ठ<br>विरुद्ध<br>प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | मिति २०६७।११।९<br>गृह मन्त्रालय | कून कस्तो चाड, पर्व, दिवस वा उत्सवमा सार्वजनिक विदा दिनुपर्ने हो ? सो सम्बन्धमा निश्चित आधार वा मापदण्डहरुको निर्धारण गर्नू भनी निर्देशनात्मक आदेश जारी । | २०६८।११।२१ मा गृह मन्त्रालयमा कार्यान्वयनका लागि लेखी पठाइएकोमा प्रकृया अगाडी बढाईएको भन्ने गृह मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदनमा उल्लेख । |
| ४७. | ०७२३<br>(२०६६)<br>राजुप्रसाद चापागांई<br>वि.<br>सूचना तथा सन्चार मन्त्रालय समेत | २०६५।५।१६<br>सूचना तथा सन्चार मन्त्रालय | विज्ञापन सेन्सर बोर्डको गठन गरी लैङ्गिक मैत्री बिज्ञापन सम्बन्धमा रहेका कमी कमजोरी हटाई लैङ्गिक मैत्री बनाउने सम्बन्धमा सम्बन्धित क्षेत्रमा कार्यरत संघ संस्था, सरकारी निकायका प्रतिनिधि एवं लैङ्गिक न्याय एवं मानवअधिकारको क्षेत्रमा काम गर्ने संघ संस्था समेतको प्रतिनिधित्व हुने गरी समिति गठन गर्नु भनी मिति २०६५।५।१६ मा सुचना तथा सञ्चार मन्त्रालय समेतको नाममा परमादेश जारी | निर्णय कार्यान्वयनको प्रक्रियामा रहेको भन्ने **सूचना तथा सञ्चार मन्त्रालयको आ.ब. २०६९।७०** को वार्षिक प्रतिवेदनमा उल्लेख । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ४८. | १३१०<br>(२०६६)<br>दीपक भट्टराई समेत<br>हिमाल साउद<br>विरुद्ध<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६७।१०।१७<br>महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>अर्थ मन्त्रालय | देशभरीका दृष्टिबिहिन अपाङ्गहरुको छुट्टै लगत लिई खाद्य, आवास, स्वास्थ्य, शैक्षिक प्रतिष्ठान, सुरक्षा ब्रेललिपिमा पाठ्यपुस्तक, सीपमूलक तालिम, सूचना तथा सन्चार सहितका एकीकृत सामाजिक सुरक्षाको प्याकेज सहितका नीति निर्माणको अतिरिक्त दृष्टिबिहिन संरक्षण केन्द्रको पूर्वाधार विकास गरी दृष्टिबिहिन अपाङ्गहरुका लागि कल्याणकारी व्यवस्था कार्यान्वियन गर्नु, गराउनु । सो अपाङ्ग संरक्षण तथा कल्याण ऐनको प्रभावकारी कार्यान्वयन गर्नु, गराउनु र अपाङ्ग सेवा कार्ययोजना २०६० को राष्ट्रिय नीतिलाई थप परिमार्जन तथा समसामयिक बनाई कार्यान्वयन गर्नु, गराउनु भनी परमादेश जारी । | गाउँ विकास समिति र नगरपालिका मार्फत पूर्ण र आंशिक अपाङ्गहरुलाई भत्ता उपलब्ध गराउदै आइरहेको भन्ने **संघीय मामिला तथा स्थानियम विकास मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख भएको ।**<br>**शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख भएको तर कार्यान्वयनको अवस्था नखुलेको ।**<br>सो आदेश महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालयसंग सम्वन्धित देखिएकोले सो बमोजिम गर्न मिति २०६८।१२।३० मा त्यस मन्त्रालयमा लेखी पठाइएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदन ।** |
| ४९. | ०१८८<br>(०६८)<br>अधिवक्ता सुदर्शन सुवेदी<br>वि.<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६९।४।३०<br>प्र.मं.तथा मं.प.को कार्यालय,<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | १. अहिलेसम्म पहिचान र गणना भईसकेका अपाङ्गहरुलाई अपाङ्गताको अवस्था हेरी बेरोजगार र आयको श्रोत नभएका र वृद्ध अपाङ्गहरुलाई न्यूनतम् मासिक रु. ५००।- देखि रु.३,०००।- सम्म निर्वाह भत्ता दिने, दिलाउने व्यवस्था गर्नुपर्ने,<br>२. पहिचान भई गणना भईसकेका शारीरिक रुपले हिंडडुल समेत गर्न नसक्ने पूर्ण अशक्त वा पूर्णरुपले मानसिक विक्षिप्तताको अवस्थामा रहेको अति | मिति २०६९।५।१४ मा कार्यान्वयनका लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा लेखि पठाईएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | अपाङ्गलाई उचित हेरचाह गर्ने परिवार नभएका वा सो गर्न सक्षम परिवार नभएकालाई हेरचाह गर्ने व्यक्ति समेतको लागि न्यूनतम् निर्वाह भत्ताको रुपमा अवस्था अनुसार रु.३,०००।- देखि रु.५,०००।- सम्म मासिक विशेष भत्ता उपलव्ध गराउने,<br>३.अपाङ्गहरुको पहिचान, वर्गिकरण र तिनिहरुको समग्र हकहित समेत हेर्ने गरी प्रत्येक जिल्लामा एकजना समाजकल्याण अधिकृतको नियुक्ती गर्ने वा निजको काम गर्ने गरी नेपाल सरकारको कुनै अधिकृतलाई तोक्नु पर्ने,<br>४.उपरोक्त दफा १ र २ अनुसारको भत्ता र विशेष भत्ता यो आदेश प्राप्त भएको मितिदेखि लागू हुने गरी आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र उपलव्ध गराउनु पर्ने,<br>५.यो आदेश प्राप्त भएको मितिले ६ महिनाभित्र समाजकल्याण अधिकृत नियुक्त गरिसक्नु पर्ने,<br>६.उपरोक्त बमोजिमको कार्यहरु सम्पन्न गरी यो आदेश प्राप्त भएको मितिले सातौं महिनाभित्र आदेश कार्यान्वयन भएको जानकारी यस अदालतलाई गराउनु पर्ने । | |
| ५०. | ०२०२<br>(२०६८)<br>अधिवक्ता लीलामणी पौडेल<br>विरुद्ध<br>नेपाल सरकार, गृह मन्त्रालय समेत | २०६९।०२।१७<br>गृह मन्त्रालय | सामाजिक लोककल्याणकारी राज्यको अवधारणा अनुसार नागरिकहरुको लागि सेवा सुविधा उपलव्ध गराउनु पर्ने विषयमा देशको सार्वजनिक स्रोतको उपलव्धता प्रमुख रुपमा आउने भएपनि सरकारको महत्वपूर्ण कार्यभित्र यो कार्य अवश्य पनि पर्नु पर्दछ । | मिति २०६९।१०।९ मा गृह मन्त्रालयमा लेखि पठाईएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | नागरिकहरुको संविधान र कानुन अनुसार प्रत्याभूत गरेका अधिकारहरु सरकारबाट पूर्ति गर्ने प्रयास हर हालतमा गर्नु पर्दछ । जेष्ठ नागरिकहरुको हकमा सरकारको साधन स्रोतको कमी अगाडी आउन हुँदैन । कारागार ऐन, २०१९, जेष्ठ नागरिक ऐन, २०६३ तथा उक्त ऐनका नियमावलीहरुमा भएको कानूनी व्यवस्था मुताविक जेष्ठ नागरिक कैदीहरुको सजांय छुट र हेरचाह केन्द्रको स्थापना सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि उपयुक्त आवश्यक मापदण्ड, नीति, नियम र अनुगमन संयन्त्र समेतको निर्माण गर्न विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउंमा निर्देशनात्मक आदेश सहितको परमादेश जारी हुने ठहर्छ । | |
| ५१. | ००१० (०६९)<br>युवराज सुवेदी समेत<br>विरुद्ध<br>नेपाल सरकार, मन्त्रिपरषद् समेत | २०६९।८।२१<br>सामान्य प्रशासन मन्त्रालय,<br>बढुवा समिति | विपक्षी बढुवा समिति समेतले ऐनको दफा ६ को उपदफा (१क) को कानूनी व्यवस्थाको गलत व्याख्या गरी दफा १९ बमोजिम सचिव पदमा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवारहरुको छनौट गर्ने फराकिलो दायरालाई नै सीमित र संकुचित गर्ने गरेको देखियो । त्यसैले अब उप्रान्त सचिव पदमा बढुवा सिफारिस र बढुवा गर्दा सो को लागि योग्य र सम्भाव्य नेपाल न्याय सेवाका राजपत्रांकित प्रथम श्रेणीका अधिकृतहरुसमेतलाई बढुवाको प्रकृयामा समावेश गराई सिफारिस गर्नु, सो प्रयोजनको लागि न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणीका अधिकृतहरुको कार्य सम्पादन मूल्यांकन सहितको अभिलेख न्याय सेवा आयोग वा जो जो | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | संग बुझ्नुपर्ने हो बुझी मागी सचिव पदको बढुवाको लागि उम्मेदवार सिफारिस गर्ने निर्णय गर्नु र सो सिफारिसभित्र परेका उम्मेदवारहरु मध्येबाट दफा १९ बमोजिम निजामती सेवाको सचिव पदमा बढुवा गर्नु, गराउनु भनी विपक्षीहरुको नाममा परमादेश जारी । | |
| ५२. | ०२१८<br>(०६३)<br>प्रकाशमणि शर्मा समेत<br>विरुद्ध<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६९।८।१२<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>र<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(१) अनुसार प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बांच्ने हक हुनेछ भनी मौलिक हकको रुपमा प्रत्याभूति गरिएको हुनाले एक पटक प्रयोगमा आएका सिरिन्ज, प्याड, आइभी सेट लगायत रगतको संक्रमण परेका फोहोरजन्य वस्तु अटोक्लेभ मेसिनमा राखेर निर्मलीकरण गरेपछि मात्र किटाणुरहित हुने हुंदा जनस्वास्थ्य एवं पर्यावरणका लागि अत्यन्त हानिकारक मानिने चिकित्साजन्य फोहोरमैलाको संकलन, ढुवानी, वर्गिकरण, फोहोर न्यूनिकरण, निर्मलीकरण, विर्सजन तथा स्वास्थ्य सुरक्षा लगायत फोहोर व्यवस्थापन सम्बन्धी महत्वपूर्ण विषयहरुलाई समेट्ने गरी वातावरण संरक्षण ऐन, २०५३ को दफा २४ बमोजिम चिकित्साजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी यस अदालतको आदेशानुसार गठित समितिले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष मिति २०६९।१।३१ मा दिएको प्रतिवेदन सहितको उल्लिखित सुझावहरु जनताको स्वास्थ्यसंग प्रत्यक्षरुपले सम्बन्धित रहेको देखिंदा यथासम्भव चांडै छुट्टै नियमावली बनाई लागू गर्नु भनी विपक्षीहरुका नाममा परमादेश जारी । | मिति २०६९।११।१ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखि पठाइएको ।<br>चिकित्साजन्य फोहर मैला व्यवस्थापन सम्वन्धी छुट्टै नियमावली बनाउन बातावरण तथा प्रविधी मन्त्रालयबाट पहल भइरहेको र सो कार्यको लागि यस मन्त्रालयको तर्फवाट प्रतिनिधी तोकि पठाई सकिएको भनी **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>फोहरमैला व्यवस्थापन नियमावली, २०७० लागू भएको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ५३. | ००१७<br>(२०६७)<br>अधिवक्ता सरोजराज प्याकुरेल<br>विरुद्ध<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६७।१०।२४<br>गृह मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | देहाय बमोजिम आदेश जारी :<br>१. सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२ बमोजिम संलग्न भएका विभिन्न निवेदनहरु मध्ये Pro-public को निवेदन बाहेक अन्य Intervener का हकमा माथि व्यक्त भएको निर्णयबाट नै माग Address भएको छ । तर Pro-public ले उठाएको एकल महिलाले नागरिकताको प्रमाणपत्र नपाएको कारणबाट मतदाता नामावलीमा नाम समावेश गर्नबाट बन्चित हुनु हुंदैन भन्ने माग जायज देखिन्छ । सो माग यो निवेदनबाट पूर्ण रुपमा पूरा हुन सक्दैन तर नेपाली नागरिक एकल महिला भएकै कारण मतदान गर्न र चुनावमा उम्मेदवार बन्ने हकबाट बन्चित हुनु हुंदैन । संविधानले महिला, पुरुष र तेस्रो लिंगीलाई लिंगको आधारमा भेदभाव गर्न नहुने व्यवस्था गरेको र नेपाल CEDAW मा पक्ष भएको कारण एकल महिलाले आफ्नो इच्छा अनुसार नेपाली नागरिकता पाउनु पर्ने हुंदा यसतर्फ आवश्यक व्यवस्था गर्नु,<br>२. नेपाल पक्ष भएको महासन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुने व्यवस्था नेपाल सन्धि ऐन, २०४७ मा रहेको छ । यो व्यवस्था हुनुपनि पर्दछ । किनभने कानूनको शासन हुने देशमा त्यस्तो देशले अन्तर्राष्ट्रिय कानूनप्रतिको र मानवअधिकारप्रतिको आफ्नो प्रतिवद्धताबाट विचलित हुनु हुंदैन । नेपाल २० भन्दा बढी मानव | यस सम्बन्धमा सर्वोच्च अदालतको आदेशहरु कार्यान्वयन भईरहेको र कुनै पनि एकल महिलाले आफ्नो इच्छअनुसार नागरिकता नपाएको भन्ने गुनासोहरु कही कतैबाट प्राप्त नभएकोले घुम्ती टोलीबाट समेत कार्यान्वयन भईरहेको बुझिएको भन्ने **गृह मन्त्रालयको आ.ब. २०६९।७०** को वार्षिक प्रतिवेदनमा उल्लेख ।<br>उक्त आदेश गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो सम्बन्धमा आवश्यक कारवाही गर्नु भनी मिति २०७०।३।२६ मा गृह मन्त्रालयमा पत्राचार गरिएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | अधिकार सम्बन्धी महासन्धिमा पक्ष भएको कारण गत २० वर्षदेखि यस अदालतले नेपाल सन्धि ऐन, २०४७ को दफा ९ लाई टेकेर मानवअधिकार सम्बन्धी महासन्धिहरुको व्यवस्था लागू गर्दै आएको छ । कुनै कुनै महासन्धिका व्यवस्थाहरु नेपाल कानूनसंग मेल नखाने पनि छन् । उदाहरणका लागि CRC को नाबालकको परिभाषा र नेपाल कानूनको नाबालकको परिभाषाको उमेर फरक छ । हाम्रो संविधानको धारा १ ले Constitutional Supremacy भनेको र हाम्रो संसद कानून निर्माण गर्ने काममा Sovereign भएको हुंदा नेपाल पक्ष भएको महासन्धिको व्यवस्था Enabling Legislation मार्फत लागू गर्दा संविधानको धारा १ संग Harmonious हुन जाने हुनाले यसतर्फ समेत आवश्यक कानूनी व्यवस्था मिलाउनु, र<br>३.प्रचलित नेपाल कानून बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य व्यक्तिहरुलाई नागरिकताको प्रमाणपत्र दिने प्रभावकारी व्यवस्था मिलाई मतदाता नामावली संकलन गर्ने व्यवस्था मिलाउनु भनी निर्देशनात्मक आदेश जारी । | |
| ५४. | ११३६<br>(०६७)<br>अधिवक्ता राजाराम श्रेष्ठ<br>विरुद्ध<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६९।२।२४<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ९(४) ले जेष्ठ नागरिकहरुलाई प्रदान गरेको सुविधा चांडो उपलव्ध गराउने आवश्यक व्यवस्था मिलाउनु भन्ने परमादेश जारी । | मिति २०७०।१।२० मा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा लेखि पठाइएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ५५. | ०५६५ (०६५)<br>हिरामणी चापागाई वि. शिक्षा मन्त्रालय समेत | २०६६।१०।२४ मा शिक्षा मन्त्रालय समेतका नाममा आदेश जारी । | शिक्षा ऐन, २०२८ मा भएको २०६३ सालको संशोधनले दफा ११(च) को उपदफा १(घ) मा समावेश गरेको कानूनी व्यवस्था बमोजिम सामुदियक विद्यालयमा रिक्त हुन आएका शिक्षाक पदहरु अस्थायी रुपमा पूर्ति गर्ने कार्य अबिलम्ब अन्त्य गरी प्रत्येक बर्ष विज्ञापन गरी ६ महिनाभित्र स्थायी रुपमा पदपूर्ति गर्ने व्यवस्था गर्नु गराउनु र ऐनमा भएको उपरोक्त व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरिदिएको । | शिक्षक सेवा आयोग नियमावली, २०५७ मा संशोधन भई शिक्षक सेवा आयोगबाट मिति २०६९।९।२० गते रिक्त शिक्षक दरवन्दीमा स्थायी शिक्षक सिफारिसका लागि विज्ञापन भै परिक्षा समेत सम्पन्न भैसकेकोले लगत कट्टाको लागि लेखि पठाईएको भनि **शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदन ।** |
| ५६. | ०५६६ (०६५) टिका बहादुर घर्तीक्षेत्री समेत वि. शिक्षा मन्त्रालय समेत | २०६६।१०।२४ मा शिक्षा मन्त्रालय समेतका नाममा आदेश जारी । | शिक्षा ऐन, २०२८ मा भएको २०६३ सालको संशोधनले उक्त ऐनको दफा ११(च) पछि थप गरिएको उपदफा १(ग) मा भएको उपदफा (१क) र (१ख) बमोजिमको प्रतियोगिताबाट स्थायी हुन नसकेका शिक्षकहरु मध्ये पाँच बर्ष भन्दा बढी अवधि अस्थायी शिक्षकको रुपमा काम गरेका शिक्षकलाई नेपाल सरकारले तोकेबमोजिमको सुविधा दिन सकिने व्यवसथा बमवजिम त्यस्ता अस्थायी शिक्षकलाई के के सुविधाहरु दिन सकिने हो शिक्षा ऐन, २०२८ को दफा ११(च) को उपदफा (१) प५ थप गरिएको उपदफा (१ग) सम्बन्धमा तुरुन्त निर्णय गरी त्यस्ता सुविधा दिने दिलाउने व्यवस्था गर्नु गराउनु भनी विपक्षीहका नाममा परमादेशको आदेश जारी गरिदिएको । | तोकिए बमोजिम अस्थायी शिक्षकलाई दिने सुविधा सम्बन्धमा ऐनमा नै स्पस्ट व्यवस्था गर्ने गरी शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न शिक्षा (आठौ संशोधन)विधेयक, २०६९,व्यवस्थापिका-संसद समक्ष प्रस्तुत भै संविधानसभाको विघटन पश्चात शिक्षा (आठौ संशोधन) अध्यादेश जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट सम्माननिय राष्ट्रपतीज्यू समक्ष प्रस्तुत् भएको भनि **शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदन ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ५७. | २७१<br>(०६६)<br>रामेश्वरप्रसाद यादव | शिक्षा मन्त्रालय | प्रस्तुत निवेदन पत्रका सम्बन्धमा राजनैतिक भावनाबट प्रेरित व्यक्तिगत मानसिकताको उपज भएकोले निवेदन खारेज गरी पाउँ भनी लिखित जवाफ परेको र निवेदकलाई यस्तो निवेदन पेश गर्ने हकदैया छैन भनी विपक्षी तर्फका विद्वान अधिवक्ताले बहस प्रस्तुत गर्नु भएकोमा सार्वजनिक सरोकारको विषयमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १० नं. बमोजिम अदालतको अनुमति लिई निवेदक रामेश्वरप्रसाद यादवले सरकारबाट प्रदान गरिएको शिक्षक राहत कोटा समान वितरण होस भन्ने उद्देश्य लिई प्रस्तुत निवेदन पत्र दायर गरेको देखिन्छ । निज निवेदक शिक्षक पदमा कार्यरत नेपाली नागरिक भएको कुरामा विवाद देखिंदैन र प्रचलित नेपाल कानूनको अधीनमा रही कानूनको अगाडि समानता र कानूनको समान संरक्षणबाट कुनै नागरिकलाई पनि इन्कार गरिने छैन भनी नागरिक अधिकार ऐन, २०१२ को दफा ३ को कानूनी व्यवस्था प्रस्तुत विवादमा आकृष्ट हुने देखिएको र मुलुकी ऐन, अ.बं. १० नं. अनुसार अदालतले अनुमति प्रदान गरिसकेको विषयमा निवेदकलाई निवेदन पेश गर्ने हकदैया नै नभएकोले निवेदन खारेज होस् भन्ने विपक्षी तर्फको जिकिर र बहस बुँदासँग सहमत हुन सकिएन । अब, जिल्ला शिक्षा समितिका तत्काल कायम | फैसला कार्यान्वयनका लागि जिल्ला शिक्षा कार्यालय, रौतहटलाई लेखी पठाईएको **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक मानिने हुँदा सोही आधारमा समितिले राहत कोटा वितरण गर्न पाउनु पर्ने हो भनी शिक्षा नियमावली, २०५९ को नियम १९-५) उल्लेख गरी लिखित जवाफ पेश भएको सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दामा जिल्ला शिक्षा समितिको अरु काम, कर्तव्य र अधिकार भन्दा पनि कोटा वितरण प्रक्रियामा विवाद देखिएकोमा सो प्रयोजनको लागि पदेन पदाधिकारीको बैठकले मात्र उक्त अधिकार प्रयोग गर्न पाउने हो, होइन भन्ने कुरा नै विचारणीय देखिन्छ । उक्त नियम १९(५) मा उल्लेख भएको, तत्काल कायम रहेका भन्ने वाक्यांशले समितिमा मनोनीत हुनुपर्ने शिक्षाविद् तथा शिक्षासेवी मनोनयन गर्नै नपर्ने भनी अर्थ गर्न नमिल्ने देखिन्छ । किनभने शिक्षा नियमावलीको नियम २, १८ र १९ मा सदस्यता कायम रहने वा नरहने अवस्थाबारे कुनै कुरा उल्लेख नभएपनि शिक्षा ऐन, २०२८ को दफा ११घ. मा शिक्षा आयोगका सम्बन्धमा भएको कानूनी व्यवस्था अवलोकन गर्दा कुनै सदस्यको पदावधि वा उमेर पूरा भएमा राजिनामा स्वीकृत भएमा वा निजको मृत्यु भएमा सदस्यता कायम नरहने भनी उल्लेख भएको देखिंदा अन्यथा व्यवस्था नभएसम्म | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | जिल्ला शिक्षा समितिमा पनि त्यस्तै कारणलाई सदस्यता कायम रहेको वा नरहेको भनी अर्थ लाग्ने देखियो । यस्तोमा विपक्षीहरूबाट जिल्ला शिक्षा समितिमा मनोनित हुनुपर्ने विविध क्षेत्रका सदस्यहरू मनोनित नै नगरी खाली राखेको स्थितिमा सो रिक्त सदस्यहरूलाई तत्काल कायम नरहेको भनी विपरीत अर्थ गर्न नमिल्ने देखिन्छ । त्यसो हुँदा जिल्ला शिक्षा समितिमा मनोनित सदस्यहरू मध्ये उपरोक्त विविध कारण -जस्तैः पदावधि सकिएको, राजिनामा दिएको वा मृत्यु भएको) बाट कुनै सदस्य रिक्त भएको स्थितिमा मात्र नियम अनुसार तत्काल कायम रहेका सदस्य संख्याको गणना हुन सक्ने हुँदा निवेदक रामेश्वप्रसाद यादवले खडा गरेको शिक्षक राहत कोटा वितरण गर्ने अधिकारको सम्बन्धमा विपक्षी पदेन सदस्यहरूलाई मात्र समिति बैठकको गणपूरक संख्या मानी सो विषयमा निर्णय गर्ने काम, कर्तव्य र अधिकार रहे भएको देखिन आएन । अतः प्रस्तुत निवेदन माग दावीका सम्बन्धमा विपक्षीहरूको लिखित जवाफ कानून संगत नदेखिएकाले उपरोक्त प्रकरणमा उल्लेखित आधार, कारणहरूबाट शिक्षा ऐन, २०२८ को दफा ११(२) अनुसार मनोनित सदस्यहरू मनोनयन गरेपछि मात्र शिक्षक राहत कोटा वितरण गर्नु भनी | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | निवेदन माग बमोजिम जिल्ला शिक्षा समिति, रौतहट लगायतका विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ठहर्छ । | |
| ५८. | ००२८ (२०६७)<br>निवेदक ध्रुवप्रसाद चौलागाई वि. शिक्षा मन्त्रालय | २०६८।४।२६<br>शिक्षा मन्त्रालय | शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ का उपरोक्त व्यवस्थाहरु अध्ययन गरी हर्दा सामुदायिक विद्यालय, संस्थागत विद्यालय र शैक्षिक गुठी (सार्वजनिक वा निजी) अन्तर्गत सञ्चालित विद्यालय गरी तीनै प्रकारका विद्यालयहरुले विद्यार्थीसँग लिने विभिन्न किसिमका शुल्कसम्बन्धी प्रावधानहरु समावेश भएको देखिन्छ । शिक्षा ऐन र नियमावलीले व्यवस्था गरेको तीन प्रकारका विद्यालयहरु मध्ये राज्यद्वारा सञ्चालित सामुदायिक विद्यालयले प्रदान गर्ने माध्यमिक तहसम्मको शिक्षा अन्तरिम संविधान, २०६३ को धारा १७(२) बमोजिम निःशुल्क हुनुपर्नेमा शिक्षा ऐन र नियमावलीका उपरोक्त व्यवस्थाहरुले प्राथमिक तहसम्मको शिक्षालाई मात्र निःशुल्क गरी निम्न माध्यमिक र माध्यमिक तहका लागि शुल्क लिने व्यवस्था गरेकाले शिक्षा ऐन २०२८ र शिक्षा नियमावली, २०५९ का उपरोक्त प्रावधानहरु संविधानसँग बाझिएका छन् भन्ने निवेदकको कथन रहेको छ । शिक्षा ऐन, २०२८ को दफा १६घ तथा शिक्षा नियमावली, | माध्यमिक विद्यालय तहसम्मको शिक्षा निःशुल्क रुपमा पाउने संविधान प्रदत्त मौलिक हकलाई कार्यान्वयन गर्न प्रत्येक बालबालिकालाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको अधिकार हुनेछ र नेपाल सरकारले सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई चरणबद्ध रुपमा निःशुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ । तर अपाङ्गता भएका व्यक्तिलाई माध्यमिक शिक्षा समेत निःशुल्क हुनेछ भन्ने सारवान व्यवस्थाहरु प्रस्ताव गरी शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न शिक्षा (आठौं संशोधन) विधेयक, २०६९, व्यवस्थापिका-संसद समक्ष प्रस्तुत भै संविधानसभाको विघटन पश्चात् शिक्षा (आठौं संशोधन) अध्यादेश जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | २०५९ को नियम १४७ र १४६ का उपरोक्त प्रावधानहरुले राज्यद्वारा सञ्चालित सामुदायिक विद्यालयद्वारा प्रदान गरिने प्राथमिक तहसम्मको शिक्षालाई निःशुल्क घोषणा गरेको र निम्न माध्यमिक र माध्यमिक तहको शिक्षालाई निःशुल्क नगरी उक्त तहहरुमा सामुदायिक विद्यालयले पनि शुल्क लिन पाउने व्यवस्था गरेको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७(२) ले माध्यमिक तहसम्मको शिक्षालार्य निःशुल्क घोषणा गरेको सन्दर्भमा सामुदायिक विद्यालयमा प्राथमिक तहसम्मको शिक्षालाई मात्र निःशुल्क गरी निम्न माध्यमिक र माधयमिक तहका लागि शुल्क लिने गरेको शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ का उपरोक्त व्यवस्थ्ाहरु संविधानको धारा १७(२) सँगबाँझिएका छन् भन्ने निवेदकको जिकीरका सम्बन्धमा विचार गर्दा, नेपालको अन्तरिम संविधान २०६३ को धारा १७(२) ले प्रदान गरेको निःशुल्क शिक्षाको हक निरपेक्ष रहेको देखिदैन । "कानूनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ" भन्ने शब्दावली प्रयोग भएको देखिँदा निःशुल्क शिक्षाको हक राजनैतिक तथा नागरिक हक जस्तो नकारात्मक हक (Negative Right) नभई | सम्मानिनय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत् भएको र कक्षा १० सम्मको पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने गरिएको । उल्लिखित व्यवस्थाबारे विधेयकको प्रति सहित राखी लगतकट्टाका लागि श्री सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयलाई अनुरोध गरिएको **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | सकारात्मक हक (Positive right) को रुप्मा संविधानमा प्रत्याभूत भएको देखिन्छ । अर्थात् नागरिकहरुको निःशुल्क शिक्षा पाउने हकले राज्य उपर कुनै नकारात्मक दायित्व (Negative restraint) को सिर्जना गर्ने नभई सकारात्मक दायित्व (Positive obligation) को सिर्जना गर्ने भएको हुँदा नागरिकहरुलाई उक्त हकको उपभोग गराउनका लागि राजयका तर्फाट कुनै सकारात्मक काम र आर्थिक लगानी गर्नुपर्ने कुरामा दुईमत हुन सक्तैन । यसरी उक्त हकको प्रचलन गराउनका लागि राज्यले आर्थिक लगानी गर्नु अत्यावश्यक हुने र देशको आर्थिक स्रोत साधनको परिचालन तथा विनियोजनको प्रश्न समावेश हुने यस्तो राष्ट्रिय महत्वको विषयकमा राष्ट्रिय विधायिकाको स्वीकृति र र्समर्थन आवश्यक पर्ने हुँदा निःशुल्क शिक्षाप्राप्त गर्ने नागरिकको हकलाई "कानून बमोजिम" भन्ने शब्दावली प्रयोग गरी संविधानले नै शर्तात्मक बनाएको देखिन्छ । यसरी रायका तर्फाट सञ्चालित सामुदायिक विद्यालयहरुमा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने नागरिकहरुको हक निरपेक्ष हक नभई सापेक्षिक हक भएको र उक्त हक विधायिकाद्वारा निर्मित कानूनद्वारा सुनिश्चित हुने संवैधानिक प्रावधान रहेको हुँदा विधायिकाबाट सो सम्बनधी | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | कानून बन्नु उक्त हकको उपभोगका लागि पूर्व शर्तको रुपमा सुन्निहित रहेको देखिन आउँछ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २६(१) मा Everyone has the right education education shall be free at least in the elementary and fundamental stages भनी शिक्षालाई निःशुल्क बनाउनु पर्ने कुरामा जोड दिएको पाइन्छ । त्यस्तै आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धि अन्तर्रराष्ट्रिय अनुबन्ध १९६६ को धारा १३(२)(ख) मा Secondary education in its different forms, including technical and vocational secondary education, shall be made generally available and accessible to all by every appropriate means, and in particular by the progressive introduction of free education भनी माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क तुल्याई शिक्षालाई सबैका लागि प्राप्य र पहुँचयोग्य तुल्याउनु पर्ने दायित्व राज्यउपर निर्धारण गरिएको पाइन्छ । सामुदायिक विद्यालयहरुमा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गनुपर्नेमा शुल्क लिने व्यवस्था गरेको शिक्षा ऐन, २०२८ को दफा १६(घ) तथा शिक्षा नियमावली २०५९ को नियम १४६ र १४७ का प्रावधानहरु नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७(२) सँग बाझिएको भन्ने निवदेकको दावीरहेको छ । निवेदकले चुनौती दिएका शिक्षा ऐन, | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | २०२८ र शिक्षा नियमावली २०५९ का उल्लेखित प्रावधानहरु नेपालको अन्तरिम संविधान २०६३ जारी हुनु पर्व देखि नै अस्तित्वमा रहेका (pre constitutional laws) देखिन्छन् भने संविधानको धारा १७(२) को प्रावधानबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षाको हकलाई साकार तुल्याउने कानून विधायिकाबाट बनेकै देखिँदैन । यसरी निवेदकले चुनौती दिएका कानूनी प्रावधानहरु संविधानपूर्व नै जारी भएका र संविधानको धारा १७(२) सँग बाझिएको भन्न मिल्ने अवस्था रहँदैन । तथापि संविधानको धारा १७(२) अनुसार सामुदायिक विद्यालयमा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने नागरिकहरुको मौलिक हकलाई साकार तुल्याउन सो सम्बन्धी कानून बनाउनु पर्ने अपरिहार्यतालाई भने राज्यले नजरअन्दाज गर्न सक्ने देखिँदैन । उपरोक्त बमोजिम विधायिकाद्वारा कानून निर्माण गर्दा पनि र्सवप्रथम "निःशुल्क शिक्षा" शव्दावलीकै स्पष्ट परिभाषा गर्नु जरुरी हुने देखिन्छ । विद्यालयहरुद्वारा विद्यार्थीहरुका लागि सञ्चालन हुने के कस्ता क्रियाकलापहरु "शिक्षा"अर्न्तगत पर्दछन् र ती मध्ये सबै वा के कस्ता कुराहरु "निःशुल्क" हुने हुन् भन्ने कुराको स्पष्ट उल्लेखन त्यस्तो कानूनमा हुनु वाञ्छनीय देखिन्छ । निःशुल्क शिक्षा | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | अन्तर्गत पढाइ शुल्क (tuition fee) मात्र पर्दछ वा पाठ्यपुस्तक, प्रयोगशाला, पुस्तकालय, मसलन्द, विद्यालय भवन, फर्निचर, मर्मत सम्भार लगायतका भौतिक पूर्वाधारसम्बन्धी शुल्क तथा स्वास्थ्य र खेलकूदजस्ता अतिरिक्त क्रियाकलापसम्बन्धी विषयहरु समेत पर्दछन् भन्ने सम्बन्धमा त्यस्तो कानूनमा स्पष्ट उल्लेख हुनु वाञ्छनीय हुन्छ । अतः माथि विवेचना गरिएअनुसार निवेदकले चुनौति दिएका शिक्षा ऐन, २०२८ को दफा १६घ तथा शिक्षा नियमावली, २०५९ को नियम १४७ र १४६ का कानूनी व्यवस्थाहरु नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७(२) सँग बाझिएको भन्ने देखिन नआएकोले अमान्य र बदर घोषित गरिरहन परेन । राज्यले नागरिकहरुलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउने संविधानको धारा १७(२) को संवैधानिक प्रतिबद्धता विधायिकाद्वारा सो सम्बन्धी कानून नबनेसम्म साकार हुन नसक्ने देखिएको र सो सम्बन्धी कानून हालसम्म बनेको नदेखिएको हुँदा निःशुल्क शिक्षाको स्पष्ट परिभाषा गरी संविधानको मर्म र भावनाअनुकूल माध्यमिक तहसम्मको शिक्षालाई गुणस्तरीय, र्सवसुलभ, पहुँचयोग्य र निःशुल्क तुल्याउन उपयुक्त | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | कानून निर्माण गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा परमादेश जारी गरिएको छ । | |
| ५९. | ३१५८/२०६०<br>हरिहर कार्की | २०६४।८।१७<br>जनसंख्या तथा वातावरण मन्त्रालय | इजाजतपत्र रद्द गर्ने सम्बन्धमा उजुरी निवेदन परेको र सो जिल्ला विकास समितिको क्षेत्राधिकार भित्रको विवाद भएकाले ढुंगाखानीको संचालनको इजाजतपत्र रद्द गर्ने उजुरीको सम्बन्धमा खानी सचालन गर्दा देखिने विविध प्रकृतिका प्रतिकुल असरका सम्बन्धमा र वातावरण संग सम्बन्धित विद्यमान कानूनहरुको समेत अध्ययन गरी गराई यथासम्भव छिटो निर्णय गर्नु भनि विपक्षी जिल्ला विकास समिति ललितपुरका नाउँमा परमादेशको आदेश जारी | खानी विकास समितिको मिति २०६६।२।६ को निर्णयानुसार खानी क्षेत्रको प्राविधिक एवं वातावरणीय लगायतका पक्षमा विस्तृत अध्ययनका लागि जिल्ला वन कार्यालय ललितपुरको संयोजकत्वमा प्राविधिक उपसमिति गठन भई उक्त उपसमितिबाट सो स्थानमा ढुंगा खानी सञ्चालन गर्न उपयुक्त नदेखिने भनी मिति २०६६।४।१९ मा प्रतिवेदन पेश भएको । जिल्ला वन कार्यालय ललितपुरको मिति २०६७।८।१५ को पत्रबाट उक्त स्थानमा खानी सञ्चालन गर्न उपयुक्त नहुने भन्ने व्यहोराको सिफारिश प्राप्त भएको । मिति २०६७।१२।२१ को खानी विकास समितिको बैठकबाट खानी सञ्चालकलाई खानी रद्द गर्न नपर्ने मनासिव माफिकको कारण भए पेश गर्ने मौका दिने भन्ने निर्णय भई सोही बमोजिम जि.वि.स. बाट खनी सञ्चालकका नाममा मिति २०६७।१२।२३ मा पत्राचार गरिएको । तोकिएको समयावधिभित्र खानी सञ्चालक उपस्थित नभएको, साथै स्थानीय जनता एवं सामुदायिक वन उपभोक्ता |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | समितिहरुको लिखित उजुरी, जिल्ला वन कार्यालयको सिफारिश पत्र, प्राविधिक अध्ययन टोलीको राय सुझाव समेतका आधारमा गोरख प्रकाश थापाको नाममा कायम रहेको ढुंगा खानी अनुमतिपत्र खारेज गर्न उपयुक्त देखिएकोले खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ३८(२) बमोजिम खानी तथा भूगर्भ विभागको सहमति लिई जिल्ला विकास समिति ललितपुरको मिति २०७०।१।२७ को निर्णयानुसार खानीको अनुमति पत्र रद्द गरिएको । |
| ६०. | ०६४६/२०६३<br>सोम प्रसाद लुइटेल | २०६५।१।१४<br>**कार्यक्षेत्र** गृह, कारागार व्यवस्थापन विभाग । | थुनुवा र कैदीलाई अलग अलग कारागारमा राख्नु सो सम्भव नभए थुनुवा र कैदीलाई एक अर्कोबाट छुट्याई भिन्न भिन्न भागमा राख्न लगाउनु भनी **परमादेश** जारी । | |
| ६१. | ०७१९/२०६४<br>प्रेम बहादुर खड्का समेत | २०६५।९।२३<br>प्र.म.तथा म.प.को.का.समेत | रोजगारीको हक कार्यान्वयन गर्न आवश्यक पर्ने विधेयक यो आदेश प्राप्त भएको मितिले १ वर्ष भित्र व्यवस्थापिका संसद समक्ष पेश गर्नु भनी **परमादेश** जारी । | |
| ६२. | ३५६४/०६३<br>प्रकाशमणी शर्मा | ०६४।१।२५<br>**कार्यक्षेत्र** महिला बालबालिका तथा महिला मन्त्रालय, मन्त्रीपरिषदको कार्यालय । | शारिरीक रुपमा भिन्न भएका व्यक्ति वा समुदायको हित संरक्षणको लागि सम्वन्धित सामाजिक संघ संस्थाको प्रतिनिधी समेत सामेल गराई विशेषज्ञ समेत रहेको सरकारी प्रतिनिधीको संयोजकत्वमा समिति गठन गरी निश्चित मापदण्डको आधारमा योजना नीति तय गर्ने सम्वन्धमा राय प्रतिवेदन लिई सो को आधारमा संविधान र | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | ऐनले निदिष्ट गरेको अपाङ्गहरुको हित संरक्षण र सेवा सुविधा सुनिश्चित गरी लागु गर्नु गराउनु र त्यसको प्रतिवेदन त्यस अदालतलाई ६/६ महिनामा दिदै जानु भनी **परमादेश** जारी । | |
| ६३. | ००२०/२०६७<br>सुनिल रञ्जन सिंह | २०६८।०५।०१<br>गृह मन्त्रालय | "बिभूषण नियमावलीको नियम ३८ ले दिएको अधिकार भनी नेपाल सरकार मन्त्रि परिषद्को निर्णय अनुसार खण्ड ६०, संख्या १९ भाग ५ को राजपत्रमा मिति २०६७।५।७ मा प्रकाशित नेपाल सरकार गृह मन्त्रालयको सूचना तोकिएको नेपाली पोशाक र सो को द्रष्टव्यमा गरिएको नेपाली पोशाकको परिभाषा संवैधानिक व्यवस्था विपरीत हुनुको साथै हाम्रो संविधानले आत्मसात गरेको मूल्य मान्यता समेतको विपरीत देखिएकोले उक्त राजपत्रमा उल्लिखित नेपाली पोशाक भनी गरिएको व्यवस्था तथा सो संग सम्बन्धित द्रष्टव्य समेत उत्प्रेषणको आदेशले प्रारम्भ देखि नै बदर गरी दिएको छ । अब पुनः संवैधानिक व्यवस्था र संविधानले स्थापित गरेको बहुजातीय, बहुधार्मिक, बहुभाषिक एवं बहुसांस्कृतिक विशेषतायुक्त हाम्रो राष्ट्रिय एकता, अखण्डता तथा लोकतान्त्रिक मूल्य मान्यतालाई ध्यानमा राखी सो सम्बन्धी व्यवस्था गर्नु भनी विपक्षीहरुका नाउँमा परमादेश जारी हुने ठहर्छ | |
| ६४. | १३३३/२०६६<br>सुकदेव राय यादव | २०६९।१।५<br>गृह मन्त्रालय | "प्रस्तुत मुद्दामा र यस्तै विषयमा नेपाल सरकार मन्त्री परिषदबाट सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को दफा २९ को प्रयोग पटक पटक गरी मुद्दा फिर्ता लिने गरेको देखिएको र सो प्रयोगमा विविध र परस्पर विरोधी आधारहरु लिने गरेको देखिएकोले निम्न कुराहरुमा ध्यान दिएर मात्रै उक्त दफा २९ | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | को प्रयोग तर्फ विचार गर्नु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेतका नाममा र हाल विचाराधिन रहेका मुद्दामा विपक्षी बारा जिल्ला अदालतले निर्णय गर्दा पनि सो बमोजिम विचार गर्नु भनी विपक्षी बारा जिल्ला अदालतका नाममा समेत परमादेशको आदेश समेत जारी हुने ठहर्छ । "<br>नेपाल सरकारले जारी गरेको सरकार वादी हुने फौजदारी मुद्दाहरु फिर्ता लिने सम्वन्धमा अपनाउनु पर्ने नीतिगत मापदण्ड र कार्यविधि २०५५ को मापदण्डको प्रकरण ४ मा उल्लेखित अपराधहरुका अतिरिक्त गम्भीर प्रकृतिका नियतवश गरेको हत्या, राज्य विरुद्धका अपराध, युद्ध अपराध, मानव अधिकार र क्रुर र अमानवीय प्रकृतिका मानवता विरुद्धको अपराध, संगठित अपराध, महिला एवं बालबालिका विरुद्धको अपराध, जाती हत्या, सार्वजनिक हक विरुद्धको अपराध जस्ता अपराधमा जुनसुकै सौदा गरी मुद्दा फिर्ता लिने निर्णय नगर्नु,<br>दायर रहेको मुद्दालाई फिर्ता गर्नु पर्ने निर्णय गर्नु अघि सो गर्नुपर्ने मुनासिव कारण सम्वन्धमा मुद्दा चलाउने महान्यायाधिवक्ता वा अन्तर्गतको अभियोक्तासंग पनि परामर्श गरी मात्र मुद्दा फिर्ता गर्ने निर्णयको परिपाटी विकाश गर्नु,<br>मुद्दा चलाइएको कानूनमा पिडितले क्षतिपूर्ति समेत पाउने व्यवस्था रहेकोमा मुद्दा फिर्ता लिँदा सो क्षतिपूर्ति पाउने कुरामा प्रतिकुल असर नपर्ने व्यवस्थामा विचार पऱ्याउनु ,<br>जसको हकमा मुद्दा फिर्ता लिने हो सो व्यक्तिले अदालतबाट जारी भएको म्यादमा हाजिर नभई फरार रहेको अवस्थाको प्रतिवादीको | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको छोटो व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | हकमा फिर्ता सम्वन्धी विचार नगर्नु ,<br>घटनाबाट पिडित हुने भनेको जाहेरवाला वा पिडितलाई मुद्दा फिर्ताको सुनुवाई प्रकृयामा सहभागी हुन सक्ने गराउन सुचना दिई निजलाई आफ्नो कुरा भन्ने मौका प्रदान गर्नु ,<br>उल्लेखित कार्यको प्रभावकारी कार्यन्वयनको लागि नेपाल सरकार मन्त्रिपरिषद्वाट मिति २०५५।०५।१ मा स्वीकृत नेपाल सरकार वादी भै चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्वन्धमा अपनाउनु पर्ने मापदण्ड र कार्यविधिमा आवश्यक परिमार्जन गर्नु ,<br>उपरोक्त बमोजिम गर्न गराउन प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षहरुलाई दिनु साथै अब आइन्दा मुद्दा फिर्ता लिने माग भएका सबै अवस्थाहरुमा यो आदेशमा लेखिएका निर्देशनहरु अनिवार्य पालन गर्न गरउाने व्यवस्था मिलाई मात्रै निर्णय गर्नु भनी यो आदेशको जानकारी सबै अदालतलाई दिन | |

## तालिका नं. ५

**(क) सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी निर्देशनात्मक आदेश मध्ये लगत कट्टा भएका आदेशहरुः**

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | ३०४९<br>(२०५०)<br>गोपाल सिवाकोटी<br>वि.<br>अर्थ मन्त्रालय<br>समेत | २०५१।१।२५ | सूचनाको हक सम्बन्धी कानून निर्माण गर्नु र सो कानून नबनेसम्मको अवधीका लागि सूचना पाउं भनी आउने निवेदन उपर आदेशमा उल्लेखित प्रकृया अवलम्बन गरी सूचना उपलब्ध गराउनु भन्ने निर्देशनात्मक आदेश जारी । | सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ जारी भई आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| २. | ३३९२<br>(२०५०)<br>मीरा ढुंगाना<br>वि.<br>कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | २०५२।४।१८ | छोरीलाई छोरा सरह अधिकार प्रदान गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यक व्यवस्था गर्नु गराउनु भन्ने निर्देशनात्मक आदेश जारी । | मुलुकी ऐन एघारौं संशोधन,२०५८, लैङ्गिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०६३ मार्फत धेरै ऐन संशोधन एवं नेपालको अन्तरिम संविधान, २०६३ जारी मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ३. | २७३६<br>(२०५१)<br>सपना प्रधान मल्ल<br>वि.<br>कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | २०५२।१०।२५ | भू.सं.ऐन,२०२१ को दफा २६(१)को व्यवस्थामा परिवर्तन गर्नुपर्ने देखिएमा आवश्यक विधेयक संसदमा प्रस्तुत गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | भूमि सम्बन्धी ऐन,२०२१ मा २०५३ मा संशोधन गरी आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ४. | २८१६<br>(२०५१)<br>डा. चन्दा बज्राचार्य<br>वि.<br>संसद सचिवालय | २०५३।४।३ | छोरा र छोरीकावीच समानता कायम गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यक व्यवस्था गर्नु, गराउनु भन्ने निर्देशनात्मक आदेश जारी । | मुलुकी ऐन एघारौं संशोधन,२०५८, लैंगिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०६३ मार्फत धेरै ऐन संशोधन एवं नेपालको अन्तरिम संविधान, २०६३ जारी मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ५. | ८३/१९६४<br>(२०५२)<br>प्रा.चुडानाथ भट्टराई<br>वि.<br>लोकसेवा आयोग | २०५४।४।२९ | सरकारी कामकाजको भाषा पाठ्यक्रमबाट हटाउनुको आधार कारण खोली, ऐन बमोजिम राय,सल्लाह समेत लिई पूनः पाठ्यक्रम निर्धारण गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | लो.से.आ. बाट सम्मानित अदालतको आदेश समेतलाई ध्यानमा राखी नियमित एवं समसामयिक रुपमा पाठ्यक्रममा सुधार भएको र भई रहने कारण आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ६. | १९२४<br>(२०५३)<br>प्रकाशमणि शर्मा<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०५४।९।९ | मदिराको उत्पादन, खरीद बिक्रि, निकासी, पैठारी एवं सो को विज्ञापनको दुरगामी असर विचार गर्ने तर्फ सरकारको ध्यानाकर्षण गराउनु भन्ने आदेश जारी । | मदिरा ऐन, २०३१ को कार्यान्वयन, मदिराजन्य पदार्थ बिक्रि, वितरण गर्न छुट्टै पसलको स्वीकृति लिनु पर्ने व्यवस्था, नाबालकले मदिरा खरिद तथा बिक्रि गर्नमा रोक एवं विद्युतिय तथा छापा संचार माध्यमहरुमा मदिराको विज्ञापनमा रोक मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ७. | ३११०<br>(२०५४)<br>मच्छिन्द्रलाल<br>कायस्थ<br>वि.<br>स्वास्थ्य मन्त्रालय | २०५७।३।९ | लुई इसाडोर कानले डिजाईन गरेको स्वास्थ्य मन्त्रालयको भवनको मौलिक स्वरुप परिवर्तन नगरी यथास्थितिमा राखी संरक्षण गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | उक्त भवन निर्माणको कार्य तत्कालीन (आदेश जारी हुंदाको) अवस्थामा नै सम्पन्न भैसकेकोले हालको अवस्थामा त्यसलाई भत्काई यथास्थितीमा राख्न नसकिने र आगामी दिनमा सम्मानित अदालतको आदेशको पूर्ण पालना हुने नै हुंदा आदेश कार्यान्वयनको प्रयोजन समाप्त भएकोले केही गर्नु नपर्ने देखिएकोले लगत कट्टा हुन उपयुक्त देखिएको भन्ने आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ८. | ३१९०<br>(०५६)<br>सुदिप गौतम<br>वि.<br>नेपाल सरकार<br>मन्त्रिपरिषद<br>सचिवालय समेत | २०५८।२।४ | संविधानद्धारा प्रदान गरिएका हकको प्रयोग सहज र सरल ढंगबाट दिलाउनेतर्फ अझ प्रभावकारी कार्य गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | नेपालको अन्तरिम संविधान, २०६३ जारी भई संवैधानिक परिवर्तन भएको, संविधानका मौलिकहकहरुमा वृद्धि भएको, मौलिक हकहरुको प्रचलनका लागि कानूनहरु निर्माण भएका एवं कानून र नीतिहरुमा समसामयिक सुधार गरिएको समेत कारणबाट आदेश कार्यान्वयन |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ९. | ३६६६<br>(०५५)<br>भोजराज ऐर<br>वि.<br>प्र.म. श्री<br>गिरिजाप्रसाद<br>कोईराला | २०५६।३।२९<br>प्र.मं.तथा मं.प.को<br>कार्यालय | आवश्यक कारवाही पुरा गरी राष्ट्रिय मानव अधिकार आयोग गठन गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | मिति २०६८।८।२५ मा लगत कट्टा भएको भन्ने सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं. ११३ मिति २०६९।६।१८ को पत्र । |
| १०. | ३३०९<br>(२०५७)<br>भरतमणि जंगम<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०५८।६।११ | निर्वाचन क्षेत्र विकास कोषको रकम खर्च गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) नियमावली,२०५८ जारी भई आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ११. | ३६४३<br>(२०५७)<br>दुर्गा सोब<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०५८।६।१२ | कानूनी निर्देशन अनुरुप कर्तव्य निर्वाह गर्नुपर्ने दायित्व रहेका विपक्षी निकायहरु आ आफ्नो दायित्व निर्वाहमा सदैव क्रियाशिल रहनु भनी जानकारी गराउनु भन्ने आदेश जारी । | सम्मानित अदालतको आदेश एवं आदेशानुसारको पत्र प्राप्त भई सो अनुसार आदेशको जानकारी सम्बन्धित निकायहरुलाई गराई आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| १२. | ३६४४<br>(०५७)<br>दुर्गा सोब<br>वि.<br>नेपाल सरकार<br>समेत | २०५८।९।५ | छुवाछुत अन्तका लागि कर्तव्य निर्वाह गर्ने मातहत निकायहरुलाई सो अनुसारको व्यवहार आचरण गर्न गराउन निर्देशित गर्न नेपाल सरकारका नाउंमा निर्देशनात्मक आदेश जारी । | सम्मानित अदालतको आदेश एवं आदेशानुसारको पत्र प्राप्त भई नेपाल सरकारका सबै निकायहरुलाई सो अनुसार गर्न निर्देशन दिईएको र वर्तमानमा छुवाछुत मुक्त राष्ट्र घोषणा भएको, नेपालको अन्तरिम संविधान, २०६३ जारी भई छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हक मौलिक हकका रुपमा रहेको र छुवाछुतजन्य व्यवहार गैरकानूनी भएको कारण आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| १३. | २११३<br>(२०५३)<br>लोकविक्रम थापा<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०५८।९।१७ | विवादको जग्गा सार्वजनिक देखिंदा सोही प्रयोजनका लागि प्रयोग गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | भूमिसुधार तथा व्यवस्था मन्त्रालयको च.नं.२८३ मिति २०६४।४।२१ को पत्रबाट साविक कित्ता नं.२६४ (हाल कायम ३९७ र ३९८) को जग्गा नेपाल सरकारका नाममा कायम गरी आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| १४. | ५५<br>(२०५८)<br>मीरा ढुंगाना<br>वि.<br>कानुन, न्याय तथा<br>संसदीय व्यवस्था<br>मन्त्रालय | २०५९।१।१९ | वैवाहिक बलात्कार सम्बन्धी कानूनी व्यवस्थालाई पूर्णता दिनका लागि आवश्यक विधेयक संसदमा प्रस्तुत गर्नु । | लैंगिक विभेद अन्त गर्ने सम्बन्धी केहि नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३ मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| १५. | ३५८६<br>(२०५७)<br>सुदर्शन सुवेदी<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६०।७।२८<br>शिक्षा मन्त्रालय | अन्धा अपाङ्ग वहिरा तथा सुस्त मनस्थिती भएका व्यक्तिलाई सार्वजनिक विद्यालय, महाविद्यालय र तालिम केन्द्रमा निशुल्क भर्ना लिई अन्य कुनैपनि शुल्क नलिनु भन्ने निर्देशनात्मक आदेश जारी । | मिति २०६९।३।३१ को निर्णयले लगत कट्टा भएको भन्ने सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.११२, मिति २०६९।६।१९ को पत्र । |
| १६. | ३४<br>(२०६०)<br>सपना मल्ल प्रधान<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६१।४।१४ | नेपालले अनुमोदन गरेका मानव अधिकार महासन्धि अनुकूलको नयां कानून यथोचित समयमा लागु गर्न आवश्यक व्यवस्था गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | लैंगिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०६३ मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १७. | २८९१<br>(२०५८)<br>रेष्मा थापा<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६१।४।२६ | महिला उपर बोक्सीको आरोपमा हुने अन्याय,अत्याचार रोक्न प्रभावकारी ऐन निर्माण र यस्ता अन्धविश्वास हटाउन सचेतना कार्यक्रमहरु संचालन गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | लैंगिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०६३ मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| १८. | ११४<br>(२०५९)<br>श्यामकृष्ण मास्के<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६१।१०।२१ | नेपालले अनुमोदन गरेका महासन्धिहरु अनुकूल नेपाल कानून निर्माण वा संशोधनको कारबाही अगाडी बढाउनु भन्ने निर्देशनात्मक आदेश जारी । | लैंगिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०६३ मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| १९. | ५२<br>(२०६१)<br>सपना प्रधान मल्ल<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय | २०६१।११।१३ | ज्यान सम्वन्धी महलको दफा २८ क र ३२ नं.मा आवश्यक संशोधन गर्नु वा गर्भपतन सम्बन्धी अपराधमा सजांय सम्वन्धी उपयुक्त कानूनी व्यवस्था गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | लैंगिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०६३ मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| २०. | ३७<br>(२०६१)<br>चन्द्रकान्त ज्ञवाली<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय | २०६१।१२।१ | महिला र पुरुषकाबीचको विभेद अन्त गर्न जे जस्तो कानूनी व्यवस्था आवश्यक हुन्छ सो को लागि उपयुक्त कानून निर्माण, संशोधन वा खारेज गर्ने व्यवस्था गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | लैंगिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०६३ मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| २१. | ३१३८<br>(२०६१)<br>रत्नबहादुर<br>वागचन्द<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय | २०६२।१।२० | जातिपाति छुवाछुत तथा भेदभावजन्य कुरीति हटाउन चेतनामुलक कार्यक्रम चलाउनु भन्ने निर्देशनात्मक आदेश जारी । | उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समितिको च.नं.१६ मिति २०६४।४।७ को पत्रानुसार आदेशको कार्यान्वयन सम्पन्न भएको भन्ने देखिएको कारण लगत कट्टा हुनुपर्ने देखिएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| २२. | २५०४<br>(२०५९)<br>धनेन्द्र श्रेष्ठ<br>वि.<br>मन्थली नगर<br>विकास समिति | २०६२।२।२४ | घडेरी प्लटका कित्ता वितरणको कार्य अनिर्णयको अवस्थामा नराखी गुरु योजनाको कार्यान्वियन गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | मन्थली नगर विकास समितिको प.सं.०६४।०६५ च.नं.१४ मिति:०६४।५।९ को पत्रानुसार आदेश कार्यान्वियन भएको भन्ने देखिएको कारण लगत कट्टा हुनुपर्ने देखिएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वियन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| २३. | २६७६<br>(२०५९)<br>गणेशमाया बस्नेत<br>वि.<br>मन्थली नगर<br>विकास समिति | २०६२।२।२४ | घडेरी प्लटका कित्ता वितरणको कार्य अनिर्णयको अवस्थामा नराखी गुरु योजनाको कार्यान्वियन गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | मन्थली नगर विकास समितिको प.सं.०६४।०६५ च.नं.१४ मिति:०६४।५।९ को पत्रानुसार आदेश कार्यान्वियन भएको भन्ने देखिएको कारण लगत कट्टा हुनुपर्ने देखिएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वियन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| २४. | २८६२<br>(२०५९)<br>गणेशबहादुर<br>वोहोरा<br>वि.<br>मन्थली नगर<br>विकास समिति | २०६२।२।२४ | घडेरी प्लटका कित्ता वितरणको कार्य अनिर्णयको अवस्थामा नराखी गुरु योजनाको कार्यान्वियन गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | मन्थली नगर विकास समितिको प.सं.०६४।०६५ च.नं.१४ मिति:०६४।५।९ को पत्रानुसार आदेश कार्यान्वियन भएको भन्ने देखिएको कारण लगत कट्टा हुनुपर्ने देखिएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वियन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| २५. | २६६८<br>(२०५९)<br>मिहिरकुमार ठाकुर<br>वि.<br>निर्वाचन आयोग | २०६२।५।१५ | निवेदकले उठाएका कुराहरु कानूनमा समावेश गर्न आवश्यक कार्य गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | परिवर्तित नयां राजनीतिक एवं संवैधानिक व्यवस्था अनुसार निर्वाचन सम्बन्धी कानूनहरुमा समेत समयानुकुल सुधार र निर्माण भएको वर्तमान परिस्थितीमा लगत कट्टा हुनुपर्ने देखिएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वियन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| २६. | २६६९<br>(२०५९)<br>मिहिरकुमार ठाकुर<br>वि.<br>निर्वाचन आयोग | २०६२।५।१५ | निवेदकले उठाएका कुराहरु कानूनमा समावेश गर्न आवश्यक कार्य गर्नु भन्ने निर्देशनात्मक आदेश जारी। | परिवर्तित नयां राजनीतिक एवं संवैधानिक व्यवस्था अनुसार निर्वाचन सम्बन्धी कानूनहरुमा समेत समयानुकुल सुधार र निर्माण भएको वर्तमान परिस्थितीमा लगत कट्टा हुनुपर्ने आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको। |
| २७. | ३५<br>(०६०)<br>मीरा ढुंगाना<br>वि.<br>मन्त्रिपरिषद<br>सचिवालय समेत | २०६१।४।१४ | संविधान र मानव अधिकार सम्बन्धी महासन्धि अनुकुलको नयां कानून यथोचित समयमा लागु गर्न आवश्यक व्यवस्था गर्नु भन्ने निर्देशनात्मक आदेश जारी। | कानून न्याय तथा संसदिय व्यवस्था मन्त्रालयको प.सं.०६५।०६६ च.नं.०५ मितिः २०६५।४।१२ को पत्रानुसार कार्यान्वयन भैसकेको भन्ने आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको। |
| २८. | ३१<br>(२०६१)<br>प्रकाशमणि शर्मा<br>वि.<br>कानुन, न्याय तथा<br>संसदीय व्यवस्था<br>मन्त्रालय | २०६२।८।३० | अंशबण्डाको १६ नं. को व्यवस्थामा सम्बन्धित निकाय एवं सरोकार राख्ने समुदायसंग समेत परामर्श गरी पूर्नविचार गर्नु। | लैंगिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०६३ मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको। |
| २९. | ६४<br>(२०६१)<br>मीरा ढुंगाना समेत<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय | २०६२।१२।१७ | संविधान, अर्न्तराष्ट्रिय सन्धि, महासन्धि विपरित नहुने गरी लोग्ने र स्वास्नी दुवैलाई समान रुपले लागु हुन सक्ने गरी उपयुक्त व्यवस्था गर्नु। | कानून न्याय तथा संसदिय व्यवस्था मन्त्रालयको प.सं.०६५।०६६ च.नं.०५ मितिः २०६५।४।१२ को पत्रानुसार कार्यान्वयन भैसकेको भन्ने आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको। |
| ३०. | २६७९<br>(०६२)<br>अधिवक्ता निर्मला<br>उप्रेती<br>वि.<br>नेपाल सरकार,<br>कानून, न्याय तथा<br>संसदिय व्यवस्था<br>मन्त्रालय समेत | २०६३।९।२६ | धर्मपुत्र तथा धर्मपुत्रीको हकहित संरक्षणको विषयमा देवानी संहिता मस्यौदामा जे जस्तो परिमार्जनको आवश्यकता छ सो मिलाउनेतर्फ आवश्यक पहल गर्नु। | कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको प.सं.०६४।०६५ च.नं.७२ मितिः०६४।६।१६ को पत्रानुसार कार्यान्वयन भैसकेको भन्ने आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको। |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ३१. | ९८<br>(०६२)<br>सपना मल्ल प्रधान समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६३।३।२९ | बाल विवाह निषेध गर्ने सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु । | लैंगिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०६३ मार्फत आदेशको कार्यान्वयन सम्पन्न भएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ३२. | ३४४०<br>(२०५३)<br>प्रकाशमणि शर्मा<br>वि.<br>मन्त्रिपरिषद् सचिवालय | २०५९।११।२७ | उपत्यका बाहिरको वातावरण प्रदुषण हुन नदिनेतर्फ समेत आवश्यक अध्ययन अनुसन्धान गर्नुका साथै हाल उपत्यकाभित्र चल्ने साना टेम्पो, ट्याक्सी लगायत वस, मिनिवस, ट्रक, ट्याक्टर आदिवाट निस्कने धुँवाको प्रदुषणवाट जनस्वास्थ्यको रक्षा गर्न प्रभावकारी आवश्यक उपायको अवलम्वन वढिमा २ वर्षसम्ममा गराईसक्नु भनी नेपाल सरकार मन्त्रिपरिषद् सचिवालय समेतका नाममा निर्देशनात्मक आदेश जारी । | ADB को सहयोगमा Kathmandu Sustainable Urban Transport Project तयार भई सकेको र वातावरण सम्बन्धी एउटा Component रहेको भन्ने वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०६७।८।२०, च.नं.८५० को पत्रबाट लेखि आएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ३३. | ३३०३<br>(२०६१)<br>डिलबहादुर विश्वकर्मा<br>वि.<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६२।७।१९ | भेदभावपूर्ण छाउपडि प्रथा रोक्नका लागि निम्नानुसारका प्रभावकारी उपायहरु अवलम्बन गर्नु भन्ने निर्देशनात्मक आदेश जारी ।<br>क) नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आदेश प्राप्त मितिले एक महिनाभित्र मासिक श्राव भएको महिलालाई छाउपडी गोठमा पठाउने प्रथालाई कुरीति भएको घोषणा गर्नु ।<br>ख) स्वास्थ्य मन्त्रालयले चिकित्सकहरु समेत भएको एक अध्ययन समिति बनाई छाउपडी प्रथा कायम रहेका जिल्लाहरु तथा स्थानहरुमा महिला तथा बालबालिका माथि सो प्रथावाट पर्न जाने र परिरहेका असरको समिक्षा गरी त्यसवारे गर्नुपर्ने स्वास्थ्य | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७।०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | सम्वन्धी कार्यहरुको पहिचान गरी यथाशक्य चांडो प्रतिवेदन स्वास्थ्य मन्त्रालय र सर्वोच्च अदालतमा पेश गर्ने ।<br>ग) छाउपडी प्रथाको विरुद्ध सार्वजनिक चेतना जगाउन स्थानीय निकायहरुलाई परिचालित गर्न स्थानीय विकास मन्त्रालयले निर्देशन दिनु ।<br>घ) छाउपडी प्रथा अन्तर्गत महिला माथि हुने कुनै पनि प्रकारको विभेद रोक्न नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले यो आदेश प्राप्त भएको मितिले ३ महिनाभित्र निर्देशिका बनाई उक्त निर्देशिका लागु गर्नु गराउनु साथै त्यस्तो निर्देशिका बनेको वारेमा यस सर्वोच्च अदालतलाई समेत जानकारी गराउनु ।<br>ङ) हाल प्रतिनिधि सभा नरहेको हुंदा माथि उल्लेखित कार्यहरु गर्न यस सम्वन्धमा आवश्यक कानून निर्माण गर्न वृहत्त रुपमा अध्ययन गरी आवश्यक परे कानुनको निर्माण गर्नु पर्ने भए सो कानून समेत तयार गर्नु गराउनु, निवेदकहरु गैर सरकारी संस्था समेत रहेकोले निवेदकहरुले पनि यस सम्वन्धमा व्यापक कार्यक्रम संचालन तर्फ यथोचित कदमहरु उठाउनु । | |
| ३४. | ३४५५<br>(२०५५)<br>भरतमणि गौतम<br>वि.<br>मन्त्रिपरिषद् सचिवालय | २०५८।२।९ | गृह मन्त्रालयको लिखित जवाफबाट नयां भवन बनाउने र सुविधाहरु प्रदान गर्ने सन्दर्भमा कार्य जारी राख्नुका साथै कारागार ऐनको दफा ६(१) (ख) (ग) (घ) (ङ) बमोजिमको कार्य यथासंभव गरिरहेको भन्ने देखिएको परिप्रेक्ष्यमा उक्त | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | सुधारका कार्यहरु र कारागार ऐनमा उल्लेखित प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न वान्छनिय देखिंदा कारागार ऐन,२०१६ को दफा ६(१) को (ख) (ग) (घ) र (ङ) का व्यवस्थाहरु अझ प्रभावकारी रुपमा लागु गर्न,गराउनु भनी मन्त्रिपरिषद् सचिवालय तथा गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी । | |
| ३५. | ३०२४<br>(२०५६)<br>भिमसेन थापा<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६०।१।०६ | फायरिङ रेन्जको उपयोगबाट पर्नसक्ने प्रभावका विषयमा अदालतबाट भएको अध्ययन प्रतिवेदनमा औंल्याईएका सुझावहरु लागु गरी दीर्घकालिन फायरिङको व्यवस्था गर्नु भनी विपक्षीका नाममा निर्देशनात्मक आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ३६. | ३३९४<br>(२०६१)<br>भीमप्रसाद ओली<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय | २०६२।१०।२८ | द्वन्द्वपिडित व्यक्तिहरुलाई राज्यबाट प्रदान गरिने सेवा वा सहुलियतका सम्बन्धमा समानता विपरित नहुने गरी स्पष्ट कानूनी व्यवस्था गरी उचित र आवश्यक व्यवस्थापन गर्नु भनी विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ३७. | ४४०५<br>(२०५७)<br>राजेन्द्र सुजखु<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६१।१२।३ | न्यायिक कोष ऐन,२०४३ लागु गर्नु भन्दा पहिले जे जस्तो पूर्वाधार खडा गर्नुपर्छ सो समेत गरी गराई उक्त ऐन लागु गर्ने ,गराउने तर्फ प्राथमिकता दिई काम कारवाही अघि बढाउनु भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ३८. | ३१८१<br>(२०५९)<br>रेशमलाल वैद्य<br>वि.<br>अर्थ मन्त्रालय,<br>निजीकरण इकाई | २०६२।८।२६ | यिनै निवेदकहरुले यिनै विपक्षी उपर पुनरावेदन अदालत पाटनमा मध्यस्थ नियुक्त गरी पाउँ भनी दायर गरेको मुद्दामा मध्यस्थ नियुक्त गर्नुपर्ने औचित्य नदेखिएको भई खारेज गरेको पुनरावेदन अदालत पाटनवाट | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | मिति २०६१।२।६ मा भएको फैसला उपर परेको रिट नं. ३००७, ३००८ र ३१५७ को निवेदन हरुमा पुनरावेदन अदालतको उक्त फैसला उत्प्रेषणको आदेशद्वारा वदर भई मध्यस्थ नियुक्तिको कारवाही र निर्णय गर्नु भनी विपक्षीहरुका नाममा आजै परमादेशको आदेश जारी भएको हुंदा प्रस्तुत विवादको मध्यस्थता नियुक्ति भई विवादको निप्टारा भएपछि कानून वमोजिमको प्रकृयाद्वारा कारवाही हुने नै हुंदा हाल कृषि औजार कारखाना सम्वन्धी कुनै काम कारवाही नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी नेपाल सरकार अर्थ मन्त्रालय समेतका नाममा निर्देशानात्मक आदेश जारी । | |
| ३९. | २८९८ (२०६०)<br>प्रकाशमणि शर्मा<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६१।९।६ | कानूनले व्यवस्था गरे अनुसार वातावरण निरीक्षक पदको लागि के कस्तो योग्यता निर्धारण गर्ने हो, सो को लागि लोकसेवा आयोग र सामान्य प्रशासन मन्त्रालय समेतसंग समन्वय गरी सम्बन्धित विशेषज्ञलाई राय लिनुपर्ने अवस्था भए लिई यथाशक्य पदपूर्ति गर्ने वा त्यस्तो निरीक्षकको काम गर्ने गरी तोक्ने सम्बन्धी आवश्यक व्यवस्था गर्नु भनी जनसंख्या तथा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ४०. | ३२१६<br>(२०६१)<br>नारायणप्रसाद<br>अधिकारी,<br>सन्तोषकुमार श्रेष्ठ<br>समेत<br>वि.<br>श्रम तथा यातायात<br>व्यवस्था मन्त्रालय | २०६१।११।२६ | निवेदकहरुले आवश्यक रकम बुझाई प्रतिस्पर्धामा बसी योग्यताका आधारमा छनौट भएको छ र आफ्नो त्रुटी या अयोग्यताको कारणले कोरीया जानबाट रोकिएको भन्ने पनि नदेखिएको हुंदा र निवेदकहरुले रकम, श्रम, समय खर्च गरी एकपटक | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | छनौट भएपछि पूनः पटक, पटक शिक्षण संस्थाको जस्तो प्रत्येक वर्ष छनौटका लागि बस्नपर्ने कुनै कारण देखिंदैन। यस्तो गर्न नपरोस् भनेर नै ऐनले दफा १०(ख) मा एक पटक छनौट भैसकेको व्यक्तिका हकमा पूनः विज्ञापन गर्न नपर्ने व्यवस्था गरेको देदिएको हुंदा र ऐनको मनसाय समेतलाई हेर्दा कोरीयाबाट उपलब्ध सिटमा प्रस्तुत निवेदनका निवेदकहरुलाई प्राथमिकता दिई कोरीया पठाउने व्यवस्था गर्नु भनि नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र श्रम तथा रोजगार प्रवर्धन विभागका नाममा निर्देशनात्मक आदेश जारी । | |
| ४१. | ४६<br>(२०६१)<br>रत्नबहादुर<br>बागचन्द<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय | २०६२।१।८ | निवेदकहरुका तर्फबाट उठाईएका प्रश्नहरुका सम्वन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट यस सम्बन्धी मुद्दाको तथ्यांकहरु संकलन गरी एवं त्यसको अध्ययन गरी छुवाछुत वा जातिय भेदभाव उन्मुलन सम्बन्धी राष्ट्रिय स्तरका संघ संस्थासंग समेत आवश्यक छलफल र परामर्श गरी संविधानको धारा ११(४) र सबै प्रकारका जातिय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि ,१९६५ को उद्देश्य पूर्तिको लागि आवश्यकता अनुसार उपयुक्त कानून निर्माण लगायतका अन्य आवश्यक व्यवस्था मिलाउने कारबाही गर्नु भनी नेपाल सरकार,कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ४२. | २५<br>(२०५८)<br>प्रकाशमणि शर्मा<br>वि.<br>प्रधानमन्त्री<br>गिरीजाप्रसाद<br>कोइराला समेत | २०५८।६।११ | आयातित सवारी साधन तोकेको मापदण्डभित्र परे, नपरेको Type Approval / Confirmity Production समेतका सम्वन्धमा जाँच गरी एकिन हुन सकिने आवश्यक संयन्त्रको उचित व्यवस्था गर्नु भनी जनसंख्या तथा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ४३. | २८२२<br>(२०६२)<br>प्रकाशमणि शर्मा<br>समेत<br>वि.<br>नेपाल सरकार,<br>महिला बाल<br>बालिका तथा<br>समाजकल्याण<br>मन्त्रालय समेत | २०६३।८।४ | क्याविन, डान्स रेष्टुरेण्ट र मसाज पार्लर जस्ता कार्यस्थलहरुमा कार्यरत महिला कामदारहरुले भोग्नु परेका समस्याहरुको बारे निवेदकले उठाएका कानूनी एवं व्यवहारिक समस्याहरु अध्ययन गरी समस्याको पहिचान र अवलम्वन गरिनुपर्ने उपायहरु बारे एउटा समिति मार्फत सुझाव लिई कारवाही अगाडी बढाउन महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका नाममा आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ४४. | ४४<br>(२०६२)<br>डिलबहादुर<br>विश्वकर्मा<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६२।१०।६<br>शिक्षा मन्त्रालय | तीनधारा संस्कृत छात्रावास सम्वन्धी विनियम २०४८ को विनियम १४.८.६ को खण्ड (ख) मा उक्त छात्रावास प्रवेश गर्नको लागि व्रतवन्ध गरेको र २४ वर्ष ननाघेको वटुक हुनुपर्ने व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ तथा महेन्द्र संस्कृत विश्व विद्यालय ऐन, २०४३ को दफा १२ संग समेत बाझिएको देखिएकोले तीनधारा संस्कृत छात्रावास सम्वन्धी विनियम २०४८ को विवादित विनियम १४.८.६ (ख) को व्यवस्था संविधानको धारा ८८ को उपधारा १ अनुसार आजका मितिले अमान्य घोषित गरिएको छ । | मिति २०६९।२।३१ को निर्णयले लगत कट्टा भएको भन्ने सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.११२, मिति २०६९।६।१९ को पत्र । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | साथै तीनधारा संस्कृत छात्रावासमा प्रवेशको लागि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को उपधारा २ मा व्यवस्थित समानताको हक सम्वन्धी व्यवस्थाको प्रतिकुल नहुने गरी आवश्यक कानूनी व्यवस्था गर्नु भनी विपक्षी महेन्द्र संस्कृत विश्व विद्यालयको नाममा निर्देशनात्मक आदेश जारी । | |
| ४५. | ३३७८<br>(०६१)<br>रत्नबहादुर वागचन्द<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ०६४।७।२१ | निवेदकको माग बमोजिम आर्थिक,सामाजिक, र शैक्षिक एवं छुवाछुत पीडित र पिछडिएको वर्गहरुको लागि आर्थिक, सामाजिक असमानता हटाई न्याय प्रदान गर्ने गरी ती वर्गको संरक्षण र विकासको लागि आरक्षण लगायतको हक प्रदान गर्न आवश्यक कानून निर्माण गर्नु भनि विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ४६. | २९९० (०६१)<br>अरुण श्रेष्ठ<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६४।६।२३ | कालमोचन गुठी र सो मन्दिर परिसर धार्मिक तथा पुरातात्विक क्षेत्रभित्र परेकोमा विवाद नहुंदा नहुंदै पनि यस अदालतबाट जारी भएको म्यादमा लिखित जवाफ नपठाई बसेको र पछि जवाफ माग गर्दा यस अदालतमा परस्पर बिरोधाभाषपूर्ण जवाफ दिएकोले पुरातत्व विभागलाई सचेत गराई अब आइन्दा यसो नगर्न र कानूनले स्पष्ट रुपमा निर्धारण गरिदिएको कर्तव्य र दायित्व निर्वाह गर्ने दिशामा विशेष रुपमा क्रियाशिल भई राष्ट्रिय अमूल्य निधिका रुपमा रहेका धार्मिक, सांस्कृतिक सम्पदाको जगेर्ना गर्नु भनी पुरातत्व विभागको नाममा आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | विपक्षी गुठी संस्थानलाई धर्म लोप हुन नदिने र गुठी अधिनस्थ जग्गा, पाटी, पौवा, देवस्थल, गरगहना लगायतको संरक्षण गर्नुपर्ने गरी कानूनले दायित्व सुम्पिएको अवस्थामा त्यसको विपरित संस्थानको आयस्था बढाउने नाममा प्राचिन स्मारकको परिभाषाभित्र पर्ने दुई ठुला मन्दिरको बीचमा कमर्शियल कम्प्लेक्स बनाउन दिने गरी करार गर्ने कार्यले गुठी संस्थानले आफ्नो दायित्व पूरा गरेको नदेखिंदा अब आइन्दा यस्तो कार्य नगर्नु भनी विपक्षी गुठी संस्थानका नाममा निर्देशनात्मक आदेश जारी । | |
| ४७. | ००३८<br>(०६५)<br>रत्नबहादुर<br>वागचन्द<br>वि.<br>नेपाल सरकार,<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय समेत | २०६६।१०।२८ | मुलुकी ऐनको प्रस्तावनामा रहेको छोटा बडा भन्ने शव्दहरुको विभिन्न पक्षमा पर्न जाने असरका सम्बन्धमा आदेश प्राप्त मितिले १ वर्षभित्र विज्ञहरुको टोली गठन गरी अध्ययन गराई त्यसले दिएको प्रतिवेदनका आधारमा सुधार वा संशोधन गर्नुपर्ने देखिए एक वर्षभित्र आवश्यक प्रकृया बढाउनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी । | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६७।८।१४ को निर्णयानुसार एक अध्ययन समिति गठन भई समितिले दिएको प्रतिवेदन अनुसार हाल केही गर्नु नपर्ने भएकोले लगत कट्टा हुन मिति २०६७।१२।१०, च.नं.१९३ को पत्रबाट लेखिपठाइएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ४८. | ००३४<br>(०६५)<br>विष्णुप्रसाद<br>वास्तोला<br>वि.<br>नेपाल सरकार,<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय समेत | २०६६।१०।२८ | २०६५ सालको रि.नं. ००३८ मा गठित समितिले मुलुकी ऐन लगायत अन्य नेपाल कानूनको समेत प्रस्तावना अध्ययन गरी संशोधन वा परिमार्जन गर्नु पर्ने भए समसामयिक सुधार गर्नु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी । | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६७।८।१४ को निर्णयानुसार एक अध्ययन समिति गठन भई समितिले दिएको प्रतिवेदन अनुसार हाल केही गर्नु नपर्ने भएकोले लगत कट्टा हुन मिति २०६७।१२।१०, च.नं.१९३ को पत्रबाट लेखिपठाइएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ४९. | ०३६६<br>(०६५)<br>लोकध्वज थापा<br>समेत<br>वि.<br>नेपाल सरकार,<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय समेत | २०६६।९।२७<br>संस्कृति, पर्यटन तथा<br>नागरिक उड्डयन<br>मन्त्रालय | एउटा छुट्टै स्वतन्त्र, सक्षम, स्वायत्त संयन्त्र खडा गरी श्री पशुपतिनाथको पूजा, पशुपतिनाथको गुठि, गुठिबाट प्राप्त आय समेतका सम्पूर्ण आय तथा दर्शनार्थीहरुबाट प्राप्त हुने भेटीघाटी व्यवस्थित गर्ने लगायतका विषयमा पशुपतिक्षेत्रको सम्पूर्ण विकासको लागि के गर्नु उपयुक्त हुन्छ ? तत्सम्बन्धमा सनातन वैदिक हिन्दु धर्मावलम्बीहरु, वेद, पूराण, धर्मशास्त्र आदि विषयका ज्ञाताहरु, हिन्दु धर्मप्रति निष्ठावान प्राज्ञिक, विश्वविद्यालयका प्राध्यापक, कानूनविद्, योजनाविद्, श्री पशुपतिनाथका मूलभट्ट, भण्डारी, विसेट तथा अन्य रै रकमीका प्रतिनिधिहरु समेत सदस्य रहने गरी यो आदेश प्राप्त भएका मितिले ३ महिनाभित्र एउटा स्वतन्त्र अधिकार सम्पन्न समिति गठन गरी सो समितिले दिएको राय, सुझाव समेतको प्रतिवेदनलाई मध्यनजर राखी आवश्यक कानूनी व्यवस्था तर्जुमा गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.१४३, मिति २०६९।७।१६ को पत्रानुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको जानकारी प्राप्त भएको । |
| ५०. | ०५४३<br>(२०६५)<br>रागिनी उपाध्याय<br>समेत<br>वि.<br>सम्माननीय<br>प्रधानमन्त्री समेत | २०६६।११।५<br>संस्कृति, पर्यटन तथा<br>नागरिक उड्डयन<br>मन्त्रालय | नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा पदाधिकारी एवं प्राज्ञसभाका सदस्यहरु नियुक्ति र मनोनयन गर्दा सम्बन्धित क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका महिलाहरु समेतको समानुपातिक रुपमा उचित प्रतिनिधित्व हुने गरी सम्बन्धित ऐनमा भएको व्यवस्था अनुरुप प्रज्ञा प्रतिष्ठानहरुको गठन गर्नु भनी विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी । | मिति २०६९।१।७ मा लगत कट्टा भएको भन्ने सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं.११५ मिति २०६९।६।१८ को पत्र । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ५१. | ०३३७<br>(२०६५)<br>अधिवक्ता कविता पाण्डे समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।११।२६<br>अर्थ मन्त्रालय<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | राज्यको स्रोत र साधनले भ्याएसम्म एकल महिलाको आयस्रोत, रोजगारी, निजको श्री सम्पत्ति, पतिको पेन्सन वा आफ्नो पेन्सन आदि विविध पक्षलाई विचार गरी एक निश्चित मापदण्ड निर्धारण गरी ६० वर्ष भन्दा कम उमेरका एकल महिलालाई पनि सामाजिक सुरक्षा अन्तर्गत दिईने भत्ता उपलब्ध गराउनेतर्फ ध्यानाकर्षण गराउने गरी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । साथै, यस्ता एकल महिलाको वास्तविक तथ्यांक संकलन गरी उनिहरुको उमेर, जनसंख्या, आर्थिक, सामाजिक एवं शैक्षिक अवस्था र वास्तविक तथ्यांकको यकिन गर्दै उनिहरुको उत्थान र विकासको लागि आवश्यक कार्यक्रम र नीति बनाउन सहजता प्रदान गर्ने उद्देश्यले आउने राष्ट्रिय जनगणनामा उपरोक्त बमोजिमको तथ्यांक समेत संकलन गर्नु, गराउनु भनी राष्ट्रिय योजना आयोग तथा केन्द्रिय तथ्यांक विभागका नाउंमा समेत निर्देशनात्मक आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं. ०६९।७०, च.नं.११४ मिति २०६९।६।१८ को पत्रबाट आदेश कार्यान्वयन भइ सकेको देखि लगत कट्टा भएको भनि अर्थ मन्त्रालयको आ.व. २०६९।७० को वार्षिक प्रगतिमा उल्लेख । |
| ५२. | १०७४<br>(२०६४)<br>मिरा ढुंगाना<br>वि.<br>प्र.मं.तथा मं.प.को कार्यालय | २०६६।८।२२ | यस अदालतले संविधानको धारा १०७(१) वा (२) वा (३) वा अन्य कुनै धारा वा कानून अन्तर्गत दिएको आदेश वा निर्णय वा यस अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्दान्त वा नेपालका कुनै अदालतले दिएको आदेश वा गरेको फैसला शीघ्र कार्यान्वयन गर्न यो आदेश | नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०६७।११।१७ को निर्णयानुसार सबै मन्त्रालयहरुमा फैसला कार्यान्वयन शाखा स्थापना गर्न शाखाको काम, कर्तव्य र अधिकार तोकी सो लाई संगठन तालिकामा समेत समावेश गर्न लेखिपठाइएकोले लगत कट्टा गर्न मिति २०६७।१२।१०, च.नं.१९३ को पत्रबाट लेखिपठाइएको आधारमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको प.सं.०६७०६८, |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | प्राप्त भएका मितिले १२० दिनभित्र प्रत्येक मन्त्रालयको सचिवले आ-आफ्नो मन्त्रालयको कामको सम्बन्धमा आ-आफ्ना नाममा जारी भएको आदेश कार्यान्वयन गर्न एउटा प्रभावकारी संयन्त्र गठन गरी यस अदालतलाई जानकारी दिनु । गठन गरिने त्यस्तो संयन्त्रलाई Organizational chart मा समावेश गरी कानूनी अस्तित्व स्थापना गर्नु र नेपाल सरकारले आवश्यक निर्णय गरी संयन्त्रको काम, कर्तव्य फैसला कार्यान्वयन गर्न तोक्नु भनी प्रत्येक मन्त्रालयको सचिवको नाममा निर्देशनात्मक आदेश जारी । | च.नं.४४६, मिति २०६८।३।२८ को पत्रानुसार कार्यान्वयन सम्पन्न भएको भनी लगत कट्टा भएको । |
| ५३. | ३०६६<br>(०६३)<br>भोजराज ऐर समेत<br>वि.<br>भौतिक योजना तथा निर्माण मन्त्रालय | मिति २०६६।२।२७<br>शहरी विकास मन्त्रालय | रिट निवेदनमा खानेपानी लगायत शुद्ध वातावरण उपभोग गर्न पाउने मानिसको नैसर्गिक अधिकार भएको र पोखरावासीहरु शुद्ध खानेपानी उपभोग गर्ने अधिकारबाट वञ्चित हुनुका अतिरिक्त अन्तर्राष्ट्रिय सन्धि सम्झौता र संविधानद्वारा प्रत्याभूत मानव अधिकार एवम् मौलिक अधिकार समेतको उल्लंघन भएकाले शुद्ध पानी वितरण सम्बन्धी व्यवस्था मिलाउने सम्बन्धमा निवेदकले उठाएका कुराहरु मानवीय स्वास्थ्यसंग प्रत्यक्ष र अभिन्न रुपमा गाँसिएको गम्भीर र संवेदनशील विषय हुँदा र यस सम्बन्धमा योजनाहरु समेत कार्यान्वयन गर्ने अवस्थामा रहेको भन्ने लिखित जवाफ समेतबाट देखिंदा अब त्यस्ता योजनाहरु मानवीय स्वास्थ्यलाई ध्यानमा राखी क्रियाशील रही यथाशीघ्र | सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं.१३८ मिति २०६९।७।१५ को पत्रानुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | सम्पन्न गर्ने तर्फ सक्रिय रहनू भनी विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी । | |
| ५४. | ०६४८<br>(२०६८)<br>गणेश ठाकुर लोहार<br>विपक्षी<br>प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | २०६७।११।९<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | पहाड, हिमाल र तराई लगायतका देशका विभिन्न भू-भागमा बस्ने कुन जाति के हो ? कुन वर्ग र समुदायमा पर्ने हो ? कुन जाति वास्तवमा दलित वा पिछडिएको जनजाति हो र राज्यबाट विशेष सुविधा एवं अवसरको हकदार हो ? भन्ने सम्वन्धमा सबै वर्ग र समूदाय समेतको जातीय, सामाजिक र आर्थिक अवस्थाको अध्ययन गरी आवश्यकतानुसार सम्बन्धित विज्ञ समेतको सल्लाह, सुझाव र सहयोगबाट एउटा निश्चित निष्कर्षमा पुगी, क्षेत्रिय समानता र निश्चित मापदण्डमा आधारित न्यायपूर्ण एवं स्पष्ट निर्णय गर्नु । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १४७ मिति २०६९।७।१७ को पत्रबाट कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको जानकारी प्राप्त भएको । |
| ५५. | ०१९५<br>(०६६)<br>मानबहादुर कार्की समेत<br>वि.<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।११।५<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | यो आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र केन्द्रिय जेष्ठ नागरिक कल्याण समिति र जिल्ला जेष्ठ नागरिक समितिको गठन गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १४६६ मिति २०७०।८।२४ को पत्रबाट कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको जानकारी प्राप्त भएको । |
| ५६. | ०००01<br>(०६३)<br>मिरा ढुंगाना समेत<br>वि.<br>रक्षा मन्त्रालय समेत | २०६४।३।१४<br>रक्षा मन्त्रालय | नेपाली सेना (निवृत्तिभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम १० को प्रतिबन्धात्मक वाक्यांश "तर त्यस्तो उमेर पूरा नहुँदै विवाह गर्ने छोरीको हकमा विवाह भएको मिति उप्रान्त निजले त्यस्तो वृत्ति वा भत्ता पाउने छैन" भन्ने वाक्य नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ संग | सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १४२५ मिति २०७०।८।१२ को पत्रबाट कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको जानकारी प्राप्त भएको । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | बाझिन गएको देखिंदा उक्त वाक्य बदर घोषित भएको । | |
| ५७. | ००११<br>(०६५)<br>रमेशलाल राना थारु<br>वि.<br>स्वास्थ्य मन्त्रालय समेत | २०६६।५।११<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य सेवा ऐनको दफा ८ र ८क मा रहेको विवादित कानूनी व्यवस्थामा समानुपातिक समावेशी सिद्धान्तलाई आधार बनाएर समयानुकुल सुधार गर्नु आवश्यक देखिएको छ र त्यसको अनुभूति सम्बन्धित निकायलाई पनि भएको देखिन्छ । त्यसैले मुलुकको निजामति प्रशासन संचालन र नियमन गर्न बनेको निजामति सेवा ऐनले गरेको पदपूर्ति सम्बन्धी व्यवस्था समेतलाई दृष्टिगत गरी स्वास्थ्य सेवा जस्तो विशेष योग्यता, दक्षता र विशेषज्ञता आवश्यक पर्ने विशिष्ट अवस्था, त्यसको प्राविधिक पक्ष, त्यसको सामाजिक न्यायको पक्ष र राज्यले अंगिकार गरेको समानुपातिक समावेशी सिद्धान्तको अनुशिलन समेतका विविध पक्षहरुलाई दृष्टिगत गरी स्वास्थ्य सेवा ऐनमा रहेको पदपूर्ति सम्बन्धी विद्यमान कानूनी व्यवस्थामा समसामयिक सुधारका लागि तत्कालै प्रकृया प्रारम्भ गर्नु भनी प्र.मं.तथा मं.प.को कार्यालय समेतका नाममा निर्देशनात्मक आदेश जारी । | सर्वोच्च अदालत, फैसला कार्यान्वियन निर्देशनालयको च.नं. १४२२ मिति २०७०।८।१२ को पत्रबाट कार्यान्वियन सम्पन्न भई लगत कट्टा भएको जानकारी प्राप्त भएको । |
| ५८. | ३२७५<br>(२०६२)<br>सोमप्रसाद लुइटेल<br>वि.<br>नेपाल सरकार | २०६४।१०।२३<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | निवेदकको माग बमोजिम फौज्दारी अपराधमा गिरफ्तार भएको व्यक्तिलाई प्रमाण ऐन, २०३१ को दफा ४६ र विभिन्न Covenant, Declaration र Principles अनुसार पक्ष र कानून व्यवसायीको सल्लाह Confidential रुपमा हुन दिने व्यवस्था गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १४८७ मिति २०७०।८।२६ को पत्रानुसार मिति २०६९।३।१७ को निर्णय अनुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको भन्ने जानकारी प्राप्त । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ५९. | ०९६६<br>(२०६३)<br>डिल्लिराज खड्गी<br>वि.<br>शिक्षा मन्त्रालय<br>समेत | २०६७।१०।७<br>विद्यालय व्यवस्थापन समिति लेबोरोटरी उ.मा.वि. किर्तिपुर | अब विद्यालयको भौतिक अचल सम्पत्ति देखाई विभिन्न बैंकमा धितो राखी विभिन्न व्यक्तिका नाउँबाट कर्जा लिएको भन्ने निवेदन दावीका सम्बन्धमा विचार गर्दा लेवोरेटरी उच्च मा.वि., किर्तिपुर सार्वजनिक शैक्षिक गुठीमा दर्ता हुने गरी यसको विधान क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चलमा मिति २०६२।९।१७ मा दर्ता भएको देखिन्छ । यो सार्वजनिक शैक्षिक गुठीमा सञ्चालित लेवोरेटरी उच्च मा.वि. एक स्वशासित स्वायत्त संगठित संस्था हो । यस्तो संगठित संस्थाले कानूनी व्यक्तित्वको मान्यता प्राप्त गर्दछ । यस्तो कानूनी व्यक्तिले आफ्नो नाममा ऋण लिने, ऋण दिने, आफ्नो नामबाट अड्डा अदालतमा फिराद गर्ने तथा प्रतिवाद गर्ने सम्मको कार्य गर्न पाउँछ । यसरी विद्यालयकै नाउँबाट ऋण लिने तथा ऋण दिन पाउने कानूनी व्यवस्था हुँदा हुँदै विद्यालयको लागि भनी विद्यालयकै सम्पत्ति धितोमा राखी विद्यालय सञ्चालक वा सार्वजनिक गुठीका गुठीयारा मध्ये वा कुनै व्यक्ति विशेषका नाउँमा ऋण लिन वा ऋण दिन कानूनत मिल्दैन । यदि विद्यालयको सम्पत्ति धितोमा राखी विद्यालयका नाउँमा कुनै व्यक्ति विशेषले ऋण लिन्छ, दिन्छ भने त्यो गैह्र कानूनी हुन्छ । त्यस्तो ऋणको दायित्व विद्यालयले व्यहोर्न पर्दैन । त्यस्तो ऋणको दायित्व ऋण लिने र दिनेले नै व्यहोर्नु पर्दछ । तर्सथ विद्यालय एक स्वशासित संगठित संस्था हुने र त्यस्तो संस्थाले विद्यालयको हितको | सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १४८७ मिति २०७०।८।२६ को पत्रानुसार मिति २०६९।१२।१५ को निर्णय अनुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको भन्ने जानकारी प्राप्त । |

| स.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | लागि विद्यालय सञ्चालनको अधिकार र कर्तव्य भएको निकायबाट निर्णय गरी विभिन्न वित्तीय संस्थाबाट ऋण लिन सक्ने भएकोले विद्यालयको हित र विकासका लागि ऋण लिनपर्दा विद्यालयका नाउँमा लिने ऋण कुनै व्यक्ति विशेषका नाउँमा नभई विद्यालय सञ्चालक समितिले निर्णय गरी नेपाल सरकारको सहमती लिएर मात्र विद्यालयकै नाउँमा ऋण लिने व्यवस्था गर्न भनी लेबोरेटरी उच्च मा.वि. किर्तिपुरको व्यवस्थापन समितिका नाउँमा निर्देशनात्मक आदेश समेत जारी गरिएको छ । | |
| ६०. | रिट नं. ३१३५<br>वलराम भन्ने योगी भलभद्रनाथ विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६५।३।२<br>वन तथा भूसंरक्षण मन्त्रालय | सत्यसाई ट्रष्टलाई जग्गा दिने नेपाल सरकार मन्त्रिपरिषदको मिति २०५७।८।१५ को निर्णय र तत्सम्वन्धी भए गरेको काम कारवाही समेत वन ऐन, २०४९ को दफा ६८ (१) मा उल्लेखित कानूनी व्यवस्थाको साथै यस अदालतवाट योगी नरहरिनाथ निवेदक भएको २०५१ सालको रि.नं. २३४६ को रिट निवेदनमा प्रतिपादित सिद्धान्त समेतको विपरीत देखिन आएकोले उत्प्रेषणको आदेशद्वारा वदर हुने ठहर्छ । | सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं. १५९६ मिति २०७०।१०।९ को पत्रानुसार मिति २०७०।१०।९ को निर्णय अनुसार कार्यान्वयन सम्पन्न भई लगत कट्टा भएको भन्ने जानकारी प्राप्त । |

## तालिका नं. ५

**(ख) सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी निर्देशनात्मक आदेश र तिनको कार्यान्वयन अवस्था:**

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १. | ३५<br>(२०४९)<br>सूर्यप्रसाद ढुंगेल<br>वि.<br>गोदावरी मार्वल ई. | २०५२।७।१४<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय<br>वन तथा भूसंरक्षण मन्त्रालय | वातावरण संरक्षणका लागि कानून निर्माण गर्नु र गोदावरीको पर्यावरण जोगाउने तर्फ आवश्यक कार्य गर्नु, गराउनु भन्ने निर्देशनात्मक आदेश जारी। | सम्मानित सर्वोच्च अदालतले दिएको निर्देशनात्मक आदेशलाई सम्मान गर्दै नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०६५।६।१९ को निर्णयानुसार गोदावरी मार्वल इण्डष्ट्रिज प्रा.लि. बन्द गरिएकोमा व्यवस्थापिका-संसद, प्राकृतिक स्रोत र साधन समितिको मिति २०६८।४।१६ को निर्देशानुसार नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय (मा. मन्त्रीस्तर) बाट मिति २०६८।४।१७ मा प्रचलित वन, वातावरण, उद्योग सम्वन्धी ऐन, नियम र सम्मानित सर्वोच्च अदालतको मिति २०५२।७।१४ को आदेशको परिधिभित्र रही वातावरण र जैविक विविधतामा पर्ने असर न्यूनीकरण गरी गोदावरी मार्वल उद्योगको रोक्का रहेको खानी उत्खनन् कार्य सुचारु गर्न निर्णय भई कार्यान्वयनको लागि पत्राचार गरिएको थियो। यस कार्यको अनुगमन जिल्ला वन कार्यालय ललितपुरवाट भैरहेको छ। अनुगमन कार्यको लागि उक्त प्रा.लि.ले प्रारम्भिक वातावरण परीक्षण/वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन पेश नगरेको हुँदा जिल्ला वन कार्यालय ललितपुरको मिति २०६८।९।१९ को पत्रबाट उक्त प्रतिवेदन पेश नगरेसम्म मार्वल लगायत अन्य सवै उत्खनन् तथा उत्पादन कार्य रोक्का राखिएको छ भनी **वन तथा भू-संरक्षण मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदन।** |
| २. | २२३७<br>(२०४७)<br>प्रकाशमणि शर्मा<br>वि.<br>नेपाल खानेपानी संस्थान | २०५७।३।२६<br>भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय | खानेपानी संस्थानलाई स्वच्छ पानी वितरण गराउनेतर्फ निर्देशन दिन आवास तथा भौतिक योजना मन्त्रालयको विशेष ध्यान आकर्षित गर्ने भन्ने आदेश जारी। | सम्मानित अदालतको आदेश केवल ध्यान आकर्षित गर्ने भन्ने भएको सन्दर्भमा सम्मानित अदालतबाट सो बमोजिम ध्यानाकर्षण पत्र प्राप्त भई नेपाल सरकारको सम्बन्धित मन्त्रालयलाई सो बमोजिम ध्यानाकर्षण गराई सकिएकोले |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | प्रस्तुत आदेशको लगत कट्टा हुनु पर्ने देखिन्छ । |
| ३. | ३०९८<br>(२०५७)<br>थानेश्वर आचार्य<br>वि.<br>भृकुटी पल्प एण्ड पेपर मिल्स लि. | २०५८।८।१९<br>उद्योग मन्त्रालय | कारखानामा प्रयोग भएको पानी शुद्धिकरण / Dust Collector जडान गरी प्रभावकारी रुपमा प्रयोग गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | भृकुटी पल्प एण्ड पेपर मिल्स लि. को मिति २०६१।४।१२ को पत्रबाट कारखानामा प्रयोग भएको पानी शुद्धिकरण र Dust Collector जडान गरी प्रयोग भईरहेको भन्ने देखिएकोले आदेशको कार्यान्वयन सम्पन्न भएकोले लगत कट्टा हुनुपर्ने देखिन्छ । |
| ४. | २३२५<br>(२०५३)<br>रामजी विष्ट<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६०।३।१२<br>परराष्ट्र मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालय । | नेपाल राज्यको सीमाना सिमांकन सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भन्ने आदेश जारी । | १. नेपाल-भारत सीमा नक्सांकनका लागि गठित दुई देशका प्राविधिकहरुको संयुक्त प्राविधिक समिति (Joint Technical Committee, JTC) ले सन् १९८१ देखि काम सुरु गरी सन् २००७ को डिसेम्वरसम्ममा नेपाल र भारतबीचको सुस्ता र कालापानी सीमा क्षेत्र बाहेक अन्य सम्पूर्ण क्षेत्रको सीमांकन तथा नक्सांकन गरी जम्मा १८२ थान पट्टि नक्साहरु (Strip Maps) तयार पारी सो नक्साहरुमादुबै देशका प्राविधिकहरुद्वारा हस्ताक्षर भएको र ती नक्साहरुमा Plenipotentiary Level बाट हस्ताक्षर भएपछि मात्र आधिकारिक हुने प्रावधान रहेको । तर, ती नक्सामा Plenipotentiary Level बाट हस्ताक्षर नहुँदै JTC विघटनगरिएको । भारती पक्षबाट विवादित क्षेत्र सुस्ता र कालापानीलाई छोडेर JTC बाट हस्ताक्षर भैसकेको अन्य क्षेत्रको सीमा नक्सामा Plenipotentiary Level मा हस्ताक्षर हुन आग्रह गर्ने गरेकोमा अन्तर्राष्ट्रिय सीमा क्षेत्र निर्धारण जस्तो जटिल एवं संवेदनशिल विषयमा देशका प्रमुख राजनीतिक दलहरुबीच सहमति नभई त्यसस्तरमा हस्ताक्षर गर्न नसकिने व्यहोरा भारतीय पक्षलाई अनौपचारिक रुपमा जानकारी गराउने गरिएको ।<br>२. सन् २००७ का डिसेम्वरमा JTC को विघटन भएपश्चात, दुबै देशको केन्द्रीयस्तरमा उच्च तहमा नेपाल-भारत सीमा व्यवस्थापनको विषय |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | हेर्ने कुनै संयन्त्र स्थापना हुन नसकिरहेको सन्दर्भमा स्थानीयस्तरमा आई पर्ने सीमा व्यवस्थापन सम्बन्धी समस्या वा विवद समाधानका लागि पहल गर्न भारतसँग सीमा जोडिएका जिल्लाहरुका प्रमुख जिल्ला अधिकारी र निजको भारतीय समकक्षी (District Magistrate) तथा सीमा सुरक्षाको जिम्मेवारी दिइएको नेपाल सशस्त्र प्रहरी बल र उसको समकक्षी भारतीय सीमा सुरक्षा बल (SSB) बीच नियमित बैठक एवं छलफल हुने गरेको । साथै, केन्द्रियस्तरमा दुई देशका गृह मन्त्रालयका सहसचिवहरुबीच Joint Working Group on Border Management (JWG) को स्थापनजा भई नियमित बैठक भैरहेको ।<br>३. स्थानीयस्तरमा देखा पर्ने सीमा सम्बन्धी विवाद एवं समस्या समाधानका निम्ति स्थानीय प्रशासन र अन्य सरोकारवाला सरकारी निकायहरुले कसरी र कस्तो भूमिका खेल्न सक्छन् भन्ने विषयमा जानकारी दिने हेतुले नापी विभागबाट समय समयमा अभिमुखिकरण कार्यक्रम गर्ने गरेको । गत वर्ष जेष्ठ महिना झापाको दमक र मोरङ्गको विराटनगरमा, माघ महिनामा पर्साको विरगञ्जमा र फागुनमा बाँकेको नेपालगञ्जमा यस्ता कार्यक्रमहरु आयोजना गरिएको । यसका अतिरिक्त, नापी विभागका अधिकारीहरुद्वारा नियमितरुपमा सीमा क्षेत्रको स्थलगत अवलोकन तथा निरीक्षण हुने गरेको । नेपालको प्रचलित संविधान बमोजिम नेपालको प्रादेशिक अखण्डतालाई असर पार्न नदिनको लागि नेपाल सरकार सम्वन्धित निकायहरुको समन्वयमा छिमेकी राष्ट्रसँग भएका सीमा सम्बन्धी वार्तामा राष्ट्रिय सार्वभौमिकताको जगेर्नाका लागि आफ्नो अडान कायम गरी प्रादेशकि |

| सि.नं. | रि.नं. निवेदक विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | अखण्डता कायम गर्ने तर्फ नेपाल सरकार परराष्ट्र मन्त्रालय समेत सचेत रहेको भन्ने परराष्ट्र मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनबाट जानकारी प्राप्त हुन आएको । |
| ५. | ४६ (२०६१) रत्नबहादुर वागचन्द वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०६२।१।८ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | सबै प्रकारका जातिय भेदभाव उन्मूलनका लागि उपयुक्त कानून निर्माण लगायतका आवश्यक व्यवस्था मिलाउन कारबाही गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४ मा छुवाछुत तथा जातीय भेदभाव कानुन बमोजिम दण्डनीय हुने व्यवस्था गरिएको छ । उक्त संवैधानिक व्यवस्था अनुरुप केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा मुलुकी ऐन अदलको महलको १० क संशोधन गरी सो कार्यलाई दण्डनीय बनाई अदलको १०क अन्तर्गतको मुद्दालाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसुची–१ मा समेत राखिएको ।<br>साथै, जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ मिति २०६८।३।१ देखि कार्यान्वयनमा आएको र सोको नियमावली बनाउने प्रयोजनका लागि कार्यदल गठन भएको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख ।<br>नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४ मा छुवाछुत तथा जातिय भेदभाव कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरिएको छ । उक्त संवैधानिक व्यवस्था अनुरुप केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा मुलुकी ऐन अदलको महलको १० क संशोधन गरी सो कार्यलाई दण्डनीय बनाई अदलको १० क अन्तर्गतको मुद्दालाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समेत राखिएको । साथैं, जातिय भेदभाव तथा छुवाछुत (कसुर र सजांय) विधेयक व्यवस्थापिका संसदबाट समेत पारित भईसकेको अवस्था हुंदा आदेश कार्यान्वयन सम्पन्न भएकोले प्रस्तुत आदेशको लगत कट्टा हुनुपर्ने देखिन्छ । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ६. | ८८<br>(२०५९)<br>राजु चापागाईं,<br>प्रकाशमणि शर्मा<br>वि.<br>स्वास्थ्य मन्त्रालय<br>समेत | २०६०।५।२५<br>श्रम तथा रोजगार<br>मन्त्रालय र<br>स्वास्थ्य तथा जनसंख्या<br>मन्त्रालय | शिशु स्वास्थ्य मातृत्व संरक्षण सम्बन्धी कानूनी व्यवस्थाको परिप्रेक्ष्य र मातृत्व संरक्षण सम्बन्धमा प्रसूती विदा लगायतका अन्तर्राष्ट्रिय अभिसन्धिहरुलाई समेत विचार गरी उपयुक्त मापदण्ड बनाई सो का आधारमा महिला कामदार कर्मचारीहरुका हकमा तोकिएभन्दा कम गर्न नपाईने गरी न्यूनतम प्रसुति बिदाको अवधि निर्धारण गरी तोकी मातृत्व सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनि नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी । | श्रम तथा यातायात मन्त्रालय र स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित देखिएकोले सोहीमन्त्रालयहरुबाट रिपोटिङ्ग हुनु पर्ने भनि **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>श्रम ऐन, २०४८ मा रहेको महिला कामदारले पाउने प्रसुति बिदा र अन्य क्षेत्रका महिला (निजामति, शिक्षक) ले पाउने प्रसुति बिदामा रहेको विभेद हटाउन श्रम ऐन, २०४८ मा संशोधनको लागि प्रस्ताव तयार गरी कानून तथा न्याय मन्त्रालयमा पठाउने तयारी भइरहेको भन्ने **श्रम मन्त्रालयको आ.ब. २०६८।६९** को वार्षिक प्रतिवेदनमा उल्लेख भएको ।<br>प्रसूति विदाको व्यवस्था नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा गरी सकिएको र सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य, स्याहार सम्बन्धी ऐन तर्जुमा गर्न अध्ययन भईरहेको भन्ने **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.ब. २०६९।७०** को वार्षिक प्रतिवेदनबाट लेखि आएको । |
| ७. | २९४२<br>(२०५९)<br>राजाराम ढकाल<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६०।९।२५<br>कानून, न्याय,<br>संविधानसभा तथा<br>संसदीय मामिला<br>मन्त्रालय | जेनेभा महासन्धिको प्रावधानको उल्लंघन र कसुर हुन गएमा मुद्दा हेर्ने निकाय, कार्यविधि तथा दण्ड सजांय जस्ता महासन्धिको प्रावधान बमोजिम सो महासन्धिको कार्यान्वयनको विविध विषय समावेश गरी राष्ट्रिय स्तरमा प्रभावकारी कानूनी व्यवस्थाको निर्माण गर्न आवश्यक र उपयुक्त देखिंदा तत्सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गरी गराई उपयुक्त कानून निर्माणको लागि कारवाही चलाउनु भनी विपक्षी नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी । | IHL सम्बन्धी राष्ट्रिय समितिको गठन भै तत् सम्बन्धी कानूनको मस्यौदा तयार गरी सम्बन्धित निकायहरु बीच परामर्श गरी सकिएको र त्यसरी अन्तिम रुप दिइएको मस्यौदा आवश्यक कारबाहीको लागि रक्षा मन्त्रालयमा पठाउने क्रममा रहेको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ८. | ३४१३<br>(२०५८)<br>प्रकाशमणि शर्मा<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०६१।४।१२<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>उद्योग मन्त्रालय,<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय, र<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | यस अदालतको आदेशानुसार गठित विशेषज्ञ टोलीको प्रतिवेदनमा उल्लेख भए अनुसार तोकिएको मापदण्ड विपरित हुने गरी विपक्षी उद्योगले औराही नदीमा निस्काशित Effluent मिसाई उद्योग संचालन गरी नदी प्रदुषण गरेको देखिन आएको छ । त्यसैले यथाशक्य चांडो उपरोक्त उल्लेखित राजपत्रमा तोकिएको मापदण्ड ननाघ्ने गरी आवश्यक सुधारको व्यवस्था गरेर मात्र उद्योग संचालन गर्नु भनी आवश्यक यन्त्र जडान गर्ने लगायत सुधारको लागि चालु आर्थिक वर्षको अन्त्यसम्मको समय दिई तत्पश्चात पूनः उल्लेखित विशेषज्ञ समितिलाई वा आवश्यकता अनुसार अर्को विशेषज्ञ समितिद्वारा जुन आवश्यक पर्छ विपक्ष उद्योगको निरीक्षण गरी गराई तोकिएको मापदण्ड भित्र रहेर मात्र उद्योग संचालन गर्न भनी विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी भएको र विपक्षी उद्योगले प्रदूषण हुन नदिन जडान गरिएको यन्त्र लगायत निरीक्षण गराई विशेषज्ञ टोलीले निरीक्षण गरी दिएको प्रतिवेदनको १/१ प्रति यस अदालत तथा निवेदक जनहित संरक्षण मञ्चलाई समेत अनिवार्य रुपले उपलब्ध गराउनु र यथाशक्य चांडो वातावरण संरक्षण ऐन, २०५३ को दफा ८ वमोजिम वातावरण निरीक्षक | स्थानीय विकास मन्त्रालय, ऐन, नियम परामर्श शाखाको च.नं. ९४ मिति २०६६।१।१६ को पत्रबाट सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन गर्न, गराउन भनी जि.वि.स.को कार्यालय धनुषा र सखुवा गा.वि.स.को कार्यालयलाई अनुरोध गरिएको ।<br>वातावरण निरीक्षकको नियुक्ति सम्बन्धमा हाल अर्को व्यवस्था नभएसम्म हाल तोकिएका निरिक्षकबाट निरिक्षकको कार्य गर्ने गरी तोकिएको तथा आर्थिक वर्ष २०६५।०६६ देखि वातावरणिय निरिक्षण कार्य संचालन हुँदै आईरहेको । विभिन्न किसिमका उद्योगहरुबाट निस्काशन हुने Effluent को मापदण्ड तयार भई कार्यान्वयनमा आएको, वातावरण विभाग स्थापना भैसकेकोले सो मा वातावरण निरिक्षक मार्फत अनुगमन हुने भनि **विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा** उल्लेख ।<br>उद्योग मन्त्रालय मार्फत देहाय बमोजिमका कार्यहरु गरिएको छ भनि **उद्योग मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदन**मा उल्लेखः<br>१. आदेश कार्यान्वयनको लागि २०६४।३।७ मा उद्योग विभागमा र मिति २०६४।४।१७ र २०६४।५।६ मा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयमा पत्र पठाइएको ।<br>२. मिति २०६४।५।९ मा प्रारम्भिक वातावरण मुल्याकंन स्वीकृत गर्दा सम्बन्धित विषयका विज्ञहरु समावेश गर्ने र सोको अनुगमनलाई प्रभावकारी बनाउने मन्त्रालयस्तरीय निर्णय भएको<br>३. उद्योग विभागका निर्देशक रमेशरत्न स्थापितको संयोजकत्वमा निरिक्षण टोली गठन भई टालीले एभरेष्ट पेपर मिल्स प्रा.लि. सखुवा महेन्द्रनगर, धनुषाको स्थलगत निरीक्षण गरी मिति २०६४।१०।२० |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | नियुक्ति गर्ने लगायतका ऐनमा भएका पुर्वाधारको व्यवस्था गरी कार्यान्वयन गर्नु गराउनु । | मा उद्योग विभागमा निरीक्षण प्रतिवेदन दर्ता गरेको । सो निरीक्षण प्रतिवेदन सम्बन्धमा यस मन्त्रालयबाट उद्योग विभागका महानिर्देशकको संयोजकत्वमा तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रविधि तथा वातावरण महाशाखाका प्रतिनिधि, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिनिधि, नेपाल गुणस्तर तथा नापतौल विभागका प्रतिनिधि, उद्योग विभाग, वातावरण शाखाका निर्देशक रहेको कार्यदल गठन भै कार्य भएको । सो सम्बन्धमा माननीय उद्योग मन्त्रीज्यूको अध्यक्षतामा गठित औद्योगिक प्रवर्द्धन बोर्डको मिति २०६६।९।२२ मा बसेको १९१ औं बैठकबाट सम्मानित सर्वोच्च अदालतबाट भएको निर्देशात्मक आदेश कार्यान्वयनका लागि निम्न अनुसारको कार्य गर्न एभरेष्ट पेपर मिल्स प्रा.लि.लाई उद्योग विभागको मिति २०६६।९।२२ को पत्रबाट लेखी पठाईएको<br>१. उद्योग विभागबाट तोकिएको सामान्य तथा बिशेष शर्तहरुको पालना गरी Waste water treatment plant पूर्ण संचालन गरी राजपत्रमा प्रकाशित Industry specific discharge standard मा उल्लेखित parameter अनुरुप Discharge गर्नुपर्ने व्यवस्था ३ महिना भित्र गर्नु पर्ने ।<br>२. विभागको निर्देशन र उद्योग संचालन पश्चात् हुने उल्लेखित थप प्रतिकुल प्रभाव रोक्न Waste water treatment plant निरन्तर संचालन गरी उल्लेखित ३ महिना भित्र प्रगति विवरण पेश गर्नु पर्ने ।<br>औद्योगिक प्रवर्द्धन बोर्डको उपर्यूक्त निर्णय कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन र मूल्यांकन गर्ने कार्य भइरहेको र यस सम्वन्धमा जिल्ला विकास समिति, धनुषासंग समेत समन्वय गरिएको ।<br>मन्त्रालयको च.नं. ९४ मिति |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | २०६६।१।१६ को पत्रबाट सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन गर्न, गराउन भनी जिल्ला विकास समितिको कार्यालय धनुषा र सखुवा गा.वि.स.को कार्यालयलाई पत्राचार गरिएको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख । |
| ९. | ३४८० (२०५९)<br>शत्रुघन प्रसाद गुप्ता समेत<br>वि.<br>एभरेष्ट पेपर मिल्स प्रा. लि. | २०६१।४।१२<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | यस अदालतको आदेशानुसार गठित विशेषज्ञ टोलीको प्रतिवेदनमा उल्लेख भए अनुसार तोकिएको मापदण्ड विपरित हुने गरी विपक्षी उद्योगले औराही नदीमा निस्काशित Effluent मिसाई उद्योग संचालन गरी नदी प्रदुषण गरेको देखिन आएको छ । त्यसैले यथाशक्य चांडो उपरोक्त उल्लेखित राजपत्रमा तोकिएको मापदण्ड ननाघ्ने गरी आवश्यक सुधारको व्यवस्था गरेर मात्र उद्योग संचालन गर्नु भनी आवश्यक यन्त्र जडान गर्ने लगायत सुधारको लागि चालु आर्थिक वर्षको अन्त्यसम्मको समय दिई तत्पश्चात पूनः उल्लेखित विशेषज्ञ समितिलाई वा आवश्यकता अनुसार अर्को विशेषज्ञ समितिद्वारा जुन आवश्यक पर्छ विपक्ष उद्योगको निरीक्षण गरी गराई तोकिएको मापदण्ड भित्र रहेर मात्र उद्योग संचालन गर्न भनी विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी भएको र विपक्षी उद्योगले प्रदूषण हुन नदिन जडान गरिएको यन्त्र लगायत निरीक्षण गराई विशेषज्ञ | वातावरण विभागको गठन भैसकेकोले थप प्रभावकारी हुनेछ भनि **विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>स्थानीय विकास मन्त्रालय, ऐन, नियम परामर्श शाखाको च.नं. ९४ मिति २०६६।१।१६ को पत्रबाट सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन गर्न, गराउन भनी जि.वि.स.को कार्यालय धनुषा र सखुवा गा.वि.स.को कार्यालयलाई अनुरोध<br>गरिएको ।<br>वातावरण निरीक्षकको नियुक्ति सम्बन्धमा हाल अर्को व्यवस्था नभएसम्मका लागि वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका प्राविधिक अधिकृतबाट निरीक्षकको कार्य गर्ने गरी तोकिएको, Galvaniging र Paint उद्योगको Effluent मापदण्ड तयार भई कार्यान्वयनमा आएको, वातावरण विभाग स्थापनाको कार्य अगाडि बढेको सो मा वातावरण निरिक्षक मार्फत अनुगमन हुने र आ.ब. २०६५।०६६ देखि वातावरणिय निरिक्षण कार्य संचालन हुँदै आईरहेको ।<br>उद्योग मन्त्रालय मार्फत देहाय बमोजिमका कार्यहरु गरिएको छ भनी **उद्योग मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा** उल्लेख ।<br>१. आदेश कार्यान्वयनका लागि मिति २०६४।४।१७ मा उद्योग विभागमा |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | टोलीले निरीक्षण गरी दिएको प्रतिवेदनको १/१ प्रति यस अदालत तथा निवेदक जनहित संरक्षण मञ्चलाई समेत अनिवार्य रुपले उपलब्ध गराउनु र यथाशक्य चांडो वातावरण संरक्षण ऐन, २०५३ को दफा ८ वमोजिम वातावरण निरीक्षक नियुक्ति गर्ने लगायतका ऐनमा भएका पुर्वाधारको व्यवस्था गरी कार्यान्वयन गर्नु गराउनु । | पत्र पठाइएको ।<br>२. मिति २०६४।७।११ मा उक्त उद्योगले पत्रसाथ नेपाल गुणस्तर तथा नापतौल विभागबाट विश्लेषण गरिएको Test Reort पेश गरेको ।<br>३. उद्योग विभागका निर्देशक रमेशरत्न स्थापितको संयोजकत्वमा निरिक्षण टोली गठन भई टालीले एभरेष्ट पेपर मिल्स प्रा.लि. सखुवा महेन्द्रनगर, धनुषाको स्थलगत निरीक्षण गरी मिति २०६४।१०।२० मा उद्योग विभागमा निरीक्षण प्रतिवेदन दर्ता गरेको । सो निरीक्षण प्रतिवेदन सम्बन्धमा यस मन्त्रालयबाट उद्योग विभागका महानिर्देशकको संयोजकत्वमा तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रविधि तथा वातावरण महाशाखाका प्रतिनिधि, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिनिधि, नेपाल गुणस्तर तथा नापतौल विभागका प्रतिनिधि, उद्योग विभाग, वातावरण शाखाका निर्देशक रहेको कार्यदल गठन भै कार्य भएको । सो सम्बन्धमा माननीय उद्योग मन्त्रीज्यूको अध्यक्षतामा गठित औद्योगिक प्रवर्द्धन बोर्डको मिति २०६६।९।२२ मा बसेको १९१ औं बैठकबाट सम्मानित सर्वोच्च अदालतबाट भएको निर्देशात्मक आदेश कार्यान्वयनका लागि निम्न अनुसारको कार्य गर्न एभरेष्ट पेपर मिल्स प्रा.लि.लाई उद्योग विभागको मिति २०६६।९।२२ को पत्रबाट लेखी पठाईएको<br>१. उद्योग विभागबाट तोकिएको सामान्य तथा बिशेष शर्तहरुको पालना गरी Waste water treatment plant पूर्ण संचालन गरी राजपत्रमा प्रकाशित Industry specific discharge standard मा उल्लेखित parameter अनुरुप Discharge गर्नुपर्ने व्यवस्था ३ महिना भित्र गर्नु पर्ने ।<br>२. विभागको निर्देशन र उद्योग संचालन पश्चात् हुने उल्लेखित थप प्रतिकुल प्रभाव रोक्न Waste |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | water treatment plant निरन्तर संचालन गरी उल्लेखित ३ महिना भित्र प्रगति विवरण पेश गर्नु पर्ने । औद्योगिक प्रवर्द्धन बोर्डको उपर्यूक्त निर्णय कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन र मूल्यांकन गर्ने कार्य भइरहेको र यस सम्वन्धमा जिल्ला विकास समिति, धनुषासंग समेत समन्वय गरिएको । मन्त्रालयको च.नं. ९४ मिति २०६६।१।१६ को पत्रबाट सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन गर्न, गराउन भनी जिल्ला विकास समितिको कार्यालय धनुषा र सखुवा गा.वि.स. को कार्यालयलाई पत्राचार गरिएको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख । |
| १०. | ३४<br>(२०६०)<br>सपना मल्ल प्रधान<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६१।४।१४<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय<br>र<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | नेपालले अनुमोदन र सम्मीलन गरेका सन्धि, सम्झौता तथा महासन्धिका व्यवस्था प्रतिकूल नहुने गरी प्रस्तुत विवादित विषयमा र पारिवारिक र सम्पत्ति सम्बन्धी विषयमा राष्ट्रिय मानव अधिकार आयोगको सचिवको संयोजकत्वमा विभिन्न मन्त्रालयका प्रतिनिधि, विषयवस्तुका जानकार विशेषज्ञ, समाजशास्त्री र महिलासंग सम्बन्धित संगठनका प्रतिनिधि समेत सम्लग्न गरी एक विशेषज्ञ समिति बनाई नेपालले अनुमोदन गरेका महासन्धिसंग बाझिएका ऐन, नियमहरुको पहिचान गरी विद्यमान ऐन कानूनमा संशोधन वा संविधान र मानव अधिकार सम्बन्धी महासन्धि अनुकुलको नयां कानून यथोचित समयमा लागु गर्न आवश्यक व्यवस्था गर्नु | **लैङ्गिक समानता कायम गर्न केहि नेपाल कानून संशोधन गर्ने ऐन, २०६३** द्वारा पैतृक सम्पत्तीमा छोरा छोरीको समान अधिकार कायम हुने व्यवस्था भएको, नेपालको अन्तरिम संविधान, २०६३ को धारा २०(४) मा समेत सम्पत्तिमा पैतृक हक हुने व्यवस्था भएको सन्दर्भमा प्रस्तुत आदेशको कार्यान्वयन सम्पन्न भएकोले लगत कट्टा हुनुपर्ने देखिन्छ । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालयका नाममा निर्देशनात्मक आदेश जारी । | |
| ११. | ३०५९<br>(२०६१)<br>प्रद्योश क्षेत्री<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०६१।७।१३<br>प्र.मं.तथा मं.प.को कार्यालय र<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांशले निर्दिष्ट गरे अनुसारका वर्ग एवं व्यक्तिको संरक्षण एवं विकासको लागि आधार र कारण सहितको निश्चित मापदण्ड समेत तोकी १ वर्षभित्र आवश्यक कानून निर्माणतर्फ आवश्यक व्यवस्था मिलाउनु भनी मन्त्रिपरिषद् सचिवालयको नाममा निर्देशनात्मक आदेश जारी । | सार्वजनिक सेवामा सबै वर्ग, क्षेत्र, जात, जातिको प्रतिनिधित्व गराउन केही सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६७ को विधेयक व्यवस्थापिका संसद समक्ष पेश भएको र निजामति सेवा ऐन, २०४९ मा समेत आरक्षण सम्बन्धी व्यवस्था समावेश गरिएको । |
| १२. | ५७<br>(२०६१)<br>देवेन्द्र आले<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०६१।९।२२<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र<br>शिक्षा मन्त्रालय | बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ७ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित बाबु,आमा,परिवारका सदस्य,संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काएको वा सामान्य पिटाई गरेकोमा यस दफाको उल्लंघन गरेको मानिने छैन भनी उल्लेख गरेको प्रावधान मध्ये .......वा सामान्य पिटाई गरेको .....” अंश अनुचित एवं नेपाल अधिराज्यको संविधान,२०४७ को धारा १४(४) र २५(८) को भावना प्रतिकुल हुंदा सो अंश आजका मितिदेखि लागु हुने गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम अमान्य र बदर घोषित गरिदिएको छ । बालबालिका माथि भइरहेका र हुनसक्ने शारीरिक सजांय एवं | शिक्षा नियमावली, २०५९ मा मिति २०६७।१०।९ मा भएको छैटौं संशोधनबाट सो नियमावलीको नियम १३३ को उपनियम (२) को खण्ड (ट) मा “विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने” भन्ने व्यवस्था थप गरी फैसलाको लगत कट्टाका लागि लेखि पठाईएको भनि **शिक्षा मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>बालबालिका माथि भइरहेको र हुन सक्ने शारीरिक सजाय एवं क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय वा दुर्व्यवहार रोक्न प्रस्तावित बालबालिका सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०६८ को मस्यौदामा मन्त्रिपरिषद्वाट सैद्धान्तिक सहमति प्राप्त भई हाल उक्त विधेयक संसदमा पेश गर्ने क्रममा रहेको । यस सम्वन्धमा प्रस्तावित विधेयकमा देहाय बमोजिमको व्यवस्था गरिएको छ :-<br>११. **संरक्षणको अधिकार :** (५) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | क्रुर,अमानवीय वा अपमानजनक व्यवहार वा सजांय वा दुर्व्यवहार रोक्न उपयुक्त र प्रभावकारी उपाय अवलम्बन गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी । | परिवारका अन्य सदस्य, संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने शारीरिक वा मानसिक यातना र अमानवीय व्यवहार विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।<br>२२. **<u>बालबालिकालाई नियन्त्रणमा लिने</u>** :<br>(३) उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीले बालबालिकालाई नियन्त्रणमा लिदां बल प्रयोग गर्न पाउने छैन ।<br>तर बालबालिकालाई नियन्त्रणमा लिन आवश्यक पर्ने न्यूनतम बल प्रयोग गर्न वाधा पर्ने छैन ।<br>६७. **<u>बालबालिका विरुद्धको हिंसा</u>** : कसैले देहायको कुनै कार्य गरेमा बालबालिका विरुद्ध हिंसा गरेको मानिनेछ :-<br>(क) जुवा, तास, धुम्रपान जस्ता कुलतमा संलग्न गराउने,<br>(ख) बालिगहरुका लागि खोलिएका डान्स, क्यासिनो जस्ता मनोरञ्जनस्थलमा प्रवेश वा प्रयोग गराउने,<br>(ग) संरक्षण, शिक्षा वा अनुशासनका नाममा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,<br>(घ) गैरकानूनी थुना, कैद, काराबास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,<br>(ङ) राजनैतिक प्रयोजनका लागि संगठित गर्ने वा जुलुसमा प्रयोग गर्ने,<br>(च) लागू औषध, मद्यपान वा मनोद्दीपक पदार्थको उपभोग वा सेवन गराउने, ओसार पसार गराउने वा बिक्रि वितरण गर्ने वा गर्न लगाउने,<br>(छ) क्रूर व्यवहार गर्ने, यातना |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | दिने वा शारीरिक चोटपटक वा असर पुऱ्याउने, आतङ्कित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने, मानसिक वा संवेगात्मक पीडा दिने,<br>भनि **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| १३. | ४२<br>(२०६०)<br>डिलबहादुर<br>विश्वकर्मा<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६२।५।३०<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>गृह मन्त्रालय र<br>अर्थ मन्त्रालय | वादी समुदायका बालबालिकाहरु लगायत वावुको ठेगान नलागेको सबै बालबालिकाहरुलाई वावुको ठेगान नभएको भन्ने कारणले निजहरुको जन्म दर्ता गर्न इन्कार नगर्नु तथा त्यस्ता बालबालिकालाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९ को उपधारा २ तथा नेपाल नागरिकता ऐन, २०२० को दफा ३ को उपदफा ४ बमोजिम नेपालको नागरिकता प्रदान गर्न अविलम्व आवश्यक व्यवस्था गरी त्यस्ता व्यक्तिहरुलाई नेपालको नागरिकता प्रदान गर्न विपक्षीहरुको नाममा परमादेश जारी एवं वादी समुदायका समस्याका बारेमा अध्ययन गर्न यस अदालतको आदेश अनुसार नेपाल सरकारका सम्वन्धित निकाय तथा वादी समुदायका व्यक्ति तथा निजहरुको समस्याको बारेमा अध्ययन अनुसन्धान गरिरहेका संस्था समेतको प्रतिनिधीहरु सहभागी भई वादी समुदायका व्यक्तिहरुका विद्यमान | सबै जिल्ला प्रशासन कार्यालयहरुलाई क्षे.प्र.का. मार्फत २०६७।९।५ मा नागरिकता प्रदान गर्ने सम्बन्धमा निर्देशन दिइएको व्यहोरा **गृह मन्त्रालयको** च.नं.१३७, मिति २०६७।९।१८ को पत्रबाट लेखिआएको ।<br>व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ को दफा ४ को खण्ड (क) मा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधित गर्ने ऐन, २०६३ ले संशोधन गरे पश्चात् परिवारको मुख्य व्यक्तिले सूचना दिनुपर्ने र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचक भई जन्म तथा मृत्युको घटना दर्ता गराउन सक्ने र बाबुको ठेगान नलागेका बालबालिकाको जन्म दर्ता सूचना फारामको बाबुको विवरणको महलमा ठेगान नभएको व्यहोरा लेखी आमाले सूचक भई जन्मको घटना दर्ता गर्न सक्ने भनी मन्त्रालयबाट परिपत्र भएको र सोही बमोजिम व्यक्तिगत घटना दर्ता भइरहेको ।<br>बादी समुदाय उत्थान विकास समिति गठन गरी सो समिति मार्फत बादीका समस्या समाधान गर्ने विशेष व्यवस्था मिलाइएको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख । |

| सि.नं. | रि.नं. निवेदक विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | समस्या र त्यसको समाधानका लागि अपनाउनु पर्ने भनी सर्वसम्मत रुपमा पेश गरिएको प्रतिवेदनमा उल्लेख गरिए अनुरुपका उपायहरुलाई प्राथमिकताको आधारमा क्रमशः लागु गर्दै जानु र त्यसको जानकारी यस अदालतलाई समेत दिनु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी । | |
| १४. | ६० (२०६१) सन्तोषकुमार महतो वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०६२।८।९ महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | बालबालिका सम्वन्धि ऐन, २०४८ को दफा ५५(१) मा उल्लेख भए अनुसार बाल अदालत स्थापना गर्नुपर्ने दायित्व नेपाल सरकारको पनि देखिएकोले सो कानूनी व्यवस्था बमोजिम बाल अदालत स्थापना गर्ने कार्य शीघ्र अगाडि वढाई त्यसको कारवाहीको जानकारी यस अदालतको अनुगमन तथा निरिक्षण महाशाखा मातहतको निर्णय कार्यान्वयन शाखालाई गराउनु भनी तथा बाल अदालत स्थापना सम्वन्धी कारवाहीको प्रभावकारी अनुगमन गर्नु भनी सर्वोच्च अदालतको अनुगमन तथा निरिक्षण महाशाखा मातहतको निर्णय कार्यान्वयन शाखाका नाममा निर्देशानात्मक आदेश जारी । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट बाल न्याय प्रणाली सुदृढीकरण र विकासका लागि आवश्यक पर्ने कानूनी तथा नीतिगत व्यवस्थाका लागि नेपाल सरकारलाई आवश्यक सुझाव परामर्श दिन सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा समिति गठन भै क्रियाशिल रहेको र हाल विभिन्न २२ वटा जिल्लामा बाल इजलास गठन भएको जानकारी प्राप्त ।<br>जिल्ला अदालतमा छुट्टै बाल इजलासको व्यवस्था गरिएको र बालबालिका सम्बन्धी ऐन, २०४८ लाई समसामयिक बनाउने सम्बन्धमा बालबालिका सम्बन्धी ऐन, २०६७ को विधेयक मसौदा तयार गरी सो मसौदा उपर सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय समेत सम्बन्धित अन्य निकायको राय प्रतिक्रियाको लागि मिति २०६७।२।२६ मा पठाइएकोमा हालसम्म राय प्रतिक्रिया प्राप्त नभएको व्यहोरा कानून, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालयको आ.ब.२०६८।६९ को वार्षिक प्रतिवेदनमा उल्लेख भएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १५. | ३३७७<br>(०६०)<br>भोजराज ऐर समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६१।५।१<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय | वातावरण संरक्षण ऐन, २०५३ ले स्वच्छ एवं स्वस्थ वातावरण कायम गर्न प्रत्याभूत गरेको व्यवस्थामा समेत नकारात्मक असर परिरहेको सन्दर्भमा प्रदुषण नियन्त्रण गर्ने कार्यको लागि कोष खडा गर्ने उद्देश्यले पेट्रोलियम पर्दाथको हाल कायमी मूल्यबाट नै वा उपभोक्तालाई सकेसम्म थप आर्थिक भार नपर्ने गरी अन्य कुनै उपयुक्त तरिकाबाट प्रदुषण नियन्त्रण कोष खडा गर्ने व्यवस्था मिलाउनका लागि ऐनको उपरोक्त व्यवस्था लागू हुने मिति नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोक्न नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी। | वातावरण संरक्षण ऐन, २०५३ बमोजिम प्रदुषण नियन्त्रण प्रयोजनका लागि कोष खडा गर्ने उद्देश्यले पेट्रोलियम पदार्थमा निश्चित कर लगाए बापत जम्मा हुन आएको रकम हाल राजश्वमा जम्मा हुने गरेकोमा सो रकमलाई प्रदुषण नियन्त्रण गर्ने काममा खर्च गर्न प्रदुषण नियन्त्रण कोष खडा गर्नका लागि आवश्यक कार्यविधि बनाउने पहल भइरहेको व्यहोरा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयबाट लेखिआएको। |
| १६. | २९४२<br>(०५२)<br>मनबहादुर आले<br>वि.<br>नेपाल सरकार मन्त्रिपरिषद् सचिवालय समेत | २०६१।३।७<br>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | कानूनी दायरामा नसमेटिएका धार्मिक सांस्कृतिक र पुरातात्विक महत्व भएका मन्दिर एवं क्षेत्रको परम्परादेखि चलिआएको पूजापाठ चलाउने सम्बन्धमा उपयुक्त व्यवस्था गर्न सम्बन्धित निकायहरुसंग आवश्यक छलफल समेत गरी एउटा छाता कानून ल्याउनेतर्फ आवश्यक काम कारवाही गर्नु भनी विपक्षी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी। | नेपालका प्रसिद्ध धार्मिक तीर्थस्थलहरु मध्ये श्री पशुपतिनाथ, लुम्बिनी, जनकपुर लगायतका तीर्थस्थलहरुको संरक्षण र सम्वर्द्धन तथा संचालन गर्नको लागि विशेष ऐन जारी भई सो बमोजिम संचालन हुने गरेको र नेपाल राज्यमा अवस्थित अन्य धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्व भएका मठ, मन्दिर तथा धार्मिक स्थलहरुको संरक्षण तथा संवर्द्धनको लागि स्थानीय सरोकारवालाहरुको माग अनुसार औचित्य हेरी गठन आदेशद्वारा कानूनी दायरामा समेटिएको भन्ने **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख। |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १७. | ५५<br>(०६१)<br>रुपक ढकाल समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६३।२।२५<br>प्र.मं.तथा मं.प.को कार्यालय,<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांशले निर्दिष्ट गरे अनुसारका वर्ग एवं व्यक्तिको संरक्षण एवं विकासको लागि आधार र कारण सहितको निश्चित मापदण्ड समेत तोकी कानून निर्माणतर्फ आवश्यक व्यवस्था मिलाउनु भनी निर्देशनात्मक आदेश जारी । | केही सार्वजनिक सेवालाई समावेशी बनाउनको लागि केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक तयार गरी मिति २०६८।११।९ मा व्यवस्थापिका-संसदमा पेश गरिएको र हाल सो विधेयकलाई अध्यादेशको रुपमा जारी गर्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट सम्माननीय राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय भएको **भनि कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।** |
| १८. | ३४०१<br>(०६०)<br>धनन्जय खनाल<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६३।५।११<br>वन तथा भूसंरक्षण मन्त्रालय,<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय | विश्व सिमसार क्षेत्रमा सूचिकृत भएको बीसहजारी ताल र त्यसको वरीपरिको क्षेत्रको संरक्षण सम्बन्धी विषय राष्ट्रिय मात्र नभै अन्तर्राष्ट्रिय महत्वको समेत भएकोले बीसहजारी ताल र यसको वरिपरी कुनै योजना संचालन गर्नुपर्ने भएमा Comprehensive रुपको Master Plan तयार गरी वातावरण संरक्षण ऐन,२०५३ को दफा ९ र १०, सीमसार नीति,२०५९, रामसार महासन्धि १९७१, जैविक विविधता महासन्धि,१९९२ र संविधानको धारा २६(२) समेतलाई मध्यनजर राखि सीमसार क्षेत्र बीसहजारी तालको संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाई कार्य गर्नु गराउनु भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी । | बीसहजारीताललाई दीर्घकालीन संरक्षणका लागि Site Management Plan बनाई कार्यान्वयन गर्नको लागि Site Management Plan को मस्यौदा तयार भएको छ । यस तालको संरक्षणको लागि विभिन्न कार्यक्रम सन्चालन गरिएको छ भन्ने **वन तथा भूसंरक्षण मन्त्रालयको आ.ब. २०६९।०७० को वार्षिक प्रतिवेदनमा उल्लेख भएको ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १९. | ७३<br>(०६२)<br>धनन्जय खनाल<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय समेत | २०६३।२।२५<br>गृह मन्त्रालय<br>स्वास्थ्य तथा जनसंख्या<br>मन्त्रालय | Tear Gas को विवादित पक्ष देखिएकोले सम्बन्धित विज्ञ वा वैज्ञानिकहरुको अध्यक्षतामा स्वास्थ्य मन्त्रालय, गृह मन्त्रालय तथा प्रहरीको प्रतिनिधि समेत सम्मिलित एक विशेषज्ञ टोली गठन गरी अश्रुग्यांसलाई कत्तिको हानिकारक हो यसको बदलामा विकल्प के हुन सक्छ वा सक्दैन भए के विकल्प छ र स्थानीय प्रशासकले शान्ति सुरक्षा कायम गर्ने कार्यमा अश्रुग्यांस प्रयोग गर्ने बाहेक अन्य कानूनी उपायबाट मात्र कत्तिको प्रभावकारीता आउंछ वा आउँदैन सो लगायत निवेदनमा उठाईएका कुराहरु समेत दृष्टिगत गरी एक वर्षभित्रमा अध्ययन सम्पन्न गरी गराई सोको आधारमा आवश्यक काम कुरा जो जे गर्नुपर्ने गर्नु र अध्ययन प्रतिवेदनको एक प्रति यस अदालतलाई समेत दिनु भनी निर्देशनात्मक आदेश जारी । | गृह मन्त्रालयको च.नं. ३० मिति २०६५।४।१३ को पत्रवाट विशेषज्ञ टोली गठन गरिएको जानकारी प्राप्त भएको ।<br>गृह मन्त्रालयबाट प्रस्तुत आदेश कार्यान्वयनका सम्बन्धमा पहलकदमी भएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट हुनु पर्ने सबै सहयोग उपलब्ध गराउन स्वास्थ्य मन्त्रालय प्रतिवद्ध रहेको छ भन्ने **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.ब.२०६९।७०** को वार्षिक प्रतिवेदन । |
| २०. | १३१<br>(०६३)<br>मीरा ढुंगाना<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय समेत | २०६३।८।२८<br>गृह मन्त्रालय<br>कानून, न्याय,<br>संविधानसभा तथा<br>संसदीय मामिला<br>मन्त्रालय | सामाजिक व्यवहार सुधार ऐन, २०३४ को दफा ४(३) मा भएको सजाय सम्बन्धी असमान कानून यथावत रही रहनु उचित नहुने भएको र यस अदालतले यस्ता कानून संशोधन गर्न भनी पटक पटक निर्देशनात्मक आदेश जारी गरिसकेको र निवेदीकाको माग समानताको सिद्धान्तमा आधारीत कानूनी व्यवस्था गर्न गराउनको लागि जो चाहिने आज्ञा आदेश जारी गरी पाउं भन्ने रहेकोले | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको च.नं.२३२ मिति २०६५।३।८ को पत्रवाट सामाजिक व्यवहार सुधार ऐन, २०३४ को दफा ४ मा भएको समानता सम्बन्धी हकको प्रतिकूल रहेको कानूनी व्यवस्था संशोधन गर्नका लागि कारवाही अगाडि वढाउन गृह मन्त्रालयलाई लेखी पठाएको जानकारी प्राप्त भएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | समानताको सिद्धान्तमा आधारीत कानूनी व्यवस्था गर्नु गराउनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी । | |
| २१. | २८४१<br>(२०५८)<br>सिद्धेश्वरकुमार सिंह<br>वि.<br>महान्यायाधिवक्ताको<br>कार्यालय | २०६१।११।१०<br>भौतिक योजना, निर्माण तथा यातायात मन्त्रालय | कानूनी व्यवस्थाको सरलताको अभावको कारण सवारी दुर्घटनाबाट मृत्यु हुने व्यक्तिको पीडित हकदारले पाउनुपर्ने क्षतिपूर्ति सहजताका साथ तत्कालै प्राप्त गर्न सकेको नदेखिंदा सो सम्बन्धमा सवारी तथा यातायात व्यवस्था ऐन,२०४९,सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९,बिमा ऐन,२०४९ मा आवश्यक प्रष्ट कानूनी व्यवस्था गरी तेश्रो पक्षको बिमा गरेको अवस्थामा पीडित पक्षले तत्काल क्षतिपूर्ति रकम पाउने गरी सरल र सहज कार्यविधिको तर्जुमा गरी लागु गर्नको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र महान्यायाधिवक्ताको कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी । | नियमावली तयार भै सकेकाले लगत कट्टा गरिदिन सर्वोच्च अदालतलाई मिति लागि २०६८।१।८ को पत्र मार्फत अनुरोध गरिएको भन्ने **श्रम तथा रोजगार मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख । |
| २२. | २९९१<br>(२०५२)<br>प्रकाशमणि शर्मा<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०५४।२।२७<br>संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय | अन्तर्राष्ट्रिय स्तरमा सांस्कृतिक सम्पदा सन्वन्धी महासन्धिमा नेपालको प्रतिवद्धता र सम्वन्धित निकायहरुवाट नेपाल कानून वमोजिम प्रत्याभूत अधिकार अनुरुप कार्य भएका छन् छैनन भनी अनुगमन गर्दै धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वको विषय राष्ट्रिय स्तरवाट नीति निर्माण गरी सवै | सांस्कृति नीति, २०६७ नेपाल सरकार मन्त्रिपरिषदबाट स्विकृत भई लागु भइ सकेको भनि **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख ।<br>संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयबाट सांस्कृतिक नीतिको तर्जुमा गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट समेत स्वीकृत भई सकेको भन्ने **संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | क्षेत्रमा एकरुपता कायम राख्नेतर्फ नेपाल सरकारले ठोस एवं प्रभावकारी कदम चाल्नु पर्ने आवश्यकता भएकोले तदनुरुपको काम कारवाही गर्न नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी । | **संस्कृति मन्त्रालयको आ.ब.२०६७६८ को वार्षिक प्रतिवेदन**बाट लेखि आएकोले आदेश कार्यान्वयन सम्पन्न भएको देखिंदा आदेशको लगत कट्टा हुनुपर्ने देखिन्छ । |
| २३. | ३२१५<br>(२०६१)<br>सोमप्रसाद पनेरु समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६३।५।२५<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय<br>शिक्षा मन्त्रालय | कमलरी प्रथाले नेपालले हस्ताक्षर गरेको CRC को धारा ९, १४, १५, १६, १८, १९, २८, २९, ३१ र ३२ समेतका धाराहरुले प्रदान गरेको अधिकारहरुको समेत हनन् हुने हुंदा कमैया श्रम ( निषेध गर्ने) सम्वन्धी ऐन, २०५८ को प्रभावकारी कार्यान्वयनको लागि विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेश जारी एवं नेपालले हस्ताक्षर गरी अनुमोदन गरेका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु खासगरी CRC, ICCPR, र ICESCR जस्ता मानव जीवनका सवै अवस्थालाई समेटने अत्यावश्यकीय Convention हरु वालवालिकाको पाठ्यक्रममा नै समावेश गर्न उपयुक्त हुनेतर्फ विपक्षी मन्त्रिपरिषद् र शिक्षा मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी । | विद्यालय शिक्षाको पाठ्यपुस्तकहरुमा बाल अधिकार, मानव अधिकार, नागरिक अधिकार जस्ता विषय समावेश गरिएकोले उक्त पत्रको प्रतिलिपि संलग्न राखी लगत कट्टाका लागि अनुरोध गरिएको भनि **शिक्षा मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| २४. | ३४७४<br>(२०५६)<br>भरतमणि गौतम<br>वि.<br>मन्त्रिपरिषद् सचिवालय | २०५९।२।७<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय । | गोकर्ण क्षेत्रको ल्याण्डफिल्ड साइट र त्यसवाट सिर्जित मिथेन ग्यांसको सम्वन्धमा प्रभावकारी र सन्तोषजनक रोकथामको कार्य भएको भन्ने लिखित जवाफवाट नदेखिंदा उक्त | गोकर्ण ल्याण्डफिल साईट बन्द भइसकेको । फोहरमैलाको उत्पादन, प्रशोधन, ढुवानी तथा विसर्जन गर्ने उद्देश्यले फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा सोको नियमावली, २०७० तर्जुमा भई कार्यान्वयनमा रहेको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | विषयको संवेदनशिलतालाई ध्यानमा राखी पर्यावरणलाई सन्तुलनमा राखी मिथेन ग्यांस समेतका विषयमा कानून निर्माण गरी व्यवस्थित गर्न कारवाही गर्नु भन्ने सम्वन्धमा निर्देशन दिन उपयुक्त देखिएकोले विपक्षीका नाममा निर्देशनात्मक आदेश जारी । | **आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन ।<br>यस सम्बन्धी परामर्शदाताको अध्ययन प्रतिवेदन प्राप्त भएको र सो अध्ययनबाट अहिले गोकर्ण ल्याण्डफिल्ड साईटमा थोरै मात्रामा मिथेन ग्यास उत्सर्जन भै रहेकोले सो ग्याँस संकलन गरी प्रयोगमा ल्याउने अवसथा नरहेको भन्ने देखिन्छ । साथै स्यानिटरी लयाण्डफिल्ड साइटको लागि छुट्टै वातावरणीय मापदण्ड तयार गरी लागू गर्नु पर्नै भनी सो प्रतिवेदनमा औल्याइएको हो ।<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवज्यूहरुबीच मिति २०६४।१०।१७ मा छलफल भएको तथा फोहोर मैलाबाट निस्कने ग्यांसहरुलाई व्यवस्थित गर्ने सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट नियमावलीको मस्यौदा तयार भई निर्णय प्रकृयामा रहेको र यस सम्बन्धमा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट सम्बन्धित विज्ञको परामर्श लिई मिथेन ग्यांस नियमन सम्बन्धी कानून बनाउनुपर्ने वा नपर्ने सम्बन्धमा अध्ययन प्रतिवेदन प्राप्त भैसकेको र प्राप्त प्रतिवेदनले गोकर्ण क्षेत्रको लागि मात्र सो सम्बन्धी कानून बनाउन आवश्यक छैन भनी **विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| २५. | ३५६१<br>(०६३)<br>सपना प्रधान मल्ल<br>वि.<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालय समेत | २०६४।९।१०।३<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | यथाशीघ्र विस्तृत व्यवस्थाहरु सहितको कानुनी व्यवस्था गर्न सम्वन्धित अदालत, वार एशोसिएसन, महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, महिला वालवालिका र HIV Aids संक्रमित लगायतका सिमान्तकृत समुदायको | गोपनियता सम्बन्धी कानून निर्माण गर्ने प्रयोजनको लागि सर्वोच्च अदालतको आदेश बमोजिम समिति गठन गर्ने कार्य भई तत् सम्बन्धी कानूनको प्रारम्भिक मस्यौदा तयार गरी छलफलको क्रममा रहेको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन** । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | प्रतिनिधित्व गर्ने वा तिनीहरुको सम्वन्धमा काम गर्ने संस्था नागरिक समाजका प्रतिनिधि र निवेदक महिला कानून तथा विकास मञ्च समेत समावेश भएको एउटा समिति गठन गरी सो को राय परामर्श लिई त्यसलाई समेत विचार गरी विधि निर्माणका लागि व्यवस्थापिका संसद समक्ष विधेयक पेश गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी साथै विशेष प्रकृतिका मुद्दा मामिलामा पिडितको रुपमा संलग्न महिला, वालवालिका पक्ष भएका वा HIV Aids संक्रमित व्यक्तिहरु पक्ष भएको मुद्दामा प्रहरीमा दर्ता हुने वा सिधै अदालत वा अन्य निकायमा दर्ता हुने स्थिति देखि फैसला गर्दा वा त्यसपछिको अवस्थामा समेत तोकिएको गोपनियताको स्तर कायम रहने गरी सम्वन्धित पक्षको हक र दायित्व सहितको कानून निर्माण गर्न विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय एवं कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहरेकाले सो वमोजिमको व्यवस्था नहुन्जेल यसै साथ संलग्न निर्देशिका वमोजिमको व्यवस्थाको पालना गर्नु गराउनु भनी उक्त | विशेष प्रकृतिका मुद्धाहरुको कारबाहीमा पक्षहरुको गोपनीयता कायम राख्ने सम्बन्धी निर्देशिका, २०६४ लागु गर्ने प्रयोजनार्थ यस मन्त्रालयबाट मिति ०६४।१०।१४ मा नै यस मन्त्रालय अर्न्तगतका विभाग केन्द्रहरुमा परिपत्र गरिसकिएको जानकारी च.नं. १४४२ मिति ०६५।६।१० को पत्रबाट श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कानून शाखालाई दिइएको भन्ने **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.ब.२०६९।७० को वार्षिक प्रतिवेदन ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | विपक्षीहरुका नाममा आदेश जारी । | |
| २६. | ३४३४<br>(२०६०)<br>शर्मिला पराजुली<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०६०।११।२९<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय,<br>महिला वालवालिका तथा समाजकल्याण मन्त्रालय मन्त्रालयका<br>श्रम तथा रोजगार मन्त्रालय | अन्तर्राष्ट्रिय सन्धिहरु अनुरुपको व्यवस्था कार्यान्वयनको लागि विद्यमान कानूनको संशोधन वा कानून नभएको अवस्थामा कानून बनाउन कारवाही चलाउनु पर्ने कुरालाई नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) ले व्यवस्था गरेकोबाट अन्तर्राष्ट्रिय सन्धि महासन्धिद्वारा सिर्जित दायित्व समेतको परिपालना हुने गरी यौनजन्य दुर्व्यवहार सम्वन्धी कानून निर्माण गर्नु वाञ्छनिय देखिन आएको छ । त्यसैले यौनजन्य दुर्व्यवहार सम्वन्धमा यस्ता सबै पक्षलाई समेटने गरी जो जस्तो आवश्यक पर्ने हुन्छ, अध्ययन गरी गराई उपयुक्त कानून निर्माणको लागि आवश्यक व्यवस्था एवं पहल गर्नु भनी विपक्षीका नाममा निर्देशनात्मक आदेश जारी । | श्रम ऐन संशोधनको मस्यौदामा सो कुरा समावेश गरिएको भन्ने **श्रम तथा रोजगार मन्त्रालयको आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदनमा उल्लेख भएको ।<br>**महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय**ले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) विधेयक, २०६७ तर्जुमा गरी व्यवस्थापिका संसदमा पेश गरेको र हाल उक्त विधेयक विचाराधिन अवस्थामा रहेको भनि **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| २७. | २९५७<br>(२०५४)<br>केशवराज पाण्डे<br>वि.<br>मन्त्रिपरिषद्<br>सचिवालय | २०५६।५।२९<br>गृह मन्त्रालय | कानून बन्ने र लागु हुने, त्यसको प्रयोग प्रभावकारी रुपबाट नहुने हो भने त्यस्तो कानून व्यर्थ हुन गई त्यसले हासिल गर्न खोजेको सामाजिक व्यवहारका विकृति, विसंगति, उन्मुलित नहुने हुंदा कानूनलाई जीवन्त राख्न कारवाहीका पक्षलाई सशक्त र चुस्त बनाई सामाजिक व्यवहार सुधार ऐन, २०३३ को व्यवस्था कडाइका साथ लागु गर्न गराउन आवश्यक कदम चाल्नु र यस दिशावाट | सामाजिक व्यवहार सुधार ऐन कार्यान्वयन गर्न गराउन जि.प्र.का. हरु र प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरिएको र ऐनको समसामयिक सुधारको पनि प्रयास भईरहेको भन्ने गृह मन्त्रालयको आ.ब. २०६७।६८ को वार्षिक प्रतिवेदनबाट लेखि आएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | सामाजिक चेतना जगाउन, सर्वसाधारणलाई यो ऐनको व्यवस्था जानकारी गराउन, उत्प्रेरित गर्न आवश्यक कार्य गर्नु भनी गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी । | |
| २८. | ३०२७<br>(२०५९)<br>प्रकाशमणि शर्मा समेत<br>वि.<br>मन्त्रिपरिषद् सचिवालय | २०६२।८।२४<br>उद्योग मन्त्रालय<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | देहाय बमोजिम गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी ।<br>क) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय,वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय,भौतिक योजना तथा निर्माण मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, भवन विभाग तथा आवश्यक मात्रामा विशेषज्ञ र निवेदक प्रो पब्लिकको एकजना प्रतिनिधि समेत रहने गरी एक टोली गठन गरी उपत्यकाभित्रका सबै ईंटा उद्योगहरु मध्ये कतिवटाले प्रदुषण रोकथाम प्रविधि जडान गरेका र कतिवटाले नगरेको अध्ययन गर्ने र कुन कुन ईंटा भट्टाले प्रदुषण गरेको हो पहिचान गर्ने ।<br>ख) ईंटा उद्योग बन्द गर्दा राज्यका निर्माण विकास र नागरिकका आवास निर्माणमा के असर पर्छ र त्यसको विकल्प के हुन सक्छ अध्ययन गर्ने ।<br>ग) राष्ट्रको ढुकुटीमा विदेशी मुद्रा आर्जन गर्ने पर्यटकको लागि बनेका ग्रामिण क्षेत्रमा भएका स्तरीय रिसोर्ट र बालबालिका पढ्ने स्कुल र घनावस्ती क्षेत्र वरपरका ईंटा उद्योगहरु बन्द गर्न | मिति २०६४ साल फागुन १३ गते नेपाल सरकार, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना नेपाल राजपत्रमा प्रकाशित भई मापदण्ड लागु भई कार्यान्वयनमा रहेको भन्ने **श्रम मन्त्रालयको मिति २०६७।८।२४ च.नं.५९२** को पत्र प्राप्त भएको ।<br>ईंटा भट्टाबाट निस्कने धुंवा तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड निर्धारण भई मिति २०६४।११।१३ को राजपत्रमा प्रकाशित भईसकेको, २०६८ साल मंसिरदेखि Moveable चिम्नी भएका इट्टा उद्योग नेपाल राज्य भरी संचालनमा ल्याउन नपाउने व्यवस्था लागू भै सकेको । र आ.व. २०६५।०६६ देखि मापदण्ड अनुगमन निरिक्षण कार्य भईरहेको ।<br>ईंटा उद्योगहरुले निष्काशन गर्ने धुंवा, धुलोको मुस्लो (Stack Emission) को नियमित रुपमा अनुगमन हुने गरेको । यस आ.व. ०६८।०६९ मा विभिन्न उद्योगहरुको Stack Emission monitoring गरिएकोमा सम्पूर्ण उद्योगहरु मापदण्डभित्र नै रहेको पाइएको भनि **विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको** आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>१. सम्मानित सर्वोच्च अदालतको मिति २०६२।८।२४ को निर्देशात्मक आदेश कार्यान्वयन सम्बन्धमा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०६२।१२।१८ को पत्रबाट उक्त मन्त्रालयका वातावरण महाशाखाको प्रमुखको संयोजकत्वमा, आदेशमा उल्लेख भए अनुसारका विभिन्न निकायको प्रतिनिधि रहने |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | लगाउने ।<br>घ) नं. ३ को क्षेत्र बाहेक अन्य क्षेत्रमा भएका ईंटा उद्योगहरुका हकमा उक्त अध्ययनबाट पाईएको प्रदुषण गर्ने ईंटा भट्टाहरुलाई यही गठीत समितिले आवश्यक र मनासिव समयभित्र कानूनमा तोकिएको अधिकारी वा निकायबाट प्रदुषण नियन्त्रण उपकरण जडान गर्न लगाउने ।<br>नं. १,२, ३ का बुंदाहरु ६ महिनाभित्र सम्पन्न गरी एक प्रति प्रतिवेदन यस अदालतलाई समेत उपलब्ध गराउने र नं.४ का कुराहरुलाई मनासिव समय दिने गरी विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी । | कार्यदल गठन गर्न प्रतिनिधि माग भएकोमा घरेलु तथा साना उद्योग विभागले प्रतिनिधि तोकी उक्त मन्त्रालयमा पठाएको ।<br>२. वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, वातावरण महाशाखा प्रमुखको अध्यक्षता गठित कार्यदलले विभिन्न मितिमा पटक पटक बैठक बसी आदेश कार्यान्वयन सम्बन्धमा कार्य प्रकृया अगाडि बढाएको र यसले इट्टा भट्टा उद्योगबाट निस्कने धुंवा तथा चिम्नीको उचाई सम्बन्धी मापदण्ड तयार गरी मिति २०६४।११।१४ को राजपत्रमा प्रकाशित भइसकेको ।<br>३. गठित कार्यदलबाट कार्यारम्भ गर्ने सिलसिलामा ईटा भट्टाबाट हुने धुवाँ प्रदुषणको Particulate Matter (Stack Emission) को Draft Standards तयार गरी सकिएको ।<br>४. कार्यदलबाट तोके बमोजिम घरेलु तथा साना उद्योग विभागबाट मिति २०६४।३।२० मा भएको बैठकमा ईटा व्यवसायी तथा संघका प्रतिनिधिहरुले ईटा उद्योगहरुमा Stack Emission Measurement का लागि आवश्यक पर्ने Ladder, Equipment सहित २ जना बस्न मिल्ने Platform तथा Sampling Port बनाउने व्यवसायीहरुको प्रतिबद्धता अनुरुप २५ वटा व्यवसायीहरुले निर्माण गरिसकेको र बाँकी उद्योगहरुले पनि Ladder, Platform / Sampling Port तयार गर्दै रहेको ।<br>५. आदेश कार्यान्वयन सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट जानकारी माग भएकोमा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको वातावरण महाशाखाको प्रमुखको संयोजकत्वमा कार्यदल गठन भई सो बाट हालसम्म भए गरेका कार्यहरु सम्मानित सर्वोच्च अदालतलाई मिति २०६४।६।९ मा लेखि पठाएको ।<br>६. माथि उल्लेखित कार्यहरु पश्चात मिति २०६५।१।२० मा वातावरण, |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | विज्ञान तथा प्रविधि मन्त्रालयका वातावरण महाशाखा प्रमुखको संयोजकत्वमा पुनः बैठक बसी बिगतका कार्यहरुको समीक्षा सहित थप कार्यहरुलाई के कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा समेत विस्तृत छलफल गरिएको ।<br>७. औद्योगिक प्रवर्द्धन बोर्डको १६७ औं बैठकको निर्णयानुसार काठमाण्डौं उपत्यकामा पुरानो प्रविधिमा आधारित इट्टा उत्पादन गर्ने Moving Bull Trench Kiln दर्ता रोक्का गरिएको । हाल नयां प्रविधीमा आधारित Fixed Chimny र VSBK मात्र दर्ता गर्ने व्यवस्था रहेको ।<br>८. Sampling Basis मा उपत्यकामा रहेका इट्टा उद्योगहरुको Stack Emission Measurement गर्ने कार्य वातावरण मन्त्रालयबाट भइरहेको भन्ने **उद्योग मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदनबाट** लेखि आएको । |
| २९. | ३४२९<br>(२०६१)<br>प्रकाशमणि शर्मा<br>वि.<br>जनसंख्या तथा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | २०६२।९।४<br>उद्योग मन्त्रालय<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | नियमावलीको अनुसूचीमा तोकिएका उद्योगहरुका लागि विशेषज्ञहरुसंग परामर्श गरी ६ महिनाभित्र मापदण्ड निर्धारण गरी तोकी कानूनी व्यवस्था लागु गर्न भनी विपक्षीहरुका नाममा परमादेश जारी एवं विभिन्न मुद्दाहरुमा उक्त कानूनहरुको कार्यान्वयन गर्नु गराउनु भनी विभिन्न मितिमा आदेश समेत जारी भएकोमा जलध्वनीको मापदण्ड अझ पनि नतोकिनु कानून कार्यान्वयनमा ढिलाई भएको, कानून विपरित अस्थायी प्रमाण पत्र ६ महिना भन्दा बढी वितरण गर्दै उद्योग संचालन गर्न अनुमती दिने कार्य ऐनको व्यवस्था विपरित भएकोले अनुसूची ७ को उल्लेखित उद्योगलाई समेत | यस सम्बन्धमा उद्योग मन्त्रालयमा सम्मानित सर्वोच्च अदालतबाट पत्र प्राप्त भएको नदेखिएकोले यस मन्त्रालयको च.नं. ६८ मिति २०६५।३।३० कोपत्रबाट आदेशको प्रतिलिपी उपलब्ध गराईदिन सम्मानित सर्वोच्च अदालतमा लेखी पठाईएकोमा उक्त अदालतको मिति २०६५।४।१४ को पत्रसाथ आदेशको प्रतिलिपी प्राप्त भएको हुँदा सो आदेश कार्यान्वयनको सम्बन्धमा भएको प्रगति उपलब्ध गराईदिन यस मन्त्रालयको च.नं. ७ मिति २०६५।४।३० को पत्रबाट उद्योग विभाग र घरेलु तथा साना उद्योग विभागमा लेखी पठाएको ।<br>उद्योग विभागले मिति २०६६।२।१३ मा जलध्वनीको मापदण्ड वातावरण मन्त्रालयबाट नै तयार हुनु बढी सान्दर्भिक भएको भनी वातावरण मन्त्रालयलाई पत्राचार गरेको भनि **उद्योग मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | मापदण्डभित्र तोकी अनुगमन तर्फ विशेष सर्तकताका साथ कार्य गर्नुपर्ने भएकोले सो कार्य यथाशक्य चांडो गर्नु भनी विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी । | वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूचिमा उल्लेखित उद्योगहरुको लागि मापदण्ड जारी गर्ने सम्बन्धमा हाल General Standards लागु भइरहेको अवस्था छ भने Specific Standard को हकमा क्रमश: लागु गर्दै जाने गरी मन्त्रालय क्रियाशील रहेको छ भन्ने **वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. १०२९, मिति २०६७।९।२९ को पत्रबाट लेखिआएको** । |
| ३०. | ३४७९<br>(०६०)<br>पार्वतीदेवी पन्त<br>वि.<br>सेती महाकाली धानचामल कम्पनी,पु.वे.अ. डोटी, कैलाली जि.अ.समेत | २०६४।९।६ | मुलुकी ऐन, दण्ड सजांयको महलको ४२, ४३, ४४, ४५, ४६ नं. लगायत अन्य नम्बरमा के कस्तो संशोधन गर्न पर्छ त्यसको सुझाव दिन सर्वोच्च अदालतका रजिष्ट्रारले तोकेको सर्वोच्च अदालतका सह रजिष्ट्रारको संयोजकत्वमा एक सुझाव समिति गठन गरी ४ महिनाभित्र सुझाव दिन आदेश जारी । | सम्मानित अदालतको क्षेत्राधिकारभित्रको विषय भएकाले तहांबाटै कार्यान्वयन हुने अपेक्षा लिईएको । |
| ३१. | ९१७<br>(२०६४)<br>सुनिलवाबु पन्त, व्लु डाइमण्ड सोसाइटी समेत वि. नेपाल सरकार | २०६४।९।६<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | Lesbian, Gay, Bisexuale, Trans sexuale and Intersexuale (LGBTI) हरुले आफ्नोपनको अधिकारको आधारमा विना भेदभाव आफ्नै पहिचान सहित नेपाल कानूनले दिएको हकहरु अरु सरह निर्वाध रुपमा उपयोग गर्न पाउनु पर्ने देखिंदा सरकारले यस सम्बन्धमा आवश्यक अध्ययन गरी फरक लैङ्गिक पहिचान र यौन अभिमुखिकरण भएका व्यक्तिहरुले समेत अरु सरह नै विना भेदभाव आफ्नो अधिकार उपभोग गर्न पाउने गरी उपयुक्त कानून बनाउनु वा भइरहेको कानून संशोधन गरी आवश्यक प्रबन्ध गर्नु | फरक लैङ्गिक पहिचान र यौन अभिमुखिकरण भएका व्यक्तिहरुका सम्बन्धमा कानून निर्माण गर्ने कार्यका लागि कानून तथा न्याय मन्त्रालयबाट पहल भई मिति ०६७।२।१० को पत्रबाट राय प्रतिकृया माग भई आएबमोजिम यस मन्त्रालयबाट सकारात्मक राय रहेको व्यहोरा कानून तथा न्याय मन्त्रालयमा पठाईएको र आदेश बमोजिम गठन हुनुपर्ने समितिको संयोजकमा यस मन्त्रालय अर्न्तगत राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका प्रमुख सहितको नामावली यस मन्त्रालयको च.नं. ३७३२ मिति ०६५।१०।१० को पत्रबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कानून शाखामा पठाईसकिएको र कानून तर्जुमाको लागि तयारी एवं अध्ययन भईरहेको हुँदा कानून तर्जुमाको लागि यस मन्त्रालयको सकारात्मक सहयोग हुने भनि **स्वास्थ्य तथा** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | भनी नेपाल सरकारको नाममा निर्देशात्मक आदेश जारी ।<br>समलिङ्गी विवाहका सम्बन्धमा अन्य राष्ट्रको यस सम्बन्धी प्रचलन एवं कानूनी व्यवस्था समेत हेरी महिला तथा पुरुष समलिङ्गी विवाहका सम्बन्धमा अध्ययन गरी निष्कर्षमा पुग्नका लागि समग्र विषयमा अध्ययन गर्नका लागि नेपाल सरकारले फैसलामा उल्लेख भए बमोजिमका पदाधिकारी रहने समिति समेत गठन गर्न नेपाल सरकारका नाममा निर्देशात्मक आदेश जारी । | **जनसंख्या मन्त्रालयको आ.ब. २०६९।०७० को वार्षिक प्रतिवेदन ।**<br>यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिको पहिचानको व्यवस्था गर्न र निजहरुको विरुद्धमा विद्यमान रहेका भेदभावजन्य ऐनका व्यवस्थालाई समयानुकूल संशोधन गर्नको लागि यौनिक तथा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६९ को मस्यौदा तयार गरी विभिन्न निकायको प्रतिक्रियाको लागि पठाइएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।** |
| ३२. | ००१९<br>(२०६३)<br>अधिवक्ता रमा पन्त खरेल समेत<br>वि.<br>नेपाल सरकार | २०६५।३।२६<br>सामान्य प्रशासन मन्त्रालय | सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को व्यवस्थालाई आचरणमा समावेश गरी यदि राष्ट्रसेवकले उक्त ऐन विपरित सामाजिक व्यवहार गरेमा आचरण विपरित कार्य गरेको मानी विभागीय कारवाही गर्ने व्यवस्था समावेश गरी सामाजिक व्यवहार सम्पन्न गर्ने प्रत्येक कर्मचारीले उक्त ऐनको दफा १५ अनुरुप हिसाव देखाउनु पर्ने व्यवस्था गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को नाममा निर्देशात्मक आदेश समेत जारी । | निजामती सेवा ऐन तथा नियमावलीका व्यवस्था सो ऐन बमोजिमका कर्मचारीको हकमा मात्र लागू हुने भएको र निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ मा समावेश गर्दा अन्य सेवा (नेपाल स्वास्थ्य सेवा समेत) का कर्मचारीहरुको हकमा समेत लागू हुने भएकोले प्रस्तुत व्यवस्था सो नियमावलीमा समावेश गर्न उपयुक्त हुने भएकोले सो नियमावलीमा संशोधन गर्नु पर्ने व्यहोराको मस्यौदा समेत तयार गरी यस मन्त्रालयको च.नं. १७९ मिति २०६७९।२६ को पत्रबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको । साथै आ.व. ०६८।०६९ को बार्षिक प्रतिवेदनमा समेत उल्लेख गरी च.नं. १४ मिति २०६९।४।१० को पत्रसाथ पठाइएको भन्ने **सामान्य प्रशासन मन्त्रालयको आ.ब. २०६९।७०** को वार्षिक प्रतिवेदनमा उल्लेख । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ३३. | ०६४- ००३५<br>(२०६४)<br>सपना प्रधान मल्ल<br>समेत<br>वि.<br>नेपाल सरकार<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय समेत | २०६५।३।२६<br>कानून, न्याय,<br>संविधानसभा तथा<br>संसदीय मामिला<br>मन्त्रालय | मुलुकी ऐन जवरजस्ती करणीको महलको ३ नं.को देहाय ६ को कानूनी व्यवस्था असमान्जस्यपूर्ण रहेको देखिन आएको हूंदा समानताको सिद्धान्त अनुकुल हुने गरी थप सजाय भन्दा मूल सजांय कमी हुने गरी भएको तथा बैवाहिक बलात्कार र गैर बैवाहिक बलात्कारको अपराधका वीचमा भएको विभेदपूर्ण सजांयको व्यवस्थामा सामान्जस्यता ल्याउने गरी आवश्यक र न्यायोचित व्यवस्था गर्ने तर्फ आवश्यक पहल गर्नु भनी प्रत्यथी कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेतका नाममा निर्देशात्मक आदेश जारी । | मुलुकी ऐन ज.क. को महलको ३ नं. को देहाय ६ को कानूनी व्यवस्थालाई सम्बोधन गर्ने गरी यस मन्त्रालयले तयार गरेको लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०६७ व्यवस्थापिका संसद समक्ष पेश भएको । |
| ३४. | ३३९३<br>(०६१)<br>सपना प्रधान मल्ल<br>वि.<br>कानून, न्याय तथा<br>संसदीय व्यवस्था<br>मन्त्रालय समेत | २०६५।३।२७<br>कानून, न्याय,<br>संविधानसभा तथा<br>संसदीय मामिला<br>मन्त्रालय | जर्वजस्ती करणी महलको ११ नं. को हदम्यादको वर्तमान व्यवस्था ज्यादै कम भई पिडितलाई न्याय दिलाउने कार्यमा बाधा पर्न गएको देखिएकोले पिडितहरुको सामाजिक मनोविज्ञान, अनुसन्धानमा लाग्ने समय र न्यायमा पहुंचको अवस्थालाई ध्यानमा राखी अपराधको गम्भीरतालाई हेरी प्रभावकारी अनुसन्धान र अभियोजन गर्नसक्ने गरी पर्याप्त हदम्यादको व्यवस्था गर्ने हिसावले उक्त जर्वजस्ती करणीको ११ नं. मा व्यवस्था भएको हदम्याद वढाउने गरी कानूनमा सुधार गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी । | लैंगिक समानता कायम गर्न केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ को मस्यौदामा ज.क. को ११ नं. मा रहेको ३५ दिनको हदम्यादलाई बढाई ९० दिन बनाउने गरी प्रस्ताव गरिएको र सो विधेयक व्यवस्थापिका संसदमा पेश भईसकेकोले कार्यान्वयन सम्पन्न भएको भन्ने कानून, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालयको आ.ब.२०६८।६९ को वार्षिक प्रतिवेदन । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ३५. | ०१३९<br>(०६४)<br>अमृता थापा समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६५।१।४<br>अर्थ मन्त्रालय,<br>शिक्षा मन्त्रालय<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय,<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय,<br>श्रम तथा रोजगार मन्त्रालय | नेपालको अन्तरिम संविधान, २०६३ को मौलिक हक अन्तर्गत राखिएका नागरिकहरुका आधारभूत स्वास्थ्य सेवा, माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक, खाद्य सम्प्रभुता सम्वन्धी हकको साथै सामाजिक सुरक्षा सम्वन्धी हक लगायत भाग ३ मा समावेश गरिएका कतिपय मौलिक हक प्रचलनको लागि कानून निर्माण गरी लागू गर्ने भनी संविधानद्वारा प्रष्ट रुपमा राज्यको तर्फबाट प्रतिवद्धता जनाएको अवस्थामा उक्त संविधान जारी भई लागू भएको यति धेरै समय व्यतित भई सक्दा पनि उल्लेखित मौलिक हकको प्रत्याभूति गर्नको लागि राज्यको तर्फबाट हालसम्म सरकारले कुनै चासो नदेखाउनु वा कानून निर्माण गर्नेतर्फ कुनै पहल नगर्नु लोक कल्याणकारी राज्य स्थापना गर्ने जिम्मेवारी लिएको सरकारको लागि आफैमा सुहाउने कुरा होइन । लोक कल्याणकारी राज्य स्थापना गर्ने उद्देश्यले जनताको अभिमत प्राप्त जनउत्तरदायी सरकारले कानूनी राज कायम गरी समतामूलक समाज स्थापना गरी सवै नागरिकलाई संविधान प्रदत्त मौलिक हकको प्रत्याभूती दिनको लागि समेत संविधानमा उल्लेखित व्यवस्था कार्यान्वयनको लागि तत्काल कानून निर्माण गर्नु | रोजगार नीति निर्माण भए पछि रोजगार सम्बन्धी अलग कानुन निर्माण गरिने । सामाजिक सुरक्षा कोष ऐन निर्माण भैसकेको र हाल संसद नभएकोले ऐन निर्माण प्रकृया अघि बढ्न नसकेको भन्ने **श्रम तथा रोजगार मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख ।<br>सो आदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा मन्त्रालय तथा श्रम तथा रोजगार मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो सम्बन्धमा के कस्तो कानून बनाउनु पर्ने हो सो को मस्यौदा बनाई तर्जुमाको लगि यस मन्त्रालयमा यथाशीघ्र पठाउन मिति २०७०।३।२० मा ती मन्त्रालयमा लेखी पठाइएको । भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय**को आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।<br>माध्यमिक विद्यालय तहसम्मको शिक्षा नि:शुल्क रुपमा पाउने संविधान प्रदत्त मौलिक हकलाई कार्यान्वयन गर्न प्रत्येक बालबालिकालाई नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षाको अधिकार हुनेछ र नेपाल सरकारले सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई चरणबद्ध रुपमा नि:शुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ । तर अपाङ्गता भएका व्यक्तिलाई माध्यमिक शिक्षा समेत नि:शुल्क हुनेछ भन्ने सारवान व्यवस्थाहरु प्रस्ताव गरी शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न शिक्षा ( आठौ संशोधन) विधेयक, २०६९, व्यवस्थापिका-संसद समक्ष प्रस्तुत भै संविधानसभाको विघटन पश्चात् शिक्षा (आठौ संशोधन) अध्यादेश जारि हुनका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट सम्मानिनय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत भएको र कक्षा १० सम्मको पाठ्यपुस्तक नि:शुल्क वितरण गर्ने गरिएको । उल्लिखित व्यवस्था बारे विधेयकको |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | आवश्यक हुन आउंछ । अत: संविधानमा उल्लेखित नागरिकहरुको आधारभूत हकको रुपमा रहेको निशुल्क शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा सम्वन्धी हक सुनिश्चित गर्न निवेदन माग दावी वमोजिम आवश्यक कानून निर्माण गर्नु भनी विपक्षी नेपाल सरकार,प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको नाउमा निर्देशनात्मक आदेश जारी । | प्रति समेत राखि लगत कट्टाका लागि फैसला कार्यान्वयन निर्देशनालयलाई अनुरोध गरिएको भनि **शिक्षा मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख ।<br>जिल्ला अस्पताल र प्रा.स्वा.के मा गरीव तथा असहाय विरामीहरुलाई अत्यावश्यकीय स्वास्थ्य सेवा निशुल्क प्रदान गर्ने सम्बन्धी कार्यविधि २०६३ र २५ शैया सम्मका अस्पताल र प्रा.स्वा.के मा गरीव तथा असहाय विरामीहरुलाई तथा स्वास्थ्य चौकी र उप-स्वास्थ्य चौकीमा आम नागरीकहरुलाई अत्यावश्यकीय स्वास्थ्य सेवा निशुल्क प्रदान गर्ने सम्बन्धी निशुल्क स्वास्थ्य सेवा कार्यक्रम संचालन कार्यविधि २०६४ लागू गरी निशुल्क स्वास्थ्य सेवा संचालन गर्दै आएको र सरकारले निशुल्क स्वास्थ्य सेवामा निरन्तरता दिंदै आएको हुँदा लगत कट्टा हुनु पर्ने देखिएको भन्ने **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**बाट लेखि आएको । |
| ३६. | ००२९<br>(०६३)<br>अच्यूतप्रसाद खरेल<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय समेत | २०६५।३।५<br>कानून, न्याय,<br>संविधानसभा तथा<br>संसदीय मामिला<br>मन्त्रालय<br>गृह मन्त्रालय | कारागार ऐन, २०१९ को विवादित प्रावधानमा ( दफा २२(२))न्यायोचित सुधार गर्नेतर्फ यथासम्भव छिटो आवश्यक पहल गर्नु भनी प्रत्यर्थि नेपाल सरकार कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेतका नाममा निर्देशनात्मक आदेश जारी । | उक्त आदेश गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो सम्बन्धमा के कस्तो कानूनी व्यवस्था गर्नुपर्ने हो सो को मस्यौदा बनाई तर्जुमाको लागि यस मन्त्रालयमा पठाउन गृह मन्त्रालयमा मिति २०६८।४।२३ मा पत्राचार गरिएकोमा हालसम्म पनि सो को कार्यप्रगतिका सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको हुँदा पुन:मिति २०७०।३।२० मा ताकेता गरिएको भनि **कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रगति ।** |
| ३७. | २५७२<br>(०६२)<br>कृष्णप्रसाद साही<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय समेत | २०६४।८।३<br>संस्कृति, पर्यटन तथा<br>नागरिक उड्डयन<br>मन्त्रालय, | संवेदनशिल क्षेत्रमा आपत्कालिन उद्धार गर्नुपर्ने जस्ता विशेष अवस्थामा बाहेक उडान निषेध गर्ने, उडान अनुमति नदिने, उडान प्रकृया कानूनमा नै स्पष्ट रुपमा व्यवस्थित गर्ने, उडान अनुमति दिंदा, | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं. ६८ मिति २०६५।६।९ को पत्रबाट नागरिक उड्डयन प्राधिकरणवाट आदेश कार्यान्वयन गर्ने सन्दर्भमा निर्देशिका तर्जुमा गर्ने कार्य भइरहेको जानकारी प्राप्त भएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | उडान गर्दा वा अवतरण गर्दा अपनाउनुपर्ने वा पालना गर्नुपर्ने शर्तहरु स्पष्ट रुपमा सुनिश्चित गर्ने, उडानको कारणले त्यस्ता संवेदनशिल क्षेत्र र सो वरपरका बासिन्दाहरुमा क्षति पुग्न गएमा उचित क्षतिपूर्ति गराउने लगायतका आवश्यक निवारक, सुरक्षात्मक र क्षतिपूर्ति भराउने समेतका व्यवस्थाहरु समावेश भएको कानून र नीति निर्देशिकाहरु तर्जुमा गरी त्यस्ता समस्याहरुलाई सम्बोधन गर्नुपर्ने जरुरी देखिन आउंछ । तसर्थ उपरोक्त व्यवस्थाहरु अविलम्ब मिलाई तिनको प्रभावकारी अनुगमन र मूल्यांकन गर्ने समेतको उपयुक्त संयन्त्रको व्यवस्था गरी नागरिक उड्डयनको व्यवस्थापन र संचालन गर्नु, गराउनु तथा उक्त व्यवस्थाहरु सुचारु भएपछि सो को जानकारी यस अदालतको अनुगमन महाशाखामा दिनु भनि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणको नाममा निर्देशनात्मक आदेश जारी । | |
| ३८. | ०९२०<br>(०६३)<br>भोजराज<br>तिमिल्सेना समेत<br>वि.<br>नेपाल सरकार<br>समेत | २०६४।९।२।२<br>शान्ति तथा पूर्ननिर्माण<br>मन्त्रालय | रिट निवेदकहरु लगायत लामो समयको द्वन्द्वबाट पीडित नागरिकहरुको समस्याको समाधानका लागि समिति गठन भै काम थालेको मितिले ६ महिनाभित्र (नभ्याएमा म्याद थप्न सक्ने गरी) वास्तविक विस्थापितहरुको स्थिति पत्ता लगाई राहत | सशस्त्र द्वन्द्वको क्रममा प्रभावित हुन पुगेका व्यक्ति, परिवार तथा संरचनाहरुको लगत संकलन गर्न नेपाल सरकार (म.प.) को मिति २०६४।२।१२ को निर्णय अनुसार **'द्वन्द्व प्रभावित व्यक्ति परिवार तथा संरचनाको लगत संकलन कार्यदल'** गठन भई सो कार्यदलले हालसम्म विस्तापित, बेपत्ता पारिएका व्यक्ति, मृतक, घाइते, अपाङ्ग, टुहुरा व्यक्ति |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | प्रदान गर्ने सुझाव दिन पांचवटै विकास क्षेत्रको प्रतिनिधित्व रहने गरी प्रत्येक विकास क्षेत्रबाट एक एक जना राजनीतिक प्रतिनिधि, निवेदक द्वन्द्व पीडितहरु मध्येबाट एकजना प्रतिनिधि, तथा अन्य बांकी सदस्य तथा अध्यक्षको हकमा नेपाल सरकारले उपयुक्त ठानेका व्यक्तिहरु रहेको एउटा समिति गठन गरी सो समितिको शिफारिस बमोजिम निवेदक लगायतका द्वन्द्व पीडितहरुलाई राहत प्रदान गर्ने लगायतका काम,कारवाही गर्नु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी । | तथा सम्पत्ति क्षतिको विवरण सहितको लगत संकलन गर्दै आएको र कार्यदलको सिफारिसका आधारमा आर्थिक सहायता तथा राहत प्रदान भई आएको ।<br>उक्त कार्यदलबाट सशस्त्र द्वन्द्वको क्रममा विस्तापित, बेपत्ता पारिएका व्यक्ति, मृतक, घाइते, अपाङ्ग, टुहुरा व्यक्ति तथा सम्पत्ति क्षतिको विवरण सहितको स्पष्ट लगत संकलन गरिएको ।<br>नेपाल सरकारले आन्तरिक रुपमा विस्थापित व्यक्ति सम्बन्धी स्वीकृत नीति, २०६३ स्वीकृत गरेको ।<br>कार्यदलको प्रतिवेदनका आधारमा विस्तापितहरुलाई निम्न बमोजिमका राहत सुविधा प्रदान भई आएको:-<br>घर सम्म पुग्ने प्रतिव्यक्ति यातायात खर्च रु. ३००-१,०००।- सम्म वा हवाई टिकट पेश वमोजिम ।<br>घर फर्कदा प्रतिव्यक्ति खाना र वास खर्च रु ५००।-<br>घर पुगेको प्रमाण पछि प्रतिव्यक्ति रु ६०।- दरले रु. १२०।- दिनको भरण-पोषण ।<br>घर मर्मत गर्नु परेमा प्रति परिवार - रु. ७,५००।-<br>पुरै घर बनाउनु पर्ने भए प्रति परिवार रु. २०,०००।-<br>कृषिकर्जा, व्यावसाय, आयआर्जन गर्नेलाई रु. २०,०००।- ५ वर्षका लागि निर्व्याजी ऋण ।<br>विस्थापित बालबालिका शैक्षिक राहत एकमुष्ठ रु. २,४००।-<br>भनि **शान्ति तथा पुनर्निर्माण मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |
| ३९. | ४२४<br>(०६४)<br>महिला पुर्नस्थापना केन्द्रको तर्फवाट अ. ज्योती लम्साल समेत<br>वि<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | ०६६।४।२८<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | (१) महिला पीडित भएको घरेलु हिसा सम्बन्धी अपराधको परिभाषा व्यापक गरी प्रभावकारी सजायको व्यवस्था गरी घरेलु हिसा सम्बन्धी अपराधलाई सरकारवादी पनि बनाई private prosecution लाई पनि opinion दिने कानूनी | क) घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ र नियमावली, २०६७ जारी भएको । साथै उक्त ऐन र नियमावलीको संशोधनको सम्बन्धमा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक तयारी अवस्थामा रहेको ।<br>ख) घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७ को नियम |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | व्यवस्था गरी त्यस्ता हिंसा सम्वन्धी मुद्धाको कानूनलाई संशोधन गरी अपराधको अनुसन्धान उपलब्ध भएसम्म महिला प्रहरीद्वारा गराउने व्यवस्था गर्ने ।<br>(२) घरेलु हिंसाबाट पीडितले चाहेमा पीडित महिलाको लागि उपलब्ध भएसम्म महिला कानून व्यवसायीबाट र महिला कानून व्यवसायी नभएमा अन्य लिङ्गीय कानून व्यवसायीको सेवा निःशुल्क राज्यले निरन्तर गराउने व्यवस्था मिलाउने ।<br>(३) घरेलु हिंसावाट पीडितको मुद्धा हेर्न एउटा fast track court गठन गर्न महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयको ध्यानाकर्षण गराउने र हाललाई सो अदालतको गठनको लागि प्रतिवेदन दिन एक समितिको गठन गरिएको, सो समितिले ४ महिनाभित्र प्रतिवेदन दिने र प्रतिवेदन क्रमशः लागु गर्दै जाने । | १५ बमोजिम गठित सेवा कोषबाट पीडितलाई कानूनी सेवा उपलब्ध गराउने व्यवस्था रहेको ।<br>ग) सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम समिति गठन भई परामर्शदाताबाट प्रतिवेदन प्राप्त भई सकेको । साथै फास्ट ट्याक कोर्ट स्थापनाको लागि यस आ.ब. देखि अर्थ मन्त्रालयबाट यसको जिम्मेवार निकाय कानून तथा न्याय मन्त्रालय र सहयोगी मन्त्रालयको रुपमा यस मन्त्रालयलाई तोकिएको भनि **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| ४०. | ३१८०<br>(२०६१)<br>भोजराज ऐर<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६२।२।२३<br>कृषि विकास मन्त्रालय, सहरी विकास मन्त्रालय | अत्याधिक जनसंख्याको चाप रहेको नेपाल अधिराज्यका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरुमा प्रस्तुत पशु वद्यशाला तथा मासु जाँच ऐन, २०५५ लागु हुने सक्ने पुर्वाधारहरु यथासम्भव छिट्टै तयार गरी गर्न लगाई निवेदन माग दावी अनुसार यो ऐन लागु गर्नु गराउनु र यो ऐन चरणवद्ध रुपमा कसरी लागु गर्ने गराउने हो सो | आदेश कार्यान्वयन गर्ने सम्बन्धमा ५८ नगरपालिकामा मासु निरीक्षक र मासु सुपरिवेक्षक नियुक्ति गरिसकिएको र सो सम्बन्धी सुचना नेपाल राजपत्र भाग ५ खण्ड ६१ मिति २०६८।६।९ (संख्या २३) मा प्रकाशित भइसकेको तथा पशु वधशाला र मासु जाँच ऐन, २०५५ को प्रभावकारी कार्यान्वयनको लागि ऐन संशोधन गर्नुपर्ने भएकोले ऐनको संशोधन मस्यौदा तर्जुमा भै यस सम्बन्धी अन्य कार्यहरू भैरहेको भन्ने **कृषि विकास मन्त्रालयको आ.ब.२०६९।७०** को वार्षिक प्रतिवेदन । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | विषयमा सर्वसाधारणलाई अग्रिम जानकारी समेत गराउनु भनी विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी। | सर्वोच्च अदालतको आदेशानुसार गर्न सबै नगरपालिकाहरुलाई च.नं. १३१, मिति २०६३।१०।२६ को पत्रबाट परिपत्र गरिएको । नगरपालिकाहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि, २०६६ बमोजिम शहरी आधारभूत सेवा व्यवस्थापन शिर्षकमा मासु पसल तथा पशु बधशाला व्यवस्था, जनस्वास्थ्य प्रवर्द्धन र सरसफाई तथा फोहर व्यवस्थापनलाई कार्य सम्पादन मापनसँग आवद्ध गरी पूर्णाङ्क १०० मध्ये भारीत अंक क्रमशः ४, ३ र २ प्रदान गरिएको छ, जसले न.पा.को कार्य सम्पादन मापनमा असर गर्ने देखिन्छ भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख। |
| ४१. | ०५२१<br>(२०६६)<br>नारायणप्रसाद देवकोटा<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६७।४।२१<br>वन तथा भूसंरक्षण मन्त्रालय,<br>उद्योग मन्त्रालय,<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सबै नेपालीको साझा सम्पत्तिको रुपमा रहेको प्राकृतिक श्रोत कुनै एक व्यक्तिको स्वामित्व हुन नसक्नुका साथै त्यस्ता प्राकृतिक श्रोतको प्रयोग गर्दा वातावरणलाई प्रतिकुल प्रभाव नपार्ने गरी सार्वजनिक हित हुने कार्यमा मात्र प्रयोग हुन पर्ने हुंदा विभिन्न कार्य गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशात्मक आदेश जारी। | नेपाल सरकार (मं.प.) को मिति २०६६।१२।१७ को निर्णयबाट गठित स्थानीय विकास मन्त्रालयको सचिवको संयोजकत्वमा वातावरण मन्त्रालय समेतका सह-सचिवहरु रहेको १३ सदस्यीय केन्द्रीय अनुगमन समिति र प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला प्रहरी प्रमुख समेत रहेको १० सदस्यीय जिल्ला स्तरीय अनुगमन समिति क्रियाशील रहेको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन।<br>मिति २०६७।५।२३ को निर्णय ( मन्त्रिस्तर) अनुसार आदेश बमोजिमको कार्यदल गठन भई सो कार्यदलले बुझाएको प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत भई लागु भइसकेको भन्ने **विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदनमा** उल्लेख भएको।<br>१. सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयनको लागि यस मन्त्रालयको मिति २०६७।५।१३ को |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | पत्रवाट मातहतका विभागहरु एवं घरेलु तथा साना उद्योग विकास समितिलाई निर्देशन दिइएको ।<br>२. उद्योग विभागबाट मिति २०६७।१।७ मा ७५ वटै जिल्ला प्रशासन कार्यालयलाई अवैध रुपमा संचालन भएका क्रसर उद्योगहरु बन्द गराउन पत्र पठाइएको ।<br>३. आर्थिक वर्ष २०६७/६८ देखि क्रसर उद्योग दर्ता र निरीक्षण/अनुगमनका सम्वन्धमा निश्चित मापदण्ड र कार्यविधि तयार गर्न खानी तथा भू-गर्भ विभागका सु.जी. श्री हिफजुर्रहमानको संयोजकत्वमा उद्योग मन्त्रालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग समेतको सहभागितामा समिति गठन भई उक्त समितिले प्रतिवेदन पेश गरिसकेको छ ।<br>४. सम्मानित सर्वोच्च अदालतको आदेशानुसार गठीत प्राविधिक समितिले नेपाल सरकार समक्ष पेश गरेको प्रतिवेदन वातावरण मन्त्रालय (मन्त्रीस्तरीय) को मिति २०६७।१२।६ को निर्णयअनुसार तत्काल कार्यान्वयन गर्ने गरी स्वीकृत भएको र सोही अनुसार कार्यान्वयन गर्ने गरिएको छ । सो विषयमा सर्वोच्च अदालतको आदेशानुसार गठीत प्राविधिक समितिले नियमीत अनुगमन गर्ने व्यवस्था गरिएको भन्ने **उद्योग मन्त्रालयको आ.ब. २०६८।६९ को वार्षिक प्रतिवेदन**<br>सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम वातावरण मन्त्रालयका सह-सचिवको संयोजकत्वमा गठित प्राविधिक समितिको प्रतिवेदन कार्यन्वयन गर्न वन विभाग र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग मार्फत सम्बन्धित कार्यालयहरुलाई निर्देशन दिइएको र सोही बमोजिम कार्यान्वयन भइरहेको छ । वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६८।१०।२० मा स्वीकृत भै कार्यान्वयनमा ल्याइएको |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | छ । सुकुम्बासी, मुक्त कमैया पुनस्थापन लगायतको प्रयोजनमा वन क्षेत्रको जग्गा उपलब्ध नगराउने नीति यथावत कायम राखिएको छ । यस मन्त्रालयको मिति २०६९।१।४ को पत्रबाट सुकुम्बासी समस्या समाधानको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउन नसकिने ब्यहोरा जानकारीको लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पठाइएको छ । देशको कूल भू-भागको ४० प्रतिशत भू क्षेत्र वन कायम गर्ने गरी विभिन्न क्षेत्रमा संरक्षित वन क्षेत्रहरु विस्तार गरिएको र चुरे संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन भएको छ भन्ने **वन तथा भूसंरक्षण मन्त्रालयको आ.ब. २०६९।०७० को वार्षिक प्रतिवेदन ।** |
| ४२. | ०२८७<br>(२०६३)<br>अधिवक्ता ऋषिराम घिमिरे समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६६।१।३०<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय र<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | HIV AIDS को विविध पक्षहरु समेटिएको पर्याप्त कानूनी व्यवस्थाको तर्जुमा गरी प्राथमिकताका साथ व्यवस्थापिका संसद समक्ष पेश गर्नु भनी कानून तथा न्याय मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी । | सो आदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग सम्बन्धित भएकोले सो सम्बन्धमा के कस्तो कानूनी व्यवस्था गर्नु पर्ने हो सोको मस्यौदा बनाई यस मन्त्रालयमा तर्जुमाको लागि पठाउन मिति २०६८।६।३० मा सो मन्त्रालयमा लेखी पठाएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।**<br>एच.आइ.भी एड्स तथा यौन रोग ( नियन्त्रण, रोकथाम, उपचार, पुर्नस्थापना तथा अधिकार संरक्षण गर्ने) सम्बन्धमा आवश्यक कानून तर्जुमा गर्न गृहकार्य भइरहेको भन्ने **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.ब.२०६९।७० को वार्षिक प्रतिवेदन ।** |
| ४३. | ३२१९<br>(२०६२)<br>अधिवक्ता राजेन्द्र घिमिरे समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६४।९।२<br>गृह मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | Convention against Torture and other Cruel Inhuman and degrading treatment or Punishment, 1984 को अक्षरस पालना र कार्यान्वयनप्रति नेपालको treaty Obligation भएको र नेपालको अन्तरिम संविधान, २०६३ | यातना सम्बन्धी (कसूर, सजाय तथा क्षतिपूर्ति) सम्बन्धी ऐन, २०६८ को मस्यौदा तर्जुमा गरी आवश्यक कारबाही अघि बढाउन यस मन्त्रालयबाट सहमति दिई गृह मन्त्रालयमा पठाइएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | को धारा २६ तथा ३३(ङ) को प्रयोजनका लागि यातना दिने कार्यलाई अपराध घोषित गरी यातना दिनेलाई सजांय दिने कानून बन्नुपर्ने नेपालको संवैधानिक कर्तव्य भएकोले निवेदकको माग बमोजिम यातना दिने कार्यलाई अपराध घोषित गर्न र यातना दिनेलाई सजांय गर्ने व्यवस्था समेतको कानून बनाउनु भनी नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी । | यातना विरुद्धमा व्यवस्था गर्न बनेको विद्येयक २०६७ मस्यौदा भई ऐन बन्ने प्रक्रिया अघि वढी मं.पं. बाट विधेयक स्वीकृत भै मिति २०६९।१।६ मा संसद्मा पेश भइसकेको छ भन्ने **गृह मन्त्रालयको आ.ब.२०६८।०६९ को वार्षिक प्रतिवेदन ।** |
| ४४. | ०२३०<br>(२०६४)<br>अधिवक्ता<br>प्रकाशमणि शर्मा<br>समेत<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय समेत | २०६५।२।२२<br>स्वास्थ्य तथा जनसंख्या<br>मन्त्रालय<br>कानून, न्याय,<br>संविधानसभा तथा<br>संसदीय मामिला<br>मन्त्रालय | महिलाको हक एवं प्रजनन् स्वास्थ्यसंग सम्बन्धित विशेषज्ञ एवं समाजका प्रतिनिधिहरुसंग आवश्यक परामर्श गरी उपरोक्त स्थितिहरु समेटिएको पर्याप्त कानूनी व्यवस्था सहितको कानून निर्माणको लागि प्राथमिकता साथ विधेयक तर्जुमा गरी शीघ्र व्यवस्थापिका संसद समक्ष पेश गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी । | आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ तयार गरी पाठेघर खस्ने समस्याको उपचार, गर्भवती परिक्षण, सुरक्षित प्रसूति सेवा, टि.टि.खोप, आइरन चक्की वितरण जस्ता सुरक्षित मातृत्व सम्बन्धी सेवाहरु नि:शुल्क रुपमा संचालन भएकोले लगत कट्टा हुनु पर्ने भनि **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**बाट लेखि आएको । |
| ४५. | १००२<br>(२०६४)<br>अधिवक्ता मिरा<br>ढुंगाना<br>वि.<br>प्रधानमन्त्री तथा<br>मन्त्रिपरिषद्को<br>कार्यालय समेत | २०६६।५।३<br>महिला, बालबालिका<br>तथा समाजकल्याण<br>मन्त्रालय,<br>अर्थ मन्त्रालय | महिला विकास र सशक्तिकरणलाई प्रभावकारी बनाउनको लागि योजना, कार्यक्रम, बजेट तर्जुमा गरी लागु गर्नु भनी राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र राष्ट्रिय महिला आयोगका नाममा निर्देशनात्मक आदेश जारी । | महिला विकास र शसक्तिकरणलाई प्रभावकारी बनाउनको लागि आ.व. ०६६।०६७ को बजेटमा महिलालाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा कुल बजेटको १७.३० प्रतिशत अर्थात रु. ४९ अर्व ४५ करोड बजेट व्यवस्था गरिएको । महिला विकास कार्यक्रमलाई निरन्तरता दिन ४९ करोड ३० लाख, मानव विकास र लैङ्गिक विकास सूचकाङ्कमा पछाडी परेको १५ जिल्लामा सञ्चालित सामाजिक, आर्थिक र कानूनी शसक्तिकरण कार्यक्रममा रु. २२ करोड १२ लाख, वादी समुदायका |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | महिलाहरुको आर्थिक र सामाजिक शसक्तिकरणका लागि दाङ्ग, बाँके, सल्यान, बर्दिया, सुर्खेत, जाजरकोट, दैलेख, कैलाली, दार्चुला र कञ्चनपुरमा घर विकास योजना कार्यक्रम सञ्चालन गर्न रु. ३ करोडको बजेट व्यवस्था गरिएको भनि **अर्थ मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रगतिबाट जानकारी ।<br>यस मन्त्रालयको नाममा आदेश जारी नभएको । महिला विकास र सशक्तिकरण सम्वन्धी विभिन्न कार्यक्रमहरु महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालवालिका विभाग र ७५ वटै महिला तथा बालवालिका कार्यालयहरु मार्फत सञ्चालन भईरहेका भनि **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| ४६. | ००३५<br>(२०६३)<br>जितकुमारी पंगेनी समेत<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६५।३।२६<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | समानताको सिद्धान्तको अनुकुल हुने गरी थप सजांय भन्दा मूल सजांय कमी हुने गरी भएको तथा वैवाहिक बलात्कार र गैरवैवाहिक बलात्कारको अपराध बीचमा भएको विभेदपूर्ण सजांयको व्यवस्थामा सामन्जस्यता ल्याउने गरी आवश्यक र न्यायोचित व्यवस्था गर्नेतर्फ आवश्यक पहल गर्नु भनी कानून तथा न्याय मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी । | सो व्यवस्थालाई सम्बोधन हुने गरी लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक मिति २०६८।३।६ मा व्यवस्थापिका-संसद सचिवालयमा दर्ता गराई सकिएको हुँदा सो को लगत कट्टा हुने व्यवस्था गर्न मिति २०६९।९।४ मा फैसला कार्यान्वयन निर्देशनालयमा पुनः पत्र पठाइएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।** |
| ४७. | ३५८१<br>(२०६२)<br>पुन्देवी महर्जन सुजाना<br>वि.<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६५।५।२<br>संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | कुमारी प्रथा सम्बन्धी विद्यमान अवस्थाको पुनरावलोकन गरी नेपालको अन्तरिम संविधान तथा नेपालले हस्ताक्षर गरेका महिला तथा बालबालिकाका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय | कार्यान्वयनका लागि संस्कृति मन्त्रालयमा लेखि पठाईएकोमा तत्सम्बन्धमा कुनै जवाफ प्राप्त नभएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | दस्तावेजहरुका प्रावधानहरुलाई ध्यानमा राखी के कस्ता आर्थिक, सामाजिक, वैधानिक वा प्रशासकिय उपायहरुको अवलम्बनद्धारा उनीहरुको हक, हित र सामाजिक सुरक्षामा अभिवृद्धि गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्ययन गरी सोहि अनुरुप गर्नु, गराउनु उपयुक्त देखिएकोले कुमारी संस्कृतिका अनुयायी, समुदायका अगुवा तथा प्रतिनिधि संघसंस्थाहरुसंग समेत अन्तरक्रिया गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको एक अध्ययन समिति गठन गर्नु भनी विपक्षी संस्कृति मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ र अध्ययन समितिको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदन नेपाल सरकारले कार्यान्वयन गर्नु भन्ने परमादेश समेत जारी गरिएको छ ।<br>नेपाल सरकारले मनोनित गरेको संस्कृति मन्त्रालयका सहसचिव.. संयोजक,<br>गुठि संस्थानबाट मनोनित प्रतिनिधि, .... सदस्य,<br>बालबालिका सम्बन्धी मन्त्रालयबाट मनोनित एकजना प्रतिनिधि... सदस्य,<br>निवृत्त कुमारीहरु मध्येबाट ने.स.बाट मनोनित एकजना प्रतिनिधि,.. सदस्य,<br>ने.स.बाट मनोनित एकजना ख्यातिप्राप्त संस्कृति एवं संस्कृतिविद्.. सदस्य । | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ४८. | ११४<br>(२०६२)<br>मिरा ढुंगाना समेत<br>वि.<br>कानून तथा न्याय मन्त्रालय समेत | २०६३।८।७<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | स्त्री अंश धनको ७ नं. को व्यवस्था नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिज्ञापत्रका व्यवस्थाहरु तथा स्वामित्व र सम्पत्ति सम्बन्धी अवधारणाको विपरित र नेपाल अधिराज्यको संविधान, २०४७ मा व्यवस्थित समानताको हक समेतसंग बाझिएकोले अमान्य र बदर घोषित भएको । | लैंगिक समानता कायम गर्न केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ को मस्यौदामा स्त्री अंशधनको ७ नं. को व्यवस्था खारेज गर्न प्रस्तावित गरिएको र सो विधेयक व्यवस्थापिका संसदमा पेश भईसकेको भन्ने कानून, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालयको आ.ब. २०६८।६९ को वार्षिक प्रतिवेदन । |
| ४९. | ००११<br>(२०६४)<br>सपना प्रधान मल्ल<br>वि.<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६५।५।२६<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | मुलुकी ऐन विहावारीको महलको ९ र ९ क नं. को प्रावधानलाई संविधान तथा CEDAW को प्रावधानसंग सामन्जस्यता कायम गर्दै लोग्ने र स्वास्नीका बीचमा भेदभावको अनुभूति नहुने गरी उपयुक्त कानूनी व्यवस्था गर्नु भनी निर्देशनात्मक आदेश जारी । | लैंगिक समानता कायम गर्न केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ को मस्यौदामा स्त्री अंशधनको ७ नं. को व्यवस्था खारेज गर्न प्रस्तावित गरिएको र सो विधेयक व्यवस्थापिका संसदमा पेश भईसकेकोले कार्यान्वयन सम्पन्न भएको भन्ने कानून, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालयको आ.ब.२०६८।६९ को वार्षिक प्रतिवेदन । |
| ५०. | ००४३<br>(२०६५)<br>मिरा ढुंगाना<br>वि.<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६६।७।२८<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | फौज्दारी मुद्दाहरुमा पीडित पक्षको संरक्षण गर्ने आवश्यक र उपयुक्त व्यवस्था गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | प्रस्तावित फौज्दारी कसुर र सजांय (निर्धारण तथा कार्यान्वयन) विधेयकको मस्यौदामा पीडित राहत क्षतिपूर्ति कोष खडा गर्ने व्यवस्था भएको र सो विधेयक व्यवस्थापिका संसदमा पेश भईसकेको भन्ने कानून, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालयको आ.ब. २०६८।६९ को वार्षिक प्रतिवेदन । |
| ५१. | ९९<br>(२०६१)<br>भेजराज ऐर समेत<br>वि.<br>मन्त्रिपरिषद्को कार्यालय समेत | २०६५।१२।२२<br>शहरी विकास मन्त्रालय,<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | पर्यावरण संरक्षण, प्रदुषणरहित खानेपानीको व्यवस्था वाग्मती नदी संरक्षण तथा फोहोर मैला व्यवस्थापन गर्न निर्देशात्मक आदेश जारी । | स्थानीय विकास मन्त्रालय मार्फत फोहोरमैला व्यवस्थापन ऐन, २०६८ मिति २०६८।३।१ देखि कार्यान्वयनमा आएको । काठमाण्डौ उपत्यकाको फोहोर व्यवस्थापन गर्न नुवाकोटको ओखरपौवा सिसडोलमा अल्पकालिन ल्याण्डफिल्ड साईट निर्माण भई फोहोर व्यवस्थापन भईरहेको र बन्चरेडांडामा दीर्घकालीन ल्याण्डफिल्ड साईटको व्यवस्थाका लागि उक्त स्थानको जग्गा प्राप्त गरिसकिएको एवं वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयबाट EIA |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | Report स्वीकृत भई सकेको, स्थायी समाधानका लागि PPP Concept मा RFP मुल्यांकन भई प्रस्ताव स्वीकृत गर्ने प्रकृयामा रहेको ।<br>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत Draft Operating Criteria for Sanitary Landfill sites, Technical Guidelines for Municipality Sanitary Landfill site Selection and Designing तयार भएको, जलवायु तथा मौसम विज्ञान विभागबाट वाग्मती नदीको Flood hazards mapping को काम पूरा भएको ।<br>नेपाल सरकार (मं.प.) को मिति २०६५।१०।९ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) को संयोजकत्वमा वाग्मती नदीमा स्वच्छता कायम गराउने सम्बन्धमा आवश्यक कार्य गर्न छाता समितिको गठन भएको छ । वाग्मती र यसका सहायक नदीनालाहरुको संरक्षण योजनावद्ध र प्रभावकारी ढंगले गर्न अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समिति र राष्ट्रिय प्रकृति संरक्षण कोषबीच समन्वयात्मक रुपमा समझदारी कायम गरी वाग्मती कार्य योजना नेपाल सरकार (मं.प.) बाट मिति २०६६।४।२७ मा स्वीकृत भएको छ । यो ५ वर्षे कार्ययोजना र यसको लागत रु.१४.९५ अर्व लाग्ने छ । यस सम्बन्धी क्रियाकलापहरु सोही आ.ब.०६७६८ मा समितिका नाउंमा ३० करोड ४ लाख ९९ हजार विनियोजन भएको छ । यस आ.ब. को प्रगति मूल्यांकन हेर्दा विनियोजित बजेटको ७४.४ प्रतिशत खर्च भएकोमा भौतिक प्रगति ८६ प्रतिशत हासिल भएको छ ।<br>तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालज्यूबाट मिति २०६७।९।९ मा गोकर्ण गुहेश्वरी खण्डको भौतिक पूर्वाधार निर्माण कार्यको शिलान्यास भई वाग्मती नदी संरक्षण |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | अभियानको प्रारम्भ गरिएको र उक्त खण्डमा निर्माण कार्य भईरहेको छ । ४ कि.मि. ढल बिच्छ्याईएको र तटबन्ध निर्माण कार्य भईरहेको छ । स्थानीय जग्गाधनीहरुबाट मुआव्जाका सम्बन्धमा विवाद सिर्जना गरेकोले कार्य संचालनमा केही प्रतिकूल असर पर्न गएकोले सो को समाधान गर्ने प्रयास जारी राखिएको छ । सोझै नदीमा मिसाईएका ७० प्रतिशत ढल सोझै नदीमा जानबाट रोकिएको छ । वाग्मती नदीको सुन्दरीजल गोकर्ण खण्डमा २१ सालको नापीमा कायम रहेको क्षेत्रबाट वाग्मती नदीको बहाव कायम गरी नियन्त्रण गर्ने उद्देश्य अनुरुप नदीको सिमांकन गर्ने कार्य भएको छ । तटबन्धका लागि आवश्यक तारजाली बुन्ने कार्य नेपाली सेनाबाट भईरहेको र ५.५० कि.मि. लम्बाईमा नदी नियन्त्रण कार्य यसै आ.ब.को अन्त्यमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । वाग्मती नदीको तिलगंगा मिनभवन खण्डमा नदीको दुवै किनारामा ढल, सडक तथा ग्रीन वेल्ट निर्माण कार्य शुरु भएको छ । तर नदी किनारमा बस्दै आएका व्यक्तिहरुबाट निर्माण कार्यमा प्रतिकूल असर परेको छ । वाग्मती र यसका सहायक नदीहरुलाई स्वच्छ पार्न र संरक्षण गर्न वाग्मती विकास परिषद् विधेयक, २०६६ व्यवस्थापिका संसदमा प्रस्तुत भई विचाराधिन अवस्थामा छ । नदी किनारका जग्गा अतिक्रमण, अवैध वालुवा चोरी, अव्यवस्थित बस्तीहरुको व्यवस्थापन, क्षतिपूर्ति, मुआव्जा जस्ता कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६६।८।२८ को निर्णयानुसार सम्माननीय प्रधानमन्त्रीज्यूको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गरिएको छ । वाग्मती नदीको सफाइमा वाग्मती नदीको मीनभवन बल्खु खण्ड र मनोहरा नदीको हनुमन्ते खोलाको दोभानसम्मको |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | खण्डमा हुने निर्माण कार्यको विस्तृत सर्वेक्षण, डिजाइन, लागत अनुमान र बोलपत्र सम्बन्धी कार्य तयार भई परामर्शदाता छनौट भई आयोजना व्यवस्थापन, परामर्शदाता नियुक्ति गरी प्राविधिक क्षेमतामा अभिवृद्धि गरिएको छ । गोकर्णदेखि गुहेश्वरीसम्म निर्मित ढल प्रणालीको मर्मत संभार तथा संचालनबाट २०६७ सालमा शिवरात्री पर्व अगाडी पशुपति क्षेत्रको वाग्मती नदीमा पानीको बहाव कम महशुश गरिएतापनि पानीको गुणस्तरमा उल्लेख्य सुधार भएको छ । यस वर्ष नदीको पानीको गुणस्तर परिमितिहरु खासगरी Biological, Oxygen demand and Chemical मा अन्दाजी ७० प्रतिशतले कमी आएको पानी परिक्षणले देखाएको छ । एशियाली विकास बैंकको तर्फबाट Bagmati River Improvement Project विस्तृत अध्ययन कार्यको लागि Mission Nepal I ले सिंचाई मन्त्रालय, अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समिति लगायतका सरोकारवालाहरुसंग कार्य शुरु गरेको छ भन्ने **भौतिक योजना तथा निर्माण मन्त्रालयको आ.ब.२०६७।६८ को वार्षिक** प्रतिवेदन ।<br>फोहरमैला व्यवस्थापन ऐन, २०६८ र सोको नियमावली, २०७० कार्यान्वयनमा आएको र सोही बमोजिम स्थानीय निकायहरुबाट फोहरमैलाको व्यवस्थापन गर्ने कार्य सम्पादन हुँदै आइरहेको ।<br>काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापन गर्न नुवाकोटको ओखरपौवा सिसडोलमा अल्पकालिन ल्याण्डफिल्ड साइट निर्माण भई फोहरमैला व्यवस्थापन भइरहेको र बञ्चरेडाँडामा दीर्घकालिन ल्याण्डफिल्ड साइटको व्यवस्थाका लागि जग्गा प्राप्त गरिसकिएको र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भइसकेको । स्थायी समाधानका लागि संस्था |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | छनौट प्रक्रियालाई अन्तिम रुप दिन लगानी बोर्डमा लेखी पठाइएको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख । |
| ५२. | २८९१<br>(२०६०)<br>पूर्णभक्त डंगोल<br>वि.<br>मन्त्रिपरिषद्को कार्यालय समेत | २०६३।३।२०<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय | वातावरणीय संरक्षणमा विशेष व्यवस्था मिलाउन सडक विभाग र नगरपालिकाहरुका नाममा निर्देशात्मक आदेश जारी । | भौतिक योजना तथा निर्माण मन्त्रालयको च.नं. ९६ मिति २०६६।१२।१३ को पत्रबाट निर्देशन कार्यान्वयन भइरहेको जवाफ प्राप्त । निर्माण र सुधारको क्रममा रुख कटान गर्नु पर्दा वन मन्त्रालयसंग समन्वय गरी व्यवस्थापन गर्दै आईएको छ र आवश्यक संख्यामा वृक्षारोपणको कार्य वन मन्त्रालय मार्फत गरिंदै आएको छ । यस सम्बन्धी सम्पूर्ण खर्च सडक विभाग र मातहतका कार्यालय, आयोजनाले बेहोर्ने व्यवस्था मिलाईएको छ भन्ने **भौतिक योजना तथा निर्माण मन्त्रालयको आ.ब.२०६७।६८ को वार्षिक प्रतिवेदन** ।<br>ठूला आयोजनाहरु प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृति पछि मात्र सञ्चालन गर्ने गरिएको ।<br>हरित नगरको अवधारणा अनुरुप ईलाम र घोराही नगरपालिकालाई Green City को रुपमा अगाडी बढाइएको ।<br>खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियानलाई प्रोत्साहित गरिएको ।<br>फोहरमैला व्यवस्थापन, हरित पार्क, बगैंचा निर्माणका लागि जगेडा कोष कार्यक्रमबाट उच्च प्राथमिकता दिइएको भन्ने **सं.मा.तथा स्था.वि.मं.को आ.ब. २०६९।०७० को वार्षिक प्रतिवेदन** । |
| ५३. | १००२<br>(२०६५)<br>सहदेव गौतम<br>वि.<br>मन्त्रिपरिषद्को कार्यालय समेत | २०६७।३।२४<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | आयोडिनयुक्त नून ( उत्पादन तथा विक्रि वितरण) ऐन, २०५५ को व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरी ऐनको दफा (१) को उपदफा (२) बमोजिम तोकेको क्षेत्रमा तोकेको मितिदेखि लागु | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आदेश कार्यान्वयन हुने गरी लगत कट्टा गर्न उपयुक्त देखिएको भन्ने **वाणिज्य तथा आपूर्ति मन्त्रालयको आ.ब. २०६९।७०** को वार्षिक प्रतिवेदनमा उल्लेख ।<br>मिति २०६५।१०।२९ मा स्वास्थय तथा जनसंख्या मन्त्रालयबाट आयोडिन नून (उत्पादन तथा विक्री |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | गर्नु भनी प्र.मं.तथा मं.प.को कार्यालय समेतका नाममा निर्देशनात्मक आदेश जारी । | वितरण) नियमावली २०६६ को मस्यौदामा राय प्रतिक्रियाको लागि लेखि पठाईएकोमा बाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रस्तुत बिषय बाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने भएकोले तत्सम्बन्धी कार्यबाही स्थगित राख्न अनुरोध भई आएको । साथै बाणिज्य तथा आपूर्ति मन्त्रालयबाट यस मन्त्रालयको कार्यक्षेत्रमा असर नपर्ने गरी सहमतिमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आदेश कार्यान्वयन हुनु पर्ने भनि लेखि आएको छ । तसर्थ दुवै मन्त्रालयको समन्वय र सहकार्यमा थप कारवाही गर्न पहल गरिने भन्ने **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन ।** |
| ५४. | ०००१<br>(०६४)<br>सपना मल्ल प्रधान<br>वि.<br>रक्षा मन्त्रालय<br>समेत | रक्षा मन्त्रालय | सैनिक प्रहरी नियमावली, २०५८ को नियम ४३ को खण्ड (ज) मा रहेको सैनिक प्रहरीमा प्रवेश गर्न चाहने महिला अविवाहित वा एकल हुनु पर्ने भन्ने प्रावधान संविधानको धारा १२(३)(च), १३,२०(१), २१ संग बाझिएको भन्ने रिट दावीमा विवाहित महिलाले तालिम लिंदा गर्भमा रहन गएको भ्रुणको स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने, नपर्ने, त्यसलाई न्यूनिकरण गर्ने उपाय छन्, छैनन् भन्ने विषय प्राविधिक पक्षबाट हल गर्नु पर्ने र छिमेकी मुलुकहरुमा सो सम्बन्धी कानूनी प्रावधानको तुलनात्मक अध्ययन, देशको सामाजिक र सांस्कृतिक अवस्था, महिलाको रोजगारीको स्थिति समेतको समग्र अध्ययन गरी प्रचलित संवैधानिक र कानूनी व्यवस्था, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धि समेतमा | सैनिक सेवा नियमावलीको मस्यौदा तर्जुमाको क्रममा रहेको, प्राविधिक विषय र विभिन्न मुलुकहरुको कानूनी व्यवस्थाको अध्ययन गरी नियमावलीमा उपयुक्त व्यवस्था समावेस गरिने भन्ने **रक्षा मन्त्रालयको** आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।<br>उक्त आदेश रक्षा मन्त्रालयसँग सम्बन्धित भएकोले उल्लिखित नियमावलीको तर्जुमा प्रकृयाको प्रगतिको सम्बन्धमा मिति २०७०।३।२८ मा उक्त मन्त्रालयमा पत्राचार गरिएको भन्ने **कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको** आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | गरिएको व्यवस्था सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको अनुकुल हुने गरी सैनिक प्रहरी सम्बन्धी विवादित व्यवस्थामा समसामयिक सुधार गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | |
| ५५. | ००२८<br>(०६४)<br>माधवकुमार बस्नेत<br>वि.<br>रक्षा मन्त्रालय<br>समेत | रक्षा मन्त्रालय | सैनिक ऐन, २०६३ को दफा ७५ (पक्राउ परेको व्यक्तिलाई २४ घण्टाभन्दा बढी अवधीसम्म मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराई थुनामा राख्न सक्ने व्यवस्था) संविधानको धारा १(१), १२(२), २४(३) तथा ICCPR को धारा ९(३), १४(३) (ग) समेतसंग बाझिएको भन्ने रिट निवेदनमा उक्त दफा ७५ लाई अमान्य घोषित गरिएको र सो बाट आनुषांगिक रुपमा पर्न जाने असर समेतलाई दृष्टिगत गरी कानूनी सुधार अविलम्ब गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | सैनिक ऐन संशोधनको लागी आवश्यक प्रक्रियामा रहेको र अन्य देशको सैनिक न्याय प्रावधानहरु समेतको अध्ययन गरी सैनिक ऐनमा आवश्यक संशोधनका लागी पहल भईरहेको भन्ने **रक्षा मन्त्रालयको आ.ब. २०६९।०७० को वार्षिक प्रतिवेदनबाट लेखि आएको** । |
| ५६. | ००२८<br>(०६३)<br>प्रकाशमणि शर्मा<br>समेत<br>वि.<br>नेपाल सरकार | २०६५।३।५<br>स्वास्थ्य तथा जनसंख्या<br>मन्त्रालय<br>गृह मन्त्रालय | राज्यले प्रदान गर्नुपर्ने, गर्भवती महिला बन्दीहरु र स्तनपान गर्ने वच्चाहरुको स्वास्थ्य पोषणको व्यवस्था मिलाउनु भन्ने आदेश जारी । | कार्ययोजना बनाई अर्थ मन्त्रालयमा पठाइएको र त्यसको जानकारी सर्वोच्च अदालतलाई मिति २०६६।३।३ मा दिइएको भन्ने गृह मन्त्रालयको च.नं.१३७, मिति २०६७।९।१८ को पत्र एवं आ.ब. २०६७।६८ को वार्षिक प्रतिवेदनबाट लेखिआएको ।<br>आदेशको कार्यान्वयका लागि मिति २०७०।१।३ मा वजेट तथा कार्यक्रम महाशाखामा उक्त आदेशको सक्कलै प्रति सहित पत्राचार गरिएको भनि अर्थ मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ५७. | ०७५७<br>(०६३)<br>लक्ष्मीदेवी धिक्त समेत<br>वि.<br>प्र.मंतथा मं.प.को कार्यालय समेत | २०६६।२।६<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | विविध पक्षहरु समेटिएको तथा प्रजनन् स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकार कानूनका व्यवस्थाहरुको व्यवस्था समेत समावेश गरी गर्भपतन सम्बन्धी छुट्टै र पर्याप्त कानून बनाउन जो चाहिने पहल गर्नु भनी प्र.मं.तथा मं.प.को कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कानून तथा न्याय मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी। | मिति २०६७।१०।२८ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कानून तथा न्याय मन्त्रालयमा लेखि पठाईएकोमा हालसम्म कुनै जानकारी प्राप्त नभएको। |
| ५८. | ३३२९<br>(०६६)<br>ओमप्रकाश अर्याल<br>वि.<br>प्र.मंतथा मं.प.को कार्यालय समेत | २०६७।३।१६<br>परराष्ट्र मन्त्रालय | नेपाली नागरिकहरुलाई खासगरी Migrant Workers ले विभिन्न किसिमका भेदभावजन्य व्यवहारबाट पिडित हुनुपरेको समेतका वास्तविकतालाई ध्यानमा राखी उपरोक्त कार्यहरुलाई नियमित, व्यवस्थित र कानूनको दायरामा ल्याउन तत्तत् मुलुकहरुसंग सन्धि, सम्झौता गर्ने लगायतका आवश्यक कुटनैतिक कदम चाल्नु वा अन्य के गर्दा नेपाली नागरिकहरुको हकहित संरक्षण र सुरक्षित हुन सक्छ, सो गर्नु भनी नेपाल सरकार, प्र.मं.तथा मं.प.को कार्यालय, र परराष्ट्र मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी। | मिति २०६७।१२।३० मा परराष्ट्र मन्त्रालयमा लेखि पठाईएकोमा हालसम्म कुनै जानकारी प्राप्त नभएको। |
| ५९. | ००४६<br>(२०६०)<br>प्रेमप्रसाद सन्जेल<br>वि.<br>प्र.मंतथा मं.प.को कार्यालय समेत | २०६७।१०।१३<br>अर्थ मन्त्रालय | सरकारी प्रतिष्ठानको वित्तिय अवस्था, कर्मचारी कामदारको प्रशासनिक भार समेतलाई दृष्टिगत गरी सो मापदण्ड सम्बन्धी विषयमा सन्तुलित ढंगले विशेष अध्ययन अनुसन्धान | आदेशको कार्यान्वयका लागि मिति २०७०।२।२७ मा संस्थान समन्वय महाशाखामा उक्त आदेशको सक्कलै प्रति सहित पत्राचार गरिएको भनि **अर्थ मन्त्रालय**को आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख<br>आदेश बमोजिम सर्वोच्च |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | गरी प्रतिष्ठानमा कार्यरत कर्मचारी कामदारलाई केही शेयर के को आधारमा र कतिसम्म कम मूल्यमा उपलब्ध गराउन सकिने हो, त्यसको औचित्यपूर्ण पारदर्शी व्यवस्था बनाई सो को कार्यान्वयनको लागि स्पष्ट मार्गदर्शन हुने गरी निश्चित मापदण्ड बनाई लागु गर्नु भनी प्र.मं.तथा मं.प.को कार्यालय समेतका नाममा निर्देशनात्मक आदेश जारी । | अदालतबाट अमान्य र बदर घोषित भएका ऐनहरुको सम्बन्धमा कानून किताव प्रकाशन गर्दा सो व्यहोरा जनाई प्रकाशन गरिने । साथै उक्त आदेशमा उल्लिखित अन्य व्यवस्था अर्थ मन्त्रालयसँग सम्बन्धित देखिएकोले आदेश कार्यन्वयनको लागि मिति २०७०।३।२६मा सो मन्त्रालयमा पत्राचार गरिएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको** आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन । |
| ६०. | ०६१०<br>(०६७)<br>टंकविशाल घिमिरे समेत<br>वि.<br>प्र.मं तथा मं.प.को कार्यालय समेत | २०६७।१२।२<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>गृह मन्त्रालय | जमल र रत्नपार्कका आकाशे पुललाई आधार मानी आकाशे पुल निर्माण गर्न र सो को अनुगमन गर्न प्रहरी प्रधान कार्यालयका एकजना प्रहरी अधिकृत र का.म.न.पा. का एकजना जिम्मेवार अधिकृत सम्मिलित अनुगमन समिति गठन गरी अनुगमन गर्नु र समितिले सो विपरित हुने गरी निर्माण भएको ठहर गरेमा काठमाण्डौ महानगरपालिकाले पसल हटाउने व्यवस्था गर्नु भनी निर्देशनात्मक आदेश जारी । | अनुगमन समिति गठन भई अनुगमन कार्य भइरहेको भन्ने **सं.मा. तथा स्था.वि.मं.को आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन । |
| ६१. | ००२३<br>(०६६)<br>मीना खड्का समेत<br>वि.<br>प्र.मं तथा मं.प.को कार्यालय समेत | २०६७।१२।२<br>शिक्षा मन्त्रालय<br>अर्थ मन्त्रालय | निवेदनमा उल्लेख गरिएका विषयवस्तुलाई गम्भिरतापूर्वक ध्यान दिई सरकारी अनुदान प्राप्त भौतिक पूर्वाधार नभएका विद्यालयको भौतिक पूर्वाधार एवं गुणस्तरीय शिक्षाको स्तरोन्नतीका लागि प्रभावकारी योजना बनाई कार्यान्वयन गर्नु भनी निर्देशनात्मक आदेश जारी । | सरकारी अनुदान प्राप्त भौतिक पूर्वाधार नभएका विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि शिक्षा विभागबाट विद्यालय छनौटका आधारहरु निर्धारण गरी विभागको च.नं. ८७ मिति २०७६८।७।७ को पत्रबाट ७५ वटै जिल्ला शिक्षा कार्यालयहरुमा परिपत्र गरिएको र गुणस्तरीय शिक्षाको स्तरोन्नतीका लागि भयमुक्त सिकाइ वातावरणका निमित्त नीतिगत व्यवस्था, बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, शिक्षक तालिम, शिक्षक विद्यार्थी आचारसंहिता लगायतका कुराहरुको व्यवस्था गरिएको **भनि शिक्षा** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | **मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| ६२. | ०७०३<br>(०६७)<br>सविना दमाई समेत<br>वि.<br>प्र.मं तथा मं.प.को कार्यालय समेत | २०६७।११।१५<br>गृह मन्त्रालय,<br>शिक्षा मन्त्रालय | (क) निवेदीकालाई आमाको नामबाट कानून बमोजिम नेपालको नागरिकता प्रदान गर्नु,<br>(ख) नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीको रित र कार्यविधि पुरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रुपमा सबै प्र.जि.अ.को नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु,<br>(ग) समाजमा अझै बांकी रहेका त्यस्ता खराब परम्परा, प्रचलन, प्रथा उन्मूलन गर्न आवश्यक र प्रभावकारी कदम चाल्नु भनी गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी ।<br>(घ) रुढीगत प्रथा, संस्कृति र प्रचलनलाई उन्मुलन गर्नको लागि आवश्यक जनचेतना जगाउन आवश्यक शिक्षा तथा जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गर्नु, गराउनु भनी प्र.मं तथा मं.प.को कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी । | शिक्षा विभागबाट लैङ्गिक सचेतना प्याकेज, २०६९, लैङ्गिक समविकास शिक्षा, लैङ्गिक सचेतना पुस्तिका, बालिकाका लागि मनोपरामर्श सेवा पुस्तिका लगायतका सामाग्रीहरु प्रकाशित गरी जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गरिएको भनि **शिक्षा मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| ६३. | ०१४९<br>(०६५)<br>प्रकाशमणी शर्मा समेत<br>वि.<br>प्र.मं तथा मं.प.को कार्यालय समेत | २०६७।२।५<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय | अभाव क्षेत्रमा खाद्यान्न उपलब्ध गराउने सरकारको कर्तव्य हुंदा भविष्यमा खाद्यान्नको अभाव वा खाद्य संकटको अवस्था उत्पन्न हुन नदिन समयमै उचित व्यवस्था गर्न र भविष्यमा यस्तो | मिति २०६८।४।१० को निर्णय (सचिवस्तर) अनुसार अभावग्रस्त क्षेत्रमा आपूर्ति व्यवस्था गरी खाद्यान्न अभाव हुन नदिन सडक वा हवाई यातायात जुन मार्गबाट भएपनि बिलम्व नगरी यथाशक्य चांडो आपूर्ति व्यवस्था गर्नु भनी नेपाल खाद्य संस्थान लगायत |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | अवस्था आइपरे हवाई वा सतही जुनसुकै मार्गद्वारा पनि समयमै खाद्यान्न आपूर्ति र उपलब्ध गराई नागरिकहरुलाई भोकमरीबाट बचाउन आवश्यक व्यवस्था गराउने गर्नु भनी विपक्षीका नाममा निर्देशनात्मक आदेश जारी । | सम्बन्धित निकायमा पत्राचार एवं निर्देशन दिइएको भन्ने **वाणिज्य तथा आपूर्ति मन्त्रालयको आ.ब. २०६९।७० को** वार्षिक प्रतिवेदनमा उल्लेख भएको । |
| ६४. | ०७४८<br>(०६५)<br>लक्ष्मी खरेल, बस्नेत समेत<br>वि.<br>प्र.मं तथा मं.प.को कार्यालय समेत | २०६७।४।१२<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | आउंदो आ.ब. देखि अपाङ्ग महिलाहरुको स्वास्थ्यलाई विशेष ध्यान दिई अपाङ्ग व्यक्तिहरुका लागि अस्पताल, सार्वजनिक यातायात लगायत सम्पूर्ण सार्वजनिक स्थानमा अपाङ्गहरुको सरल र सहज पहुंच हुन सक्ने गरी नीति, कार्यक्रम बनाई रकम छुट्याई संविधान र महासन्धि क्रमशः लागु गर्नु र बनाइने नीति र कार्यक्रमहरु यस अदालतलाई पनि उपलब्ध गराउनु भनी स्वास्थ्य तथा जनसंख्या र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी । | अस्पतालमा अपाङ्ग मैत्री बनाउन विगत तीन बर्षदेखि र्‍याम्प निर्माण गर्ने, अपाङ्गहरुलाई अत्यावश्यक औषधि निशुल्क वितरण गर्ने, अस्पतालहरुबाट अपाङ्ग/असहायको लागि विशेष छुट एवं निशुल्क उपचारको व्यवस्था र अपाङ्ग असहायहरुको सेवाको लागि गैर सरकारी संस्थाहरुलाई निरन्तर अनुदान दिने कार्य भईरहेको भन्ने **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदनमा** लेखि आएको । |
| ६५. | ०१२९<br>(०६३)<br>राजु चापागाईं<br>वि.<br>प्र.मं तथा मं.प.को कार्यालय समेत | २०६५।६।३०<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय<br>गृह मन्त्रालय | १. मानसिक रोग लागेका व्यक्तिहरुको हकहितको सुरक्षा र उनिहरुको उपचारको व्यवस्था लगायत मानसिक रोगीका सम्बन्धमा आवश्यक सम्पूर्ण कुरा समावेश भएको उपयुक्त कानून बनाउनु,<br>२.यो आदेश प्राप्त भएको मितिले नौ महिनाभित्र नेपालमा कति संख्यामा बहुलाएका व्यक्तिहरु छन्, बहुलाएका व्यक्तिहरुलाई उपचार गर्न अस्पताल,चिकित्सक, | सो आदेश सम्बन्धी व्यवस्था स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित देखिएकोले आदेश बमोजिमको कानूनको मस्यौदा यथाशिघ्र बनाई यस मन्त्रालयमा पठाउन हुन भनी मिति २०७०।४।२ मा त्यस मन्त्रालयमा पत्राचार गरिएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय**को आ.व.२०६९।०७० को वार्षिक प्रतिवेदन ।<br>सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम धुलिखेल कारागारमा रहेका मानसिक रोगी सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा काभ्रे जिल्लाका प्रमुख |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | सवास्थ्यकर्मी र हस्पीटल बेड कति छन्, यि कुराहरु र बहुलाएको व्यक्ति सम्बन्धी सरकारको कार्ययोजना के छ? सो अध्ययन गरी त्यसको यथार्थ विवरणको एकप्रति यस अदालतलाई उपलब्ध गराउनु,<br>३. कारागार शाखा काभ्रेपलान्चोकको मिति २०६३।३।५ को पत्रबाट उक्त कारागारमा त्यतिबेला २७ जना मानसिक रोगी कारागारमा रहेको भन्ने देखिन्छ । मानसिक रोगीलाई कारागारमा राख्ने कार्य संविधान विपरित हुने भनी व्यवस्थाहरु आजैबाट असंवैधानिक ठहर गरी अमान्य गरिएको हुंदा अन्य उपचार केन्द्र भए त्यहां सारी उपचार गराउनु, यदि उपचार केन्द्र नभए त्यस्ता बन्दीलाई कारागारमा नै मानसिक रोग सम्बन्धी विशेषज्ञ चिकित्सकबाट उपचार गराउनु भनी निर्देशनात्मक आदेश जारी । | जिल्ला अधिकारीको संयोजकत्वमा ६ सदस्यीय कार्यदल गठन गरिएको र कार्यदलले पेश गरेको प्रतिबेदनको छायाँप्रति संलग्न राखी श्रीमान सचिवज्यू गृह मन्त्रालयलाई लेखि श्री सर्वोच्च अदालत, श्री प्रधानमन्त्री मं.प. को कार्यालय, श्री कानून तथा न्याय मन्त्रालय, श्री महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, श्री महान्यायाधिवक्ताको कार्यालय, श्री कारागार व्यवस्था विभागलाई बोधार्थ लेखि सम्मानीत सर्वोच्च अदालतको आदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायतका अन्य मन्त्रालय र निकायमा नाममा समेत जारी गरिएको हुदा प्रतिबेदनमा थप कार्यबाहीको संयोजन तहाँबाट हुन नेपाल सरकार मिति २०६७-११-१० (सचिवस्तर) को निर्णयानुसार सादर अनुरोध गर्दछु भनि मिति २०६७।११।१५ मा लेखि पठाईएको । छुट्टै ऐन तर्जुमा गर्ने सम्बन्धमा अध्ययन भईरहेको भन्ने **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक** प्रतिवेदनबाट लेखि आएको । |
| ६६. | १११<br>(०६२)<br>अच्यूतप्रसाद खरेल<br>वि.<br>प्र.मं तथा मं.प.को कार्यालय समेत | २०६३।५।२९<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | प्रचलित नेपाल कानूनमा विद्यमान रहेका सर्वश्व सम्बन्धी सजांय हटाउन आवश्यक कानून बनाउनु भन्ने आदेश जारी । | उक्त सजायलाई प्रस्तावित अपराध संहिताबाट हटाई सो सजायलाई कैद सजायको रुपमाा रुपान्तरण गर्ने गरी प्रस्ताव गरिएको र उक्त संहिता व्यवस्थापिका-संसदमा विचाराधीन भनि **कानून, न्याय, संविधानसभा तथा संसदिय मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन ।** |
| ६७. | ०००२<br>(०६६)<br>योगेन्द्र गिरी<br>वि.<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत | २०६७।७।१७<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>सामान्य प्रशासन मन्त्रालय | ऐनले श्रृजना नै नगरेको क्षेत्राधिकार प्रशासकिय अदालत नियमावली,२०५१ बाट श्रृजना हुने गरी भएको प्रशासकिय अदालत नियमावली,२०५१ को नियम ५ मा आवश्यक संशोधन गर्नु | प्रशासकिय अदालतको सम्बन्धमा व्यवस्था गर्न नयां प्रशासकिय अदालत ऐन, २०६६ को मस्यौदा व्यवस्थापिका संसदमा पेश गर्ने प्रयोजनको लागि स्वीकृतिको निमित्त नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गरिएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | भन्ने आदेश जारी । | **मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।** |
| ६८. | ०५८४,०७४६, ०६६३<br>(०६६)<br>सुन्तली धामी<br>वि.<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय समेत | २०६७।८।१५<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | जवर्जस्ती करणी, घरेलु हिंसा र बैबाहिक बलात्कारबाट पीडित महिलाहरुको हितको लागि सो सम्बन्धमा कानून संशोधन वा आवश्यक कानूनी व्यवस्था गर्नु, प्रत्येक जिल्लामा क्रमशः Counseling center को व्यवस्था गर्नु भन्ने समेत व्यहोराको निर्देशनात्मक आदेश<br>जारी । | १. आ.व. २०६८/६९ देखि लैङ्गिक हिंसावाट पीडितलाई राहत र आर्थिक सहयोग प्रदान गर्न ७५ वटै महिला तथा बालवालिका कार्यालयहरुमा मन्त्रालय अर्न्तगत लैङ्गिक हिंसा निवारण कोषवाट ७५ हजारका दरले रकम उपलव्ध गराइएको ।<br>२. लैङ्गिक हिंसाको कारण मानव बेचविखनमा परेका पीडितहरुलाई मनो-सामाजिक मनो-विमर्श परामर्श दिन यस सम्वन्धी निर्देशिका तयार भएको ।<br>३. नेपाल सरकारले सम्बन्ध विच्छेद गरेकी विधवा, पैतिस वर्ष उमेर पुरा गरेकी अविवाहित, पाँच वर्ष भन्दा बढि समय देखि पति हराई वा वेपत्ता भएकी तथा अंश वण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला जस्ता एकल महिलाहरुको सुरक्षा गरी सहज ढंगले समाजमा बस्न पाउने व्यवस्था गर्न मिति २०७०।२।९ को नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार एकल महिला सुरक्षा कोष स्थापना गरी यसै आ.व. देखि सो कोषलाई प्रभावकारी ढंगले सञ्चालनमा ल्याउने भएको छ भनि **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| ६९. | १२२२<br>(२०६६)<br>रिट निवेदक जंग बहादुर<br>विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय | सालको रिट नं.को रिट निवेदनमा भएको निर्देशनात्मक आदेश कार्यान्वयनका लागि संयोजन कारागार व्यवस्थापन विभागको महानिर्देशक-१, सदस्य-प्रहरी प्रधान कार्यालयको अधिकृत प्रतिनिधी-१, सदस्य सचिव-गृह | मिति २०६८।७।२२ गृह मन्त्रालयमा कार्यान्वयनका लागि लेखी पठाएकोमा हालसम्म तत्सम्वन्धमा कुनै जानकारी प्राप्त नभएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | मन्त्रालयको अधिकृत-१ समेतको तीन सदस्यीय समिति गठन गरी उक्त समितिले अध्ययन गरी दिएको सुझाव अनुसार ऐन नियम संशोधन लगायत आवश्यक व्यवस्था गरी अन्तरिम संविधानको धारा २०(२) को प्रयोजनको लागि पारिवारिक भेटको सुविधा प्रदान गर्न सकिने कारागार सुविधा उपलब्ध गराउनु । यो आदेश प्राप्त भएको मितिले नेपाल सरकारले २ महिना भित्र समिति गठन गर्नु पर्ने र समितिले गठन भएको मितिले ६ महिना भित्र प्रतिवेदन दिन पर्ने छ भन्ने आदेश भए अनुसार उक्त आदेश कार्यान्वयन गर्ने क्रममा माथि उल्लेख भए अनुसार तीन सदस्यीय समिति गठन गरी सो को जानकारी फैसला कार्यान्वयन निर्देशनालय एवं यस कार्यालय समेतलाई दिनु हुन | |
| ७०. | ००१० (२०६५)<br>भुवन प्रसाद निरौला<br>विरुद्ध<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६८।३।१६<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>रक्षा मन्त्रालय | सैनिक सेवाको संवेदनशील प्रकृति, कठोर अनुशासनको पालनाको आवश्यकता र सैनिक सेवामा प्रवेश गरेकै कारणबाट सैनिक जनशक्तिले मानव अधिकार र न्यायको अधिकार समर्पण गर्नु नपर्ने परिस्थिति बीचको सन्तुलित स्थिति सिर्जना गरी देशका सबै जनताले झैं सैनिक सेवामा कार्यरत जनशक्तिहरुले पनि न्याय गर्ने गराउने र प्राप्त गर्ने आधुनिक, सभ्य र लोकतान्त्रिक प्रणली विकास गर्न सैनिक ऐन, २०६३ का विभिन्न | आदेशमा उल्लेख भए बमोजिम गर्नु हुन भनी मिति २०६८।११।२१ मा रक्षा मन्त्रालयमा लेखी पठाइएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।**<br>सैनिक ऐन, २०६३ मा पुनरावलोकन गर्न एक कार्यदल समेत गठन गरि उक्त कार्यदलले उपसमिति गठन गरी उक्त उपसमितिले भारत, संयुक्त राज्य अमेरिका, क्यानडा, दक्षिण अफ्रिका, संयुक्त अधिराज्यको सैनिक न्याय प्रणालीको अध्ययन गरी प्रतिवेदन समेत पेश गरिसकेको ।<br>सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेशमा कानूनको क्षेत्रमा कार्यरत विशेषज्ञ, सैनिक |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | प्रावधानहरुको पुनरावलोकन गरी कानुनी एवं संस्थागत सुधारका साथै त्यसको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक देखिएकोले यो आदेश प्राप्त भएको मितिले छ महिना भित्र न्याय कानुन तथा सुरक्षा क्षेत्रको प्रतिनिधित्व भएको एउटा कार्यदल गठन गरी न्याय एवं कानुनको क्षेत्रमा कार्यरत विशेषज्ञ, सैनिक संगठन भित्रका सबै तहका जनशक्ति, सरकारका सुरक्षा संयन्त्र, नागरिक समाज तथा मानव अधिकारकर्मी समेतसँग पर्याप्त परामर्श गरी सैनिक ऐनमा रहेका सैनिक न्यायसँग सम्बन्धित मौजुदा व्यवस्थाहरुको पुनरावलोकन गरी आवश्यक सुधारको जो चाहिने प्रवन्ध गर्नु गराउनु | संगठन भित्रका सबै तहका जनशक्ती, सरकारका सुरक्षा संयन्त्र, नागरिक समाज तथा मानव अधिकारकर्मी समेत संग परामर्श गर्नु भन्ने उल्लेख भए मुताविक परामर्श गर्न लाग्ने बजेट हालसम्म अर्थ मन्त्रालयबाट प्राप्त हुन नसकेको कारणबाट परामर्श गर्ने कार्य हुन नसकेको व्यहोरा अनुरोध छ **भनि रक्षा मन्त्रालयको आ.व. २०६९।७० को प्रगतिबाट प्राप्त हुन आएको ।** |
| ७१. | ०५९०/०५९१/०५७५/०५८८/०५८९<br>(२०६४)<br>खड्गबहादुर लिम्वु<br>विरुद्ध<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०६८।११।१२<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय | उपर्युक्त विषयमा सर्वोच्च अदालतको च.नं. ३०५६, मिति २०६८।८।८ को पत्र साथ प्राप्त निम्न रिट निवेदनहरुमा भएको आदेशमा इलाम जिल्लाको चुलाचुली क्षेत्रको विवादित व्यक्तिहरुको जग्गा लामो समय देखि रोक्का रहेको र प्रस्तुत विवाद पुरानो भै सकेको देखिदा नाप नक्सा लगायतको कार्य तदारुकताका साथ गरी विवादको चाँडो समाधान गर्नु गराउनु । | चुलाचुली क्षेत्रको अव्यवस्थित वसोवास समस्या समाधान समितिबाट, समितिको गठन आदेश अनुसार रैकर जग्गाको हकमा मात्र जग्गा वितरण गर्ने निर्णय भई विभिन्न कारणले समितिको निर्णयानुसारको जग्गाधनी दर्ता श्रेस्ता, प्रमाणपूर्जा तयार गर्नु तथा प्रमाणपूर्जा वितरण गर्न वाँकी रहेको वा श्रेस्ता फेला नपरेकोमा तोकिए वमोजिमको मुल्य चुक्ता भएपछि जग्गाधनी दर्ता श्रेस्ता, प्रमाणपूर्जा तयार गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय ईलामबाट गर्नु गराउनु र फिल्डवुकको व्यक्तिको नाम चढाउन वाँकी रहेको वा नक्शामा रेखाङ्कन गर्न वाँकी रहेको हकमा मालपोत कार्यालय ईलामको अनुरोधमा नापी कार्यालय ईलामबाट फिल्डवुकमा नाम चढाउने वा कित्ता |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | नक्सामा रेखाङ्कन गर्ने कार्य गर्नु गराउनु भनी भूमिसुधार तथा व्यवस्थापन विभाग र नापी विभागलाई निर्देशन भई गएको भन्ने **भूमिसुधार तथा व्यवस्था मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन ।** |
| ७२. | २०६३ सालको रिट नं३४५५ .<br>जनक सुवेदी<br>विरुद्ध<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६५।०८/११/<br>भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय | सरकारी घर जग्गाको व्यवस्थापन गर्ने भौतिक योजना तथा निर्माण मन्त्रालयलाई सरकारी भवनहरुको दुरुपयोग हुन सक्नेतर्फ ध्यानाकर्षण गराउनु भन्ने आदेश | सरकारी भवनहरुको अभिलेख राख्ने कार्य सहरी विकास तथा भवन निर्माण विभागवाट शुरुवात गरिएकोसरकारी भवन , व्यवस्थापन गर्ने केन्द्र र जिल्लामा संयन्त्र स्थापना गर्ने कार्यको पहल गरिएको छभन्ने । भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन । |
| ७३. | रि नं ०६६-wo-१३४४ निवेदक चन्देश्वरी कर्माचार्य समेत<br>विरुद्ध<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६८/१०/२२<br>सहरी विकास मन्त्रालय | नेपाल सरकारले भूमि सम्बन्धी र भूउपयोग सम्बन्धी कानूनहरुको समिक्षा गरी विद्यमान समस्याको सम्बोधनका लागि नेपाल सरकारले केन्द्रीय स्तरमा आवास तथा भौतिक योजना मन्त्रालय, भूमिसुधार मन्त्रालय, राष्ट्रिय योजना आयोग, जलस्रोत मन्त्रालय, स्थानीय निकायहरु र सरोकारवाला बिच एवं अन्य समुह सम्मिलित कृषिक्षेत्र, औद्योगिक क्षेत्र, आवास क्षेत्र, परम्परागत बसोबास क्षेत्र, सांस्कृतिक एवं ऐतिहासिक स्थल रहेको क्षेत्र, सरकारी वा सार्वजनिक प्रयोगको क्षेत्र, वन क्षेत्र, नदीवाला वन जंगल क्षेत्र आदि विविध क्षेत्रहरुको निर्धारण गरी तोकिएको क्षेत्रमा तोकिएको संयन्त्र निर्माण गरी भू-उपयोग योजना | (क) भूमिको उपयोग सम्बन्धमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयले राष्ट्रिय भू-उपयोग नीति बनाई कार्यान्वयनमा आयसकेको देखिन्छ ।<br>(ख) व्यवस्थित सहरी विकासको सन्दर्भमा आवास व्यवस्था गर्नुअघि विभिन्न क्षेत्रको निर्धारण छुट्याउने, आवास क्षेत्रमा निश्चित नीतिको आधारमा अग्ला भवनहरु निर्माण गर्न दिनु नीतिसमेतको व्यवस्था गर्ने, दैवी प्रकोपको दृष्टिले व्यवस्थापनका लागि तयारी समेतका कुरामा विचार गरी अनुमति दने र मापदण्ड तोक्ने, अनुगमनको प्रभावकारी सयन्त्र बनाउने समेतका विषयका सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय बमोजिम नेपाल राजपत्रमा मिति २०६२।११।२२ को सूचना बमोजिम काठमाडौं उपत्यका र ठूला सशर एवं सहर उन्मुख क्षेत्रमा घर घडेरी एवं कम्पाउण्डका लागी आवश्यक जग्गाको निश्चित मापदण्ड तोक्ने, भूकम्प निरोधक प्रविधियुक्त घर निर्माण गर्ने तथा स्थानीय |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | बनाई आवास योजना विकास कार्यबाट परम्परागत हक अधिकारमा उपभोगमा असर पर्ने भएमा त्यसको सम्बोधन गर्ने वा क्षतीपूर्ति प्रदान गर्ने प्रभावकारी नियमनकारी एवं समन्वयकारी निकाय समेतको व्यवस्था भएको आवश्यक र पर्याप्त कानूनी व्यवस्था गरी लागू गर्नु भनी नेपाल सरकार मन्त्रिपरिषद् समेतको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । | निकाय एवं निजी क्षेत्र र नेपाल सरकार समेतको सहभागितामा संयुक्त, सामूहिक र योजनाबद्ध आवासको विकास गर्ने, त्यस्तो संयुक्त, सामूहिक र योजनावद्ध आवासको निर्माण गर्दा योजना अनुमति लिने प्रक्रिया र संयुक्त आवास भवन निर्माण सम्बन्धी मापदण्डका निर्धारण गरिसकेको देखिने र सो मापदण्डमा आदेश अनुसारका कुरासमेत सम्बोधन भएको देखिन्छ ।<br>(ग) अन्य कतिपय कानून सम्बन्धी अन्य विषयमा विषय नगर विकास ऐन, २०४५ र काठमाडौं उपत्का विकास प्राधिकरण ऐन, २०४५ समेत र ती अन्तर्गत बनेका नियमावलीहरुसमेतबाट सम्मानित अदालतको आदेश बमोजिम गर्न सकिने नै देखिन्छ भनि **सहरी विकास मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| ७४. | ०८१२<br>(०६७)<br>रामचन्द्र पौडेल<br>विरुद्ध<br>व्यवस्थापिका संसदको सचिवालय समेत | २०६८।८।२२<br>गृह मन्त्रालय | पूर्व विशिष्ट पदाधिकारी, राष्ट्रको विकास, राष्ट्रियताको उत्थान तथा मर्यादा कायम राख्न र नेपालमा कानूनको शासन र लोकतन्त्रको सुदृढिकरणको लागि उल्लेखनिय सेवा तथा योगदान पुर्‍याएका व्यक्तिहरुलाई केही समय वा आजीवन कस्तो कति समय उपयुक्त हुन्छ सो समयसम्म सरकारी कोषबाट सम्मान स्वरुप आर्थिक सुविधा दिने बारेमा आवश्यक अध्ययन गरी उपयुक्त कानून बनाउन नेपाल सरकारको ध्यानाकर्षण गरिएको छ । | पूर्व पदाधिकारीहरुले प्रयोग गरेको सवारी साधनहरु फिर्ता भइसकेको तथा सुविधा र सुरक्षा प्रदान गर्ने सम्बन्धमा अध्यादेश जारी भै मापदण्ड समेत बनाई कार्यान्वयन भइसकेको छ भन्ने गृह मन्त्रालयको आ.व.२०६९।०७० को वार्षिक प्रतिवेदन । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ७५. | ००३१<br>(२०६६)<br>अधिवक्ता सन्तोष बस्नेत<br>विं<br>प्र.मं. तथा मं.पं. को कार्यालय समेत | २०६७।१०६<br>कानून, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालय | संविधानमा सामाजिक न्यायको हक अन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला,दलित,आदिवासी जनजाति,मधेशी समुदाय,उत्पीडित वर्ग ,गरिव किसान र मजदूरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ भनी व्यक्त भएको प्रतिवद्धतालाई सार्थक तुल्याउने गरी पिछडिएको वर्गको पहिचानको लागि उचित मापदण्ड बनाउन तत्कालै एउटा अध्ययन समिति गठन गरी सो प्रतिवेदन समेतका आधारमा निजामती सेवा ऐन लगायतका अन्य ऐन नियमहरुमा पनि सामाजिक न्यायको अनुभूति हुने गरी समसामयिक व्यवस्था गर्नु । | केही सार्वजनिक सेवालाई समावेशी बनाउनको लागि केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक तयार गरी मिति २०६८।११।९ मा व्यवस्थापिका-संसदमा पेश गरिएको र हाल सो विधेयकलाई अध्यादेशको रुपमा जारी गर्न नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट सम्माननीय राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय भएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।** |
| ७६. | ३३२८<br>(२०६३)<br>उमेश थापाका हकमा जगदिश थापा<br>विरुद्ध<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत | २०६५।१।३०<br>गृह मन्त्रालय | सुरक्षा निकायबाट शान्तिपूर्ण जुलुश माथि गोली चलाएको कारण निर्दोष नागरिकको हत्याको सम्बन्धमा पीडित शास्त्रीय (victimology) दृष्टिकोणबाट पीडितको लागि उचित क्षतिपूर्तिको व्यवस्था गरी दण्डहिनताको अन्त्य गर्नुको साथै यस प्रकृतिका विवादहरुमा निष्पक्ष अनुसन्धान तहकिकात र प्रभावकारी उपचारको लागि आवश्यक सल्लाह,सुझाव प्रदान गर्ने निकायको व्यवस्था समेत गर्नको लागि छुट्टै विस्तृत | सो आदेश गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो सम्बन्धमा के कस्तो कानूनी व्यवस्था गर्नु पर्ने हो सो को मस्यौदा बनाई तर्जुमाको लागि यस मन्त्रालयमा यथाशीघ्र पठाउन मिति २०६९।३।२४ मा त्यस मन्त्रालयमा लेखी पठाएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | कानून (Comprehensive Law) बनाउने तर्फ यथाशिघ्र पहल गर्नु । | |
| ७७. | ००५१<br>(२०६६)<br>निवेदक राजिव वाँस्तोला समेत<br>विरुद्ध<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६७।१०।६<br>सहरी विकास मन्त्रालय | जनताको मानव अधिकारको रुपमा आवास सम्बन्धी हकलाई हृदयगम गरी व्यापक रुपमा वैज्ञानिक ढंगले आवास नीति तयार गर्नु पर्ने र त्यस्तो नीतिमा निश्चित मापदण्डहरु समेत समावेश गरी घर बहाल सम्बन्धी विशेष कानून बनाउने र उपरोक्त आवास नीति कार्यान्वयन गर्ने तर्फ यो आदेश प्राप्त भएको मितिले एक वर्षभित्र कार्य प्रारम्भ गर्नु । | व्यवस्थापिका संसदमा पेश गरिएको देवानी संहितामा घर बहाल सम्बन्धी छुट्टै परिच्छेदको व्यवस्था गरिएको र अन्य विषय शहरी विकास मन्त्रालयसंग सम्बन्धित देखिएकोले सो सम्बन्धमा के कस्तो कानुनी व्यवस्था गर्नु पर्ने हो सोको मस्यौदा बनाई तर्जुमाको लागि यस मन्त्रालयमा यथाशिघ्र पठाउन मिति २०६९।४।४ मा सो मन्त्रालयमा लेखी पठाएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को** वार्षिक प्रतिवेदन ।<br>राष्ट्रिय आवास नीति, २०६८ को तर्जुमा भई मिति २०६८।९।५ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भइसकेको र सो बमोजिम आवश्यक कानूनको तर्जुमा गर्नेतर्फ विचार भइरहेको अवस्था छ । हाल व्यवस्थापिका संसद् पनि नभएको हुँदा आगामी व्यवस्थापिका संसद् समक्ष यस सम्बन्धी विधेयकको मस्यौदा पठाउन सकिने गरी सो सम्बन्धी कारबाही अगाडि बढाउन मन्त्रालय प्रतिवद्ध रहेको छ भनि **सहरी विकास मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| ७८. | १३१४<br>(२०६६)<br>निवेदक चन्देश्वरी कर्माचार्य समेत<br>विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६८।१०।२२<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय | राष्ट्रिय रुपमा नै भू-उपयोग नीति बनाउने, तोकिएको क्षेत्रमा तोकिएको प्रयोजनको लागि वाहेक अन्य किसिमको उपभोग गर्न नदिने कुरालाई कानूनद्वारा व्यवस्थित गरी लागू गर्ने, आवास योजना विकास कार्यबाट परम्परागत हक अधिकारमा उपभोगमा असर पर्ने भएमा त्यसको सम्बोधन गर्ने वा क्षतिपूर्ति प्रदान गर्ने प्रभावकारी | सो आदेश भूमिसुधार तथा व्यवस्था मन्त्रालय र भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयसंग सम्बन्धित देखिएकोले सो सम्बन्धमा के कस्तो कानूनी व्यवस्था गर्नु पर्ने हो सोको मस्यौदा बनाई तर्जुमाको लागि यस मन्त्रालयमा यथाशिघ्र पठाउन मिति २०६९।४।४ ती मन्त्रालयमा लेखि पठाएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७०** को वार्षिक प्रतिवेदन । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | नियमनकारी एवं समन्वयकारी निकाय समेतको व्यवस्था भएको आवश्यक र पर्याप्त कानूनी व्यवस्था गरी लागू गर्नु | |
| ७९. | ३१५२<br>(२०६०)<br>प्रकाशमणी शर्मा<br>वि.<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६७।२।१२<br>भूमिसुधार तथा व्यवस्था मन्त्रालय | रावल आयोगको प्रतिवेदनलाई कार्यान्वयन गर्न गठित विशेषज्ञ समितिको प्रतिवेदन समेतका आधारमा रावल आयोगको प्रतिवेदन कार्यान्वयन हुन र देशका अन्य स्थानका सरकारी सार्वजनिक जग्गा अतिक्रमणको विषयमा छानवीन गरी कानून वमोजिम कारवाही गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी छिटो कार्यान्वयन गर्नु । | नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।११।१२ र मन्त्रिपरिषद् सामाजिक समितिको मिति २०६६।११।१२ को निर्णयानुसार "सरकारी तथा सार्वजनिक जग्गा संरक्षण सम्वन्धी उच्चस्तरीय (रावल) आयोग, २०५२ को प्रतिवेदन कार्यान्वयन गर्ने सम्वन्धमा गठित समितिको प्रतिवेदन, २०६६ स्वीकृत भै सो प्रतिवेदन वमोजिम ६ महिनाका लागि समिति गठन भएकोमा तोकिएको कार्य सम्पन्न नहुदै समितिको कार्यअवधि मिति २०६८।१।८ मा समाप्त भएकाले पुनः म्याद ६ महिना थपको लागि नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न सहमतिको लागि अर्थ मन्त्रालयमा पत्राचार भएकोमा हालसम्म सो को जवाफ प्राप्त नभएकोले पुनः च.नं. ३५४८ मिति २०६९।३।११ को पत्रबाट ताकेता गरिएको भन्ने **भूमिसुधार तथा व्यवस्था मन्त्रालयको आ.ब.२०६९।७० को वार्षिक प्रतिवेदन ।** |
| ८०. | २९७३<br>(२०६२)<br>भरतमणि गौतम समेत<br>वि.<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७, ८, १३, १४, १५ र २१ कार्यान्वयन गर्नु र भए गरेको विषयमा अनिवार्यरुपले यस अदालतको अनुगमन शाखामा प्रतिवेदन गर्नु भन्ने आदेश जारी भएको । | भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७(१) (२) (६) एवं दफा ८ मा भएको जग्गावाला मोहीको हैसियतले राख्न पाउने जग्गाको अधिकतम हद सम्बन्धी व्यवस्था अनुसार दफा १३ बमोजिम जग्गाको फाँटवारी दाखिल गराउने कार्यका लागि व्यवस्था भएको उल्लेखित दफाका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६६।०१।२६ मा यस मन्त्रालयका नाममा जारी भएको परमादेशको क्रममा यस मन्त्रालयबाट मिति २०६७।६।५ को गोरखापत्रमा जग्गाको फाँटवारी पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | प्रकाशित गरी भूमि सम्बन्धी ऐन, २०२१ को दफा १३ कार्यान्वयनका लागि भूमिसुधार तथा व्यवस्थापन विभागलाई मिति २०६७।६।४ मा निर्देशन दिइएकोमा,<br>भूमिसुधार तथा व्यवस्थापन विभागबाट तत्सम्बन्धी कार्यविधि समेत बनाई आदेश कार्यान्वयन गर्न परिपत्र गरिएकोमा जिल्लास्थित मालपोत/भूमिसुधार कार्यालयबाट उक्त दफा १३ कार्यान्वयन गर्ने क्रममा संचालन भएको अन्तरक्रिया कार्यक्रममा यो कार्यक्रम मधेश भएकोले कार्यान्वयन गरिनु हुँदैन भन्ने सुनसरी, धनुषा लगायतका तराईका केही जिल्लामा राजनैतिक असहयोगको स्थिति देखिएको, गा.वि.स. कार्यालयमा गा.वि.स. सचिवहरु नबस्ने गरेको तथा एकै गा.वि.स. सचिवहरुले ४-५ गा.वि.स. को कार्य संचालन गर्ने गरेको र त्यो पनि सदरमुकामबाटै गर्ने गरेबाट गा.वि.स. सचिवहरुले जगाको ७ नं. फाँटवारी संकलन गर्ने कार्यमा सहयोग पुर्‍याउन नसक्ने अवस्था रहेको । बाँके, धादिङ, मकवानपुर, चितवन, इलाम, पाँचथर, लमजुङ र रोल्पा जिल्लामा फाँटवारी सम्बन्धी सूचना प्रकाशित भएकोमा कूल जग्गाधनीको ५% बाट पनि फारम दाखेल नभएको, संविधान बन्ने क्रममा रहेको तथा राज्यको पुर्नसंरचना गर्ने कार्य बाँकी रहेको परिप्रेक्ष्यमा सबै जग्गावालाहरुबाट फाँटवारी लिने कार्य औचित्यहिन र उपलब्धि रहित हुने भन्ने विभिन्न स्थानहरुबाट आवाज उठेकोले सो अवस्थामा उक्त दफा १३ उपयुक्त तवरबाट कार्यान्वयनका लागि सुझाव दिन विज्ञ कर्मचारीहरुको कार्यदल गठन गरिएको ।<br>गठित कार्यदलबाट उल्लेखित कार्यका लागि फाराम छपाई कर्मचारीको तलब, भत्ता तथा ढुवानी खर्च समेतका लागि करीब रु.६,६६,०२६,०००।- करोड भन्दा बढी रकमको व्यवस्था गर्नु पर्ने, |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | भूमि सम्वन्धी ऐन, २०२१ लागू हुँदा राज्यसंग व्यक्तिको जग्गाको तथ्याँक नभएकोले सो प्रयोजन समेतलाई तत्कालिन समयमा समेट्नका लागि सबै जग्गावालाबाट दाखिला गराउने व्यवस्था भएको तर हालको अवस्थामा सबै जग्गावालाबाट फाँटवारी पेश गराउने कार्य औचित्यपूर्ण नहुने र कम जग्गा भएका जग्गाधनीको अभिलेख मालपोत कार्यालयमा रहेकै हुँदा जसको नेपाल भरीमा पाँचौ संशोधनले निर्धारण गरेको हदभन्दा बढी जग्गा छ त्यसको मात्र विवरण भूमिसुधार कार्यालयमा दाखेल गराउने व्यवस्था गर्दा उपयुक्त हुने भन्ने प्रतिवेदन पेश हुन आएको ।<br>गठित कार्यदलको प्रतिवेदन समेतलाई ध्यानमा राखी भूमि सम्बन्धी ऐन, २०२१ को दफा १३ को उपदफा (१) मा रहेको सबै जग्गावालाहरुलाई सूचना जारी भएको मितिले ३५ दिन भित्र तोकिए बमोजिमको फाँटवारी दाखिला गर्न गराउन आदेश दिन सक्नेछ भन्ने व्यवस्थाको सट्टा दफा ७ बमोजिम राख्न पाउने अधिकतम हदबन्दी भन्दा बढी जग्गा हुने जग्गावालालाई सूचना जारी भएको मितिले ३५ दिन भित्र तोकिए बमोजिमको फाँटवारी दाखिला गराउने व्यवस्था गर्न उपयुक्त हुने देखिएकोले यसका लागि भूमि सम्बन्धी ऐन, २०२१ मा छैटौ संशोधनका लागि संशोधन विधयेक स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश भै नेपाल सरकार(मं.प.)को मिति २०६८।४।११ को निर्णयानुसार विधेयक समितिमा छलफलको लागि पठाउने गरी निर्णय भै उक्त विधेयक समितिमा रहेको ।<br>भूमि सम्बन्धी ऐन, २०२१ मा छैटौं संशोधनका लागि नेपाल सरकार ( मं.प.) बाट स्वीकृत भै विधेयक समितिमा प्रस्ताव छलफलका लागि पेश भै रहेको अवस्थामा संविधान सभा विघटन भएको ।<br>भूमिसम्वन्धी ऐन, २०२१ (छैठौं |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | संशोधन) मा ज्यादै महत्वपूर्ण विषयहरु समावेश गरिएको र उक्त विषयहरुलाई कार्यान्वयनको रुपमा ल्याउन जरुरी भएको महसुस गरी अध्यादेशको रुपमा ल्याउन कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको राय लिई अग्रीम कारवाही गर्न नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट मिति २०६९।३।७ मा निर्णय भएकोले च.नं. ३६२४ मिति २०६९।३।२२ को पत्रबाट अध्यादेश तर्जुमाको सहमतिको लागि कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयमा लेखी पठाइएको भन्ने **भूमिसुधार तथा व्यवस्था मन्त्रालयको आ.ब.२०६९।७० को वार्षिक प्रतिवेदन ।** |
| ८१. | ०६९४<br>(२०६५)<br>सुदर्शन थपलिया<br>विरुद्ध<br>भौतिक योजना<br>तथा निर्माण<br>मन्त्रालय समेत | २०६७।१२।१७<br>शहरी विकास मन्त्रालय | प्रदुषणरहित पानी वितरण गर्ने गरेको प्रणालीगत सुनिश्चितताभरपर्दो , संयन्त्र र व्यवस्थावाट गरिएको भन्ने तथ्य पेश गर्न सकेको नदेखिदा उक्त खानेपानीको मुहानमा ढल मिसिने ई नियन्त्रण गरी प्रकृयाला गुणस्तरयुक्त पानी आपूर्ति गर्न जे जस्तो आवश्यक प्राविधिक एवं वातावरणीय प्रवन्ध गर्नुपर्ने हो सो को यथाशिघ्र कार्यान्वयन गरी शुद्ध स्वच्छ तथा गुणस्तरयुक्त पानीको आपूर्तिको व्यवस्था मिलाउनु भन्ने निर्देशनात्मक आदेश। | यसै सन्दर्भमा खानेपानी क्षेत्रसँग सम्बन्धित काठमाडौ उपत्यका खानेपानी लिमिटेड, काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, नेपाल खानेपानी संस्थान र खानेपानी तथा ढलनिकास विभागको भूमिका अझ प्रभावकारी हुने भएकाले उक्त नकायहरुलाई आवश्यक पत्राचार गरी निर्देशन दिइसकिएको र पुनः च.नं. ७२ मिति २०७०।४।६ को पत्रबाट पनि लिखएको र यस सम्बन्धमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला संचालन तथा सेवा शुल्क असुली आन्तरिक निर्देशिका, २०६८ को तर्जुमा गरी मिति २०६८।११।३० मा नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट स्वीकृत समेत भइसकेको भनी **सहरी विकास मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ८२. | २८७५<br>(२०६२)<br>गौतम डंगोल<br>समेत<br>वि.<br>नेपाल सरकार,<br>मन्त्रिपरिषद् समेत | २०६७।१०।४<br>संस्कृति, पर्यटन तथा<br>नागरिक उड्डयन<br>मन्त्रालय | भीमसेन स्तम्भ तथा धरहरा क्षेत्रको व्यावसायिक रुपमा प्रयोग गर्न पाउनेगरी का.म.न.पा. एवं साइड वाकर्स ट्रेडर्स प्रा.ली. सँग भएको विवादित सम्झौताका सर्तहरुलाई पुनरावलोकन गर्नु साइड वाकर्स ट्रेडर्स प्रा.लि. ले का.म.न.पा लाई बुझाउनु पर्ने शुल्क तथा रकम दुवै पक्षको लागि वास्तविक,उपयुक्त, मुनासिव एवं समय सापेक्ष हुनगरी निर्धारण गरी लागु गर्नु गराउनु, सर्वसाधारणको सांस्कृतिक तथा धार्मिक हकको प्रचलनमा अवरोध नआउनेगरी उक्त क्षेत्रको व्यवस्थापन गर्नु गराउनु र पुरातात्विक महत्व रहेको सुन्धाराको उचित संरक्षण, सम्बर्द्धन तथा सरसफाइ समेतको लागि प्रभावकारी संयन्त्र बनाइ लागु गर्नु गराउनु,धरहरा (भीमसेन स्तम्भ) क्षेत्रको प्रचार प्रसारलाइ महत्वपुर्ण स्थान दिइ यसको प्रतीकको रुपमा रहेका सामानहरु उत्पादन गरी प्रचार प्रसारको लागि विक्रि वितरण गर्नु गराउनु । | फैसला कार्यान्वयनको क्रममा रहेको भनि **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख ।<br>सर्वोच्च अदालत, अनुगमन तथा निरीक्षण महाशाखा) को च.नं. ५७१२, मिति २०६९।११।३ को पत्रबाट आदेश कार्यान्वयनका लागि काठमाडौं महानगरपालिकालाई निर्देशन दिन लेखी आएको सन्दर्भमा मन्त्रालयको च.नं. ४७, मिति २०६९।११।२२ को पत्रबाट यथाशिघ्र आदेश कार्यान्वयनका लागि काठमाडौं महानगरपालिकालाई पत्राचार गरिएको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख । |
| ८३. | १२९३<br>(२०६६)<br>युनिटि लाईफ<br>इन्टरनेशनलको<br>हकमा काशीराम<br>गुरुङ<br>वि.<br>प्र.मं.तथा मं.प.को<br>कार्यालय समेत | २०६८।१२।१५<br>अर्थ मन्त्रालय<br>उद्योग मन्त्रालय | इजाजत नलिई बिमा व्यवसाय वा सो संग मिल्दोजुल्दो प्रकृतिको व्यवसाय सन्चालन गर्ने, गराउने कुनैपनि व्यक्ति, फर्म, कम्पनी वा समूहलाई दण्ड सजांय लगायत अन्य कारवाही गर्नको लागि कानूनी व्यवस्था गर्न विद्यमान बीमा ऐन, २०४९ लाई आवश्यक संशोधन गर्ने | मिति २०६९।६।१५ मा अर्थ मन्त्रालय र उद्योग मन्त्रालयका नाममा आदेश कार्यान्वयन गरी सो को जानकारी दिन लेखि पठाईएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | लगायत बीमा सम्बन्धी ऐन, कानूनमा सामयिक सुधार गर्न आवश्यक कार्य गर्नु,<br>प्रचलित कानून अनुसार नियमनकारी निकायबाट इजाजत नलिई शेयर योजना वा बिमा योजना लगायत कुनैपनि योजना वा कार्यक्रमको नाममा सर्वसाधारणबाट कुनै प्रकारको निक्षेप वा रकम संकलन गर्ने, गराउने काम, कारवाहीको अनुगमन गरी दोषि उपर कानूनी कारवाही गर्ने प्रभावकारी व्यवस्था मिलाउन नेपाल राष्ट्र बैंक, बिमा समिति तथा धितोपत्र बोर्ड जस्ता नियमनकारी निकायहरुमा प्रभावकारी अनुगमनको व्यवस्था मिलाउन यी निकायमा छुट्टै अनुगमन इकाई खडा गर्न आवश्यक पर्ने भए सो समेतको व्यवस्था मिलाउनु,<br>कम्पनी रजिष्ट्रारको सम्बन्धमा आवश्यक अध्ययन गरी सुझाव दिन सम्बन्धित क्षेत्रका विज्ञहरु रहेको उच्चस्तरीय समिति गठन गरी उक्त समितिको सुझाव अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयलाई कानून तथा न्याय मन्त्रालयको मातहतमा राख्ने बारेमा आवश्यक व्यवस्था मिलाई लागू गर्नु, र<br>कुनै एक व्यक्ति, फर्म, कम्पनी वा समूहबाट सन्चालन गरिएको गैरकानूनी व्यवसायमा सरकारी निकायको संलग्नता देखाई जनता झुक्याउने, ठग्ने र ठगिन | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | नदिने व्यवस्थाका लागि उपयुक्त कानूनी संयन्त्र बनाई लागू गर्नु । | |
| ८४. | ०८४१<br>(२०६५)<br>सन्तोष बस्नेत<br>वि.<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६८।४।२५ | नेपालको जे जस्तो उपलब्ध नक्सा छ, सन्धि, सम्झौता छन्, सीमा विषयमा के, कस्तो विवाद र सो मा के कस्तो उपलब्धी भएको छ ? के, कस्तो ऐतिहासिक दस्तावेजहरु छन ? सो जान्ने अध्ययन, अनुसन्धान, अवलोकन गर्न पाउने हक प्रत्येक नेपाली नागरिकको हुने हुंदा सो सन्दर्भमा नेपाली नागरिकको सहज पहुंच बनाउन हालसम्म त्यस्तो संग्रहालय वा अध्ययन प्रतिष्ठानको आधार स्थलको व्यवस्था नभएको भए राष्ट्रिय स्तरको पुस्तकालय वा संग्रहालय वा प्रतिष्ठन वा अध्ययन अनुसन्धान केन्द्र जे जस्तो भए पनि सीमा सम्बन्धी अध्ययन अनुसन्धानको आधारस्थल स्थापना गर्नु, गराउनु भनी निर्देशनात्मक आदेश जारी । | १. सम्मानित अदालतको आदेश कार्यान्वयनमा भएको काम कारवाहीको प्रगति विवरणको जवानकारी माग गरी यस मन्त्रालयबाट नापी विभागलाई मिति २०६९।७।२ र पूनः मिति २०७०।४।३ मा लेखि पठाइएको ।<br>२. आदेश बमोजिम यस मन्त्रालयसँग सम्बन्धित विषयको कार्यान्वयनमा मन्त्रालय प्रयत्नशिल रहेको भनि **परराष्ट्र मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनबाट जानकारी प्राप्त ।** |
| ८५. | ११२९<br>(०६६)<br>रोवियस इन्टरनेशनल प्रा.लि. समेत<br>वि.<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६८।१२।१५<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपालको विद्यमान अवस्थामा वस्तु व्यापार सम्बन्धी नेटवर्क व्यवसायलाई दीर्घकालीन रुपमा प्रतिबन्ध लगाउनु उपयुक्त हुन्छ वा यसलाई नियमन गरी नियमित व्यवसाय (Regulated Business) को रुपमा सन्चालन गर्न सकिन्छ भन्ने विषयमा र यस्तो व्यवसाय सन्चालन गर्न दिंदा यसबाट सर्वसाधारण जनता झुक्किने, ठगिने अवस्था तथा निजहरुको स्वास्थ्य तथा सम्पत्तिमा पुग्ने नकारात्मक असर तथा यसबाट देशको अर्थतन्त्र उकास गर्न पुग्ने | सो आदेश वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो सम्बन्धमा के कस्तो कानून बनाउनु पर्ने हो मस्यौदा बनाई तर्जुमाको लगि यस मन्त्रालयमा यथाशीघ्र पठाउन मिति २०६९।९।४ मा सो मन्त्रालयमा लेखी पठाइएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको** आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन ।<br>यस कार्यालयले मिति २०६९।८।२७ मा वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखि पठाईएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | योगदान समेतको तुलनात्मक अध्ययन गर्नु र यस्तो तुलनात्मक अध्ययनबाट यो व्यवसाय सन्चालन गर्न उपयुक्त हुने देखिएमा यस्तो नेटवर्क मार्केटिङ व्यवसाय कानुनसम्मत रुपमा सन्चालन भएको छ, छैन भन्ने सम्बन्धमा त्यसको अनुगमन गर्ने संयन्त्र के हुने हो र त्यस्तो अनुगमन संयन्त्रको काम, कर्तव्य र अधिकारहरु के, के हुने, कानुनको उल्लंघन गरेमा के कस्तो कसुरमा कस्तो सजांय हुने हो भन्ने विषयलाई समेत समेट्ने गरी उपयुक्त कानुन बनाउनु र यस्तो कानुन बनाउंदा सर्वसाधारण जनताको हितको संरक्षण समेतलाई ध्यानमा राखी यस्तो कानुनको अनुगमन गर्न आवश्यक पर्ने पर्याप्त भौतिक साधन तथा तालिम प्राप्त जनशक्तिको व्यवस्था गरी साधन सम्पन्न प्रभावकारी संयन्त्रको स्थापना नगरी वस्तु वा सेवा व्यापारसंग सम्बन्धित नेटवर्क व्यवसाय नगर्नु, नगराउनु भनी हाल लगाईएको प्रतिबन्ध फुकुवा नगर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी । | |
| ८६. | ०३७९<br>(०६५)<br>डाबर नेपाल (प्रा.) लि.<br>विरुद्ध<br>श्रम अदालत समेत | २०६९।६।३<br>श्रम तथा रोजगार मन्त्रालय | देहाय बमोजिमका कार्य गर्नु भनी श्रम तथा रोजगार मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी :<br>१. श्रम ऐन, २०४८ मा श्रम नीति सम्बन्धी सबै कुराहरु स्पष्ट नभएकोले यस सम्बन्धमा | मिति २०६९।९।२९ मा श्रम तथा रोजगार मन्त्रालयमा लेखि पठाईएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | प्रतिष्ठानको व्यवस्थापनले कामदार, कर्मचारी र माथिल्लो तहका कर्मचारी (व्यवस्थापक समेत) को नियुक्ति गर्दा अस्थायी, स्थायी, करार के हो ? सो प्रष्ट गर्नुपर्ने हुंदा नियुक्ति पत्रमै सो कुरा उल्लेख गरी नियुक्ति पत्र दिनु, दिलाउनु ।<br>२. पहिला अस्थायी वा करार सेवामा वा केही समयको परीक्षणकालमा रहने गरी नियुक्ति दिएमा सो अवधीभित्र कामबाट नहटाएमा वा स्थायी नियुक्ति नदिएपनि सो कर्मचारी स्वतः स्थायी हुने श्रम ऐन, २०४८ को दफा ४ को व्यवस्थालाई स्पष्ट गर्नुपर्ने ।<br>३. श्रम ऐनको दफा ७ ले करारमा नियुक्ति गर्नसक्ने भएपनि कुन, कुन काममा त्यसरी नियुक्त गर्न पाइने हो? सो स्पष्ट नभएको र करारमा उल्लेखित अवधीभन्दा बढी काम गराउँदै गई निजको सेवा निरन्तरता पाएकोमा त्यस्तोलाई पनि स्थायी मान्नुपर्ने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने गरी श्रम ऐनमा आवश्यक संशोधन गर्नुपर्ने ।<br>४. प्रतिष्ठान एवं व्यवस्थापकले कुनै कर्मचारी वा कामदारलाई प्रतिष्ठान वा व्यवस्थानको विश्वास गुमाएको (Lack of Trust or Loss of Confidence) आधारमा हटाएपनि निजको हकमा के, कस्तो अवस्थामा के, कति क्षतिपूर्ति दिनुपर्ने हो वा भराउने हो ? सो सम्बन्धी व्यवस्था | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | सम्बन्धित ऐन, नियममा गर्नुपर्ने ।<br>५. कुनै कामदार कर्मचारी माथी कारवाही गर्दा कति दिनको समय दिई स्पष्टिकरण माग गर्नुपर्ने, दिएको स्पष्टिकरण चित्त नबुझे त्यसको कति दिनभित्र सेवाबाट हटाउने लगायतको सजांय गर्न सकिने हो? वा कारवाही गरिएको कामदार, कर्मचारीले स्पष्टिकरण सम्बन्धी पत्र वा नसिहतको पत्र बुझ्न नमानेमा कस्तो प्रक्रिया अवलम्बन गर्नुपर्ने हो ? यस सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था गर्नुपर्ने ।<br>६. श्रम ऐन, २०४८ अन्तर्गतको प्रतिष्ठानमा कार्यरत जनशक्तिहरु मध्ये कुन तहसम्मको वा कुन कुन प्रकृतिको काम गर्ने कर्मचारी वा कामदार व्यवस्थापक हुन् भन्ने सम्बन्धमा विवाद देखिएको हुंदा सोलाई समेत सम्बोधन गर्ने गरी सम्बन्धित कानूनी प्रावधान परिमार्जन गर्नुपर्ने । | |
| ८७. | ०७४९<br>(२०६८)<br>लक्ष्मण महतो<br>समेत<br>विरुद्ध<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय समेत | २०६९।३।१८<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | राज्यकोषबाट कुनैपनि रकम कुनै नीजि व्यक्ति वा संस्थालाई बढी पारदर्शी ढंगले प्रदान गर्ने वा वितरण गर्ने प्रयोजनका लागि कानून बनाउनु आवश्यक देखिन्छ । तसर्थ उपरोक्त प्रयोजनका लागि उपयुक्त कानून बनाउन पहल गर्न र त्यस्तो कानून नबनेसम्मको लागि राज्यकोषबाट रकम प्रदान गर्ने प्रयोजनका लागि देहायका कुराहरु समेत | उपर्युक्त प्रयोजनको लागि उपयुक्त कानून बनाउन पहल गर्न र त्यस्तो कानून नवनेसम्मको लागि राज्यकोषबाट रकम प्रदान गर्ने प्रयोजनको लागि निर्देशिका बनाएर निजी व्यक्ति वा संस्थालाई राज्यकोषको रकम वितरण वा प्रदान गर्नु भनी निर्देशात्मक आदेश जारी भएको र सो आदेश संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस सम्बन्धमा कस्तो कानून बनाउनु पर्ने हो सोको मस्यौदा बनाई पठाउनु भनी मिति २०६९।११।१ मा उक्त मन्त्रालयमा |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | खुल्ने गरी निर्देशिका बनाएर निजी व्यक्ति वा संस्थालाई राज्यकोषको रकम वितरण वा प्रदान वा खर्च गर्नु भनी विपक्षी संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छः<br>(क) सहायता स्वरुप रकम प्राप्त गर्न सक्ने लक्षीत व्यक्ति वा संस्थाको परिचयात्मक विवरण,<br>(ख) सो व्यक्ति वा संस्थाले गर्ने गरेको कार्य वा सेवाको प्रकृति,<br>(ग) सो व्यक्ति वा संस्थाले समाज, समुदाय वा राष्ट्रलाई पुऱ्याईरहेको वा पुऱ्याउने योगदानको विवरण,<br>(घ) प्रदान गरिने रकम उपयोगको तरिका र शिर्षक,<br>(ङ) त्यसरी रकम उपलब्ध गराउंदा समाजका कमजोर वर्ग वा सामाजिक, आर्थिक र सांस्कृतिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदायको उत्थान तथा सामाजिक न्यायप्रति राज्यको उत्तरायित्व पूरा गर्नमा सहयोग गर्ने प्रतिवद्धता । | पत्राचार गरिएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब. २०६९।०७० को** वार्षिक प्रतिवेदन ।<br>सम्मानित सर्वोच्च अदालतको आदेशानुसार नेपाल सरकार (मा. मन्त्रिस्तरीय) मिति २०६९।११।०८ को निर्णयानुसार अनुदान रकम उपलब्ध गराउने र त्यसको उपयोग गर्नेसम्बन्धी आन्तरिक कार्यविधि २०६९ स्वीकृत भई लागु भई सकेको भन्ने **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख ।<br>मन्त्रालयबाट कार्यविधि तथा निर्देशिकाहरु निर्माण भई तद्नुरुप कार्यान्वयन भइरहेको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख । |
| ८८. | ०५४४<br>(२०६६)<br>अधिवक्ता कविता पाण्डे<br>विरुद्ध<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६९।२।३<br>गृह मन्त्रालय,<br>महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | महिला वर्गलाई पीडित पार्ने प्रथा लगायत सबै खाले प्रथाहरुको उन्मूलन गर्न निम्न बमोजिम उपाय गर्नु गराउनु भनी विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी ।<br>१. बाल विवाहलाई पूर्ण रुपमा निषेध गर्न कानूनी | मिति २०६९।११।३ मा गृह मन्त्रालय र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा लेखि पठाइएको । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | एवं व्यवहारिक जो चाहिने उपाय गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्नु,<br>२. बैकल्याको रुपमा रहेका व्यक्तिहरु रहेको समुदाय वा क्षेत्रमा त्यस सम्बन्धी समस्याको प्रकृति र परिणामलाई विभिन्न कोणबाट अध्ययन गर्न विशेष कार्यदल गठन गरी अध्ययन र प्रतिवेदन प्राप्त गर्ने व्यवस्था महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले गर्नु,<br>३. बैकल्याहरुले कानून विपरित भोगेको भेदभाव वा यातनाजन्य व्यवहारको अध्ययन गरी सो हटाउन उचित उपायहरु प्राप्त गर्नसक्ने गराउने सम्बन्धमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले खास संस्थागत संयन्त्रको व्यवस्था गरी लागू गर्नु, गराउनु,<br>४. यस सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकाय र केन्द्रदेखि जिल्लास्तरसम्मका बाल कल्याण समितिहरुबीच समन्वय गरी आवश्यक कार्यहरु गर्नु, गर्न लगाउनु,<br>५.बैकल्या प्रथाको अन्त्य गर्न र बैकल्या हुने दाइजो लगायतको कारणहरुको जरोसम्म पुगेर सो प्रथाको समूल समाप्त गर्नलाई कानूनी, संस्थागत र जनचेतनाकारी कार्यक्रम समेत सन्चालन गर्नु, गराउनु। | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ८९. | ०५३६<br>(०६४)<br>हरिप्रसाद पोखरेल<br>विरुद्ध<br>प्रधान सेनापति<br>समेत | २०६८।१२।३०<br>रक्षा मन्त्रालय | नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४४(३) मा मन्त्रिपरिषद्ले राजनैतिक सहमती र व्यवस्थापिका संसदको सम्बन्धित समितिको सुझाव लिई नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था गरेको देखिन्छ । यसरी कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दा नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना र राष्ट्रिय र समावेशी चरित्र निर्माण गरी लोकतन्त्र र मानव अधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने काम समेत गरिने व्यवस्था अन्तरिम संविधानको धारा १४४(४) मा गरिएको पाईन्छ । तसर्थ, उक्त नीतिपत्र कार्यान्वयन गर्दाको अवस्थामा उल्लेखित संवैधानिक व्यवस्था र सैनिक ऐनका व्यवस्थालाई समेत दृष्टिगत गरी सो को प्रतिकूल नहुने गरी कार्यान्वयन गर्नु, गराउनु भनी विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ । | मिति २०६९।११।६ मा रक्षा मन्त्रालयमा लेखि पठाइएको । |
| ९०. | ०७८६<br>(२०६८)<br>माधवप्रसाद पौडेल<br>विरुद्ध<br>प्र.मं.तथा मं.प.को<br>कार्यालय समेत | २०६९।७।२२<br>संघीय मामिला तथा<br>स्थानीय विकास मन्त्रालय | स्थानीय निकायमा जनप्रतिनिधिको निर्वाचन हुन नसक्दा संविधानको धारा १३९(१) को कार्यान्वयन हुन नसकेको, राज्यका तर्फबाट ती निकाय मार्फत जनताले पाउने सेवा, सुविधाहरु र विकास निर्माणका काम, कारवाही प्रभावित भएका, जनताले आफ्नो प्रतिनिधि छनौट गर्न पाउने | आदेश कार्यान्वयन गर्ने सम्बन्धमा मन्त्रालयको तर्फबाट छलफल, विचार विमर्श भइरहेको भन्ने **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | अधिकारको प्रयोग गर्न नपाएका, लोकतन्त्र र स्थानीय स्वायत्त शासनमा नकारात्मक असर परेको तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ समेतका कानूनको कार्यान्वयनमा समस्याहरु देखा परेको अवस्थालाई विचार गरी उपयुक्त र आवश्यक प्रबन्ध मिलाई यो विषयलाई प्राथमिकता दिई यथासमयमा स्थानीय निकायको निर्वाचन गर्न, गराउन विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी । | |
| ९१. | ०५४५<br>(२०६५)<br>मीरा ढुंगाना<br>विरुद्ध<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६९।२।१७<br>कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | नेपालको संवैधानिक व्यवस्थाको मर्म र उद्देश्य, नेपाल सन्धि ऐन, २०४७ बमोजिम राज्यले बहन गर्नुपर्ने दायित्व समेतलाई मध्यनजर राखी महिलाको सम्पत्ति सम्बन्धी हक संरक्षण र प्रचलनका सम्बन्धमा पारिवारिक कानूनका व्यवस्थाहरु समय सापेक्ष समायोजित हुनुपर्ने कुरामा दुईमत हुन सक्दैन । रिट निवेदनमा उठाइएका सार्वजनिक सरोकारका विषयहरुमा कानून निर्माणका सम्बन्धमा विचार पुऱ्याउनु भनी निर्देशनात्मक आदेश जारी । | मिति २०६९।१२।१९ मा लेखि पठाइएको । |
| ९२. | ००५९<br>(२०६८)<br>कल्पना शाक्य समेत<br>विरुद्ध<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | २०६९।१२।२९<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४७ को खण्ड (ङ) मा संशोधन र सुधार गर्नु र अन्य भौतिक एवं व्यवस्थापकीय कुराहरुको हकमा पनि एक वर्षभित्र प्राथमिकतासाथ सुधार गरी सवारी चालक प्रमाणपत्रको लागि लिईने | नेपाल सरकार मं.प. को निर्णयानुसार यस मन्त्रालयबाट यातायात सम्बन्धी कार्य क्षेत्र भौतिक योजना तथा निर्माण मन्त्रालयमा गाभिएकोले लगत कट्टा गर्नुपर्ने भन्ने **श्रम तथा रोजगार मन्त्रालयको आ.ब. २०६९।७० को वार्षिक प्रतिवेदन**मा उल्लेख ।<br>उक्त आदेश भौतिक योजना,निर्माण तथा यातायात व्यवस्था |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | परीक्षणबाट सफल हुने बहिरोपनबाट प्रभावित व्यक्तिहरुको हकमा सवारी चालक अनुमतिपत्र सम्बन्धी निर्णय गरिदिनु भनी निर्देशनात्मक आदेश जारी । | मन्त्रालयसँग सम्बन्धित देखिएकोले आदेश कार्यान्वयन सम्बन्धमा आवश्यक कारवाहीको लागि सो मन्त्रालयमा पत्राचार गरिएका भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.ब.२०६९।०७० को वार्षिक प्रतिवेदन** ।<br>सम्मानित सर्वोच्च अदालतबाटद मिति २०६९।१२।२९ मा भएको निर्देशनात्मक आदेश कार्यान्वयनमा गर्ने सम्बन्धमा सवारीतथा यातायात ऐन, २०४९ को दफा ४७ खण्ड (ङ) का सम्बन्धमा बहिरोपनबाट प्रभावित व्यक्तिहरुको हकमा आवश्यक संकेतको व्यवस्था गरी सवारीचालक सम्बन्धी इजाजतपत्रको व्यवस्था गर्न प्रयोजनको लागि कारवाही अघि बढाइएको छ भनि **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आ.व. २०६९।७० को प्रगति** । |
| ९३. | ०१३८<br>(२०६८)<br>विनोदकुमार भट्टराई<br>विरुद्ध<br>प्र.मं.तथा मं.प.को कार्यालय समेत | २०६९।२।२४<br>सहरी विकास मन्त्रालय<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(१) द्वारा प्रत्येक व्यक्तिलाई प्राप्त स्वच्छ वातावरणमा बांच्न पाउने हकमा समेत आघात पुग्न गएको देखिएकोले धोविखोलालाई स्वच्छ तुल्याउन के, कस्तो व्यवस्था गर्नु पर्दछ यथाशीघ्र गर्नु भन्ने निर्देशनात्मक आदेश जारी । | यस मन्त्रालयबाट एकीकृत बागमती सभ्यता विकास समिति र काठमाडौं उपत्यका विकास प्राधिकरण समेतलाई लेखिएकोमा अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिको च.नं. १० मिति २०७०।४।६ को पत्रबाट धोवी खोलकाको दुवै किनारामा राखिने ढल तथा गर्नुपर्ने आवश्यक निर्माण कार्यहरुको विस्तृत सर्वेक्षण डिजाइन तथा लगत इष्टिमेट तयार गरी सो सम्बन्धी कार्य चालु आ.व. ०७०।७१ देखि सुरु गरी आगामी ३० महिनाभित्र सम्पन्न गर्ने गरी संशोधित खरिद गुरुयोजना सहरी विकास मन्त्रालयबाट स्वीकृत समेत भइसकेको छ । उक्त कार्यको खरिद प्रक्रिया तत्काल शुरु गर्न बजेट व्यवस्था तथा बहुवर्षिय ठेक्का पट्टा गर्ने स्वीकृति तथा सहमतिका लागि शहरु विकास मन्त्रालय मार्फत अर्थ मन्त्रालयसम्म प्रकृया थालनी हुन गइरहेको तथा थप बजेट एवं बहुवर्षिय ठेक्कापट्टा सहमति अर्थ मन्त्रालयबाट प्राप्त हुनासाथ खरिद |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | | प्रक्रिया हुने भनी उल्लेख भई आएको भनि **सहरी विकास मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |
| ९४. | ५७०।०६७-wo-०९९० अधिवक्ता श्रीकृष्ण सुवेदी वि. प्र.म.का. समेत | २०६८।१।१५ शिक्षा मन्त्रालय | यस रिट निवेदनको अन्तिम निर्णय नहुँदासम्म प्रचलित कानूनी प्रकृया बमोजिम आधिकारिक निकायबाट पूर्वस्वीकृत शुल्क सीमा भन्दा बढी शुल्क विद्यार्थी, अभिभावकहरुबाट विद्यालयहरुले नलिन, नउठाउन र सम्बन्धित अधिकारक निकायबाट पूर्वस्वीकृत पाठ्यपुस्तक एवं सन्दर्भ पुस्तकहरु भन्दा फरक पुस्तकहरु अध्ययन अध्यापन नगर्न, नगराउनका साथै विद्यालय परिसरबाटै विद्यार्थी, अभिभावकहरुलाई पुस्तक लिन बाधेय नगर्न, नगराउन, कानून बमोजिमको आवश्यक व्यवस्था गर्नु, गराउनु भन्ने समेतको आदेश र व्यवस्था कार्यान्वयन गर्न, गराउनका साथै जिल्ला शिक्षा कार्यालयहरु लगायत आफ्ना सम्बन्धित कार्यालय र निकायहरुबाट प्रभावकारी अनुगमनको व्यवस्था समेत मिलाई अनुगमन सम्बन्धमा गरिने व्यवस्था र अनुगमनको प्रतिवेदन यस रिट निवेदनको अन्तिम निणय नहुँदासम्म प्रत्येक महिनाको ७ गते भित्र यस | सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट अनुगमन व्यवस्था गरी गराइ सोको प्रतिवेदन प्रत्येक महिनाको मसान्तभित्र शिक्षा विभागमा पठाउन र शक्षा विभागबाट हरेक महिनाको ३ गतेभित्र मन्त्रालयमा उपलब्ध गराइ सोका आधारमा मन्त्रालयले तोकिएको दिनभित्र अदालतमा पठाउने भन्ने समेतको मन्त्रालयको मिति २०६८।२।२३ र २०६९।१।२१ को निर्णयानुसार विभागमा पत्राचार गरिएको **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | अदालतमा पठाउने समेत गर्नु भनी विपक्षी बनाइएका प्रधानमन्त्रीको कार्यालय, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र र नीजि तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन), राष्ट्रिय नीजि तथा आवासीय विद्यालय एशोसिएसन नेपाल (एनप्याब्सन) को नाउँमा समेत आदेश जारी । | |
| ९५. | ०५०१ (०६४)<br>ईश्वरी खड्का समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | विद्यालय कलिला बालबालिकालाई शिक्षा प्रदान गर्ने संस्था भएको कारण विद्यालयका शिक्षक तथा कर्मचारी दुवै इमान्दार, राम्रो चरित्रको र उच्च नैतिकताको हुनु आवश्यक हुन्छ । सकभर विद्यालयका शिक्षक कर्मचारीलाई निश्चित पारिश्रमिक उल्लेख भएको आफ्नै र छुट्टै विशेष सेवाका शर्तयुक्त कानून हुनु वाञ्छनीय हुन्छ । शिक्षक र कर्मचारीले सकभर श्रम ऐनको सहारा लिनु नपर्ने व्यवस्था हुनु उपयुक्त हुन्छ । लामो समय विद्यालयमा कर्मचारी भै काम गर्ने तर सेवा शर्त सम्बन्धी कानूनको अभावमा कर्मचारीको भविष्य अनिश्चित हुनु उपयुक्त | शिक्षा मन्त्रालयको च.नं. ७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फ श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | हुँदैन । शिक्षा ऐन, २०२८ को दफा १९ मा सामुदायिक विद्यालयका कर्मचारीहरूको लागि नियम बनाउने व्यवस्था नभएको कारण यस अदालतले ती कर्मचारीहरूको लागि कानून बनाउन भनी आदेश गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुन्छ । तर एउटै विद्यालयमा कार्यरत रहँदा पदका आधारमा जिम्मेवारी फरक हुनु एउटा कुरा हो तर कामकै आधारमा राज्यले प्रदान गर्ने सुरक्षा तथा सेवा सुविधामा फरक हुनु स्वभाविक देखिंदैन । यसरी समुदायिक विद्यालयमा कर्रत कर्मचारीको भविष्य अन्यौल र अनिश्चित हुन नदिन तिनीहरूको सेवा सुविधा तथा र्सत उल्लेख भएको Service Law को आवश्यकता भएको हुँदा यस सम्बन्धमा के-कस्तो सेवा, सुविधा सहितको Service Law आवश्यकता हुन्छ अध्ययन गरी प्रतिवेदन दिनको लागि शिक्षा मन्त्रालयको सह-सचिवस्तरको अधिकारीको संयोजकत्वमा अन्य सम्बद्ध दुई विज्ञ व्यक्ति समावेश भएको ३ सदस्यीय समिति गठन | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | गरी उक्त समितिले दिएको प्रतिवेदन अनुसार कार्यान्वयन गर्नु भनी शिक्षा मन्त्रालयको नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । यो समिति तुरुन्त गठन गरी यसले ६ महिना भित्र प्रतिवेदन बुझाइसक्नु पर्नेछ । समितिले प्रतिवेदनको एक प्रति यस अदालतलाई समेत उपलब्ध गराउनु । | |
| ९६. | १२८६<br>(०६४)<br>सुशीलादेवी वि.<br>प्र.म.का. समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | वि.सं. २०२८ सालमा शिक्षा ऐन जारी भए पश्चात पटक पटक संशोधन भै आउँदा सो ऐन अन्तर्गत बनेको शिक्षा नियमावली, २०५९ ले सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको service law को रूपमा सेवार्सत उल्लेख गरेको पाइँदैन । हाल कायम शिक्षा ऐन, २०२८ को दफा १६ठ. थप भै उक्त प्रावधान २०६३ श्रावण १७ गतेबाट लागु भए पनि सो बमोजिम सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको सेवा शर्त सम्बन्धी कानून बनेको देखिंदैन । उक्त ऐनको दफा १९ मा नेपाल सरकारले नियम बनाउनको लागि तोकिएका आधारहरूमा यस प्रकृतिका कर्मचारीहरूको सेवा शर्त | शिक्षा मन्त्रालयको च.नं. ७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फ श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | सम्बन्धमा नियम बनाउने सक्ने गरी अधिकार प्रत्योजना गरेको समेत देखिंदैन । यसमा कर्मचारीको सेवा सुविधा सेवा शर्त सम्बन्धमा के-कस्तो गर्न सकिन्छ, कार्यदल गठन गरी सोको सिफारिशमा आवश्यक व्यवस्था गर्नु भनी संबत २०६४ सालको ०५०१ नं. को रिट निवेदनमा निर्देशनात्मक आदेश जारी भएको हुँदा र सोही आदेशबाट प्रस्तुत रिट निवेदनमा उठाएको विषयवस्तु सम्बोधन भैसकेको यसमा निवेदक दाबी बमोजिम छुट्टै आदेश जारी गर्नु पर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुन्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएको विषयमा समेत प्रतिवेदन दिन लगाइ प्रतिवेदनको कार्यान्वयन गर्नु भनी विपक्षी मन्त्रालयका नाउँमा निर्देशानात्मक आदेश जारी हुन्छ । | |
| ९७. | ०४९४<br>(०६४)<br>वीर बहादुर दमाई समेत वि. प्र.म.का. समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | यसमा शिक्षा नियमावली, २०५९ को नियम ८८ अनुसार विद्यालयका प्रत्येक तहका शिक्षकलाई श्रेणीमा विभाजन गरिएको छ । तर विद्यालयका कर्मचारीको श्रेणी विभाजन सम्बन्धमा नियमावली मौन | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालय मार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | रहेको छ । निजामती सेवा लगायतका सेवाहरूमा समेत श्रेणी विभाजन गरिएको अवस्थामा निवेदकहरूको हकमा पनि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ को उपधारा (१) तथा धारा ३२ र १०७ को उपधारा (२) बमोजिम विद्यालयका कर्मचारीको श्रेणी विभाजन गर्ने कानूनी व्यवस्था गर्नु भन्ने परमादेशको आदेश जारी गरिपाउँ भन्ने मुख्य रिट निवेदन दावी भएको देखिन्छ । शिक्षा नियमावलीमा सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको श्रेणी विभाजन गरी सेवा शर्त समेत उल्लेख भै श्रेणी विभाजन भएको देखिंदैन । कुन विषयमा कानून बनाउने वा नबनाउने सो कार्यकारिणी वा विधायिकको स्वविवेकको विषय हो । यस्तो कुरामा अदालतको हस्तक्षेप हुनु न्यायसंगत हुँदैन । शिक्षा ऐन, २०२८ को दफा १९ मा यस सम्बन्धी नियम बनाउन सक्ने गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको देखिंदैन । सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको | **प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के-कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न तीन सदस्यीय कार्यदल गठन गरी छ महिना भित्र प्रतिवेदन लिई सो प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत् २०६४ सालको रि नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही रिट निवेदनमा विवेचना गरिएको तथा लिइएका आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ सो प्रतिवेदनको कार्यान्वयन गर्नु हुन विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ । | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ९८. | ०५००<br>(०६४)<br>राजेन्द्र श्रेष्ठ<br>वि.<br>प्र.म.का. समेत | २०६७।१०।२३<br>शिक्षा मन्त्रालय | हामी विद्यालयका कर्मचारीहरूले विद्यालयका शिक्षक समान जिल्ला शिक्षा कोषको अनुदान रकमबाट तलब, भत्ता, ग्रेड, रकम तथा सञ्चय कोषबाट निकासा दिने रकमबाट पेन्सन उपदान वा उपचार खर्च पाउने अधिकार भएता पनि शिक्षा नियमावली, २०५९ ले उक्त अधिकारबाट बञ्चित गरेकोले कानुनको समान संरक्षणको मौलिक हकबाट हामीलाई अनुचित बन्देज लगाइएको हुँदा शिक्षक सरह विद्यालयको कर्मचारीहरूको तलब भत्ता ग्रेड, संचय कोष, उपदान, निवृत्तिभरण र उपचार खर्चको रकम संचित कोषबाट निकासा दिने व्यवस्था गर्नु भनी परमादेशको आदेश जारी गरी पाउन माग राखी रिट निवेदन दिएको देखिन्छ । कुन विषयमा कानून बनाउने वा नबाउने सो कार्यकारिणी वा विधायिकाको स्वविवेकको विषय हो । यस्तो कुरामा अदालतको हस्तक्षेप उचित एवं न्यायसंगत हुँदैन । र्सवसञ्चित कोषबाट के कस्ता शिर्षमा खर्च गर्ने भन्ने नितान्त संवैधानिक तथा कानूनी व्यवस्था अन्र्तर्गतको विषय हो । यस्ता विषयमा असाधारण | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | अधिकार क्षेत्र अन्तर्गत यस अदालतबाट हस्तक्षेप हुन सक्दैन । सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न तीन सदस्यीय कार्यदल गठन गरी ६ महिना भित्र सोको प्रतिवेदन लिई कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत् २०६४ सालको रिट नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही निवेदनमा विवेचना गरिएको तथा लिइएको आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ । | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ९९. | ०५०२<br>(०६४)<br>गणेश प्र. थारु<br>समेत<br>वि.<br>प्र.म.का. समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | शिक्षा नियमावली, २०५९ मा शिक्षकको दरवन्दीको व्यवस्था गरेको भए पनि सामुदायिक विद्यायमा कार्यरत कर्मचारीको सम्बन्धमा दरवन्दीको व्यवस्था उक्त नियमले गरेको देखिएन । शिक्षा ऐन, २०२८ को दफा १९ मा यस सम्बन्धी नियम बनाउन सक्ने गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको देखिंदैन ।<br><br>सामुदायिक विद्यालयमा कार्यरत कर्मचारहिरूको निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न ३ सदस्यीय कार्यदल गठन गरी ६ महिना भित्र सो को प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत् २०६४ सालको रिट नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही रिट निवेदनमा विवेचना गरिएको तथा लिइएका आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ प्रतिवेदनका आधारमा यथोचित कार्यान्वयन हुन विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ । | |
| १००. | ०४९६<br>(०६४)<br>उद्धव प्र. न्यौपाने<br>वि.<br>प्र.म.का. समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | निवेदकहरू सामुदायिक विद्यालयमा कार्यरत विभिन्न पदका कर्मचारीहरू देखिन्छन् । शिक्षक र कर्मचारी भिन्ना भिन्नै वर्ग हुन । एउटै संस्थामा काम गर्ने भएपनि उनीहरूको योग्यता, कामको प्रकृति र तालिम आदिको आधारमा यिनीहरूलाई भिन्ना भिन्नै वर्गमा राख्नु पर्दछ । शिक्षक उसको योग्यताका आधारमा नियुक्त भै उसको काम वालबालिका शिक्षा प्रदान गर्नु हो तर विद्यालयका कर्मचारीको काम शिक्षा प्रदान गर्ने मुल काममा व्यवस्थापकीय दृष्टिकोणले सहजीकरण गर्ने हो । त्यसैले धारा १३ को प्रयोजनको लागि यी २ वर्ग भिन्नै र बेग्लै वर्ग हुन । काम कर्तव्य तथा जिम्मेवारीको आधारमा फरक किसिमले व्यवहार हुनै सक्दैन भन्न मिल्दैन । कुन विषयमा कानून बनाउने वा | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालय मार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | नबनाउने सो कार्यकारिणी वा विधायिकाको स्वविवेकको विषय हो । यस्तो कुरामा अदालतको हस्तक्षेप अपेक्षाकृत हुँदैन । शिक्षा ऐन, २०२८ को नियम १९ मा निवेदकले दावी लिएका विषय सम्बन्धमा नियम बनाउन सक्ने गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको देखिंदैन । सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के-कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न ३ सदस्यी कार्यदल गठन गरी ६ महिना भित्र सोको प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत् २०६४ सालको रिट नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही रिट निवेदनमा विवेचना गरिएको तथा लिइएका आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिंदा प्रस्तुत | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ सो प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ । | |
| १०१. | ०४९५<br>(०६४)<br>इन्द्र ब प्रजा<br>वि.<br>प्र.म.का. समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | मिति २०३६।६।८ मा शिक्षा नियमावली, २०२८ मा पाँचौ संशोधन गरिसकेपछि विद्यालयका कर्मचारीहरूलाई शिक्षकबाट अलग स्थितिमा राखियो । शिक्षा नियमावली, २०४९ को नियम ५८ को उपनियम (१) मा सरकारले समय-समयमा तोके बमोजिम तलब भत्ता स्केल बृद्धि र अन्य सुविधाहरू विद्यालयका शिक्षक तथा कर्मचारीले पाउने छन् भन्ने व्यवस्था रहेको भए तापनि शिक्षा नियमावली, २०५९ को नियम १०० ले शिक्षकले मात्र तलब भत्ता पाउने कानूनी व्यवस्था गरेको । निवेदकले अन्य विद्यालयका कर्मचारीहरू सरह समान पारिश्रमिक पाउने अधिकार भए तापनि हामीहरूलाई उक्त अधिकारबाट बन्चित गरिएकोले समान तह तथा | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालय मार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | समान पदमा कर्मचारीलाई शिक्षक सरह समान तलब, भत्ता लगायतका पारिश्रमिकको कानूनी व्यवस्था गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरी पाउँ भन्ने मुख्य रिट निवेदन दावी देखिन्छ । कुन विषयमा कानून बनाउने वा नबनाउने सो कार्यकारिणी वा विधायिकाको स्वविवेकको विषय हो । यस्तो कुरामा अदालतको हस्तक्षेप अपेक्षाकृत हुँदैन । शिक्षा ऐन, २०२८ को दफा १९ मा यस सम्बन्धी नियम बनाउन सक्ने गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको देखिंदैन । सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न ३ सदस्यीय कार्यदल गठन गरी ६ महिना भित्र प्रतिवेदन लिई प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत् २०६४ सालको रिट नं. ०५०१ | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही रिट निवेदनमा विवेचना गरिएको तथा लिइएका आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ सो प्रतिवेदनको कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदश जारी हुन्छ । | |
| १०२. | ०४९९<br>(०६४)<br>रामदेव धोवी<br>वि.<br>प्र.म.का. समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | विद्यालय कलिला बालबालिकालाई शिक्षा प्रदान गर्ने संस्था भएको कारण विद्यालयका शिक्षक तथा कर्मचारी दुवै इमान्दार, राम्रो चरित्रको र उच्च नैतिकताको हुनु आवश्यक हुन्छ । सकभर विद्यालयका शिक्षक कर्मचारीलाई निश्चित पारिश्रमिक उल्लेख भएको आफ्नै र छुट्टै विशेष सेवाका शर्तयुक्त कानून हुनु वाञ्छनीय हुन्छ । तर्सथ सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण, सेवा, शर्त, | शिक्षा मन्त्रालयको च.नं. ७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न तीन सदस्यीय कार्यदल गठन गरी छ महिना भित्र सोको प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत् २०६४ सालको रिट नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही रिट निवेदनमा विवेचना गरिएको तथा लिइएका आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन माग बमोजिम आदेश जारी हुन सक्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को रिट निवेदनमा गठित कार्यदललाई प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ प्रतिवेदनको कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ । | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १०३. | ०४९८<br>(०६४)<br>मुखिया लक्ष्मण थारु<br>वि.<br>प्र.म.का. समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | सामुदायिक विद्यालयमा शिक्षा सेवा आयोगबाट सिफारिश भई शुरु स्थायी नियुक्ति पाएका कर्मचारीहरू, विद्यालय व्यवस्थापन समितिले उम्मेदवार आफै छनौट गरी नियुक्ति गरेका तथा विद्यालय कै श्रोतबाट तलब भत्ता खाने गरी नियुक्त गरिएका हामी कार्यरत कर्मचारीहरूको स्थायी सेवालाई निवृत्तिभरण तथा उपदान प्रयोजनमा गणना गर्ने सम्बन्धमा हाल लागु रहेको शिक्षा नियमावली, २०५९ मा कुनै प्रावधान छैन । निजामती सेवा नियमावली, २०५० को नियम १२३ को उपनियम -१) को खण्ड -ख) मा अस्थायी सेवा अवधि जोडिने प्रावधान रहेको, त्रि.वि. शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ५२ मा अस्थायी सेवा अवधि जोडिने प्रावधान रहेको, त्रि.वि. शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ५२ मा अस्थायी वा करार सेवा अवधि तथा सरकारी सेवा लगायत अन्य सार्वजनिक सेवामा गरेको कामको सेवा अवधिलाई समेत निवृत्तिभरण तथा उपदान प्रयोजनको लागि | शिक्षा मन्त्रालयको च.नं.७१४ को पत्रद्वारा मिति २०६८।११।९ मा श्री महान्यायाधिवक्ताको कार्यालयमार्फत श्री सर्वोच्च अदालतमा "मन्त्रालयले तयार पारेको प्रतिवेदन सम्मानित अदालतसमक्ष पेश हुन" पठाइएको **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | गणना गर्ने व्यवस्था भएको, हामी समेतका विद्यालयका कर्मचारीहरूलाई अस्थायी सेवा अवधिको गणनाको अधिकारबाट बन्चित गरिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धार १३ को उपधारा (१) मा कुनै कानूनको समान संरक्षणबाट अनुचित बन्देज लगाइएको हुँदा धारा ३२, धारा १०७(२) बमोजिम यो निवेदन गरेका छौ । विद्यालयका कार्मचारीहरूको अन्य सेवा सरह अस्थायी सेवा तथा अन्य सेवामा काम गरेको अवधिलाई उपदान, निवृत्तिभरण प्रयोजनको लागि गणना गर्ने कानूनी व्यवस्था गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरीपाउँ भन्ने मुख्य रिट निवेदन दावी देखिन्छ । शिक्षा नियमावली, २०५९ को नियम ११४ मा शिक्षकको मात्र नोकरी अवधि गणना सम्बन्धी व्यवस्था गरेको देखिन्छ भने नियम ११४क. मा नोकरी अवधि गणना सम्बन्धी कार्यविधि व्यवस्था गरेको देखिन्छ । कुन विषयमा कानून बनाउने वा नबनाउने सो कार्यकारिणी वा | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | विधायिकाको स्वविवेकको विषय हो । यस्तो कुरामा अदालतमा हस्तक्षेप न्यायसंगत हुँदैन । शिक्षा ऐन, २०२८ को नियम १९ मा यस सम्बन्धी नियम बनाउन सक्ने गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको देखिंदैन । सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण, सेवा, शर्त, पाउने सुविधा लगायतका यावत विषयसँग यी कर्मचारीहरूको लागि service law आवश्यक भएको हुँदा के-कस्तो कानून बनाउन उपयुक्त हुन्छ अनुसन्धान गर्न तीन सदस्यीय कार्यदल गठन गरी छ महिना भित्र प्रतिवेदन दिइ सो प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा सम्बत २०६४ सालको रिट नं. ०५०१ नं. को रिट निवेदनमा आजै यस इजलासबाट निर्देशनात्मक आदेश जारी भै सकेको हुँदा सोही रिट निवेदनमा विवेचना गरिएको तथा लिइएका आधार कारणहरूका आधारमा प्रस्तुत रिट निवेदन जारी हुन सक्ने नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । उक्त ०५०१ नं. को | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | रिट निवेदनमा गठित कार्यदलले प्रस्तुत मुद्दामा उठाइएका विषयमा समेत प्रतिवेदन दिन लगाइ सो प्रतिवेदन कार्यान्वयन गर्नु भनी विपक्षी शिक्षा मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ । | |
| १०४. | ०६९५<br>(२०६५)<br>सुरेन्द्र प्र. कानू<br>वि.<br>शिक्षा मन्त्रालय<br>समेत | २०६७।१०।२३ शिक्षा मन्त्रालय | सरकारले कुनै समस्या समाधान सम्बन्धमा अध्ययन गरी उचित समाधानको सुझाव पहिल्याउन कार्यदल गठन गेको देखिन्छ । कार्यदलले सरोकारवालासँग छलफल गरी ऐन कानूनका आधारमा तत्काल र भविष्यमा चाल्नुपर्ने कदमहक सुझाएको हुन्छ । सो प्रतिवेदनमा लेखिएका कुराहरु विद्यमान कानून अनुसार कार्यान्वयन हुन सक्ने कुराहरु अधिकारीक निकायले कार्यान्वयन गर्दछ र कानूनको अभावमा कार्यान्वयन हुन नसक्ने कुराहरु कानून नबनाई कार्यान्वयन नै हुन सक्दैन । कार्यदलको प्रतिवेदनमा नै नभएको अवस्थामा पनि कानून बमोजिमका कुरा स्वत कार्यान्वयन हुन सक्ने नै हुन्छ । प्रतिवेदनमा के कुरा पर्‍यो भन्ने कुराले निर्णय गर्न कार्यान्वयन | प्रतिवेदनमा उल्लेखित कानून सम्मत कुराहरु कार्यान्वयन भएकोले लगत कट्टा हुनुपर्ने **भनी शिक्षा मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | गर्ने अधिकारीलाई सहयोग पुग्न सक्छ तर स्वयं प्रतिवेदनले कानूनले नचिनेका वा मान्यता नदिएका कुराहरु प्रतिवेदनमा पर्दैमा कानूनले मान्यता नदिएसम्म सो कुरा सन्दर्भ सामाग्री मात्र हुन सक्छ । प्रतिवेदनले स्वयं कानून सरहको स्थान लिन सक्तैन ।<br>तर्सथ माथि उल्लेखित आधार कारणका आधारमा निवेदन दावी बमोजिम रिट जारी हुन सक्ने नदेखिंदा रिट निवेदन खारेज हुने ठहर्छ । उक्त प्रतिवेदनमा उल्लेखित कानून सम्मत कुरा मात्र कार्यान्वयन गर्नु, कानून प्रतिकूल कुनै प्रावधान भए सोले मान्यता नपाउने हुँदा कार्यान्वयन नगर्नु भन्ने शिक्षा मन्त्रालयको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । आदेशको कार्यान्वयनको लागि प्रतिलिपी सहित शिक्षा मन्त्रालयमा महान्याधिवक्ताको कार्यालय मार्फत लेखी पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु । | |
| १०५. | ०१८८-०६८)<br>निवेदक अधिवक्ता सुदर्शन सुवेदी वि. प्रधानमन्त्री तथा | २०६९।४।३०<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महिला बालबालिका तथा | निर्देशनात्मक आदेश जारी गरिएका विषयहरुः (१) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०५९ को | अपाङ्गहरुको शिक्षालाई अझ प्रभावकारी बनाउनका लागि शिक्षा विभागमा फैसला कार्यान्वयनका लागि पत्राचार गरीएको **भनी शिक्षा** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | मन्त्रिपरिषद्को कार्यालय । | समाज कल्याण मन्त्रालय र शिक्षा मन्त्रालय । | दफा ३ को प्रयोजनका लागि चिकित्साशास्त्रका र्सवमान्य सिद्धान्त र अन्तर्राष्ट्रिय मापदण्ड समेतको आधारमा शारीरिक, मानसिक र बौद्धिक अपाङ्गहरुका गणना गरी तिनीहरुको स्तर निर्धारण एवं वर्गीकरण यथाश्रि्र गर्ने, गराउने, (२) अपाङ्ग घरको निर्माण एवं सञ्चालन गर्ने । यसको लागि आगामी आर्थिक वर्षदिखिने अपाङ्गको संख्याको आधारमा बढी अपाङ्ग भएको जिल्ला वा क्षेत्रमा योजनावद्ध ढंगले प्रत्येक वर्षकम्तीमा एक अपाङ्ग घरको निर्माण र सञ्चालन गर्दै जानु पर्ने, (३) ऐन र नियमले अपाङ्गहरुको आवास, शिक्षा, स्वास्थ्य, तालिम, रोजगारी र अन्य सुविधाको सम्बन्धमा गरेको व्यवस्थालाई प्रभावकारी ढंगले लागू गर्दै जाने, (४) अपाङ्ग कल्याण र सुरक्षा सम्बन्धी सरकारी र गैरसरकारी स्तरबाट गरिने कृयाकलाप र गतिविधिको प्रभावकारी अनुगमन गर्ने गराउने उद्देश्यले मत्रिपरिषद् सचिवालयमा र महिला बाल बालिका तथा समाज कल्याण मन्त्रालयमा अधिकृत स्तरको एक-एक | **मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | अनुगमन अधिकारी नियुक्त गर्ने र तिनीहरुको काम, कर्तव्य र अधिकार पनि परिमार्जित अपाङ्ग, संरक्षण तथा कल्याण ऐनमा निर्धारण गर्ने, (५) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३) को प्रतिबन्ध्ात्मक खण्ड र संविधानको भाग ४ मा राज्यको दायित्व र राज्यका नीति उल्लेख गरिए अनुसार अपाङ्गहरुका लागि विशेष व्यवस्था र कार्यक्रमको तर्जुमा गरी लागू गर्दै जानु पर्ने, (६) अपाङ्गता अधिकार र अपाङ्ग कल्याणको क्षेत्रमा कार्यरत सरकारी र गैर सरकारी निकायहरुको काम कारवाहीमा आवश्यकतानुसार समन्वय र सहयोगको व्यवस्था मिलाउने, (७) नेपालले आपाङ्गता सम्बन्धी महासन्धि, २००६ अनुमोदन गरी सकेको अवस्था समेतलाई विचार गरी यस क्षेत्रका विशेषज्ञ र सरोकारवालाहरु समेतसँग आवश्यक परामर्श एवम सुझाव लिई अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१ मा समयानुकूल संशोधन र परिमार्जन गर्ने वा नयाँ एकीकृत ऐन र सोही | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | अनुरुपको एकीकृत नियमावली निर्माण गर्नु पर्ने । | |
| १०६. | रिट नं. ०९६९, २०६४<br>पुरुषोत्तम शर्मा समेत | २०६८।१२।२०<br>वन तथा भू-संरक्षण मन्त्रालय समेत | "भू-तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ३ तथा भू-तथा जलाधार संरक्षण नियमावली २०४२ को नियम ३ समेतले संरक्षित जलाधार क्षेत्र घोषणा गर्न सक्ने कानूनी व्यवस्था गरेको र उक्त ऐन मिति २०३९।८।६ देखि लागू भएको तीस वर्षसम्म पनि ऐनले व्यवस्था गरेको समिति गठन भएको नदेखिनुका साथै त्यसतो युक्ति संगत कारण समेत विपक्षीले खुलाउन सकेको नदेखिएकोले आवश्यक जाँचबुझ, अध्ययन, सर्वेक्षण गरी गराई संरक्षित जलाधार क्षेत्रको घोषण गर्न पहल गर्नु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ ।" | सम्मानित सर्वोच्च अदालतबाट मिति २०६८।१२।२० मा यस मन्त्रालय समेतको नाउँमा निर्देशनात्मक आदेश जारी भएकोमा उक्त आदेश कार्यान्वयनको लागि यस मन्त्रालयको च.नं. २४७ मिति २०६९।११।२० को पत्रानुसार भू-तथा जलाधार संरक्षण विभागमा पठाएको सो विभागको च.नं. १०२० मिति २०६९।१२।२० को पत्रानुसार "यस विभाग अन्तर्गतका जिल्ला भू संरक्षण कार्यालयहरुलाई उपरोक्त प्रयोजनका लागि संम्भाव्य जलाधारको पहिचान गरी आवश्यकता हेरी भू-तथा जलाधार संरक्षण विभागमा लेखी पठाउनु हुन" भनी पत्राचार भएको **भनी वन तथा भू-संरक्षण मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रतिवेदनमा उल्लेख ।** |
| १०७. | ३५१०<br>(२०६१)<br>राजिव गुरुङ्गको हकमा देवी गुरुङ्ग | २०६७।२।११<br>विज्ञान तथा प्रविधि मन्त्रालय समेत | नेपालका हालसम्म DNA परिक्षणकोलागि sample निकाल्ने सम्वन्धमा DNA लाई preserve गर्ने सम्वन्धमा DNA को प्रमाणिक मान्यताका सम्वन्धमा DNA को लागि sample के कस्को आदेशले के कस्तो अवस्थामा sample निकाल्ने र परिक्षण गर्ने आदी सम्वन्धित कुराहरुमा कानून बनेको देखिंदैन । यी कुरा र विषयलाइ address गर्न कानून आवस्यक भैसकेको छ । त्यसैले देहाय के विषय र आवस्यक अन्य विषय समेत समावेश भएको कानून बन्न आवस्यक देखिन्छ ।<br>१ DNA bank को स्थापना<br>२DNA bank को उद्देश्य लक्ष्य<br>३DNA bank को काम कर्तब्य<br>४DNA bank को अख्तियारवाला ब्यक्ति | सो आदेशमा उल्लिखित विषयका सम्बन्धमा समेत छुट्टै ऐन बनाउन लागिएको बुझिएकोले सो सम्बन्धमा मस्यौदा बनाई तर्जुमाको लागि यस मन्त्रालयमा यथाशीध्र पठाउन मिति २०६८।१०।१५ मा वातावरण,विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखी पठाएको र सो सम्बन्धमा कार्यदल गठन भई ऐनको मस्यौदा गर्ने कार्य भैरहेको बुझिएको भनि **कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको आ.व. २०६९।७० को बार्षिक प्रगति ।** |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | ५DNA profile मा कसको access हुन सक्ने ?<br>६sample निकाल्ने सम्वन्धि<br>७ sample दिन ईन्कार गर्ने सम्वन्धि<br>• स्वेच्छाले sample दिन पाउने नपाउने सम्वन्धी<br>• sample को storage र disposal सम्वन्धि<br>• DNA sample लाई Tamper गरेको<br>• DNA sample गोप्य राख्ने सम्वन्धी<br>DNA को प्रमाणिक महत्व र मान्यता सम्वन्धि<br>उपरोक्त कुराहरु र अन्य आवस्यक कुराहरु समेत समावेश गरी DNA Identification and Evidence Act अर्थात DNA र DNA को प्रमाणिक मान्यता ,फौज्दारी अपराधमा DNA को प्रयोग तथा Paternity Test मा DNA को प्रयोग सम्वन्धि कानून बनाउनु भनि नेपाल सरकार कानून तथा न्याय मन्त्रालयको नाउँमा आदेश जारी । | |
| १०८. | ०३७७<br>(२०६५)<br>प्रकाशमणी शर्मा समेत | २०६६।१०।६<br>स्थानीय विकास मन्त्रालय समेत | संविधानको धारा २१ मा प्रत्याभूत गरिएको मौलिक हकको निर्वाध रुपमा उपभोग गर्न पाउने आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाती, मधेशी समुदाय, उत्पीडित वर्ग गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा उनीहरुको निजामती, प्रहरी, सेना, न्यायिक क्षेत्र लगायत राज्यका सम्पूर्ण संयन्त्रहरुमा तुलनात्मकरुपमा न्यूनरुपको सहभागिता एवं | मन्त्रालयबाट निर्माण हुने ऐन नियम, निर्देशिका, कार्यविधि तर्जुमा गर्दा समावेशीको सिद्धान्तलाई अवलम्वन गरिदै आएको भनि **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आ.व. २०६९।७०** को बार्षिक प्रतिवेदनमा उल्लेख । |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | प्रतिनिधित्व रहेको देखिन आउँछ । यस अवस्थामा उल्लिखित वर्ग, क्षेत्र, लिङ्ग, जातजातीभित्र पर्ने व्यक्तिहरुको उत्थान, विकास एवं सशक्तिकरणका लागि नेपालको अन्तरिम संविधानको धारा २१ को सामाजिक न्यायको हक अनुरुप भावी दिनहरुमा नेपाल सरकारले ठोस एवं प्रभावकारी रुपमा कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिएकोले आगामी दिनमा तद्नुरुप क्रमिक रुपमा ठोस काम कारवाही गर्नु गराउनु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी हुनु वाञ्छनीय देखिन आएकोले सो अनुरुप गर्नु, गराउनु भनी प्रत्यर्थी मध्येका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंका नाउँमा निर्देशनात्मक आदेश जारी । | |
| १०९. | ००३१/२०६३<br>राजु प्रसाद<br>चापागाई समेत | ०६५।७।२८<br>**कार्यक्षेत्र** कानून, महिला, शिक्षा म. | ज्यान सम्वन्धी महलको ६(३) र रक्षा शिक्षाको नाममा कुटपिट गर्न पाउने अधिकारलाई मान्यता दिएको र त्यस्तो कार्यबाट ज्यान गएको अवस्थामा रु ५० मात्र जरीवाना हुने व्यवस्था अमान्य र वदर घोषित गरिएको ।<br>बालबालिकालाई कुनै पनि प्रकारले शाररीक वा मानसिक यातना दिने दुरव्यवहार गर्ने लगायतका कुरालाई रोक्न र उपचार दिन कानूनी लगायतका व्यवस्था गर्नु , त्यस्तो कानून व्यवस्थाको | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | उलङ्घन गर्ने शिक्षक वा अन्य सम्वन्धीत सबै उपर अनुशासनात्मक लगायतका कारवाहीको प्रावधान समावेश गर्नु र कानून कार्यान्वयनको लागि प्रभावकारी संयन्त्र समेत निर्माण गर्नु भनी **निर्देशनात्मक** आदेश । | |
| ११०. | ८१८/२०६३<br>रामकुमारी मानन्धर समेत | योजना तथा निर्माण मन्त्रालय समेत<br>२०६५।१०।०२ | प्रत्यर्थी चमती जग्गा एकिकरण आयोजनामा कार्यान्वयन गर्दा ०-२-२-० भन्दा न्यून जग्गा हुने जग्गाधनी वा मोहीहरुलाई उनिहरुको आर्थिक अवस्था समेतलाई मध्यनजर राखी यथासम्भव विकासको प्रतिफल स्थानिय वासिन्दाले नै पाउने भन्ने प्राकृतिक न्यायको सिद्धान्त अनुरुप आफ्नो जन्म र कर्म भूमि पूर्ख्यौली स्थलबाट विस्थापित नहुने गरी जग्गा वितरण गर्ने आयोजना संचालन गर्दा उप्रान्त जे जस्तो परिवन्द एवं कारणले ढिलाई भएको भएपनि सो कुरालाई आइन्दा पुनारावृत्ति नगरी उक्त पुनित कार्यलाई छिटो छरितो के कुन् उपायले गर्न सकिन्छ सोही उपयुक्त नीति समेत अवलम्वन गरी शिघ्रताशिघ्र आयोजना सम्पन्न गर्नु, आयोजनाको मुलभूत उद्देश्य नै स्थानिय सर्वसाधरणको हित भलाई | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | एवं सो स्थान स्थित मौजुदा धार्मिक साँस्कृतिक सम्पदा तथा वातावरणीय सुधार भएको हुँदा सम्भव भएसम्म सम्पूर्ण वासिन्दाहरुको मन जिती निजहरुको इच्छा सहमती एवं सहभागिता गराएर मात्र आयोजना सन्चालन गर्ने, उक्त आयोजना क्षेत्रभित्रका मौजुदा धार्मिक एवं साँस्कृतिक धरोहर लगायतका अमुल्य नीधिहरुलाई संरक्षण, संवर्द्धन एवं पुनः निर्माण गर्नुपर्ने भए सो समेत गरी मानव एवं जैविक लागि अपरिहार्य तत्वको रुपमा रहने स्वच्छ वातावरणीय न्यायको सिद्धान्त समेतलाई हृदयगंम गरी आयोजनासँग सम्वन्धित सवै निकायहरुको नाउँमा यो निर्देशनात्मक आदेश जारी गरीदिएको छ | |
| १११. | ००२८ /२०६३<br>प्रकाशमणी शर्मा समेत | २०६५।०२२।३<br>प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत | "थुना वा कैदमा रहेको महिलाको गर्भावस्थामा हेरचाह, वच्चा जन्मिने अवस्थामा स्वास्थ्यको सुरक्षा , वच्चाको पोषण र स्वास्थ्य सम्वन्धि कुराहरुलाई विशेष रुपमा उठाएको र निवेदनसाथ पेश भएको राष्ट्रिय मानव अधिकार आयोगद्धारा विभिन्न समयमा गरिएको कारागार अनुगमनको आधारमा तयार पारिएको प्रतिवेदन, २०६२ को परिच्छेद ३ मा कारागारहरुका क्षमता भन्दा वढी वन्दी | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | राखिएको, भवन पुरानो भै जीर्ण अवस्थामा रहेको , केही कारागारमा कम्पाउण्डको अभाव रहेको, चिसो भुँईमा सुत्नु पर्ने वाध्यता रहेको , विरामी वन्दीलाई राख्ने छुट्टै ठाउँको अभाव रहेको जस्ता भौतिक पूर्वाधारका सम्वन्धमा विभिन्न तथ्यहरु औल्याइएको देखिएको समेत आधामा ती यावत कुराहरुलाई मध्य नजर राखी हाम्रा कारागारहरुमा महिलाहरुको गर्भावस्थाको हेरचाह वच्चा जन्मिने अवस्थाको स्वास्थ्यको सुरक्षा, वच्चाको पोषण जस्तो स्वास्थ्य सम्वन्धी व्यवस्था अप्रयाप्त रहेको भन्ने देखिदा र ति कुराहरु प्रयाप्त रुपमा पुरा हुनु पर्ने नै हुनाले राज्य प्रदान गर्नु पर्ने गर्भवती महिला वन्दीहरु र स्तनपान गर्ने वच्चाहरुको स्वास्थ्य, पोषण र संरक्षण लगायत उपयुक्त सुविधाको व्यवस्था मिलाउन नीति तथा कार्यक्रम वनाई लागु गर्नु भनी विपक्षीहरुका नाममा निर्देशनात्मक आदेश जारी | |
| ११२. | ०४५१/२०६७ तुलसी सिंखडा श्री | २०६९।० ५। २० प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | नागरिकलाई शान्ति सुरक्षाको स्थितिबाट आश्वस्त पार्नु पर्दछ । निवेदकले उल्लेख गरे अनुसार हातहतियारको सम्वन्धमा कानूनको पालना हुन नसकेको क्षेत्रमा पालना गर्ने तर्फ उचित व्यवस्थापन गर्नमा देखिएका कमी कमजोरीहरुको | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | निराकण गर्ने तर्फ आवश्यक कार्य गर्नका साथै सोको लागि चाहिने थप श्रोत साधन सम्वन्धित कानून कार्यान्वयन निकायहरुलाई उपलव्ध गराई परिणाममुखी हुने गरी सशक्त परिचालन समेत गर्दै जानु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषादको कार्यालय समेतका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । | |
| ११३. | ३०२२/२०६१<br>वावुराम गिरी | २०६५।१२।१० जिल्ला वन कार्यालय समेत | नागरिकप्रति सरकारको अभिभावकिय दायित्व रहन्छ । यो दायित्व भित्र नागरिकको अस्तित्व रक्षाको अधिकारको स्थान सर्वपरि रहन्छ । नेपालमा प्राचिनतम कानूनी प्रणालीमा त यो दायित्व स्वीकारिएको थियो भने आजको विकशित कानूनी मान्यतामा यस सिद्धान्तलाई इन्कार गर्ने ठाउँ छैन । राज्यद्वारा बेपत्ता बनाइएका हुन वा अरु कसैद्वारा वा स्वयं नै वेपत्ता भएका नै किन नहुन यी सबैको स्थिति सार्वजनिक गर्ने कानूनी दायित्व सरकारको हो । यस दायित्वबाट राज्यले उन्मुक्ति प्राप्त गर्न सक्ने अवस्था नहुँदा रिट | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | निवेदन साथ संलग्न अनुसुची १ मा उल्लेखित वेपत्ता नागरिकहरुको खोजी गर्नु भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ | |
| ११४. | ०००९/२०६५ आरती श्रेष्ठ समेत | श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत२०६६।०५।०५ | नेपालले अनुमोदन गरेका विभिन्न अन्तराष्ट्रिय, प्रतिज्ञापत्र, घोषणा पत्र, अनुबन्ध, सन्धि, महासन्धि, तथा नेपालको अन्तरिम संविधानको मर्म र भावना अनुकुल हुने गरी विभिन्न लोकतान्त्रिक मुलुकमा यस सम्वन्धमा गरिएको कानूनी व्यवस्था र अभ्यासको तुलनात्मक अध्ययन गरी नेपालको सामाजिक र अर्थिक पक्षको विश्लेषण गरी विद्यमान अर्थिक दण्ड नितिमा रहेका कमी कमजोरी र सुधारका सम्भावित क्षेत्रहरुका सम्वन्धमा सम्वन्धित विषयका बिज्ञहरुबाट अध्ययन गराई यस सम्वन्धमा यथाशिघ्र उपयुक्त कानूनी व्यवस्था गर्नु गराउनु भनी प्रत्यर्थी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ११५. | ०५१८/२०६३<br>डा.दिनेश विक्रम शाह | २०६६।०७।२९ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | बदलिदो अवस्था र परिस्थिति तथा डाक्टरले बिरामीको उपचार गर्दा Negligency आदि गरी बिरामीलाई क्षति पुग्न गएमा अस्पताल र डाक्टरलाई बिरामी प्रति Accountable बनाउन र डाक्टरले प्रयत्न गर्दागर्दै पनि डाक्टरको काबुभन्दा बाहिरको परिस्थितिको कारण बिरामी मर्न गएको अवस्थामा डाक्टरको Negligency नहुने र डाक्टर दोषी हुन नसक्ने हुँदा Medical Negligency भनी चलेको मुद्दामा Expert opinion based evidence मा आधारित न्याय र इन्साफ हुन देहायबमोजिम गर्नु भनी स्वास्थ्य मन्त्रालयको नाममा यो आदेश जारी गरिएको छ।<br>१. उपभोक्ता संरक्षण ऐन २०५४ को दफा २३ बमोजिम गठित क्षतिपूर्ति समिति समक्ष उजूर गर्न र दफा २३ बमोजिम गठित समितिले उजूरी उपर छानबिन गरी उजूरी मनासिव देखिएमा दफा २४ बमोजिम क्षतिपूर्ति दिलाउने व्यवस्था भएको देखिन्छ।<br>ऐनको दफा २३ को क्षतिपूर्ति समितिमा सदस्य सचिव सहित ६ सदस्यिय समिति गठन हुने व्यवस्था भएको देखिन्छ । दफा २३ बमोजिम गठित समितिले गर्ने काम Medical Science लगायत बिशुद्ध प्राविधिक काम हो। दफा २३ बमोजिम गठित समितिले गर्ने काम न्यायिक काम पनि हो तर समितिको सदस्य हेर्दा उपदफा १ को अध्यक्ष र लगत्तै पछिका दुई सदस्य र वाँकी अन्य तीन सदस्य गैरन्यायिक र गैरचिकित्सक देखिन्छ। न्यायिक काम गर्दा न्यायिक मन लगाई | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | आफूलाई न्यायिक अधिकार प्रयोग गर्न स्वतन्त्र, निस्पक्ष र सक्षम न्यायिक पदाधिकारीमा परिणत गरी सबूद Expert opinion को प्रमाणका आधारमा निर्णय गर्नुपर्छ । दफा २३ बमोजिम गठित समितिले गर्ने काम विसुद्ध न्यायिक मन लगाई प्रमाणका आधारमा निर्णय गर्नुपर्ने काम भएकोले दफा २३ को समितिले निर्णय गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिएबमोजिम हुने व्यवस्था उपदफा २ मा भएको देखिन्छ । उपदफा २(ढ)(४)(भ) मा तोकिएबमोजिम हुने भनेको हुँदा नियममा तोकिने व्यवस्था भएको देखिन्छ । ऐनको दफा २३(२) को प्रयोजनको लागि भनी उपभोक्त संरक्षण नियमावली २०५६ को नियम ४६ मा क्षतिपूर्ति समितिले निर्णय गर्दा अपनाउनुपर्ने कार्यविधी तोकिएको देखिन्छ । ऐनको दफा २३(२) को उद्देश्य, र व्यवस्था हेर्दा दफा २३(१) को body ६ सदस्यीय Multi-member body भएको कारण एक मत नभएमा निर्णयको हैसियत के हुने भन्ने सम्बन्धमा समितिका सदस्यहरू अधिकारक्षेत्रको प्रयोग तोक्नेसम्बन्धी व्यवस्था होइन। दफा २३(२) को व्यवस्था र उद्देश्य अधिकारक्षेत्रको प्रयोगसम्बन्धी व्यवस्थाको नभई मुद्दाको कार्वाहीमा अपनाउने कार्यविधिसम्बन्धी व्यवस्थाको लागि हो ।<br>नियमावलीको नियम ४६ मा मुद्दाको कारवाहीको कार्यविधि तोकिनुपर्नेमा कार्यबिधिको बदला ६ सदस्यीय समितिको अधिकारक्षेत्र तोकिन गएको देखियो । Medical Negligence भनी परेको दावीमा सबूद प्रमाण | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | Medical Science सम्बन्धी पूर्णरुपेण प्राविधिक विषय हो । दफा २३ बमोजिम गठित समितिको ठहर सम्बन्धित विशेषज्ञको Expert opinion pathological लगायत विभिन्न परीक्षणको report आदि आदि सम्बद्ध बैज्ञानिक प्रमाणमा आधारित हुनुपर्छ । Medical Negligency को मुद्दामा Expert opinion नभएको Lay witness को भनाई प्रमाण हुन सक्दैन । दफा २३ बमोजिम गठित समितिले Medical Negligence सम्बन्धी मुद्दामा निर्णय गर्दा कार्यविधिको प्रयोजनको लागि आवश्यकताअनुसार विशेषज्ञको Expert opinion लिन देहाय बमोजिम समिति गठन गरी राजपत्रमा प्रकाशन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नाममा आदेश गरिदिएको छ :–<br>नेपाल मेडिकल काउन्सिलले तोकेको डाक्टर प्रतिनिधि- १<br>निजी अस्पतालले तोकेको डाक्टर प्रतिनिधि - १<br>सरकारी अस्पतालले तोकेको डाक्टर प्रतिनिधि - १<br>औषधि व्यवस्था विभागको Pharmacist प्रतिनिधि - १<br>विदेशी मिसन अस्पतालले तोकेको डाक्टर प्रतिनिधि- १<br>उपभोक्ताको तर्फबाट तोकिएको प्रतिनिधि - १<br>विधायिकाले अर्को कानून नबनाउञ्जेलसम्म हाल विचाराधीन र पछि पर्ने Medical Negligence सम्बन्धी मुद्दामा Expert opinion का लागि दफा २३ बमोजिम गठित समितिले आवश्यकताअनुरूप सो समितिको राय लिन सक्नेछ ।<br>आजसम्म हामी डाक्टरले बिरामीको सर्वोत्तम | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | हित चिताई उपचार गर्छ भन्ने मान्यतामा रह्यौं । हामीकहाँ डाक्टर र विरामीको सम्बन्ध डाक्टरले विरामीलाई असल रुपले उपचार गर्छ भन्नेमा कायम रहेको अर्थात् हामी आजसम्म Proffessional Standard of Care को मान्यतामा चली आयौ । तर अब डाक्टर र विरामी बीचको सम्बन्ध Informed consent को आधारमा हुनुपर्छ । यसको लागि वर्तमान मुलुकी ऐन इजाल गर्नेको महलको व्यवस्था प्रयाप्त छैन । अब भविष्यमा डाक्टर<br>र बिरामीबीचको सम्बन्ध Informed Consent को आधारमा सञ्चालन हुन देहाय बमोजिम गर्नु:<br>उक्त व्यवस्था अन्तर्गतको प्रणाली लागू गर्न अध्ययन गरी सुझाव दिन स्वास्थ्य मन्त्रालयले देहायबमोजिमको एक विज्ञ समिति गर्नु ।<br>स्वास्थ्य मन्त्रालयको सम्बन्धित डाक्टर - १<br>सरकारी अस्पतालको डाक्टर - १<br>गैरसरकारी, निजी अस्पतालको डाक्टर - १<br>नेपालस्थित विदेशी Mission अस्पतालको डाक्टर प्रतिनिधि - १<br>नेपाल मेडिकल काउन्सिलको डाक्टर प्रतिनिधि - १<br>सो समितिले डाक्टरले बिरामीलाई बिरामीको रोग, त्यसको उपचार, उपचार गर्दा र नगर्दाका असरको बारेमा (Printed form मा हुनसक्छ) जानकारी गराई बिरामीले जानकारी पाएको भन्ने पनि (लिखित Printed form नै हुनसक्छ) विश्वमा मान्य प्रचलन अनुसारको Informed Consent को उपचार प्रणालीको विकास | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | गर्न सुझाव दिनेछ । यो फैसला प्राप्त भएका ३ महिना भित्र समिति गठन गर्नुपर्ने र समितिले दिएको सुझाव दुई वर्ष भित्र नेपाल सरकारले अस्पतालको बर्गीकरण गरी क्रमशः लागू गर्दै जाने ।<br>यो निर्णय हुनुभन्दा अघिल्लो मितिसम्म उत्पन्न विवादमा यो आदेशले डाक्टर वा अस्पतालका विरुद्ध जुनसुकै तहमा विचाराधीन मुद्दामा कुनै असर पार्ने छैन ।<br>प्रस्तुत मुद्दाको सुनुवाईको क्रममा र सुनुवाई समाप्त भैसकेपछि मुद्दाका दुबै पक्षबाट Print Media / Electronic Media बाट यस अदालतमा विचाराधीन मुद्दामा असर पर्नसक्ने खालको विज्ञप्ती तथा आफ्नो विचार व्यक्त गरेको देखियो । कानूनी राज्यको अवधारणाको आधारमा सञ्चालन हुने हाम्रो व्यवस्था र स्वतन्त्र न्यायपालिका समक्ष विचाराधिन मुद्दाको वारेमा पक्षहरूले आ-आफ्नो ढंगमा अभिव्यक्त गरेको कुरालाई यस इजलासले गम्भीरताका साथ लिएको छ । भविष्यमा यस्तो नहुनेतर्फ पक्षहरूको ध्यानाकर्षण गराइन्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नाममा दिइएको निर्देशनको जानकारीको लागि यो फैसलाको प्रतिलिपि सो मन्त्रालयमा पठाईदिनु । | |
| ११६. | ००३२/२०६५<br>डा. पुष्करराज पाण्डे | ०६७।११।१९<br>कानून मंत्रालय | **निजि** अन्तराष्ट्रिय कानुनका विज्ञहरुलाई सहभागी गराई एउटा अध्ययन समिति गठन गरी विदेशी फैसलाको मान्यता र कार्यान्वयन सम्वन्धी ऐन तर्जुमा गरी लागु गर्न विपक्षीहरुका नाउँमा निर्देशनात्मक आदेश जारी । | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ११७. | ०६६३/२०६६<br>ज्योती लम्साल पौडेल | २०६७।८।१५<br>महीला बालबालिका तथा समाजकल्याण मन्त्रालय | यो आदेश प्राप्त मितिले ६० दिनभित्र महिला बालबालिका र समाजकल्याण मन्त्रालयले समीति गठन गर्नु । समीति गठन भएपछि निवेदकले माग अनुसारको प्रयोजनको लागि Manual तयार गर्नु र Manual कानूनले प्रतिस्थापन नगरुन्जेलसम्म अपराध अनुसन्धानमा प्रयोग गर्नु भनी उपरोक्तानुसार निर्देशनात्मक आदेश जारी गरिएको छ । | |
| ११८. | ००१६/२०६६ | २०६८।०८।०१<br>गृह मन्त्रालय | "अदालतबाट भएका आदेश र फैसाला बमोजिम कैद वा थुनामा रहेको कैदी बन्दीहरुलाई प्रचलित कानूनबमोजिम कैद माफी मिनाहा दिँदा निम्नबमोजिमको कार्यविधि पूरा गरेर मात्र कारवाही अगाडि बढाउनु, यस अनुरुप सबै निकायमा परिपत्र गरी अनिवार्य रुपमा कार्यान्वयन गर्नु गराउनु भनी विपक्षी गृह मन्त्रालयका नाममा यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।<br>(१) कैद माफी मिनाहाको लागि कारबाही गरिनुपर्ने व्यक्ति वा व्यक्तिहरु (प्रतिवादी) कुन मुद्दाबाट , कुन अदालतको, कुन मितिको आदेश वा फैसलाले लागेको कति वर्षको लागि कैदमा रहेको हो बन्दी रहेको कारागार कार्यालयले यकीन गर्ने ।<br>(२) प्रचलित कानूनबमोजिम सो मुद्दामा माथिल्लो निकायमा पुनरावेदन गर्ने अवस्था बाँकी छ वा छैन, यकीन गरी प्रचतिल कानूनबमोजिम पुनरावेदन गर्ने अवस्था भए सम्बन्धित | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | जिल्ला सरकारी वकील कार्यालयलगायतका निकायमार्फत पुनरावेदन परे नपरेको जानकारी लिने ।<br>(३) आफू कहाँ कैदीलाई पठाउने आदेश वा फैसला गर्ने अदालत वा निकायको निर्णयउपर प्रचलित कानून बमोजिम पुनरावेदन पर्ने म्याद समाप्त नभएसम्म वा पुनरावेदन परेको भए मुद्दाको अन्तिम फैसला नभएसम्म कैद सजाय मिनाहाको कारवाही अगाडि नबढाउने र अन्तिम फैसला भएपछि मात्र अन्तिम फैसलाबमोजिम कैद सजायलाई आधार मानेर मात्र माफी मिनाहाको कारवाही अगाडि बढाउने ।<br>(५)अदालतको कामकारवाहीलाई अवरोध नहुने गरी कैद माफी मिनाहाको कामकारवाहीलाई थप प्रभावकारी रुपमा व्यवस्थापन गर्न महान्यायाधिवक्ताको कार्यालय र अन्य सरोकारवाला सरकारी निकायहरु समेतसँग समन्वय गरी गृह मन्त्रालयले थप वस्तुनिष्ठ निर्देशिका तयार गरी तदनुरुप कार्यान्वयन गर्ने गराउन | |
| ११९. | ००१९/२०६७<br>अधिवक्ता सुनिल रञ्जन सिंह | २०६७।०९।०८<br>गृह मन्त्रालय | मतदानको हक लोकतान्त्रिक शासन व्यवस्थामा एक सारभूत हक हो । नागरिकको उक्त हकलाइ विधीसम्मत तरिकाबाट सुनिश्चित गर्नका लागि निर्वाचन आयोगबाट मतदाता नामावली तयार गर्ने संवैधानिक तथा कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा राष्ट्रिय महत्वको उक्त बिषय बस्तुमा चासो देखाई निवेदकले रिट निवेदन | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | दायर गरेको देखिएको हुँदा फोटोसहितको मतदाता नामावली तयार गर्ने क्रममा मतदान गर्न निर्धारित योग्यता भएका कुनै पनि नागरिक मतदान गर्नबाट बन्चित नहुने गरी र मतदान गर्न अयोग्य व्यक्ति तथा अन्य कुनै व्यक्तिले नक्कली मतदाता बनी मतदान गर्न नसक्ने आवश्यक प्रवन्ध मिलाई मतदाता नामावली तयार गर्नु गराउनु भनी बिपक्षी निर्वाचन आयोगको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ ' | |
| १२०. | ००३३/२०६६<br>दिपेन्द्र बहादुर क्षेत्री | २०६६।०८।०५<br>श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | “भष्ट्राचार मुद्दामा सफाई पाएको व्यक्तिलाई साविक पदमा पुनः नियुक्ति दिने सम्बन्धमा सरकारलाई केही निर्देशन दिन यो इजलास आवश्यक ठान्दछ र देहायबमोजिम निर्देशन दिन्छ । भ्रष्ट्राचार मुद्दामा देहायका अवस्थामा अभियोग लागेको व्यक्ति दोषी ठहर्दैनन् ।<br>क) मुद्दाको Merit भित्रै अदालत प्रवेश गरी लगाएको अभियोग प्रमाणित गर्ने प्रमाणको अभावको कारण दोषी नठहरिने अवस्था र<br>ख) विभिन्न कानूनी /प्राविधिक कारण विभिन्न कानूनी /प्राविधिक कारण भन्नाले,<br>१) अधिकारै नभएको निकायले भ्रष्ट्राचारको अपराधको अनुसन्धान गरी कानूनी त्रुटी भएको /गरेको<br>२) अधिकारै नभएको निकायले अभियोग लगाई मुद्दा चलाई कानूनी भएको /गरेको ,<br>३) हदम्याद नाघी मुद्दा दायर गरी कानूनी त्रुटी भएको | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | /गरेको ,<br>४)अधिकारै नभएको अदालतमा मुद्दा दायर गरी अधिकारै नभएको अदालतले मुद्दा हेरी त्रुटी भएको /गरेको ,<br>५) अधिकारै नभएको व्यक्तिले मुद्दा हेर्दा त्रुटी भएको /गरेको ,<br>६) कानूनले हेर्न नहुने मुद्दा हेरी छिनी कानूनी त्रुटी भएको /गरेको ,<br>१२. माथिको खण्ड (क) को अवस्थामा अदालतले मुद्दाको Merit भित्रै प्रवेश गरी सबुद प्रमाणको आधारमा दोषी हो होइन ठहर गरिन्छ तर खण्ड (ख) को (१) देखी (६) सम्मको अवस्थामा मुद्दाको Merit भित्र प्रवेश नै गरिदैन । अभियोग लागेको अभियुक्त दोषी हो होइन सबुद प्रमाण नै हेरिदैन । खण्ड (ख) को (१) देखी (६) सम्मको अवस्थामा कानूनी त्रुटीको कारण मुद्दाको Merit भित्र प्रवेश नै नगरी खारेज हुने हुँदा खण्ड (१) देखी (६) सम्मको अवस्थामा सम्वन्धित व्यक्तिले भ्रष्टाचार गरेको हो होइन सोतर्फ अदालत प्रवेश नै गर्दैन । यस्तो अवस्थामा सेवा शर्त सम्वन्धी कानूनमा स्पष्ट व्यवस्था भएकोमा बाहेक पुनर्स्थापना हुन सक्दैन । नेपाल सरकार वा अख्तियारवाला खण्ड (क) को अवस्थामा मात्र आधार र कारण सहित साविक पदमा नियुक्ति दिने नदिने सम्वन्धमा अख्तियारवाला employer ले स्वविवेकीय अधिकार प्रयोग गरीआवश्यक निर्णय गर्न सक्छ भन्ने आदेश भएको देखिन्छ । | |

| सि.नं. | रि.नं. निवेदक विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १२१. | ०००४/२०६७ विश्वनाथ राय सिंह क्षेत्री | २०६७।०४।२३ श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | विवाह सम्बन्धमा नेपालमा व्याप्त प्रचलनमा रहेको महिलामा Reciprocal right नभएको पुरुषले मात्र महिलालाई एकतर्फी हेर्ने र महिलाको मञ्जुरी नलिई महिलाको विवाह गरी दिने Custom, Practice र Tradition ले CEDAW धारा १६(१) (a) (b) र ICESCR को धारा १०(१) ले महिलालाई दिएको जीवनसाथी रोज्न पाउने हक हनन गरेको हुँदा देहाय बमोजिम गर्नु भनी नेपाल सरकारको नाममा यो निर्देशनात्मक आदेश जारी गरिएको छ ।<br>(क) महिलामा Reciprocal right नभएको विवाहको लागि महिलालाई देखाउने र हेर्ने प्रचलन उन्मुलन गर्न आवश्यक कानूनको परिमार्जन तथा तर्जुमा गरि लागु गर्नु ,<br>(ख) माथि उल्लिखित प्रथालाई उन्मुलन र नियन्त्रण गर्न दण्डनीय कानून बनाउनु ,<br>(ग) यसको उद्देश्य प्राप्तिको लागि CEDAW को धारा १६(१) (a) (b) ICESCR को धारा १०(१) विद्यर्थीको पाठ्यक्रममा समावेश गर्नु, विवाहको लागि महिलालाई पुरुष तर्फबाट | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | हेर्ने चलनले महिलाको जीवन साथी रोज्ने हक हनन् गर्छ भन्ने बोध गराउन public private patnership अन्तर्गत Media लगायतबाट महिलालाई र महिलाको बाबु आमा अभिभावकमा चेतना जगाउन कार्यक्रम सञ्चालन गर्नु गराउनु । | |
| १२२. | चन्द्रकान्त ज्ञवाली | मन्त्रिपरिषद् सचिवालय<br>ने.का.प २०६१, अंक ११, पृष्ठ १४१८ | वैवाही कानुनको सम्बन्धमा हाम्रो सामाजिक परिवेश मुल्य मान्यता अनुरुप के कस्तो कानूनी व्यवस्था हुनु पर्ने हो । माथि उल्लेखित रिट निवेदनमा निर्देश गरिएको मुताविकको अध्ययन छलफल गरी उपयुक्त कानुन निर्माण संशोधन वा खारेज गर्ने व्यवस्था गुर्नु भनी प्रधानमन्त्री तथा मन्त्रि परिषद्को नाउमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । | |
| १२३. | ४४<br>(२०६२)<br>डिलबहादुर विश्वकर्मा समेत | २०६२।१०।६।५<br>मन्त्रिपरिषद् सचिवालय समेत | तिनधारा संस्कृत छात्रावास सम्बन्धी विनियम, २०४८ को विनियम १४.८.६ को खण्ड ख को व्यवस्था संविधानको धारा ११ तथा महेन्द्र संस्कृत विश्वविद्यालय ऐन,२०४३ को दफा १२ समेत सँगबाझिएको हुँदा अमान्य घोषित हुने ।<br>तिनधारा संस्कृत छात्रावासमा प्रवेशको | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | लागि समानताको हक सम्बन्धी व्यवस्थाको प्रतिकूल नहुने गरी आवश्यक कानूनी व्यवस्था गर्नु भनि महेन्द्र संस्कृत विश्वविद्यालय निर्देशनात्मक आदेश जारी हुने । | |
| १२४. | सपना प्रधान मल्ल | मन्त्रिपरिषद् सचिवालय समेत<br>ने.का.प २०६१, अंक ४, पृष्ठ ३८७ | नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को व्यवस्था र नेपालले अनुमोदन र सम्मिलन गरेको सन्धि सम्झौता तथा महासन्धि समेतको व्यवस्थाको प्रतिकूल नहुने गरी प्रस्तुत विवादित विषयमा र पारीवारिक र सम्पत्ति सम्बन्धी विषयमा राष्ट्रि मानव अधिकार आयोगसँग परामर्श गरी सम्भव भएसम्म राष्ट्रिय मानव अधिकार आयोगको सचिवको संयोजकत्वमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सम्बन्धित विषयवस्तुको ज्ञान भएका प्रतिनिधि, कानून तथा न्याय मन्त्रालयको विषयवस्तुजानकार भएका प्रतिनिधि, विषयवस्तुको ज्ञान भएका महिलासँग सम्बन्धित सामाजिक संगठनको प्रतिनिध रहने गरि एक विशेषज्ञ समिति बनाई संविधान र मानव अधिकार सम्बन्धी नेपालले अनुमोदन गरेका महासन्धिसँग बाझिभएको | |

| सि.नं. | रि.नं. निवेदक विपक्षी | आदेश मिति र आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | ऐन नियमहरुको पहिचान गरी सो सम्बन्धमा अध्ययन गरिगराई विद्यमान ऐन कानूनमा संशोधन गर्ने वा संविधान र मानव अधिकार सम्बन्धी महासन्धि अनुकूलको नयाँ कानून यथोचित समयमा लागू गर्न आवश्यक व्यवस्था गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाउमा निर्देशनात्मक आदेश जारी गरिएको छ । | |
| १२५. | ००४२/२०६८ ज्योती लम्साल पौडेल | २०६९।०५।०७ गृह मन्त्रालय | "सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ सामजिक व्यवहारमा सुधार गर्नकै लागि ल्याइएको ऐनको दफा ५ दाइजोमा नियन्त्रण गर्ने प्रयोजनकै लागि व्यवस्था गरिएको र ऐनको दफा ५ (२) को व्यवस्था नेपालको अन्तरिम संविधानको धारा २०(३) समेत संग बाझिएको अवस्था देखिन नआएकोले निवेदन माग बमोजिम अमान्य र वदर घोषित गर्न मिलेन ।<br>तर उक्त कानूनको प्रभावकारीता र समसामयिक सुधारको बारेमा सबै क्षेत्रका व्यक्तिहरु संलग्न गराई व्यापक रुपमा अध्ययन गरी त्यसको आधारमा कानूनमा सुधार गर्ने , | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | उपयुक्त रणनिति र कार्यक्रम बनाई लागु गर्ने कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि दक्ष जनशक्ति र प्रर्याप्त बजेट सहितको छुट्टै संरचनाको व्यवस्था गर्ने, दाइजो प्रथाबाट हुने हिंसालाई नियन्त्रण गर्न सो बिरुद्धको अभियानलाई प्रभावकारी रुपमा संचालन गर्ने र सो को लागि राष्ट्रिय तथा स्थानिय संचार माध्यमलाई प्रयोग गर्ने लगायतका कार्यहरु अविलम्ब गर्नु भनी विपक्षी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । | |
| १२६. | ०४४८/२०६३<br>राजु प्रसाद चापागाईं | २०६७।०६।२१<br>वन तथा भू-संरक्षण मन्त्रालय समेत | सुझाब नं ६ को प्रभावकारी कार्यान्वयन गर्न निवेदन मागको (ख) को सम्बन्धमा लिखित जबाफबाट CITES को कार्यान्वयनको लागि विधेयक निर्माण भईरहेको भन्ने देखिन्छ र सुझाब समितिले पनि ऐन संशोधन एवं CITES बिधेयक अविलम्ब कार्यान्वयन गर्न पर्ने सुझाब दिएको देखिन्छ ।<br>CITES बिधेयक – Convention को धारा VIII यस प्रकार छ ।<br>The Parties shall take appropriate measures to enforce the provisions of the Present Convention and to prohibit trade in | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | specimens in violation thereof These shall inciude measures .<br>a) To penaslize trade in, or possession of, such speciments, or both and of, such specimens, or both and<br>b) To provide for the confiscation or return to the State of export of such specimens<br>उल्लिखित तथ्य एवं विवेचनाको आधारमा विपक्षीहरुको नाममा निम्न अनुसार आदेश जारी गरिदिएको छ ।<br>१. गैडाको गणना गर्ने सम्बन्धमा सुझाव समितिले आफ्नो सुझाव नं. ५ मा प्रत्येक २ बर्षमा गणना गर्ने र अनुगमनको हकमा नियमित अनुगमन गर्ने सुझाव दिएको हुँदा उक्त सुझाव तुरुन्त लागू गर्नु ।<br>२. निवेदकको मागको खण्ड (घ) का सम्बन्धमा यस अदालतवाट निवेदक बाजुद्धिन मियाँ विरुद्ध नेपाल सरकार भएको २०६४ सालको रिट नं . WO- ०३३८ मा विस्तृत विवेचना सहित निर्देशनात्मक आदेश जारी गरीसकेको हुँदा यस निवेदनमा थप आदेश गर्न परेन ।<br>३. निवेदकको मागको खण्ड (च) को सम्बन्धमा सुझाव समिति मौन देखियो । उक्त कुरा नीतिगत | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | कुरा हो तर पनि आरक्षण क्षेत्र भित्र मानव सिर्जित आवाज र मानव सिर्जित आवाजको कारण ध्वनी प्रदुषित हुन हुँदैन । मानव सिर्जित आवाजले आरक्षणको शान्त वातावरण खलवलिने मात्र होइन वन्यजन्तुको रहन सहन र Reproduction (प्रजनन) लाई पनि असर पार्छ । तसर्थ यसको लागी आरक्षणक्षेत्र भित्र कुनै प्रकारको ध्वनी प्रदुषण हुने साधन तथा हातहतियार लिई भित्र प्रवेश गर्न रोक लगाउनु र आरक्षणक्षेत्र भित्र हल्ला प्रतिवन्ध लगाउनु ।<br>४ निवेदन मागको खण्ड (च), (छ), (ज) को कुरा नीतिगत विषय हुँदा त्यस्ता नीतिगत विषयमा यस अदालतले आदेश गर्दैन । तथापी ती मागका सम्बन्धमा सरकारले नीतिगत रुपमा क्रमश सम्बोधन गर्दै जानेछ भन्ने कुरा यस ईजलासले विश्वास गर्छ ।<br>५अन्य रिट निवेदनका . मागका सम्बन्धमा प्रचलित ऐन र यस अदालतको आदेश अनुसार गठित उल्लिखित सुझाव समितिको सुझाव प्रभावकारी रुपमा कार्यान्वयन गर्नु भनी बिपक्षिहरुका नाममा | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | निर्देशनात्मक आदेश जारी हुन्छ ।<br>१२ प्रस्तुत आदेश तथा यस अदालतको आदेशअनुसार गठीत उल्लिखित सुझाव समितिका सुझावहरु कार्यान्वयन गरी सो कार्यान्वयनको विवरण एवं प्रगती प्रत्येक आर्थिक वर्षको अन्त्यमा कम्तीमा ३ वर्षसम्म यस अदालतलाई समेत दिनु भनी बिपक्षिहरुको नाममा निर्देशनात्मक आदेश समेत जारी गरिएको छ । | |
| १२७. | ३३८९<br>(२०६०)<br>भुवनमान सिंह प्रधान | २०६२।७।२९<br>नेपाल राष्ट्र बैंक | जुन काम गर्न नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति चाहिन्छ सो काम नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई कुने सरकारी संस्थाले गर्दछ वा बैंकिङ कारोबारको नाममा सर्वसाधारण जनताको Deposit रकम फिर्ता नदिई संस्थापक तथा सञ्चालकहरु लुकि भागी हिँड्छन् र Depositor हरु ठगिन्छन् भने त्यसलाई नेपाल राष्ट्र बैंकले नियमन तथा सुपरिवेक्षण गरी सो रोक्नेतर्फ आवश्यक कदम उठाउनुपर्ने कर्तव्य नेपाल राष्ट्र बैंकको समेत हुने हुन्छ । तसर्थ वर्ल्ड बहुउद्देश्यीय सहकारी संस्था लि. जस्तो नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई बैंकिङ कारोबार | |

| सि.नं. | रि.नं.<br>निवेदक<br>विपक्षी | आदेश मिति र<br>आदेश कार्यान्वयनका<br>लागि जिम्मेवार निकाय | आदेशको व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| | | | गर्ने गरेको संस्थाको नियमन निरीक्षण तथा सुपरिवेक्षण गरी आवश्यक शर्त तथा निर्देशन दिई कानुनको दायराभित्र ल्याउनेतर्फ आवश्यक कारबाही गर्नु भनी विपक्षी नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालयको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । | |

## अनुसूचीहरु

## नेपाल सरकार, मन्त्रिपरिषद्बाट सार्वजनिक सरोकारको विवादमा सर्वोच्च अदालतबाट जारी भएका आदेश, निर्णयहरूको कार्यान्वयनका सन्दर्भमा गरिएका निर्णयहरू

**(क) मिति २०६६।२।२२ को नेपाल सरकार, मन्त्रिपरिषद्‌को निर्णयः**

"(क) नयाँ कानून बनाउनु पर्ने वा प्रचलित कानूनमा संशोधन गर्नु पर्ने भएमा तीन महिना भित्र आवश्यक कानूनको मस्यौदा तर्जुमा गरी स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयले पेश गर्ने,

(ख) मन्त्रालय तहबाटै कार्यान्वयन हुन सक्ने विषयहरू एक महिना भित्र कार्यान्वयन गरी मन्त्रिपरिषद्‌लाई जानकारी गराउने,

(ग) आर्थिक व्ययभार व्यहोर्नुपर्ने कार्यहरूको लागि अर्थ मन्त्रालयसँग समन्वय राखी आगामी आर्थिक बर्षको बजेटमा समावेश गर्ने व्यवस्था मिलाउने,

(घ) निर्देशनात्मक आदेश कार्यान्वयनका लागि नीतिगत निर्णय गर्नुपर्ने भएमा निर्णयका लागि एक महिना भित्र मन्त्रिपरिषद् समक्ष पेश गर्ने,

(ङ) उल्लिखित निर्णय मनासिब माफिकको कारण भई कार्यान्वयन हुन नसकेको अवस्थामा बाहेक तोकिएका समयमा कार्यान्वयन नभएमा सम्बन्धित सचिवलाई जिम्मेवार बनाउने,

(च) माथि उल्लिखित कार्यहरू भए नभएको अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको कानून तथा मानव अधिकार महाशाखा हेर्ने सचिवले गर्ने"

**(ख) मिति २०६७।११।१७ को नेपाल सरकार, मन्त्रिपरिषद्‌को निर्णयः**

"(क) सम्मानित सर्वोच्च अदालतबाट २०६४ सालको रि.नं. १०७४ को रिट निवेदनमा मिति २०६६।८।२२ मा भएको आदेश बमोजिम सर्वोच्च अदालतको आदेश, निर्णय वा फैसला कार्यान्वयन गर्न नेपाल सरकारका सबै मन्त्रालयहरूमा कानून तथा फैसला कार्यान्वयन शाखा/महाशाखा गठन गरी सो शाखा/महाशाखालाई सम्बन्धित मन्त्रालयको संगठन तालिकामा समेत समावेश गर्ने ।

(ख) प्रकरण नं.(क) बमोजिम गठन हुने शाखा/महाशाखाको काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी व्यवस्था अनुसूचि-१ मा उल्लेख भए बमोजिम हुने ।"

## अनुसूची १

## अदालतको आदेश, निर्णय वा फैसला कार्यान्वयन संयन्त्र गठन सम्बन्धमा ।

अधिवक्ता मीरा ढुङ्गाना निवेदक विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत विपक्षी भएको सम्वत् २०६४ सालको रिट नं. १०७४ को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट "यस अदालतले संविधानको धारा १०७(१) वा (२) वा (३) वा अन्य कुनै धारा वा कानून अन्तर्गत दिएको आदेश वा निर्णय वा यस अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्दान्त वा नेपालका कुनै अदालतले दिएको आदेश वा गरेको फैसला शीघ्र कार्यान्वयन गर्न यो आदेश प्राप्त भएका मितिले १२० दिनभित्र प्रत्येक मन्त्रालयको सचिवले आ-आफ्नो मन्त्रालयको कामको सम्बन्धमा आ-आफ्ना नाममा जारी भएको आदेश कार्यान्वयन गर्न एउटा प्रभावकारी संयन्त्र गठन गरी यस अदालतलाई जानकारी दिनु । गठन गरिने त्यस्तो संयन्त्रलाई Organizational chart मा समावेश गरी कानूनी अस्तित्व स्थापना गर्नु र नेपाल सरकारले आवश्यक निर्णय गरी संयन्त्रको काम, कर्तव्य फैसला कार्यान्वयन गर्न तोक्नु" भनी प्रत्येक मन्त्रालयको सचिवको नाममा निर्देशनात्मक आदेश जारी भएको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले सबै मन्त्रालयहरूमा फैसला कार्यान्वयन शाखा/महाशाखाको गठन गरी सो शाखा/महाशाखाको काम, कर्तव्य र अधिकार र कार्यविधि देहाय बमोजिम हुने गरी तोकेको छ ।

१. **कानून तथा फैसला कार्यान्वयन शाखा/महाशाखाको गठन:** नेपाल सरकारका सबै मन्त्रालयहरूमा एक कानून तथा फैसला कार्यान्वयन शाखा/महाशाखा (यसपछि " शाखा/महाशाखा" भनिएको) रहने छ ।

२. **शाखा/महाशाखाको काम र कर्तव्य:** (१) नेपाल सरकारका विभिन्न मन्त्रालयहरूमा कायम रहेका कानून शाखा/महाशाखाहरूबाट सम्पादन हुँदै आएका काम र कर्तव्यका अतिरिक्त शाखा/महाशाखाको काम र कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) आफ्नो मन्त्रालय वा सो मन्त्रालयसंग सम्बन्धित संवैधानिक निकाय वा अन्तर्गत विभाग वा कार्यालयका नाममा जारी भएको वा आफ्नो मन्त्रालय वा सो मन्त्रालयसंग सम्बन्धित संवैधानिक निकाय वा अन्तर्गत विभाग वा कार्यालयबाट कार्यान्वयन हुनु पर्ने सर्वोच्च अदालत वा अन्य अदालतबाट जारी भएको आदेश, निर्णय वा फैसलाहरूको संकलन गरी अद्यावधिक अभिलेख तयार गर्ने ।

(ख) आदेश वा फैसला प्राप्त भएको ७ (सात) दिनभित्र आदेश वा फैसला कार्यान्वयन कार्ययोजना तयार गरी स्वीकृत गर्ने, गराउने र सो कार्ययोजनाको १ प्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

(ग) मनासिव कारण भएमा बाहेक आदेशमा उल्लेखित मिति वा कानूनका म्यादभित्रै आदेश वा फैसलाको कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउने ।

(घ) कुनै मनासिव कारणले गर्दा आदेश वा फैसलामा उल्लेखित म्यादभित्र आदेश वा फैसला कार्यान्वयन हुन नसक्ने भएमा मनासिव समय थपका लागि महान्यायाधीवक्ताको कार्यालय मार्फत सर्वोच्च अदालतमा म्याद थप सम्बन्धमा निवेदन वा पुरक निवेदन पेश गरी भएको आदेशानुसार गर्ने र सो को जानकारी दफा ५ बमोजिमको अनुगमन समितिलाई गराउने ।

(ङ) आफ्नो मन्त्रालयसंग सम्बन्धित कुनै वा सबै आदेशका सम्बन्धमा सम्बन्धित निकायहरूबाट आवश्यक विवरण माग भएमा यथाशीघ्र सो बमोजिमको विवरणहरू पठाउने ।

(च) आफ्नो मन्त्रालयसंग सम्बन्धित आदेश वा फैसलाको अद्यावधिक विवरण तयार गरी मन्त्रालयको website मा राख्ने र समय, समयमा अद्यावधिक गर्ने, गराउने व्यवस्था मिलाउने ।

(छ) आदेश वा फैसला कार्यान्वयन सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको श्रावण १५ गतेभित्र महान्यायाधीवक्ताको कार्यालय मार्फत सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयमा पठाउने र सो को १ प्रति प्रतिलिपि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने । वार्षिक प्रतिवेदनमा अन्य कुराहरूका अतिरिक्त देहाय बमोजिमका कुराहरू अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्ने छः

- मन्त्रालयका नाममा जारी वा मन्त्रालयबाट कार्यान्वयन हुनुपर्ने आदेश वा फैसलाको संख्या,
- आदेशको प्रकृति (निर्देशनात्मक, परमादेश वा अन्य कुनै),
- रिट/मुद्दा नं. र दर्ता भएको साल,
- निवेदक/वादी र प्रत्यर्थी वा प्रतिवादीको नाम र थर,
- आदेश वा फैसला गर्ने अदालतको नाम,
- आदेश वा फैसला मिति,
- आदेश वा फैसलाको संक्षिप्त विवरण,
- कार्यान्वयन अवस्था,
- कार्यान्वयन सम्पन्न आदेशहरूको संख्या,
- बांकी आदेशको संख्या,
- आदेश कार्यान्वयन सम्पन्न हुने अनुमानित मिति वा समय,
- बांकी रहेका आदेश कार्यान्वयनका लागि गरिएका प्रयास र भईरहेको कार्य,
- आदेश वा फैसला कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरू ।

(२) दफा २ बमोजिम आदेश वा फैसलाको कार्यान्वयन गर्ने, गराउने सिलसिलामा आवश्यक देखिएका अन्य कुनै कार्य शाखा वा महाशाखाले गर्न सक्नेछ ।

(३) दफा २ बमोजिम अदालतको आदेश वा फैसला कार्यान्वयन गर्ने, गराउने सिलसिलामा नीति वा कानून तर्जुमा वा भईरहेको नीति वा कानूनमा संशोधन वा कुनै विषयमा अध्ययन गर्ने सिलसिलामा समिति वा कार्यदल गठन भएमा सो समिति वा कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा फैसला कार्यान्वयन शाखाको प्रतिनिधिलाई समेत समावेश गर्नुपर्ने छ ।

३. **सम्बन्धित मन्त्रालयका सचिवको काम, कर्तव्य र अधिकारः** (१) आफ्नो मन्त्रालयमा दफा १ बमोजिमको शाखा/महाशाखा गठन गर्ने, गठित शाखा/महाशाखालाई मन्त्रालयको संगठन तालिकामा समावेश गर्ने, मन्त्रालयको मौजुदा दरबन्दीबाट जनशक्ति व्यवस्थापन गर्ने, शाखा/महाशाखाका लागि आवश्यक भौतिक, वित्तिय एवं अन्य सहयोग उपलव्ध गराउने दायित्व सम्बन्धित मन्त्रालयको सचिवमा रहने छ ।

(२) दफा २ बमोजिमको कार्यका लागि सम्बन्धित मन्त्रालयको सचिव जिम्मेवार हुनेछ ।

(३) दफा २ बमोजिमको कार्य संचालनका सिलसिलामा आवश्यक निर्णय गर्ने अधिकार सचिवमा रहने छ ।

(४) अदालतको आदेश वा फैसला कार्यान्वयनका सिलसिलामा कुनै द्विविधा आएमा सचिवले सम्पूर्ण विवरण खोली निकासाका लागि दफा ५ बमोजिमको अनुगमन समितिमा लेखि पठाई आए बमोजिम गर्नुपर्ने छ ।

४. **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा फैसला कार्यान्वयन शाखाको काम र कर्तव्यः**

(१) दफा २ मा उल्लेखित काम र कर्तव्यका अतिरिक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा फैसला कार्यान्वयन शाखाको अन्य काम र कर्तव्य देहाय बमोजिम हुनेछः

(क) सर्वोच्च अदालत वा महान्यायाधीवक्ताको कार्यालयबाट प्राप्त हुन आएका नेपाल सरकारका नाममा जारी भएका आदेश वा फैसलाहरू नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६४ अन्तर्गत रही सम्बन्धित मन्त्रालयमा कार्यान्वयनका लागि लेखि पठाउने ।

(ख) नेपाल सरकारका सबै मन्त्रालयका नाममा जारी भएका आदेश वा फैसलाहरूको एकिकृत विवरण तयार गरी अद्यावधिक गर्ने, गराउने ।

(ग) दफा ५ बमोजिमको अनुगमन समितिबाट भएको निर्णय वा सिफारिश कार्यान्वयनका लागि लेखि पठाउने ।

(घ) दफा २ बमोजिम सम्बन्धित मन्त्रालयहरूबाट कार्यान्वयन भएका आदेश वा फैसलाहरूको नियमित अनुगमन गर्ने ।

(ङ) अदालतको आदेश वा फैसला कार्यान्वयनको वार्षीक प्रतिवेदन तयार गर्ने ।

(च) अदालतको आदेश कार्यान्वयनका सम्बन्धमा छलफल, गोष्ठि वा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने ।

(छ) आदेश वा फैसला कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारबाट भएका निर्णय वा आदेशहरू नेपाल सरकारका सबै मन्त्रालयहरूलाई कार्यान्वयनका लागि लेखि पठाउने र सो को अभिलेख राख्ने ।

(ज) आदेश वा फैसला कार्यान्वयनका सिलसिलामा आवश्यक कुनै विषय निर्णयका लागि पेश गरी भएको आदेश वा निर्णयानुसार गर्न नेपाल सरकारका सबै मन्त्रालयहरूमा लेखि पठाउने ।

(झ) नेपाल सरकारका विभिन्न मन्त्रालय एवं अन्य निकायहरूबाट सम्पादन हुने कार्यलाई कानूनी राज्यको अवधारणा अनुरुप सम्पादन गर्न सहयोग पुऱ्याउने किसिमका न्याय र कानूनका विषयमा विभिन्न तालिम, प्रशिक्षण र अन्तरक्रिया संचालन गर्ने ।

५. <u>**अनुगमन समितिः**</u> (१) देहाय बमोजिमको एक आदेश/फैसला कार्यान्वयन अनुगमन समिति रहनेछ :

(क) सचिव, कानून, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय..............................संयोजक

(ख) महान्यायाधीवक्ताको कार्यालयका कम्तीमा सहसचिव स्तरका एकजना प्रतिनिधि......................................................................... सदस्य

(ग) कानून तथा न्याय मन्त्रालयका कम्तीमा सहसचिव स्तरका एकजना प्रतिनिधि ........सदस्य

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्र.मं.तथा मं.प.को कार्यालयमा प्राप्त हुन आएका आदेश कार्यान्वयनका लागि नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६४ बमोजिम सम्बन्धित मन्त्रालयमा पठाउने,

(ख) कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन प्रकृयालाई प्रभावकारी र सहज वनाउन जिम्मेवार निकायलाइ अभिप्ररित गर्ने,

(ग) कार्यान्वयनको स्थिति वारेमा नियमित अनुगमन गर्ने, गराउने,

(घ) कार्यान्वयन भईसकेका आदेशको लगत कट्टा गर्न महान्यायाधिवक्ताको कार्यालय मार्फत् सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयमा पठाउने,

(ङ) दफा ३ को उपदफा (४) बमोजिम समितिमा प्राप्त हुन आएको विषयमा आवश्यक निकासा दिने,

(च) आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत निर्णय गर्ने ।

(३) समितिको बैठक आवश्यकतानुसार बस्न सक्ने छ ।

(४) समितिको बैठकमा सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने छ ।

६. **आदेश वा फैसला कार्यान्वयनमा आवश्यक सहयोगः** (१) अदालतको आदेश वा फैसला कार्यान्वयनमा दफा २ बमोजिमको शाखा/महाशाखालाई नेपाल सरकारका सबै निकाय एवं पदाधिकारीहरूले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(२) दफा २ बमोजिम अदालतको आदेश वा फैसला कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयबाट आवश्यक बजेट निकासाका लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा लेखि पठाएमा नेपाल सरकार, अर्थ मन्त्रालयले प्राथमिकताका साथ बजेट निकासा गर्नेछ ।

## अनुसूचीः २

## सार्वजनिक सरोकारको विवादमा सर्वोच्च अदालतबाट जारी भएका आदेश, निर्णयहरूको कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारको सचिव बैठकबाट गरिएका निर्णयहरूः

**मिति २०६९।१।६-७ को सचिवस्तरीय (गोदावरी) बैठकको निर्णयः**

न्यायपालिकाको फैसला वा आदेश कार्यान्वयन गर्नु वा कार्यान्वयनमा सघाउ पुऱ्याउनु कार्यपालिकाको संवैधानिक तथा कानूनी कर्तव्य हो । यसमा पनि सार्वजनिक सरोकारको विवादमा सर्वोच्च अदालतबाट भएको फैसला कार्यान्वयन झनै महत्वपूर्ण हुन्छ । बृहत्तर सार्वजनिक हित वा कल्याणको लागि सर्वोच्च अदालतबाट भएका फैसलाहरुको प्रभावकारी कार्यान्वयनबाट लोकतन्त्र, कानूनी राज्य एवं सुशासन प्रवर्द्धनमा अत्यन्त ठूलो सघाउ पुग्दछ । नेपाल सरकार अदालतका आदेश, फैसलाहरुको कार्यान्वयन एवं पालनाका लागि सदैव सचेत र प्रतिबद्ध रहेको छ । फैसला कार्यान्वयन गर्ने विषयलाई नेपाल सरकारले सदैव प्राथमिकतामा राखी कार्य गर्दै आएको पनि छ । यसै सन्दर्भमा सबै मन्त्रालयहरुमा फैसला कार्यान्वयन शाखा स्थापना गरी शाखाको काम, कर्तव्य, अधिकार र कार्यविधि तोकी कार्य गरिंदै आएको छ । त्यसरी नै फैसला कार्यान्वयन गर्ने क्रममा नेपाल सरकारका मन्त्रालय, विभाग एवं अन्य निकायहरुबीच समन्वय तथा सहजीकरण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पनि क्रियाशील रहँदै आएको छ । फैसला कार्यान्वयनको अवस्थामा निरन्तर प्रगति भईरहेको पनि छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आ.ब. २०६७।६८ मा सार्वजनिक सरोकारको विवाद अन्तर्गतका ५९ सहित कूल ८१ थान आदेशको कार्यान्वयन गरी लगत कट्टा गराउने कार्यमा सफलता प्राप्त गरेको छ । सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी आदेश कार्यान्वयनको विषयलाई गम्भिरतापूर्वक मन्त्रालय/कार्यालयको नियमित एवं मूल कार्यमा समावेश गरी भौतिक, मानविय र वित्तिय स्रोतको अभाव हुन नदिई व्यवस्थित र प्रभावकारी रुपमा कार्य गरेमा अझबढी सफलता मिल्न जाने देखिएको छ । अतः सर्वोच्च अदालतको आदेश कार्यान्वयनको स्थिती, समस्या र समाधानका उपायहरुको पहिचान गरी आदेश कार्यान्वयनलाई अझ बढी सुदृढ, व्यवस्थित र प्रभावकारी तुल्याउने उद्देश्यले नेपाल सरकारको मुख्य सचिव माधव प्रसाद घिमिरेको अध्यक्षतामा सरोकारवाला विभिन्न मन्त्रलयका सचिवहरुको उपस्थितिमा भएको छलफल कार्यक्रमको क्रममा सर्वोच्च अदालतबाट जारी आदेश कार्यान्वयनका सम्बन्धमा देहाय बमोजिम कार्य गर्ने निर्णय भयो ।

१. सबै मन्त्रालयले आफ्नो मन्त्रालयका नाममा जारी वा मन्त्रालयले कार्यान्वयन गर्नुपर्ने फैसला वा आदेशहरुको अध्यावधिक विवरण तयार गरी १ महिनाभित्र मन्त्रालयको वेवसाइटमा राख्ने र यसलाई नियमितरुपमा अद्यावधिक गर्ने ।
२. फैसला कार्यान्वयनको विषयलाई मन्त्रालयको नियमित एवं प्रमुख कार्यको रुपमा लिई तदनुरुप व्यवस्था मिलाउने ।
३. प्रत्येक मन्त्रालयले आफूसँग सम्बन्धित फैसला वा आदेश कार्यान्वयन गर्न जिम्मेवारी किटान गरी तत्काल कार्य समूह निर्माण गर्ने ।
४. सबै मन्त्रालयले १ महिनाभित्र कार्यान्वयन गर्न बांकी प्रत्येक आदेश, फैसलाको कार्यान्वयन कार्ययोजना निर्माण गरी सो को जानकारी सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिने ।
५. फैसला कार्यान्वयनको सन्दर्भमा मन्त्रालयहरुबीच समन्वय, सहजीकरण तथा अनुगमन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

६. सबै मन्त्रालयले फैसला कार्यान्वयन शाखालाई सुदृढीकरण गर्न आवश्यक जनशक्ति तथा स्रोत साधनको व्यवस्था गर्ने ।
७. सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयसँग फैसला कार्यान्वयन शाखाको सञ्जाल निर्माण गर्ने ।
८. कुनै आदेश वा फैसला कार्यान्वयन गर्न कठिनाई भएको भए सो को वास्तविक स्थिति र कारण उल्लेख गरी सर्वोच्च अदालतलाई लेखी पठाउने ।
९. फैसला कार्यान्वयनको विषयलाई नेपाल सरकारको आवधिक राष्ट्रिय योजना तथा बजेटमा उल्लेख गरी कार्यक्रम सञ्चालन गर्ने ।
१०. कार्यान्वयन सम्पन्न भएका वा लगत कट्टा हुनुपर्ने भन्ने मन्त्रालयको धारणा रहेका आदेशहरुको लगत कट्टा हुनुपर्ने आधार र कारण समेत खुलाई आवश्यक कागजात संलग्न गरी १ महिनाभित्र सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयमा लगत कट्टाका लागि लेखि पठाई सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिने ।
११. प्रत्येक मन्त्रालयले आन्तरिक अनुगमनलाई प्रभावकारी बनाउने ।
१२. फैसला कार्यान्वयनलाई अन्य क्षेत्रगत नीति वा कार्ययोजनासँग आबद्ध गर्ने ।
१३. एकभन्दा बढी मन्त्रालयहरुसँग सम्बन्धित फैसला वा आदेशको हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यान्वयनको प्रयोजनको लागि मुख्य निकाय (Lead agency) र सहयोगी निकाय (Support agency) किटान गरी कार्यान्वयनको अनुगमन गर्ने ।
१४. फैसला कार्यान्वयनको सन्दर्भमा न्यायालयले सरकारसँग राखेको अपेक्षा तथा सरकारले न्यायालयसँग राखेको अपेक्षाको विषयमा परस्पर छलफल गर्ने संयन्त्र विकास गरी छलफललाई निरन्तरता दिने ।
१५. सार्वजनिक सरोकारका विषयहरुमा विद्यमान कानून तथा नीतिहरुको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित मन्त्रालयले क्रियाशीलता (Pro-activeness) बढाउने ।
१६. आदेश, फैसला कार्यान्वयनमा स्रोत र साधनको अभाव आउन नदिन समयमै नियमित वजेटको व्यवस्था गर्ने तर्फ सवै मन्त्रालय क्रियाशिल हुने ।
१७. सम्वत् २०६९ लाई फैसला कार्यान्वयन अभियान वर्षका रुपमा लिई शतप्रतिशत फैसला कार्यान्वयनको लक्ष्य एवं अठोटका साथ कार्य गर्ने ।

## अनुसूचीः ३

उपर्युक्त विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।११।१७ को निर्णय बमोजिम गठित आदेश/फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०७०।५।२० मा बसेको बैठकले गरेको देहाय बमोजिमको निर्णय तोकिएको समय भित्र कार्य सम्पन्न गरी गराई त्यसको जानकारी यस कार्यालय एवं फैसला कार्यान्वयन निर्देशनालय समेतलाई दिनु हुन निर्णयानुसार अनुरोध छ ।

**<u>समितिको निर्णयहरुः</u>**

१ नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।११।१७ को निर्णय बमोजिम सबै मन्त्रालयहरुमा कानुन तथा फैसला कार्यान्वयन शाखा/महाशाखा गठन भई सकेको छ/छैन ? नभएको भए आफ्नो सांगठनिक संरचनामा सोही नामको शाखा अनिवार्य गठन गरी सो को जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई सात दिनभित्र पठाउन सबै मन्त्रालयहरुलाई लेखी पठाउने।

२ कार्यान्वयन भइसकेका, कार्यान्वयनको क्रममा रहेका एवं कार्यान्वयन गर्न बाँकी रहेका फैसलाहरुको लगत प्रत्येक मन्त्रालयले पन्ध्र दिनभित्र आ-आफ्नो मन्त्रालयको Website मा अनिवार्य रुपमा राख्ने र अध्यावधिक गर्दै जाने भनी सबै मन्त्रालयलाई लेखी पठाउने।

३ एक भन्दा बढी निकाय/मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिटमा भएको फैसला कार्यान्वयन गर्न कुनै दुविधा भएमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा फैसला कार्यान्वयन शाखामा लेखी पठाउने र त्यसरी लेखी आएमा पन्ध्र दिनभित्र स्पष्ट निकासा दिई सो को जानकारी फैसला कार्यान्वयन निर्देशनालयलाई समेत दिने ।

४ फैसला कार्यान्वयन गर्न कुनै मन्त्रालयलाई प्राविधिक वा अन्य कुनै कठिनाइ वा द्विविधा भएमा सम्बन्धित मन्त्रालयले सोको जानकारी फैसला कार्यान्वयन निर्देशनालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कानून तथा फैसला कार्यान्वयन शाखामा दिनु भनि लेखी पठाउने ।

५ फैसला कार्यान्वयनका क्रममा भएको काम कारवाही वा प्रगति विवरण सम्बन्धित मन्त्रालयले त्रैमासिक र बार्षिकरुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा फैसला कार्यान्वयन शाखा, महान्यायाधिवक्ताको कार्यालय एवं फैसला कार्यान्वयन निर्देशनालयमा पठाउनु भनी लेखी पठाउने ।

६ मन्त्रालयहरुमा स्थापना गरिएका फैसला कार्यान्वयन शाखालाई स्रोत, साधन र जनशक्तिले सम्पन्न तुल्याई के कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने बारेमा एक महिनाभित्र प्रत्येक मन्त्रालयले कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

# अनुसूचीः ४

नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(कानून तथा फैसला कार्यान्वयन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

कानून २०७०/७१
पत्र संख्या :-
च.नं. :- 2036

मिति २०७०।१०।१५

विषयः- आदेश कार्यान्वयन सम्बन्धमा ।

श्रीमान् सचिवज्यू, सबै मन्त्रालय,
सिंहदरबार ।

सम्मानित सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारका विवादमा जारी भएका परमादेश र निर्देशनात्मक आदेशको कार्यान्वयन सम्बन्धमा नेपाल सरकारको कार्य विभाजन नियमावली, २०६९ बमोजिम यस कार्यालयले सम्मानीत अदालतको फैसला कार्यान्वयनको अनुगमनको जिम्मेवारी समेत सम्पादन गर्दै आइरहेको व्यहोरा विदितै छ ।

सम्मानीत सर्वोच्च अदालतबाट भएका फैसला आदेशहरुको कार्यान्वयन स्थिति अपेक्षाकृत रुपमा सन्तोषजनक रहेको नदेखिएकोले फैसला कार्यान्वयनमा सुधार ल्याउन र फैसला कार्यान्वयनको अनुगमन गर्ने यस कार्यालयको जिम्मेवारीलाई थप प्रभावकारी बनाउनको लागि देहायको विवरण तहाँबाट प्राप्त हुन आवश्यक देखिएकोले सात दिनभित्र उक्त विवरण यस कार्यालयमा पठाइ सोको पूर्ण जानकारी फैसला कार्यान्वयन निर्देशनालय, सर्वोच्च अदालतको अनुगमन महाशाखा एवं महान्यायाधिवक्ताको कार्यालय समेतलाई दिनुहुन निर्देशानुसार अनुरोध गर्दछु ।

देहाय:

१. तहाँ मन्त्रालयसँग सम्बन्धित वा तहाँबाट कार्यान्वयन गर्नु गराउनु पर्ने सम्मानित सर्वोच्च अदालतको फैसला वा आदेशहरुको सम्वत् २०७० साल पौष मसान्तसम्मको कार्यान्वयन स्थिति ।
२. तहाँबाट हालसम्म कार्यान्वयन भइसकेका फैसला वा आदेशहरुको संख्या र पूर्ण विवरण ।
३. कार्यान्वयनको क्रममा रहेका फैसलाहरु वा आदेशहरुको कार्यान्वयनको विवरण ।
४. हालसम्म कार्यान्वयन हुन नसकेका फैसला वा आदेशहरुको संख्या र विवरण ।
५. कार्यान्वयन हुन बाँकी फैसलाहरु मध्ये के कुन फैसला के कति कारणले कार्यान्वयन हुन नसकेको हो ? सम्बन्धित फैसला वा आदेशको कार्यान्वयनमा रहेका सीमा, समस्या, बाधा वा चुनौतिहरु के के हुन् ? सोको विवरण ।
६. फैसला कार्यान्वयनलाई बढी प्रभावकारी बनाउन तहाँको भावी कार्ययोजना के छ ?

बोधार्थ:
श्री फैसला कार्यान्वयन निर्देशनालय, बार काउन्सील भवन, ललितपुर ।
श्री सर्वोच्च अदालत, अनुगमन महाशाखा, रामशाहपथ ।
श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ ।

(रमेश ढकाल)
सहसचिव


टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आ.व. २०६९।७० मा अनुगमन गरिएका जिल्लाहरु**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आ.व. २०६९।७० मा जिल्लास्थित सरकारी कार्यालयलाई कार्यालयसँग सम्बन्धित ऐन, नियम र कार्यविधि अध्यावधिक गरि राख्ने, सोका बारेमा सम्पूर्ण कर्मचारीहरुलाई नियमित जानकारी दिने, आवश्यक भएमा प्रशिक्षण प्रदान गर्ने, कार्यालयका कर्मचारीहरुको बोलि र व्यवहार मानवअधिकार मैत्री, सेवाग्राही मैत्री, लैङ्गिक मैत्री र अपाङ्ग मैत्री बनाउने प्रयत्न गर्ने र कार्यालयबाट कुनै विषयमा निर्णय गर्दा सो विषयमा सर्वोच्च अदालतको आदेश भएमा सो अनुकूल हुने गरी निर्णय गर्ने, कार्यालयमा आउने सेवा ग्राहीको आधारभूत मानव अधिकारको सम्मान गर्ने संस्कृतिको विकास जिल्ला स्थित सरकारी कार्यालयबाट गराउने, सम्मानित सर्वोच्च अदालतको आदेश एवं कानूनको शासनको सम्बन्धमा सर्वसाधारण नगरिकमा जनचेतना जागृत गर्ने र जिल्ला स्थित सरकारी कार्यालयको काम, कारवाही, अदालतको आदेश फैसाला एवं कानूनको शासन अनुकूल छ छैन भन्ने सम्बन्धमा अनुगमन गर्ने उद्देश्यले जिल्लास्थित सरकारी कार्यालय, जिल्ला तथा पुनरावेदन वार, मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संघ, संस्था एवं जिल्लास्थित रेडियो, एफएम, टेलिभिजन र पत्रपत्रिकाका प्रतिनिधिहरुको सहभागितामा देहायको मिति र जिल्लामा अदालतको आदेश, फैसला कार्यान्वयन एवं कानूनको शासन सम्बन्धी जिल्लास्तरिय अनुगमन गोष्ठि संचालन गरिएको थियो ।

| सि.नं. | जिल्ला | मिति |
|---|---|---|
| १. | दोलखा | २०६९।५।२० |
| २. | स्याङ्जा | २०६९।६।२९ |
| ३. | झापा | २०६९।९।२४ |
| ४. | इलाम | २०६९।९।२५ |
| ५. | पर्सा | २०६९।१०।१७ |
| ६. | बारा | २०६९।१०।१८ |
| ७. | कैलाली | २०७०।११।२१ |
| ८. | कञ्चनपुर | २०७०।११।२२ |
| ९. | तनहुँ | २०७०।१।२२ |
| १०. | म्याग्दी | २०७०।१।२५ |
| ११. | मुस्ताङ | २०७०।१।२७ |
| १२. | नवलपरासी | २०७०।२।२८ |
| १३. | पाल्पा | २०७०।२।२९ |